प्रेस काउन्सिल नेपाल

(..... शाखा)

सम्बारग्राम, तिलगङ्गा, काठमाडौं

प.सं.
च.नं.

मिति : २०७८/०९/१३

प्रेस विज्ञप्ति
प्रेस स्वतन्त्रता हननका ३१ घटना

आ.व.२०७८/०७९ को २०७८ साउन १ देखि २०७८ मङ्सिर मसान्तसम्ममा प्रेस स्वतन्त्रता हननका ३१ वटा घटना भएका छन् । प्रेस काउन्सिल नेपालको प्रेस स्वतन्त्रता अनुगमन शाखामा अभिलेख भएअनुसार यसमा गिरफ्तारीका-५, कब्जा/अवरोधका-२, आक्रमणका-२, धम्की/दुर्व्यवहारका-१२ र पेसागत असुरक्षाका-१० घटना रहेका छन् । प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेख हेर्दा सबैभन्दा बढी बाग्मती प्रदेशमा १७ वटा घटना भएको छ यस्तै प्रदेश नं.२, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा २/२ वटा घटना रहेको छ । यस सम्बन्धी विस्तृत विवरण देहायानुसार रहेको छ :-

घटना प्रकृति	प्रदेश नं.१	प्रदेश नं.२	बाग्मती प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश ६	सुदूरपश्चिम प्रदेश ७	जम्मा
गिरफ्तारी	०	१	२	०	१	१	०	५
कब्जा/अवरोध	१	०	१	०	०	०	०	२
आकमण	०	0	२	०	०	०	०	२
धम्की/दुर्व्यवहार	१	१	५	१	०	२	२	१२
पेसागत असुरक्षा	१	०	७	१	१	०	०	१०
जम्मा घटनाकम सङ्ख्या	३	२	१७	२	२	३	२	३१

गत आ.व.०७७/७८ मा भने ६१ वटा प्रेस स्वतन्त्रता हननका घटना अभिलेख भएको थियो । काउन्सिलले प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेख राख्ने सायै कतिपय घटनाका सम्बन्धमा विस्तृत अध्ययन एवं अनुगमन गर्दै आएको छ । प्रेस स्वतन्त्रता हननका घटनाबारे जानकारी गराउन प्रेस काउन्सिल नेपाल पत्रकार तथा मिडिया हाउसलाई यसै विज्ञप्ति मार्फत पुनः अपिल गर्दछ ।

(दीपक खनाल)
वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता

वरिष्ठ प्रशासकीय अधिकृत

पो.ब.नं. ३०७७, फोन नं. ४९१२६७८, ४९१२७९९, फ्याक्स नं. ४९१२६९४, वेबसाइट : www.presscouncilnepal.gov.np
इमेल : info@presscouncilnepal.gov.np, presscouncilnepal@gmail.com, Audio Notice Board : 1618014112678



बाग्मती प्रदेशस्तरीय पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण कार्यक्रम, काभ्रे, धुलिखेल ।



प्रेस काउन्सिल नेपालको प्रभावकारी अनुगमनबारे विभिन्न अनलाइन सञ्चार माध्यमका सम्पादकहरूसँग छलफल, प्रेस काउन्सिल नेपाल ।



गोरखापत्र दैनिकमा अनुगमनका क्रममा प्रेस काउन्सिल नेपाल ।



कार्यस्थलमा हुनसक्ने हिंसाजन्य व्यवहारका विषयमा कर्मचारीसँग छलफल ।



पत्रकार आचारसंहिता जागरण कार्यक्रम, दिक्तेल, खोटाङ ।



पत्रकार आचारसंहिता जागरण कार्यक्रम, पोखरा, कास्की ।



मिडियामा लैङ्गिकताको सवालबारे अन्तरक्रिया, प्रेस काउन्सिल नेपाल ।



पत्रकार आचारसंहिता जागरण कार्यक्रमपश्चात् सामूहिक तस्बिर, ओखलढुङ्गा ।

'स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री प्रेस काउन्सिल नेपाल'

प्रेस काउन्सिल नेपाल

(..... शाखा)

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं

प.सं. ०७८/७९
च.नं.

मिति : २०७८/०८/२०

प्रेस विज्ञप्ति

सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्री तथ्यहीन, भ्रामक र असन्तुलित भएको लागेमा सोबाट असर पर्ने व्यक्ति, समुदाय वा संस्थाले उजुरी दिने पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन, २०७६) को दफा ६ को व्यवस्थाबमोजिम उजुरी दिने व्यवस्था छ । यस व्यवस्थाबमोजिम कुनै सञ्चारमाध्यमबाट सम्प्रेषित समाचार तथा समाचार सामग्रीबाट पीडित पक्षले प्रेस काउन्सिल नेपालमा उजुरी दिएपश्चात् आचारसंहिताबमोजिम कारबाही प्रक्रियाका क्रममा उजुरीको टुङ्गो नलाग्दै अथवा उजुरी कारबाही प्रक्रियामा (विचाराधीन) नै रहेको अवस्थामा उजुरीकर्ता तथा पत्रकार, सञ्चारमाध्यमबीच आपसी मिलापत्र, समझदारी, लिखित सहमति, सम्झौता गर्ने प्रवृत्ति बढिरहेको छ । काउन्सिलबाट उजुरीको टुङ्गो नलागेकै अवस्थामा काउन्सिलको जानकारबिना यस्ता सम्झौता गर्ने, त्यसपछि पुनः पेसागत मर्यादाविपरीत काम गर्नेसम्मका गतिविधि बढेको गुनासा काउन्सिलमा बढिरहेका छन् । यस्ता कार्य पेसागत मर्यादाको प्रतिकूल र पत्रकार आचारसंहिता विपरीत हुन्छ । उजुरी प्रक्रियामा रहेकै अवस्थामा काउन्सिलको रोहबरमा भएबाहेक उजुरीको टुङ्गो नलागिसकेको अवस्थामा उजुरीकर्ता र सञ्चारमाध्यमबीच भएको सहमति, समझदारीले प्रेस काउन्सिलको कारबाही प्रक्रिया प्रचलित कार्यविधिअनुसार नरोकिने वा निरन्तर रहने बेहोरा सम्बद्ध सबैमा जानकारी गराइन्छ ।

साथै सञ्चारमाध्यबाट सम्प्रेषित सामग्री स्वअनुगमन गर्दा देखिएका आचारसंहिता प्रतिकूल सामग्रीका सम्बन्धमा सञ्चारमाध्यमसँग टेलिफोनमार्फत् जानकारी गराउने, सच्याउन अनुरोध गर्ने एवं सञ्चारमाध्यमसँग समन्वय गर्नका निमित्त आचारसंहिता अनुगमनसँग सम्बद्ध जनशक्तिलाई परिचालन गरिएको बेहोरा सम्बद्ध सबैमा यो विज्ञप्तिमार्फत् जानकारी गराउँदछौं ।

रामशरण बोहरा
उप-प्रशासकीय अधिकृत
(सूचना अधिकारी)

उप-प्रशासकीय अधिकृत

पो.ब.नं. ३०७७, फोन नं. ४११२६७८, ४११२७९९, फ्याक्स नं. ४११२६९४, वेबसाइट : www.presscouncilnepal.gov.np
इमेल : info@presscouncilnepal.gov.np, presscouncilnepal@gmail.com, Audio Notice Board : 1618014112678

A Quarterly Publication of Press Council Nepal

संहिता
SAMHITA

प्रेस काउन्सिल नेपालको त्रैमासिक प्रकाशन
पुस, २०७८ । अङ्क ५१

स्वच्छ, स्वस्थ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री
प्रेस काउन्सिल नेपाल

प्रधान सम्पादक
बालकृष्ण बस्नेत

सम्पादक
दुर्गा भण्डारी पौडेल

प्रबन्ध सम्पादक
दीपक पाण्डे

सम्पादन मण्डल
गणेशप्रसाद पोखरेल
ठाकुरप्रसाद बेलबासे
हरिप्रसाद जोशी
झबिन्द्र भुसाल
दीपक खनाल

आवरण/ले-आउट
शिव वि.क (मिलन)

प्रकाशक : प्रेस काउन्सिल नेपाल
पो.ब.न.: ३०७७, सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ, नेपाल
फोन : ९७७-१-४११२७९९, ४११२६७८
इमेल : pcn2027writing@gmail.com
वेबसाइट : www.presscouncilnepal.gov.np
मुद्रण : रोल्वालिङ अफसेट प्रेस, काठमाडौँ

विषयसूची

शीर्षक	पृष्ठ
सम्पादकीय	
१. कार्यस्थलमा हुने यौनजन्य हिंसा र न्यूनीकरणका उपाय : गोविन्द पोखरेल	१
२. मिडियामा महिला राजनीतिकर्मीको 'कभरेज' : बबिता बस्नेत	८
३. सत्य छोप्न झुटको सहारा : दुर्गा भण्डारी पौडेल	१२
४. महिला संवेदनशीलता र युट्युबले बिगार्दै लगेको सत्य/तथ्य : शरद अधिकारी	२०
५. पत्रकारिताको ऐँजेरु फाल्न पत्रकार आचारसंहिता : हरि लम्साल	२८
६. मिडियामा पितृसत्तात्मक मनोविज्ञान : प्रा.डा. मेदनीप्रसाद भण्डारी	३५
७. स्वतन्त्र सञ्चारको परतन्त्र भूमिका : अनिल शर्मा	४२
८. महिलालाई 'ग्ल्यामर' बनाइने माध्यम : अमृता लम्साल	४९
९. पत्रकारितामा महिला हिंसाको सवाल : डा.अश्वस्थामा भक्त खरेल	६२
१०. मिडियामा महिला : हिजो, आज र भोलि : झबिन्द्र भुसाल	७७
११. उही तँ, तिमी, तपाईं र मौसुफ : गोविन्द लुइँटेल	८३
१२. जिउँदो इतिहासको दर्दनाक वर्तमान : यम विरही	८८
१३. प्रेस काउन्सिललाई सरकार नचाहिएला तर सरकारलाई काउन्सिल चाहिन्छ : किशोर श्रेष्ठ	१००
१४. सिद्धान्तमा राम राम व्यवहारमा छुरा : रामकृष्ण भण्डारी	११४
१५. लैङ्गिक हिंसा विरुद्धको अभियान र पत्रकारिता : चेतनाथ आचार्य	१२५
१६. गैरजिम्मेवार 'समाचार कक्ष' : योगेश ढकाल	१३५

१७ 'नारीहन्ता' मिडिया : बिनु पोखरेल १४३
१८. समस्याको चाङभित्र अनलाइन पत्रकारिता : प्रकृति अधिकारी १४९
१९. सञ्चार माध्यम यता, सम्पादकज्यू कता ? : गिरिजा अधिकारी १५६
२०. सञ्चार अन्तरवस्तुमा लैङ्गिक विभेदको खोजी : गोपाल काफ्ले १५९
२१. अनलाइनको चाल: अर्काइभको अनिकाल : विराट अनुपम १६५
२२. टुके समाचारको बजार : वसन्त आचार्य १६८
२३. न्यु मिडियाको अवसर र चुनौती : राजेशकुमार अर्याल १७२
२४. पत्रकारिता अध्ययनको अपरिहार्यता : शोबिता रिसाल १७७
२५. बलात्कारका समाचार र न्यूनीकरणको बहस : अजवी पौड्याल १८२
२६. पत्रकार महिलालाई झन् सकस : रेजिना गौतम १८७
२७. पत्रकारितामा महिला : प्रवेश गाह्रो, त्यसपछि झन् साह्रो : पवित्रा पराजुली १९३
२८. हामी मर्यादित पत्रकार कहिले बन्ने ? : कान्ति न्यौपाने १९९
२९. कानुनको कार्यान्वयनमा मिडिया : सर्मिला बुढाथोकी २०३
३०. हिंसासम्बन्धी समाचार र मिडिया : गीता कठायत २०६
३१. लैङ्गिक हिंसाविरुद्ध काउन्सिल : सम्झना पौडेल २१२
३२. 'चस्माधारी' सञ्चार माध्यम : जमुना वर्षा शर्मा २१५
३३. Role of Media on Consumer rights protection : Advocate Kumari Kharel २१८

सम्पादकीय

आफैंमाथि प्रश्न उठाउने काम नगरौं

पत्रकारितालाई सही बाटोमा हिँडाउन आचारसंहिताको पूर्ण कार्यान्वयन आवश्यक छ। आचारसंहिता नैतिक बन्धन हो। कुनै पनि क्षेत्रमा स्वच्छ र विधिसम्मत काम गर्न यसको ठुलो भूमिका हुन्छ। पत्रकारिता त झन् देश र जनताप्रति बढी जिम्मेवार र उत्तरदायी हुनुपर्ने पेसा हो। यो पेसालाई बढी विश्वसनीय बनाउन, स्वतन्त्र र बलियो बनाउनका लागि पत्रकार आचारसंहिता पालना गर्नु सबै पत्रकार तथा सञ्चार माध्यमको कर्तव्य हो।

मिडियाले राज्यका अन्य अङ्ग, तिनका पदाधिकारी, प्रतिनिधिबाट भए गरेको काममाथि प्रश्न उठाउने गर्छ। राम्रा कामलाई गति दिन रचनात्मक सहयोग पुऱ्याउँछ। नराम्रा काम उजागर गर्छ। व्यक्ति, समाज र देशप्रति यही कारण मिडियाको अहम् दायित्व छ। राम्रोलाई राम्रो, नराम्रोलाई नराम्रो भन्न सक्नु स्वच्छ पत्रकारिताको धर्म हो। यो पत्रकारको कर्तव्य हो। चाहे कुनै व्यक्ति होस् या संस्था, उसका बारे लेख्दा, बोल्दा निकै ख्याल गर्नुपर्ने हुन्छ। सही, सत्य, सन्तुलित र यथार्थपरक बन्नुपर्छ। त्यसका लागि आचारसंहिताको पूर्ण पालना जरुरी छ। साथै विषयवस्तुमाथि गहिरो ज्ञान, अध्ययन अनुसन्धान आवश्यक छ।

अरूमाथि प्रश्न उठाउने हामी पत्रकार, सञ्चार माध्यम आफैं कति स्वच्छ छौं ? कति पारदर्शी छौं ? कति तथ्य र प्रमाणका आधारमा समाचार, विचार, विश्लेषण दिन्छौं भनी ख्याल गर्न सकिएन भने हामीमाथि प्रश्न उठ्नु स्वभाविकै हो। अहिले पत्रकार तथा सञ्चार माध्यममाथि प्रश्न उठिरहेको छ। गलत समाचार लेखेको, भ्रम फैलाएको, गाली बेइज्जती गरेको, पक्ष लिएकोजस्ता प्रश्नहरूको सामना नेपाली मिडियाले गरिरहेको छ। पत्रकारमाथि समाजले औंला उठाइरहेको छ। थोरैबाट हुने गल्ती र उल्लङ्घनका घटनाले सिङ्गो मिडिया जगत्माथि नै प्रश्न उठ्ने गरेको छ। स्वच्छ पत्रकारितालाई धुमिल्याउने खालका गतिविधि रोक्न जरुरी भइसकेको छ। त्यसका लागि मिडिया आफैं जागरुक हुनुपर्छ।

आचारसंहिता जारी गर्ने, पुनरावलोकन गर्ने, अनुगमन र कारबाहीसम्मको

काम प्रेस काउन्सिल नेपालले गर्दै आएको छ । पछिल्ला दिनहरूमा मिडियाबाट आचारसंहिता उल्लङ्घन भएका, अन्यायमा परेका घटना बढ्दै गएका छन् । न्यायका लागि काउन्सिलमा निवेदन बढ्दो छ । डिजिटल मिडियाको दुरुपयोग गर्दै तथ्यहीन कुरा लेख्ने, आक्षेप लगाउने प्रवृत्ति बढेको छ । विज्ञापन खोज्ने, नपाएपछि नकरात्मक समाचार लेखेर थर्काउनेसम्मका आचारसंहिता उल्लङ्घनका उजुरीहरू परेका छन् । मिडियामा महिलाको सहभागिता र महिलाका सवाल अपेक्षाकृत रूपमा बढ्न सकेका देखिँदैन । महिलाको चरित्रहत्या, गोपनीयताको हकको हनन, महिला हिंसाजस्ता विषयमा समेत उजुरी जनगुनासा आइरहेका छन् । थुप्रै सकरात्मक पक्ष हुँदाहुँदै पनि त्यस्ता मिडिया आचारसंहिताभित्र नबाँधिदा सिङ्गो प्रेस जगत्प्रति प्रश्न उठेको छ । पत्रकारमाथि औँला उठाउन थालिएको छ । पत्रकारितामा विश्वसनीयताको सङ्कट बढाएको छ । यसलाई रोक्न प्रेस काउन्सिल नेपालले आचारसंहिता जागरण कार्यक्रमलाई बृहत् बनाएको छ । जिल्ला जिल्लामा पत्रकार पत्रकारबिच छलफल चलाउने, सरोकारवाला निकाय बोलाएर मिडियाप्रति जनगुनासो के छ ? भनेर सुझाव लिने कामलाई समेत तीव्र पारिएको छ ।

आचारसंहिताको अनुगमन र जागरण अभियानले अहिलेका विकृतिलाई रोक्न एक हदसम्म काम गरिरहेको छ । तर यो काम सम्बन्धित सञ्चारगृह, सञ्चारकर्मी, सञ्चार माध्यम स्वयम्को पनि हो । अरूलाई प्रश्न उठाउँदा आफ्नो काम र व्यवहार कस्तो भइरहेको छ भनी समीक्षा हुनु, गल्ती भए सच्याउने तत्परता राख्नु उपयुक्त हुन्छ । यसतर्फ हामी सबै सजग र सक्रिय हुनैपर्छ ।

***

कार्यस्थलमा हुने यौनजन्य हिंसा र न्यूनीकरणका उपाय

कार्यालयमा मात्र होइन समाचार अथवा अन्तर्वार्ता लिन गएको स्थानमा पनि पुरूष वर्गले लिङ्गीय भेदभाव गर्ने गरेको कतिपय सन्दर्भमा महिला पत्रकारले नै भन्ने गरेका छन् ।



गोविन्द पोखरेल

पुरुषप्रधान समाजमा महिला वर्गले परिश्रम गर्ने कार्यस्थल कतै पनि सुरक्षित छैन । त्यस्ता स्थानमा अत्यन्तै पुरातन सोच, वधुशिक्षा पढेर उकेरा लगाएको विचार, जडसूत्रवादी चिन्तन र महिलालाई हेर्ने दृष्टिकोणमा खोट भएका पुरुषहरूको जत्थामा महिलाहरू प्रताडित हुन पुग्छन् । आफन्त जस्तै लाग्ने र नजिक बन्न रुचाउने पुरुष सहकर्मी पनि बेलाबखत नजानिँदो पाराले महिला वर्गलाई अर्घेलो ठान्न पुग्छन् । पुरुष प्रधान सामाजिक वातावरणको प्रभावकै कारणले होला महिला सहकर्मीप्रति हेर्ने पुरुषको दृष्टिकोणमा उल्लेख्य परिवर्तन आउन सकेको पाइँदैन । सबै क्षेत्रमा यस्तै अवस्था रहेकोले सञ्चार माध्यममा कार्यरत महिला वर्ग पनि आफ्नो कार्यस्थलमा लैङ्गिक हिंसाको सिकार हुने गरेका छन् भन्न सकिन्छ ।

महिलालाई कुनै पनि शैलीमा छोएर, हेरेर, बोलेर, मानसिक या शारीरिक यातना दिएर गरिने यौन आशयका गतिविधिलाई कानुनी भाषामा यौन दुर्व्यवहार भनिएको छ । यस्ता घटनाको प्रकृति हेरेर सामान्यतया ६ महिनादेखि ३ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । हाम्रो देश नेपालमा कानुनी व्यवस्था नभएको होइन, कार्यान्वयन नभएको मात्र हो । धेरै जसो घटनामा कानुन कार्यान्वयन हुन

नदिने पीडित पक्ष नै हुनु दुःखद अवस्था देखिन्छ । २०७८ पुस ८ गते बिहीबार प्रकाशित कान्तिपुरको एक समाचारमा भनिएको छ, "यो दुई वर्षअघि बाँके जिल्ला प्रहरी महिला तथा बालबालिका सेवा केन्द्रको घटना हो । त्यतिबेला महिला केन्द्रकी प्रमुख श्यामकुमारी थापा थिइन् । उनी पीडितको भनाइमा उजुरी दर्ता प्रक्रिया चाल्दै थिइन् । तर सफल हुन सकिनन् । पीडित युवतीले परिवारको दबाबमा मुद्दा दर्ता प्रक्रिया अघि बढाउन चाहिनन् । पीडितले नै मन फेरेपछि हाम्रो के लाग्छ ? थापाले भनिन् । वास्तवमा परिवारको दबाब, ठुलाबडाको दबाब र समाजको दबाबले नै यस्ता घटनाहरू बिलाउने गरेका छन् ।"

माथि उल्लेख गरिएको समाचार प्रतिनिधि घटना मात्र हो । हाम्रो समाजले यस्ता बग्रेल्ती घटनाहरू अहिलेसम्म पचाउँदै आएको छ । दुर्गम ग्रामिण क्षेत्र र अशिक्षित वर्ग मात्र होइन सुगम क्षेत्र र शिक्षित वर्गमा समेत यो रोग पालेर बस्नेहरू प्रशस्त छन् । सञ्चार माध्यममा कार्यरत महिला पत्रकारहरूले पनि विभिन्न खाले यौनजन्य हिंसाको सिकार हुनु परेको धारणा तत्सम्बन्धी कार्यक्रमहरूमा राख्ने गर्नुभएको छ । आफ्नै सहकर्मी पुरुष साथीहरूले 'आज त कति राम्री भएर आएकी' अथवा 'आज कपाल जुरो बाँध्न पनि भ्याइनौ कि क्या हो ?' भन्नेजस्ता कामसँग असम्बन्धित र डेब्रा वाक्यहरू प्रयोग गर्नुलाई सामान्य मान्छन् । अहिले पनि हाम्रो समाजमा महिला पत्रकार मात्र होइन सबै ठाउँमा कार्यरत महिला आफूमाथि हुने गरेका यौनजन्य हिंसाका बारेमा खुलेर बोल्न सक्ने अवस्था छैन । जसले गर्दा पुरुषप्रधान समाजको कुहिगन्धे सोचको पुरुष सहकर्मीले आफ्नै सहकर्मी महिलालाई हेयको दृष्टिले हेर्ने मौका पाएको छ । पुरुषमा जकडिएर रहेको यो दृष्टिकोण हटाउन परुषलाई नै सुसूचित गर्न जरुरी देखिन्छ ।

हाम्रो देशमा महिलाहरूले पनि पुरुषसरह घर बाहिरको काम गर्न सक्छन् भन्ने मान्यताको बल्ल विकास हुँदैछ । जब महिलाहरूले कुनै पनि कामको नेतृत्व समाल्ने र आफ्नो काममा दक्षता हासिल गर्नेछन् तब यौनिक हिंसाका घटना न्यून हुँदै जानेछन् भन्ने पनि धेरै ठाउँमा देखिएको छ । पर्याप्त छैन तथापि यौनिकतासम्बन्धी पुरुष सोचमा थोरै भए पनि परिवर्तन आएको छ । जसले गर्दा महिलाहरू घर बाहिरको काममा प्रशस्तै निस्किन थालेका छन् ।

अहिले नेपालमा पत्रकारिता क्षेत्रमै लागेर जीवनको उर्वर समय बिताउने महिलाहरू थुप्रै हुनुहुन्छ । उहाँहरू मध्ये कतिपय महिला पत्रकारले 'महिलामाथि हुने यौनजन्य हिंसा न्यूनीकरण'सम्बन्धी विभिन्न कार्यक्रममा आफ्ना ओजपूर्ण भनाइहरू राख्ने र अवसर मिले कार्यपत्रसमेत प्रस्तुत गर्ने गर्नुभएको छ । त्यस्ता कार्यक्रममा महिला पत्रकारहरू पनि 'महिला पत्रकारमाथि हुने पुरुष सिर्जित यौनजन्य गतिविधि'का बारेमा खुलेर बोल्ने गरेको पाइन्छ । यसले के देखाउँछ

भने महिलाहरू आफूमाथि पुरुष सहकर्मीबाट हुने गरेका यौनिक विभेदविरुद्ध जागरुक हुँदैछन् । पितृसत्तात्मक विभेदकारी सामाजिक मान्यतामाथि प्रहार गर्न उहाँहरू लाग्नुभएको छ । यस विभेदकारी, अन्यायपूर्ण र अमर्यादित सामाजिक कुरीतिविरुद्ध पुरुष वर्गले पनि महिलाहरूलाई आत्मैदेखि सहयोग गर्नुपर्ने देखिन्छ । किनभने यो सामाजिक कलङ्क हो ।

नेपालमा २०५० सालदेखि पत्रकारिता क्षेत्र फस्टाउन थालेको हो । यसैताका केही महिलाले पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभयो । यसअघि पनि महिला पत्रकार नभएको होइन तर ती महिला पत्रकारमध्ये धेरै जसोलाई रेडियो र टेलिभिजनमा समाचार वाचिकाको रूपमा मात्र सीमित गरियो । २०५० सालदेखि भने महिलाहरूले पनि पत्रकारिता क्षेत्रमा पुरुषले सरह काम गर्न सक्छन् भन्ने मान्यता महिला पत्रकारहरूले आफ्नो कामबाटै स्थापित गर्दै जानुभएको छ । तर, महिला पत्रकार नेतृत्वदायी भूमिकामा कमै मात्र भएको र अवसर पनि महिला पत्रकारले कम पाउने भएकाले सहकर्मी पुरुष पत्रकारबाट हेपिनुपर्ने अवस्था हटिसकेको छैन । यस्ता हेपाइहरू न्यूनीकरण तब मात्र हुनसक्छ जब महिला पत्रकारले दक्षता हासिल गर्नेछन् ।

विश्वका धेरै देशहरूमा महिला पुरुष समानताको सवालमा थुप्रै बहस भए । नियम, कानुन र विधानहरू बने । यदि महिला भएकै आधारमा असमान व्यवहार गरिए त्यस्तो व्यवहार गर्ने व्यक्तिलाई कानुनबमोजिम दण्ड सजाय हुने प्रावधान पनि कानुनमै राखियो । तर, उक्त कानुन व्यवहारमा भने अति नगन्य रूपमा मात्र लागु भएको छ । यसो हुनुको पछाडि हाम्रो सामाजिक कुसंस्कारको ठुलो भूमिका छ । नेपालको संविधानका विभिन्न धारामा महिलाको अवस्थामा सुधार ल्याउन व्यवस्थाहरू गरिएको छ । तर, कार्यान्वयन पक्ष फितलो छ । यदि आफूमाथि भएको यौनजन्य हिंसाविरुद्ध सरासर कानुनी उपचारमा गए पुरुषप्रधान समाजले पीडित महिलालाई नै दोषी ठहर गर्दै सामाजिक बहिष्कार गर्ने गरेका घटनाहरू अहिले पनि दोहोरिरहेका छन् । यो अवस्थामा सुधार नल्याएसम्म न्यूनीकरणका उपाय ओझेलमा परिरहने सम्भावना रहिरहन्छ ।

यता पत्रकारिता क्षेत्रमा महिला वर्गको प्रवेशपछि कार्यस्थलमा सुधार आएको छ । भलै यो सुधार न्यून नै किन नहोस् यसले सञ्चार माध्यममा कार्यरत महिलालाई गर्विलो र दर्बिलो बन्न मद्दत पुऱ्याएको अनुभव गर्न सकिन्छ । महिलाहरूमा भएको कामप्रतिको जिम्मेवारी बोध, लगनशीलता र जाँगरका कारण अहिले सञ्चार माध्यममा महिलाहरूको सङ्ख्या बढ्दै गएको छ । सञ्चार गृहहरूले पनि महिला पत्रकार पुरुषसरह काम गर्न सक्छन् भन्ने विश्वास गर्न थालेका छन् । दैनिक पत्रपत्रिका, अनलाइन पोर्टल, रेडियो, टेलिभिजन लगायतका सञ्चार माध्यममा कार्यरत महिला पत्रकारहरूको उल्लेख्य सङ्ख्याले यसको पुष्टि

गरेको छ । यसले पनि कार्यस्थलमा हुने लैङ्गिक हिंसा र विभेद घटाउन केही हदसम्म सहयोग पुऱ्याएको छ । आफ्नो विज्ञतालाई फराकिलो र चुस्त बनाउँदै लगेका महिला पत्रकारले लेखेका समाचारले 'बोर्डसिट' पत्रिकामा 'वाइलाइन'सहित राम्रो स्थान पाउन थालेका छन् । ५/६ वर्ष अघिसम्म यो अवस्था थिएन । महिला पत्रकार लैङ्गिक आधारमै अपहेलित थिए । अहिले कतिपय महिला पत्रकारले लेखेको खारिएको समाचार विश्लेषण, लेख रचना, सटिक समाचार सुन्न र पढ्न पाइन्छ । यसलाई पनि हामीले उपलब्धि मान्नैपर्छ ।

महिला पहिचान र अस्तित्वलाई प्रत्यक्ष साथै अप्रत्यक्षरूपमा अस्वीकार गर्दै आएको नेपाली समाजको चरित्रमा परिवर्तन ल्याउने कार्य सामान्य विषय होइन । विश्वका थुप्रै मुलुक समाजमा गडेर रहेको विभेदकारी सोचका विरुद्ध विभिन्न खाले लडाइँ लडिरहेका छन् । महिलालाई लैङ्गिक भिन्नताकै कारण दोस्रो दर्जाको नागरिक हुनुपर्ने अवस्था र प्रताडना सहनुपर्ने स्थितिबाट मुक्त गर्ने कामहरू हुन थालेका छन् । सन् १९७९ मा पारित र १९८१ देखि लागु महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा अनुमोदित महासन्धिको मुख्य उद्देश्य सार्वजनिक जीवनमा महिला तथा पुरुषको समान सहभागिता मात्र होइन लैङ्गिक विभेद विरुद्धको सशक्त आवाज पनि हो । नेपाल पनि यो महासन्धिको पक्ष राष्ट्र हो । आजभन्दा २० वर्षअघि नेपालले महासन्धिमा हस्ताक्षर गरेको थियो । यसपछि नै नेपालमा यौनजन्य महिला हिंसाविरुद्ध आवाज बुलन्द हुन थालेका हुन् ।

विभिन्न चरण पार गर्दै हाम्रो परम्परागत रुढीग्रस्त समाजमा भिन्नता आएको छ । एकातिर महिला हिंसाविरोधी कानुनहरूको निर्माण अर्कोतिर आफूमाथि भइरहेको विभेद र यौनजन्य हिंसाविरोधी महिलाहरूकै सशक्त आवाजले गर्दा महिलाप्रतिको सामाजिक सोचमा क्रमशः परिवर्तन आउँदै छ । क्रमशः परिवर्तनको अवस्था भने अत्यन्त सुस्त भएको मान्न सकिन्छ । यो गति सुस्त हुनुमा समाजको ठुलो पङ्क्ति, आफूलाई बौद्धिक ठान्ने केही ठालुहरू र मिडियाका मालिकहरूको महिलाप्रतिको असहयोगी व्यवहार नै मुख्य दोषी हो भन्न सकिन्छ । ठुला मिडियाहरूले आफूलाई महिलामैत्री कहिल्यै बनाउन सकेनन् । प्रमाणका रूपमा रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन पोर्टलका समाचार, लेख र विश्लेषण अध्ययन गरे पुग्छ । यसको अर्थ केही भएकै छैन भन्ने होइन जुन गतिमा हुनुपर्ने थियो त्यो गतिमा हुन सकेन भन्ने हो । ठुला मिडियाहरूमा महिला पत्रकारका समाचार, लेख, विश्लेषण छापिने, रेडियो, टेलिभिजनमा महिला पत्रकारद्वारा उत्पादित समाचारलाई मुख्य समयमा बजाउने काम अत्यन्त कम भएको पाइन्छ । जब पुरुष सहकर्मीको तुलनामा योग्य हुँदाहुँदै

पनि महिला पत्रकारलाई पछि पारिन्छ तब लैङ्गिक असमानता भएको भन्न सकिन्छ । यही हो भेदभाव र लैङ्गिक असमानता ।

महिला पत्रकारलाई पुरुष सहकर्मीले गर्ने व्यवहार र हेर्ने दृष्टिकोण पनि ठिक नहुनु अर्को दुःखद पक्ष हो । कार्यस्थलमा कार्यालयको काम र दिएको जिम्मेवारी बारेमा प्रश्न गर्नु उचित हो । तर, पुरुष सहकर्मी अथवा पुरुष हाकिमले अमर्यादित तरिकाले लैङ्गिक भिन्नता झल्किने र काम बाहिरको प्रश्न गर्नुचाहिँ हेपाहा प्रवृत्ति नै हो । सायद महिला पत्रकार विज्ञ, क्षमतावान र हाकिम हुने हो भने पुरुष सहकर्मीहरूले त्यो हदसम्मको प्रसङ्ग उठाउने साहस गर्ने थिएनन् । महिला पत्रकारलाई कार्यालयमा मात्र होइन समाचार अथवा अन्तर्वार्ता लिन गएको स्थानमा पनि पुरुष वर्गले लिङ्गीय भेदभाव गर्ने गरेको कतिपय सन्दर्भमा महिला पत्रकारले नै भन्ने गरेका छन् । यस्ता विषयले गर्दा पत्रकारिता क्षेत्र बदनाम र अमर्यादित भएको आरोप लाग्ने गरेको छ । यो आरोपलाई 'कपोलकल्पित आरोप' भनेर नजरअन्दाज गर्ने स्थान पनि सुरक्षित छैन् । केही पुरुष पत्रकारले पनि यस्तै खालको व्यवहार गर्ने गरेको दृष्टान्त हामी सामु छ । एकातिर पत्रकार जगतले काम गर्ने स्थानलाई सत्य तथ्य पर्गेल्ने ठाउँ र पत्रकारलाई बौद्धिक व्यक्तिहरू भनिन्छ भने अर्कातिर पत्रकारिताजगत् बदनाम हुँदै गएको छ ।

पत्रकारिता क्षेत्रका 'विग हाउस'हरूले आचारसंहितामा उल्लेख भएका बुँदाहरू नपढेका र नबुझेका छैनन् । तर, पत्रकारहरू नै कार्यस्थल, आफ्नो सञ्चार माध्यम र आफूलाई आचारसंहिता अनुरूप ढाल्न चाहँदैनन् । उदाहरणको लागि एक वर्ष अघि एक साप्ताहिकमा छापिएको समाचारको शीर्षक नै यथेष्ट छ । त्यसमा 'कोरली खोज्दै मुख्यमन्त्री कमरेड' भन्ने शीर्षक राखिएको छ । अर्को एउटा पत्रिकाको समाचारको शीर्षक छ, 'सबैलाई स्वास्नी अर्काकी र छोराछोरी आफ्नै राम्रा लाग्छन् ।' तेस्रो पत्रिकाको समाचारमा शीर्षक लेखिएको छ 'मान्छे राम्री भएर के गर्नु ? विप्लव समुहमा लागेपछि पकाउ'

उल्लिखित समाचारका प्रतिनिधिमूलक शीर्षकहरूले महिला पत्रकारलगायत सम्पूर्ण महिला वर्गप्रति नकारात्मक धारणा बनाउन मनग्य सहयोग पुऱ्याएको छ । एउटामा महिलालाई होच्याउने गरी 'कोरली' शब्द प्रयोग गरिएको छ भने अर्कोमा 'स्वास्नी अर्काकी राम्री' भन्ने रुढीग्रस्त पुरातन सोच महिलाको हकमा ठिक हो भन्ने आशय झल्काइएको छ । तेस्रोको शीर्षक त झन् विडम्बनापूर्ण नै छ । मान्छे राम्री छन् तर विप्लव समुहमा लागेपछि कामै नलाग्ने भइन् अथवा त्यस्तो राम्रो अनुहार भएकी महिला त यता पो आउनु पर्थ्यो किन उता गएकी ! भनौंला जसरी समाचारको शीर्षक लेखिएको छ । समाचारका यस्ता शीर्षकहरू

महिला पत्रकारले लेख्न सक्दैनन् । लैङ्गिक विभेदलाई कायम राख्नुपर्छ भन्ने सोचग्रस्त पुरुषा पत्रकारबाटै यस्ता शीर्षक राखिन्छन् । जसले महिलालाई दोस्रो दर्जाको ठान्छ । उसले समाचारमा यस्ता शीर्षकहरू सजिलै लेख्न सक्छ । अझै पनि हाम्रो समाज महिलालाई मनोरञ्जनको साधन ठान्ने पुरातन सोचबाट मुक्त हुन नसकेको प्रमाण पनि माथिका शीर्षकहरू हुन् ।

शिक्षित वर्ग भनेका - कर्मचारी, शिक्षक, वकिल, प्राध्यापक, पत्रकार, इञ्जिनियर, डाक्टरलगायत नै हुन् । तर, यही वर्गका कतिपय व्यक्तिको बानी बेहोरा र चालचलन भने महिला हिंसाउन्मुख भएको पाइन्छ । आफ्नै सहकर्मीमाथि यौनजन्य हिंसा गर्न यिनीहरू उद्दत भइरहेको पाइन्छ । जस्तो कि, २०७८ पुस १२ गते एउटा पत्रिकामा 'कामको संसारमा हुने हिंसामा उन्मुक्ति' भन्ने शीर्षकमा विद्या राईले गहन समाचार लेख्नुभएको छ । उक्त समाचारमा उल्लेख भएअनुसार दुर्व्यवहार पीडित महिलाले उजुरी गर्ने ठाउँसमेत पाइनन् । अन्तर्राष्ट्रिय सम्मेलनमा गएका बेला लिफ्ट चढ्ने क्रममा एक सरकारी अधिकारी (पुरुष)ले महिला प्रतिनिधिलाई दुर्व्यवहार गरे । उनीहरू दुवै नेपालको प्रतिनिधित्व गर्दै सम्मेलनमा सहभागी हुन गएका थिए । लिफ्ट चढेर कार्यक्रमस्थल जाँदै गर्दा ती अधिकारीले गरेको व्यवहार उनलाई मन परेन । नेपाल फर्किसकेपछि उनले आफूमाथि भएको दुर्व्यवहारविरुद्ध कानुनी उपचार गर्न कानुन, विधान, स्थान र संयुक्त राष्ट्रसङ्घद्वारा भएका अभिसन्धिहरूका बारेमा बुझिन् । तर, उनले पुरुष सहकर्मीबाट भएको दुर्व्यवहार र त्यो तहको महिला हिंसाविरुद्ध कानुनी उपचार हुने प्रावधान कतै भेटिनन् । हाम्रो देशमा हिंसा विरुद्ध कानुनी उपचारका लागि कानुन नै छैन भने भएका कानुन पनि सामाजिक धरातलीय वस्तुस्थितिका कारण निस्प्रभावी बनाइएका छन् । यदि महासन्धि (आइएलओ १९०) लागु हुने हो भने महिला हिंसा विरुद्धको कानुनी उपचारमा केही हदसम्म सहजता हुने थियो भन्न सकिन्छ । तर, नेपालले अहिलेसम्म त्यो सन्धिमा हस्ताक्षर गरेकै छैन ।

महिला विरुद्धका हिंसाका स्वरूप विभिन्न खाले छन् । धेरैले तल उल्लिखित विषयलाई नै महिला हिंसाको मुख्य स्वरूप भनेर प्रस्तुत गर्ने गरेको पाइन्छ :-

१) शारीरिक हिंसा
२) मनोवैज्ञानिक हिंसा
३) यौनजन्य हिंसा
४) मानसिक हिंसा
५) सामाजिक हिंसा
६) आर्थिक हिंसा
७) धार्मिक तथा सांस्कृतिक हिंसा

८) राजनीतिमा महिलामाथि हुने हिंसा
९) घरेलु हिंसा
१०) कार्यस्थलमा हुने यौनजन्य हिंसा
११) सार्वजनिक स्थलमा हुने हिंसा

मुख्यरूपमा यिनै शीर्षकभित्र महिला हिंसा जेलिएर रहेको छ । महिला पत्रकारमाथि भने 'कार्यस्थलमा हुने यौनजन्य हिंसा' नै मुख्य रहेको कुरा तत्सम्बन्धी कार्यक्रममा महिला पत्रकारले उठाउने गर्नुभएको छ । अब पत्रकार हरूले कार्यस्थलमा हुने महिला हिंसाविरुद्ध आवाज उठाउने र सचेत हुने बेला आएको छ । यदि यस चौथो अङ्गको कार्यस्थललाई साँच्चै पवित्र बनाउने हो भने आआफ्ना कार्यालयमा 'कार्यस्थलमा हुने यौनजन्य हिंसा'विरुद्ध सेमिनार, सचेतना तालिम र छलफल चलाउने पद्दतिको विकास गर्नुपर्छ । साथै महिला उत्तरदायी सञ्चार निर्देशिका र महिला हिंसाविरुद्ध आकर्षित हुने कानुनको जानकारी पनि सबै पत्रकारले राख्नुपर्छ ।

(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

***

मिडियामा महिला राजनीतिकर्मीको 'कभरेज'



बबिता बस्नेत

महिला राजनीतिकर्मीहरू मुलुकका विविध सरोकारका विषयमा नभएर खाली महिलाकै विषयमा मात्रै सरोकार राख्छन्, मन्तव्य दिन्छन् या बोल्छन्/लेख्छन् ।

महिला र सञ्चारलाई जोडेर हेर्दा विश्वव्यापी रूपमै मिडियासँग महिलाहरूको गुनासो रहेको पाइन्छ । विशेषगरी महिला अधिकारको क्षेत्रमा कार्यरत अधिकारकर्मीहरू, राजनीतिक क्षेत्रमा संलग्न महिलाहरू, सार्वजनिक जीवन र महिला आन्दोलनसँग कुनै न कुनै रूपले सहभागी महिलाहरूको भनाइ रहन्छ, 'मिडियाले महिलाको सकारात्मक छविभन्दा व्यङ्ग्यात्मक र नकारात्मक छविलाई प्रवर्द्धन गर्न खोज्छ, मिडिया महिलाका मुद्दामा 'बायस' छ ।

नेपालको सन्दर्भमा पनि मिडियाको व्यवहार र भूमिकालाई लिएर मिडियाले महिलाका मुद्दाहरूलाई महत्व दिँदैनन् । राजनीति गर्ने पुरुषका प्रतिक्रियाहरू लिइन्छ, महिलाको लिइँदैन भनी टिप्पणीहरू हुने गर्छन् । राजनीतिमा महिला पछि पर्नुको कारण मिडिया पनि हो । मिडियाले रातारात मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ यदि त्यो सकारात्मक भए त्यसमा महिला पर्दैनन् भन्ने टिप्पणीहरू पनि त्यत्तिकै सुनिन्छ । विशेषगरी महिला राजनीतिकर्मीहरूको मिडियासँग प्रसस्तै गुनासा र असन्तुष्टिहरू देखिन्छन्, जुन विभिन्न सभा, समारोह र कार्यक्रमहरूमा प्रकट भइरहेका हुन्छन् ।

मिडिया एड्भोकेसी ग्रुप (म्याग) ले सन् २०२१ को जुलाइदेखि सेप्टेम्बरसम्म

गरेको अध्ययनले नेपालका मूलप्रवाहका दैनिक पत्रिका र प्रमुख अनलाइनहरूमा महिला राजनीतिकर्मीको ६ प्रतिशत 'कभरेज' हुने गरेको देखाएको छ । म्यागले महिला राजनीतिकर्मीको कभरेजलाई लिएर नेपाली र अङ्ग्रेजी गरी ९ वटा दैनिक पत्रिका र ३ वटा अनलाइनको अनुगमन गरेको थियो । पत्रपत्रिकामा पहिलो पृष्ठ, भित्री पृष्ठ, विचार पृष्ठ र सम्पादकीय हेरिएको थियो । ६ प्रतिशत कभरेजमा सबैभन्दा बढी भित्री पृष्ठमा सामग्री प्रकाशित भएको देखिएको छ । पहिलो पृष्ठमा आएका सामग्री र तस्बिरहरू प्रायः राष्ट्रपति विद्यादेवी भण्डारीसँग सम्बन्धित रहेका छन् ।

पहिलो संविधानसभाका बेला महिलाको कभरेजलाई लिएर सन् २००९ को सेप्टेम्बरदेखि २०१० को अगस्तसम्म एक वर्षको सञ्चार अनुगमनमा यो पङ्क्तिकारले संयोजकको भूमिका निर्वाह गरेकी थिएँ । सञ्चारिका समूह र जागरण नेपालले गरेको उक्त अध्ययनमा एक वर्षमा महिला र संविधानसभासँग सम्बन्धित ९ सय ९६ वटा सामग्री प्रकाशित भएका थिए । तीमध्ये ६१ वटा सामग्री महिलाको अवधारणाबाट प्रकाशित थिए । प्रत्येक दिन नै कसै न कसैका अभिव्यक्ति या विचारले छापामाध्यममा स्थान पाएको देखिएको थियो । त्यतिबेला प्रकाशित सामग्रीमा महिला मुद्दाको सन्दर्भमा राज्य संरचनाका हरेक तहमा महिलाको सहभागिता हुनुपर्ने कुरा मुख्य रूपमा उल्लेख थियो ।

विभिन्न सङ्घ/संस्थाहरूद्वारा संविधानमै लिपिबद्ध हुनुपर्ने महिलाका मुद्दाहरूका विषयमा आएका सुझावहरू, नीति निर्माणकर्ताहरूले संविधान निर्माण प्रक्रियामा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भनी व्यक्त गरेका धारणाहरू, महिलाविरुद्धको हिंसा, नागरिकताको अधिकारलगायतका विषयहरू समेटिएका थिए । त्यतिबेला एक वर्षको बिचमा संविधान निर्माण प्रक्रियासँग सम्बन्धित रहेर थुप्रै अन्तर्वार्ताहरू प्रकाशित भएका थिए तर ती अन्तर्वार्तामा दिनेमा महिलाको सङ्ख्या भने ज्यादै न्यून थियो ।

अहिले करिब ११ वर्षपछि पनि राजनीतिकर्मी महिलाको कभरेजमा खासै परिवर्तन आएको देखिएको छैन । प्रकाशित समाचार तथा विचारहरूको सङ्ख्या धेरै छ, जसमा विभिन्न राजनीतिक दलका नेतृत्व तहका नेताहरूका आवाजले स्थान पाएका छन् र महिलाका आवाजहरू अत्यन्त न्यून मात्रामा प्रकाशित भएका छन् । प्रकाशित सामग्रीमा पुरुष राजनीतिकर्मीका तुलनामा महिला राजनीतिकर्मीका 'कोट'हरू ज्यादै कम मात्रामा लिने गरिएको छ । यस्तै मुलुकमा खराब राजनीतिक परिस्थितिलाई लिएर गरिएका टिप्पणीहरूमा पुरुष राजनीतिकर्मीहरूको बढी भूमिका भएर हुनसक्छ, लेखकहरूले प्रायः पुरुष राजनीतिकर्मी, नेता र सांसदहरूलाई मात्रै दोष दिएको पाइयो ।

मिडिया कभरेजलाई हेर्दा यस्तो देखिन्छ मानौं यो देशमा भएका कुनै

पनि राजनीतिक गतिविधिमा पुरुष राजनीतिकर्मीलाई मात्रै सरोकार छ । पुरुष राजनीतिकर्मीहरू मात्रै सक्रिय छन् र चिन्ता पनि उनीहरूलाई नै छ । महिला राजनीतिकर्मीहरू मुलुकका विविध सरोकारका विषयमा नभएर खाली महिलाकै विषयमा मात्रै सरोकार राख्छन्, मन्तव्य दिन्छन् या बोल्छन्/लेख्छन् । राष्ट्रिय सरोकारका मुद्दाहरूमा ज्यादै कम महिला राजनीतिकर्मीलाई मात्र सरोकार छ । 'उच्च स्तरीय' नामका समिति र विशेष समिति महिलाहरूका निम्ति होइनन् । यसप्रकारका समितिहरूमा महिला सहभागिता नभएका कारण समाचारहरूमा महिलाका कुराहरू नआउने गरेका हुन् ।

हप्तामा सरदर ४ जना पुरुष राजनीकर्मीका लेखहरू नेपाली छापामा प्रकाशित हुन्छन् तर महिला राजनीतिकर्मीका लेख पढ्न अन्तर्राष्ट्रिय महिला दिवस, महिलामाथि हुने हिंसाविरुद्धको दिवसजस्ता विशेष अवसर नै पर्खिनुपर्छ । पुरुष राजनीतिकर्मीका अन्तर्वार्ताहरूले प्रत्येक दिन कुनै न कुनै पत्रिकामा स्थान पाइरहेकै हुन्छन् तर महिलाले पाउँदैनन् । महिलालाई लिएको अन्तर्वार्तामा प्रायः महिलाका विषयमै प्रश्नहरू सोधिन्छन् तर पुरुष राजनीतिकर्मीलाई समसामयिक विषयमा प्रश्न गरिन्छ ।

राष्ट्रिय मुद्दा तथा राजनीतिक दलसँग सम्बन्धित विवादित विषयमा बोल्ने प्रायः पुरुष राजनीतिकर्मीहरू नै छन् । तर कुनै महत्वपूर्ण पदमा भएका महिलाहरूले बोलेका विवादित कुराहरू पनि प्राथमिकताका साथ छापिने गरेका छन् । जस्तो २०६४/०६५ सालमा तत्कालीन रक्षामन्त्री विद्यादेवी भण्डारीले माओवादी लडाकु र नेपाली सेनाका विषयमा बोलेका कुराहरू प्राथमिकताका साथ प्रकाशित प्रसारित हुने गर्थे । २०७८ सालमा संसद् अबरुद्ध हुँदा केही महिला सांसदहरूले संसदमा ढाडमा चढेर रोष्टम घेरेको, पाएको भए सभामुख र अर्थमन्त्रीको टाउको फुटाइदिन्थें भनेको जस्ता कुराले मिडियामा महत्वपूर्ण स्थान पाए ।

पुरुष राजनीतिकर्मीले विभिन्न कार्यक्रममा व्यक्त गरेका विचार र भनाइहरू प्रशस्त 'कोट' गर्ने गरिएको छ । समाचारका स्रोतको रूपमा (विषयमा जानकारी दिनुभयो, बताउनुभयो, उल्लेख गर्नुभयो जस्ता कुराहरू) पुरुष राजनीतिकर्मी, मन्त्री, सांसदका नाम छापिने गरेका छन् । महिला राजनीतिकर्मी तथा सांसदहरू समाचारको स्रोत बनेको देखिँदैन । महिलासँग सम्बन्धित विषयमा कार्यक्रमहरू भएका बेला मात्रै महिलाका मुद्दाले मिडियामा स्थान पाउने गरेका छन् ।

पहिलो संविधानसभामा पत्रपत्रिकामा सबैभन्दा बढी कभरेज पाउने सभासद् सपना प्रधान मल्ल हुनुहुन्थ्यो । संविधान निर्माण प्रक्रिया, नागरिकताको सवाल, महिलाका अन्य मुद्दाहरूका साथै उहाँको रहनसहन, फेसन, मेकअप, ब्युटीपार्लर जस्ता अनौपचारिक कुराहरू पनि त्यसबिचमा छापामा प्रकाशित भएका थिए ।

त्यतिबेला नेकपा एमालेकी सभासद् सपनापछि कभरेज पाउने महिलामा एमाले नेतृ अष्टलक्ष्मी शाक्य, नेपाली काङ्ग्रेसकी नेतृ सुप्रभा घिमिरे र मधेसवादी दलकी नेतृ सरिता गिरी हुनुहुन्थ्यो । यी सबै नेतृहरूका लेखहरू पनि बेला बेलामा छापामा प्रकाशित हुने गरेका थिए । अहिले लगातार कभरेज पाउने महिला राजनीतिकर्मीहरू खासै छैनन् । बागमती प्रदेशको मुख्यमन्त्री बन्दा अष्टलक्ष्मी शाक्यले जति कभरेज पाउनुभएको थियो, उहाँको बहिर्गमनले पनि त्यत्तिकै कभरेज पायो । नेतृ रामकुमारी झाँक्रीले नेता माधवकुमार नेपालको हात समातेको फोटोले व्यापक चर्चा पायो । नेकपा एमाले र नेकपा माओवादी केन्द्रको विभाजनका कारण राजनीति उथलपुथल हुँदा दल बदलका क्रममा केही नेतृहरू चर्चामा रहे ।

राजधानीमा मात्र नभएर राजधानी बाहिर विभिन्न जिल्लाबाट भएका रिपोर्टिङहरूमा पनि पुरुष राजनीतिकर्मीकै विचारले स्थान पाउने गरेको छ । विभिन्न पार्टीका नेताहरू जिल्ला जाँदा पत्रकार सम्मेलन गर्ने या पत्रकारहरूसँग भेटघाटको कार्यक्रम राख्ने गरिएको छ । पत्रकार सम्मेलन भएपछि कभरेज हुने नै भयो तर महिला राजनीतिकर्मीहरू जिल्ला जाँदा त्यसप्रकारको कार्यक्रम गर्ने गरिएको छैन या त कमै हुने गरेका छन् । परिणाम, महिला नेतृका जिल्ला भ्रमणहरूले मिडियामा कभरेज पाउने गरेका छैनन् । कुनै प्रभावकारी पदमा भएका महिला नेतृहरू जिल्ला पुग्दा भने त्यसप्रकारका पत्रकार सम्मेलनहरू हुने गरेका छन् । पत्रकार सम्मेलन भएपछि कभरेज स्वतः हुने नै भयो । तर मिडियाले महिला नेतृत्वको हकमा विवेक प्रयोग गरेको भने पाइँदैन । महिला नेतृत्वले अनौपचारिक समारोह या भोजको आयोजना गरेको खण्डमा त्यही सेरोफेरोमा मात्रै मिडिया कभरेज हुन्छ, अन्यथा महिला राजनीतिकर्मीलाई मिडियाले बेवास्ता गरेको देखिन्छ ।

विभिन्न पत्रपत्रिकामा प्रकाशित फोटो र कार्टुनहरूमा पनि समाचार, लेखलगायतका सामग्रीहरूकै पुनरावृत्ति देखिन्छ । अघिल्लो दिनका बैठक, कार्यक्रमहरूका समाचारसँगै तिनलाई मिल्दा फोटाहरू प्रायः प्रकाशित हुने गरेका छन् । यसो गर्दा महिला राजनीतिकर्मीहरूले समाचारमा झैं फोटोमा पनि कभरेज पाएको देखिँदैन ।

(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

***

विषय

सत्य छोप्न झुटको सहारा



दुर्गा भण्डारी पौडेल

चल्तापुर्जा र पत्रकारसँग सम्बन्ध भएकै कारण जसले जे बोले पनि समाचार बनाउने प्रचलन आजकल बढ्दो छ ।

नेपाली पत्रकारिताको सुरूवात

पत्रकारिता जनहितमा समर्पित पेसा हो भन्ने गरिन्छ । यसले आमसञ्चारको माध्यमबाट समसामयिक विषयमा सूचना शिक्षा र मनोरञ्जन प्रदान गर्दछ । समाजमा नियमित भइरहने कियाकलापलाई सञ्चार माध्यमले उठाउने गर्दछ । न्यु वर्ल्ड इन्साइक्लोपेडियाका अनुसार 'जनचासोका समाचार, विचार जनसमुदायलाई जानकारी गराउने पेसा नै पत्रकारिता हो ।' पत्रकारिताको माध्यमबाट आदर्श समाजको परिकल्पना गर्न सकिन्छ । हरेक घटनाको विवरण मात्र होइन विश्लेषणसमेत गर्दै सर्वसाधारण समक्ष प्रस्तुत गरिने बौद्धिक पेसाको रूपमा पत्रकारितालाई लिने गरिन्छ । पत्रकारितालाई समाजको ऐनाको रूपमा पनि लिइन्छ । समसामयिक ज्ञानको व्यवसाय पनि हो पत्रकारिता ।

बेलायतको सिको सिकेर होस् या प्रकाशनको कामका लागि होस्, विक्रम संवत् १९०८ मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले आफू बेलायत भ्रमणबाट फर्किंदा एउटा प्रेस भित्र्याएका थिए । त्यससँगै नेपालमा प्रेससम्बन्धी गतिविधि सुरु भएको थियो । पत्रपत्रिका प्रकाशनको इतिहास हेर्ने हो भने १९४३ सालमा मोतीराम भट्टले नेपाली भाषाको पहिलो पत्रिका 'गोर्खा भारत जीवन'

भारतको वनारसबाट छपाएर ल्याएका थिए । १९५५ सालमा नेपालमै 'सुधासागर' को प्रकाशन भएको थियो । १९५८ सालदेखि नेपालको जेठो पत्रिकाको रूपमा गोरखापत्र प्रकाशन भयो । १९५८ साल वैशाख २४ गते सोमबारदेखि प्रकाशन थालिएको गोरखापत्र पहिले साप्ताहिक रूपमा प्रकाशन हुने गर्थ्यो । अहिले गोरखापत्र दैनिकरूपमा प्रकाशन हुँदै आएको छ र यसले एक सय बिस वर्ष पार गरिसकेको छ । यसरी नेपालमा पत्रपत्रिका प्रकाशनसँगै नेपाली पत्रकारिता सुरुवातलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

पत्रकारिताको इतिहासमा महिला

नेपालमा पत्रकारिताको क्षेत्रमा महिलाको संलग्नताको कुरा गर्दा ऐतिहासिक पृष्ठभूमि खोतल्नुपर्ने हुन्छ । पत्रकारिता क्षेत्रमा महिला सहभागिता २००८ सालदेखि भएको कुरा तथ्यले देखाउँछ । २००८ साल जेठ महिनामा साधना प्रधान र कामाक्षा देवीको सम्पादकत्वमा 'महिला' मासिकको प्रकाशन गरेपछि नै यस क्षेत्रमा महिला प्रवेशको इतिहास सुरु भएको मानिन्छ । कतिपयले वि.सं. १९८० तिर नै महिलाहरूको पत्रकारिता पेसामा प्रवेश भएको भन्ने भनाइ पनि छ । (देवकोटा, २०५८ पृ. ५०) प्रथम महिला सम्पादक कामाक्षा देवी र साधना प्रधानले प्रकाशन गरेको पत्रिकामा शिलबन्ती, मधुकरी, प्रमिला लगायतका महिलाहरू सहसम्पादक रहेका थिए । साधना प्रधान र कामाक्षा देवीले सुरुवातमा गरेको यस पेसाालाई निरन्तरता दिँदै प्रियबन्दा शर्मा र लक्ष्मीदेवीले 'प्रभा' मासिक पत्रिकालाई अगाडि बढाएका थिए । २००९ सालमा कुन्तीदेवीले प्रतिभा र २०१० मा रमादेवीले जनविकास प्रकाशन गरेका थिए । रमादेवीलाई बिशुद्ध पत्रकारिता पेसामा सचेत भएको पनि मानिन्छ । जनविकास मासिक पत्रिका अङ्क १२ सम्म निस्किएको प्रमाण पाइन्छ । त्यसपछि २०११ सालमा जनसाहित्य, त्यसैक्रममा रीता, कल्पना, चन्दा, विजयलक्ष्मी मल्ल, लक्ष्मीदेवी चित्रकार, शशिकला शर्मा, सरोजिनी मानन्धर र लक्ष्मी रञ्जितकारजस्ता महिलाहरू मिलेर 'भोर' मासिक पत्रिकाको प्रकाशन/सम्पादन गरेका थिए ।

२०१५ तिर शशिकलाले स्वास्नीमान्छे, सरोजिनी र लक्ष्मीले 'चेतना' पत्रिका प्रकाशन गरेका थिए । 'स्वास्नीमान्छे' त्रैमासिक थियो भने तीन वर्षपछि द्वैमासिक हुँदै २०२४ सालसम्म निरन्तर प्रकाशन भएको देखिन्छ । २०१९ सालमा उमादेवीको सम्पादनमा 'महिला बोल्छिन्' साप्ताहिक पत्रिका प्रकाशन भएको देखिन्छ । जसलाई नेपाल महिला सङ्गठनको मुखपत्रको रूपमा लिइन्थ्यो । २०२७ सालमा प्रेमकुमारी पन्तले अङ्ग्रेजी पत्रिका 'दी वीक्ली मिरर' उनैले २०३१ सालमा नेपाली भाषाको 'दर्पण' २०३२ सालमा 'नेशनल स्टार' अङ्ग्रेजी पाक्षिक २०३७ सालमा 'डेली मिरर' सम्पादन गरिन् । विविध समस्याका बाबजुद प्रकाशन भएको दैनिक पत्रिका पुनः साप्ताहिक बन्न पुग्यो । तर उक्त पत्रिकाले केही वर्षसम्म

निरन्तरता पायो । यसरी पत्रकारिता क्षेत्रमा महिलाहरू इतिहास रच्न सफल भए पनि आर्थिक, सामाजिक, पारिवारिक, भौतिक असुरक्षालगायत समस्याका बाबजुद पनि महिलाहरूले पत्रकारिता पेसालाई निरन्तरता दिईरहेको देखिन्छ । यस क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्न सफल भएका केही उदाहरणहरू पनि छन् । जति सञ्चार माध्यम थपिँदै गयो त्यति नै पत्रकारको सङ्ख्या पनि बढ्दै गएको छ । यद्यपि पत्रकारिता पेसामा अझै पनि महिलाको उपस्थिति पुरुषको तुलनामा न्यून रहेको तथ्याङ्कले देखाउँछ । मिडियामा पत्रकार महिलाको सङ्ख्यात्मक तथा गुणात्मक उपस्थिति कमजोर रहेका कारण विषयवस्तु छनोटको निर्णायक भूमिका खेल्न नसकेको अवस्था हो ।

मिडियामा महिलाका मुद्दा कस्ता ?

समाजलाई सूचना, ज्ञान, शिक्षा र मनोरञ्जन प्रदान गर्ने काम आमसञ्चार माध्यमको हो । पत्रकारिता बारेको महत्व दर्शाउँदै प्रख्यात बेलायती नाटककार टोम स्टोपार्ड भन्छन् "म अझै विश्वस्त छु कि, यदि तपाईंको चाहना संसार परिवर्तन गर्ने छ भने सबैभन्दा छिटो हतियार पत्रकारिता हो" यस भनाइले पनि पत्रकारिताको महत्वबारे सहजै अनुमान गर्न सकिन्छ । पत्रकारितालाई विचार र अभिव्यक्ति स्वतन्त्रतामार्फत नागरिकको हक अधिकारलाई स्थापित र सुनिश्चित गर्ने पेसा मानिन्छ । पत्रकारिताको माध्यमबाट समाज सुधारको आशा गरिन्छ । त्यसैगरी पत्रकारिताको माध्यमबाटै नागरिकका हक अधिकार स्थापित गर्न सकिन्छ भनेर नै पत्रकारिता पेसालाई राज्यको चौथो अङ्गको संज्ञा दिइएको हो । पत्रकारिताले आवाजविहीनहरूको आवाजलाई मुखरित गर्छ भन्ने भनाइ छ । पत्रकारिता समाजमा भएका विकृति र विसङ्गतिहरूको पर्दाफास गर्ने सकारात्मक हतियार पनि हो । भ्रष्टाचारलाई निरुत्साहित गर्ने र सभ्य समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पेसा हो पत्रकारिता । यति ठुलो महत्व र दायित्व बोकेको पत्रकारिता पेसा हामीले परिकल्पना गरेअनुसारको पाउँछौँ त ? यसबारे विश्लेषण गर्नु जरुरी छ ।

अन्य पेसाजस्तै नेपालको पत्रकारितामा पनि हाम्रो नेपाली समाजको छाया परेको छ । हाम्रो पत्रकारिताले लैङ्गिक विभेद र अन्य खालका सामाजिक विभेदका विषयहरू आफैँले उठाउन नसकेको विभिन्न घटनाक्रमहरूले देखाएको छ । कुनै विदेशी संस्था वा दातृराष्ट्रले चलाएका अभियानबाहेक लैङ्गिकता र सामाजिक विभेदका मुद्दालाई त्यति चासो नदिएको देखिन्छ । विदेशीले अभियान चलाएकै सही पत्रकारितामा महिलाका मुद्दा राष्ट्रियकरण वा अन्तर्राष्ट्रिकरण भएकोमा सकारात्मकरूपमा लिनुपर्ने हुन्छ । तर सञ्चार माध्यमले आफ्नै ज्ञानले देखेर ओझेलमा परेका पिछडिएका, हेपिएका विकासको मूलधारमा नसमेटिएका सर्वसाधारण महिलाका मुद्दाहरू समेट्न नसकेको यथार्थ हो । सूचना प्रविधिको

विकाससँगै अहिले सञ्चारका नयाँ नयाँ माध्यमहरू आएका छन् । प्रविधिमा आधारित नयाँ सञ्चार माध्यम जसले महिलाका विषयवस्तुलाई मनोरञ्जनका रूपमा पस्किने गरेको पाइन्छ । समाजमा हुने सबै घटनाको न्याय र अन्याय छुट्याएर न्यायाधीश बन्ने काम पनि सञ्चार माध्यमको होइन । तर जबर जस्तरूपमा सञ्चार माध्यमबाट कुनै सार्वजनिक महत्व र सरोकारको विषयभन्दा बाहिर नितान्त व्यक्तिगत घटनामा पनि हस्तक्षेप बढाएको देखिन्छ । त्यस्ता विषयमा आम महिला तथा व्यावसायिक महिलाहरूप्रति पूर्वाग्रही भएर लेख्ने गरेका प्रशस्तै उदाहरणहरू छन् । समाजमा महिलाप्रतिको परम्परावादी र रुढीग्रस्त सोच हटाउनु पर्नेमा उल्टै थप प्रोत्साहन गरेको देखिन्छ । मूलधारका घरानिया मिडियाहरूले बेला बेलामा नारी जातिमाथि नै अपमान गरेको पाइन्छ । त्यसैगरी मिडिया, कुनै प्रलोभनमा फस्नु हुँदैन र कसैको हतियार बन्नु हुँदैन भन्ने छ । तर केही मिडियाले सर्वसाधारण महिलाको चरित्रहत्या गर्ने खालका समाचारहरू प्रकाशन र प्रसारण गरेका प्रशस्तै उदाहारणहरू छन् । यसै त महिलाहरू समाजमा दबाइएका, हेपिएका र थिचोमिचो सहन बाध्य पारिएका छन् । तर अहिले च्याउसरह उम्रिएका केही अनलाइनहरूले घर परिवार तथा समुदायको सहारा लिएर चरित्रहत्या गर्नतर्फ लागेको पाइन्छ । कुनै परिवारमा श्रीमान् र सासूलाई श्रीमती वा बुहारी मन परिनन् भने श्रीमान् मिडियामा आएर श्रीमतीको चरित्रहत्या गरेका समाचार बन्ने गर्दछन् । पुरुषहरूले बाहिरी संसार बढी देखेका र चिनेका हुन्छन् । चल्तापुर्जा र पत्रकारसँग सम्बन्ध भएकै कारण जसले जे बोले पनि समाचार बनाउने प्रचलन आजकल बढ्दो छ । त्यसैगरी नै पीडकहरूसँग अनुचित फाइदा लिएर पीडितको चरित्रहत्या गर्नतर्फ मिडियाको दुरुपयोग भएको देखिन्छ । करिब ११ वर्षअघिको घटनाको अनुभव छ । २०६७ साल मङ्सिरको घटना, एउटा नाम चलेको भनिएको पाक्षिक म्यागेजिनमा पीडकबाट पैसा खाएर पीडित तथा आफन्तहरूको चरित्र हत्या गरियो । उक्त पत्रिकाको नाम सुन्दा पनि हो र ? भन्ने पर्न सक्छ । मूलधारको उक्त म्यागेजिनले खोजी पत्रकारिता गर्छु भन्ने भ्रम पनि छरेको छ । तर उक्त पत्रिकाका सम्पादक तथा रिपोर्टरहरू डलरमा बिकेको देख्दा उदेक लाग्यो । घटना थियो अमेरिका बस्ने लोग्नेले झुक्याएर सम्बन्ध विच्छेद गरेको । पीडितको साथमा एउटा सानो बालक पनि थियो । सम्बन्ध विच्छेद भएपछि महिलाको नैसर्गिक अंश हक समाप्त हुने कानुनी व्यवस्था छ । तर आफ्नो सन्तानसँग बाबुको सम्बन्ध विच्छेद त भएको होइन नि ! पीडित आफ्नो अधिकारको लागि होइन उनिहरूको सन्तानको अधिकारका लागि न्याय माग्न आफन्तसहित प्रहरीको महिला सेल पुगेकी थिइन् । तर उक्त नितान्त व्यक्तिगत मामिलामा पत्रकारको जबरजस्त घुसपैठ भयो । एक जना महिला आफूलाई पत्रकार, एनजीओकर्मी, अधिकारकर्मी सबै हुम् भन्नेले पीडकसँग पैसा खाएर पीडित तथा उनका आफन्तलाई प्रहरी कार्यालय परिसर

मै तथानाम गाली गरेको पनि सुनियो । एउटा रिपोर्टरलाई जे ठिक लाग्यो त्यही लेख्ने, बोल्ने, पैसामा बिक्ने प्रचलन बढ्दैछ । मिडियाले आवाजविहीनको आवाज बोल्ने र सामाजिक न्याय दिने कुरामा केही मिडिया चुकेका छन् । जबसम्म मिडियालाई अनैतिक व्यक्तिहरूले चलाउँछन् तबसम्म दुरुपयोग भइ नै रहन्छ । सार्वजनिक हकहितका लागि स्थापित मिडियाले व्यक्तिगत विषयमा जथाभावी लेखिदिने छुट छैन । केही मिडियाहरूले सर्वसाधारण र व्यावसायिक महिलाहरूका बारेमा जथाभावी लेख्ने गरेको पाइएको छ । महिलाहरूको आन्तरिक जीवन र व्यावसायिक जीवनमा असर पर्नेगरी लेखिएको पाइन्छ । केही मिडियाका समाचारहरू विश्लेषण गर्दा त्यस्तै पाइयो । कुनै पत्रिकाका समाचारमा विषयवस्तु फरक भए पनि महिलासँग सम्बन्धित शब्दहरू प्रयोग गरेर दाँज्ने गरेको पाइन्छ । एउटा पत्रिकाले 'वायुसेवा निगममाथि सौता' शीर्षक राखेर समाचार लेखेको देखियो । जसमा नेपाल वायुसेवा निगमले आफ्नो ट्वीनअटर विमान थन्क्याएर तारा एयरलाई मध्यपहाडी क्षेत्रमा चलाउन अनुमति दिएको प्रसङ्ग छ । यहाँ सौता शब्द राख्न जरुरी थिएन । सौता शब्द राखेपछि महिलालगायत सबैको ध्यानाकर्षण गराउन सकिन्छ कि भन्ने मानसिकताले महिलासँग सम्बन्धित शब्द प्रयोग गरिएको देखिन्छ । यसले महिलालाई गल्यामरको रूपमा प्रस्तुत गर्‍यो भन्न सकिन्छ । यसै सम्बन्धमा मिडियाका रिपोर्टर र सम्पादकहरू कति हदसम्म पुरातनवादी सोच भएका रहेछन् भन्ने उदाहरण प्रस्तुत गर्न चाहन्छु । पूर्व पर्यटन मन्त्री रविन्द्र अधिकारीको हेलिकप्टर दुर्घटनाबाट मृत्यु भयो । उहाँको पत्नी तथा हाल एमाले सांसद विद्या भट्टराई शोकमै हुनुहुन्थ्यो । सबै कास्कीबासी शोकमग्न अवस्थामा रहेका बेला काठमाडौँको मूलधारको मानिएको अनलाइनखबरले '७ दिनमै काजकिरिया ! न बाहुनलाई गौदान, न सेतो वस्त्र !' शीर्षक राखेर समाचार लेख्यो । त्यसको लगभग ८/१० महिनापछि उपनिर्वाचनको घोषणा भयो । विद्या भट्टराईलाई नेकपाले प्रतिनिधि सभाको उमेद्वार बनायो । निर्वाचनमा विपक्षी नेपाली काङ्ग्रेसले अनलाइनखबरको समाचारलाई मसला बनायो । काङ्ग्रेसले जोडतोडले धर्म र संस्कृति विरोधी हुन् विद्या भनेर विरोध गर्‍यो । त्यतिबेला त्यो समाचार कुन उद्देश्यले लेखिएको रहेछ भन्ने कुरा चुनावका बेला मात्रै प्रस्ट भयो । एकातिर पत्रकारलाई कुसंस्कारले कसरी जकडिरहेको रहेछ भन्ने त बाहिरबाट थाहा भयो होला । तर भित्री पाटो त झनै खतरनाक र संवेदनहीन रहेछ भन्ने प्रस्ट भएको छ । एक त शोकमा, त्यहीमाथि महिलाको संवेदनशील परिस्थितिमा पनि मिडियाले प्रहार गर्न छोडेनन् । खराब राजनैतिक उद्देश्य राखेर लेखिएको उक्त समाचारले एउटा राजनीतिकर्मीको व्यावसायिक 'करियर'मा समेत धक्का पुग्ने अवस्था सिर्जना गर्‍यो । यसरी मिडियाले उठाएका मुद्दाले जबरजस्तरूपमा नकारात्मक सन्देश दिन खोज्यो । त्यही समाचारले एउटा पार्टीका पुरुष नेतालाई फलिफाप र अर्को पार्टीबाट राजनीतिमा उदाउँदै गरेकी महिलाको सत्यानास

गराउने सम्मको स्थिति देखियो भने मिडियालाई हामीले कति घातक हतियार बनाएका रहेछौँ त ?

यस्तै अर्को समाचारले महिलालाई लुटेरा बनाएको देखाउँछ । जुन समाचार सत्य पनि होइन, ठगी गरेकोमा कारबाही गर्न प्रहरी प्रशासन छ । तर केही सञ्चार माध्यम आफैँ एककदम अगाडि सरेर फलानो युवती चोर हो भनेर सार्वजनिकरूपमा इज्जत उछाल्न तमतयार रहेका देखिन्छन् । समाचार बनाउने शैली नजानेर वा थाहा नपाएर होइन कि, नियतपूर्वक पछि लागेको देखिन्छ । दमकको एउटा अनलाइनएचडी दमकले 'दमककी एक महिला २५ लाख सम्पत्ति लिएर फरार' शीर्षकको समाचार लेखेको छ । उक्त अनलाइनले कुनै तथ्य र प्रमाणका आधारमा समाचार लेखेको भने होइन । महिलाको लोग्नेको भनाइको आधारमा फोटो र नामसहित समाचार प्रकाशन गरेको देखिन्छ । समाजमा महिलाले बद्मासी गरेको एकादुई घटनालाई प्रतिनिधि आधार मानेर पत्रकार हरूले सामान्यीकरण गरेर लेखेका समाचारहरू थुप्रै छन् । आजकाल लोग्ने विदेश भएका केही महिलाहरू अर्को विवाह गरेर गएका घटनाहरू छन् । यी केही प्रतिनिधी घटनाहरूलाई लोग्ने वैदेशिक रोजगारीमा गएको परिवारलाई खास गरी सबै महिलालाई शङ्काको घेराभित्र पार्न हुँदैन । लोग्ने विदेश भएका सबै महिलाले घर परिवार र बालबच्चाको बिचल्ली पार्दैनन् । तर मिडियाले लोग्ने विदेश हुनेका स्वास्नी मान्छेहरू सबै बिग्रिए भनेजसरी लेख्ने गरेको छ । धेरै जस्तोको लोग्ने वैदेशिक रोजगारीमा गए पनि पैसा नपठाउने, आएको बेलामा हिंसा गर्ने प्रवृत्ति त छँदैछ ।

महिलाको पहुँच हुँदैन, पत्रिका पढ्दैनन् र हेर्दैनन् भनेर जे मन लाग्यो त्यही लेख्ने गरेका छन् । त्यसै गरी सुर्खेतबाट प्रकाशित पत्रिका युगआह्वानले लेखेको छ, 'एसओएसका सहायक निर्देशक शाही अनैतिक अवस्थामा पक्राउ' शीर्षक राखेर फोटोसमेत छापेको छ । यसो हेर्दा यो समाचार पुरुषको विरुद्धमा मात्रै लेखिएको जस्तो लाग्छ । तर खासमा यो समाचार महिलालाई अंश हकबाट वञ्चित गराउन षड्यन्त्रस्वरूप आएको रहेछ । उक्त षड्यन्त्रका मतियार पत्रकार पनि देखिए । खासमा लोग्नेले हेला गरेपछि अंशमुद्दा दायर गरेकी ती महिलालाई कुनै आइनो न साइनो नभएको पुरुषसँग जोडेर लेखेको रहेछ । यो विषयमा मिडियाले महिला र उक्त भद्र पुरुषको पटक पटक चरित्र हत्या गरि रह्यो । उनले प्रेस काउन्सिलमा उजुरी दर्ता पनि गराए । प्रेस काउन्सिलको कारबाहीको प्रक्रियाले त्यो मिडियालाई छोएन । बाध्य भएर अदालतमा मिडियाविरुद्ध गाली बेइज्जती मुद्दा दायर गरिन् । तर उनी जस्तै मिडियासँग पनि लड्ने आँट भएका महिलाहरू धेरै कमै मात्र छन् । प्रेस काउन्सिल र अदालतबाट पनि मिडियालाई न्यून सजाय हुने गरेका कारण पटक पटक महिलाको चरित्र हत्या गर्नतर्फ मिडियाहरू लागिरहन्छन् । वास्तवमा पत्रकारिता पेसा बौद्धिक पेसा भएको र

पत्रकारले आफ्नो निजी स्वार्थका लागि होइन समाज र राष्ट्रको हितका लागि लेख्छन् भन्ने मान्यता रहेको थियो । अहिले त्यो मान्यता असफल साबित भएको छ । विगतका कानुनहरू पनि कम जरिबाना र सजायको व्यवस्था थियो ।

सञ्चार माध्यमका लागि आकर्षित कानुनहरू

हालै कार्यान्वयनमा आएको मुलुकी अपराध संहिताको वैयक्तिक गोपनीयता तथा प्रतिष्ठाविरुद्धको कसुर शीर्षक अन्तर्गत दफा २९५ को उपदफा ३ मा कसैले एकको तस्बिरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृतरूपको तस्बिर बनाउन वा प्रकाशन गर्न हुँदैन । त्यसै गरी दफा २९६ अनुसार अनुमतिबिना एकको तस्बिर अरूलाई दिन वा बिक्री गर्न नहुने : (१) कसैले कुनै व्यक्तिको तस्बिर निजको अनुमतिबिना अरूलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउने वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्बिरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद बिक्री गर्न हुँदैन । उक्त कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था छ । त्यसैगरी दफा २९८ मा विद्युतीय माध्यमद्वारा गोपनीयता भङ्ग गर्न नहुने भन्ने छ । कसैले विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचना, जानकारी, पत्राचार अनधिकृतरूपमा प्राप्त गर्न त्यसको गोपनीयता भङ्ग गर्न वा अनधिकृत रूपमा कसैलाई हस्तान्तरण गर्न वा गराउन हुँदैन । उक्त कसुर गर्ने वा गराउने व्यक्तिलाई दुई वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ । सार्वजनिक सञ्चार माध्यबाट भएको कसुरमा थप एक वर्ष कैद र दस हजार रूपैयाँ बढी लाग्ने व्यवस्था कानुनमा छ । हामीले समाचार बनाएका विषयवस्तुहरू कानुनको यो परिभाषाभित्र पर्ने र कुनै दिन मिडियाबाट पीडित भएकाहरू अदालत गएमा र निष्पक्ष न्याय सम्पादन भएमा जेल बस्नुपर्ने कानुनी दायित्व त छँदैछ । अझ त्योभन्दा बढी हामी पत्रकारहरू बौद्धिक खेती गर्नेहरू नैतिकरूपमा बिबन्धित हुनुपर्छ । हामीले पत्रकार आचारसंहिताको पूर्ण पालना गर्छौं भनेका छौं । सो आचारसंहिताको इमान्दारीपूर्वक पालना गर्नुपर्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन गर्ने महासन्धी (सिड), नेपालको संविधान २०७२ को सञ्चारसम्बन्धी हक (धारा १९)मा लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा कानुन बनाउने कार्यमा रोक लगाएको मानिने छैन भनेको छ । जसले लैङ्गिक भेदभाव हुने खालको विषय सञ्चार माध्यममा उठाउन नहुने कुरालाई सङ्केत गरेको छ । संविधानको धारा २८ मा गोपनीयताको हकको व्यवस्था गरेको छ जसमा भनिएको छ - कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक

अनतिक्रमय हुनेछ । मिडिया लगायत कसैको पनि चरित्रहत्या गरेर लेख्न पाउने छैन । संविधानको धारा ३८ मा महिलाको हक भनेर व्यवस्था गरेको छ । जसमा महिलाविरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, शोषण गर्न नपाइने उल्लेख गरिएको छ । जुन विषय मिडियाले उठाएकै कारणबाट धर्म, सांस्कृतिक, प्रथा, परम्परा, प्रचलनको रूपमा महिलामाथि प्रहार हुने देखिन्छ । यसरी प्रेसलाई अन्य नागरिकको भन्दा बढी स्वतन्त्रता प्रयोग गर्ने तथा गैरकानुनी आचरण गर्ने उन्मुक्ति छैन ।

सञ्चार माध्यमबाट आशा गरिएका विषय

सञ्चार माध्यमले महिलाको विषयमा संवेदनशील र जिम्मेवार भएर विषयवस्तु उठाउनुपर्छ । किनभने महिलाहरू समाज तथा घर परिवारमा विभेद, थिचोमिचो हिंसा र अपराधको सिकार हुने कारणले गर्दा मिडियाबाटै सामाजिक न्याय आशा गरिएको हुन्छ । राज्यको चौथो अङ्ग मानिएको पत्रकारिता जगतले महिलाहरूको निजी जीवनको खोजी गरेर महिलाको चरित्र हत्या गर्नभन्दा समाजमा रहेका विकृति, विसङ्गति, भ्रष्टाचार न्यूनीकरणमा भूमिका खेल्नुपर्छ । मिडियाले महिला एवं आर्थिक, सामाजिकलगायत हरेक हिसाबले पछाडि पारिएका वर्ग, समुदायको सामाजिक तथा आर्थिक जीवन समुन्नत बनाउन भूमिका खेल्नुपर्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधान २०७२, महिलाविरुद्व भेदभाव उन्मुलन गर्ने महासन्धी (सिड), विभिन्न कानुनहरू र प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिता तथा महिला उत्तरदायी सञ्चार निर्देशिकालाई मूलमन्त्र ठानेर विषयवस्तु उठाउनुपर्छ । अन्यथा पत्रकारिता क्षेत्रमा देखिएको अराजकता रोक्न धेरै कठिन हुनेछ ।

(लेखक प्रेस काउन्सिल नेपालकी सदस्य हुनुहुन्छ ।)

सन्दर्भ सामग्री

१. देवकोटा गृष्मबहादुर, नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास, ललितपुर, साझा प्रकाशन २०५८
२. नेपालको संविधान, २०७२
३. मुलुकी अपराध संहिता
४. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र
५. महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी (सिड)

***

महिला संवेदनशीलता र युट्युबले बिगार्दै लगेको सत्य/तथ्य



शरद अधिकारी

युट्युबहरू बिना लगामका घोडाजस्तै भएका छन् । लगाम लगाउने कुनै पनि निकाय अहिलेसम्म खडा भएको छैन । जहाँ कुनै सम्पादक हुँदैन । एउटै व्यक्ति आफैं सम्पादक हुन्छ, आफैं क्यामेरामेन हुन्छ । आफैं न्यायाधीश बन्छ । आफूलाई जे मन लाग्यो त्यही राखिदिन्छ ।

घटना

१. केही दिनअघि राष्ट्रिय दैनिकमा समाचारदाताका रूपमा कार्यरत पत्रकार महिलाले भनिन्, 'हिजोआज आमाले पत्रिकामा आएका समाचारभन्दा युट्युबमा आएका विषय बढी हेर्न थाल्नुभएको छ ।' 'तँ के पत्रकार, त्यो युट्युबवाला पो पत्रकार !' भन्दै आमाले भनेपछि आफूलाई निकै चित्त दुखेको उनले बताइन् । हिजोआज यस्ता धेरै घट्ना भइरहेका छन् । दैनिकरूपमा पत्रकारिता गरिरहेकाहरूलाई नै पत्रकारका रूपमा नलिने र युट्युबमा दृश्य हाल्ने र फेसबुकमा स्टाटस लेख्नेहरूलाई पत्रकार भन्ने चलन बढेर गएको छ । राम्रै सञ्चार माध्यममा काम गर्नेहरूले नै सञ्चारकर्मीको मान्यता नपाउने तर अन्य सञ्जाल चलाउनेलाई पत्रकारका रूपमा महत्व दिने चलन बढेको हो कि भन्ने देखिएको छ ।

२. काठमाडौंको सार्वजनिक यातायातमा महिला सिटको व्यवस्था गरिएको छ । महिलाको सिटमा पुरुषहरू गजधम्म परेर बसिरहेका हुन्छन् । बसको सिटमा बसिरहेकालाई कसैले उठाउने हिम्मत गर्दैन । एकजना महिलाले भने पुरुषलाई 'तपाईं उठ्नुस्' भन्दै उठाइन् । पुरुष अलमलमा परे । महिलाले 'तपाईं बसेको

सिट हेर्नुस् त ।' भन्दै सम्झना गराएपछि पुरुष उठ्न बाध्य भए । पुरुष उठेपछि पहिले प्रतिवाद गर्ने महिला सिटमा गएर बसिन् । बसमा अन्य यस्तै आरक्षण सिटको व्यवस्था गरिएको छ । यो पत्रकारितासँग जोडिएको विषय नरहेपनि महिलाको पक्षमा हुने कानुनले महिलालाई बलियो बनाउने रहेछ भन्ने देखिन्छ ।

३. एउटा सार्वजनिक कार्यक्रममा महिलाहरूले कार्यस्थलमा कस्तो खालको हिंसा भोगिरहेका होलान् भन्ने बारेमा छलफल भइरहेको थियो । यो सञ्चार माध्यमको कुरा थियो । अरूका बारेमा राम्रो/नराम्रो लेख्ने सञ्चार माध्यममा पनि महिला भएकै कारणले गर्दा हिंसा हुन्छ र ? भन्ने लाग्नु स्वाभाविक हो । तर सञ्चार माध्यममा काम गर्नेहरूले पनि अनेकन् नामका हिंसा भोगिरहेका छन् । सञ्चारमा काम गर्ने पत्रकार महिला वा अरू कर्मचारीहरूले भोगिरहेका अनेकन् दुर्व्यवहार वा हिंसाका बारेमा बाहिर चर्चा हुँदैन ।

महिलासम्बन्धी विषय उठान गर्दा माथिका केही घटना प्रतिनिधि घटनाका रूपमा लिन सकिन्छ । नेपालमा पछिल्लो समयमा महिलामाथि अनेकन् खालका हिंसा भएका घटनाहरू आइरहेका छन् । विगतमा पनि घटनाहरू हुन्थे । ती घटनाका बारे बाहिर आउँदैनथे । पछिल्लो समय महिलामाथि भएका कतिपय घटनाहरू बाहिर आइरहेका छन् । आफू पीडित भएपछि न्यायको ढोका ढकढकाउनेहरूको सङ्ख्या बढेको छ । चाहे त्यो पालिकाका न्याय समितिमा पर्ने गरेका उजुरीहरू होऊन् वा प्रहरी प्रशासनमा पुग्ने उजुरी नै ! न्यायको खोजीका लागि कुनै कसर बाँकी नराख्नेहरूको सङ्ख्या दिनदिनै बढिरहेको छ । तर कतिपय घटनाका बारेमा बाहिर नआउने, कतिपय घटनाहरू गुपचुप राख्ने, कतिपय घटनाहरू मिलापत्रमा टुङ्ग्याउने काम भइरहेको सुन्नमा आउँछ ।

महिलाका विषयहरू संवेदनशील हुन्छन् । लैङ्गिकरूपमा पुरुष र महिलाका बिचमा हुने फरक भन्दा अरू फरक केही हुँदैन भन्ने मान्यता रहेको छ । पछिल्लो समय यो मान्यता विकास हुँदै आएको छ । तर यस्तो मान्यता रहेको भएपनि महिलालाई विशेषरूपमा हेर्ने गरिएको छ । संविधानमा पनि महिलाको हकको कुरा विशेषरूपमा स्थान दिइएको छ । संविधानमा महिलाका बारेमा जे जस्ता कुरा उठान गरिएको भएपनि अधिकारमा समानता नभएको देखिन्छ । सन्तान जन्माउने काम महिलाले गर्ने तर नागरिकतामा महिलाको नाम अनिवार्यरूपमा नराखिने कुराका बारेमा लामो समयसम्म चलिरह्यो । महिलाको नामबाट मात्रै नागरिकता बन्नुपर्छ भन्ने कुरा उठिरहेको छ । महिलाको नामबाट मात्रै नागरिकता चाहियो भनेर कोही सम्बन्धित अधिकारीसमक्ष गयो भने बुवा देखाउनका लागि दबाब दिने कुराले महिलाको मात्रै नाम राख्ने कुरालाई सफल बनाउन सकिरहेको छैन । कतिपय विषय महिलाका लागि लेखिएका छन् तर महिलाका लागि लेखिएका अधिकारका बुँदाहरू कार्यान्वयनमा आउन सकिरहेका छैनन् । जो

महिलाले आफ्नो अधिकारको कुरालाई राम्रोसँग बुझ्नेका छन् ती महिलाहरूले आफ्नो अधिकार प्राप्त गरेका छन् । तर जसले आफ्नो अधिकारका बारेमा चासो राख्छन् र बोल्छन ती सबैले अधिकार पाएका छन् । एउटा भनाइ छ कि अधिकार मागेर पाइँदैन खोसेर लिनुपर्छ । महिलाले यो कुरालाई मनन गर्न सक्ने हो भने महिलाका पक्षमा लेखिएका अधिकारका विषयहरू साँच्चिकै व्यावहारिकरूपमा कार्यान्वयनमा आउन सक्छन् ।

पछिल्लो समय अनेकन् सञ्चार माध्यममा महिलाका विषयहरूले प्राथमिकता पाइरहेका छन् । महिलाका विषयहरूलाई नियाल्दा महिलामाथि नै अनेकन लाञ्छना लगाउने गरेको देखिन्छ । खासगरी युट्युबमा आएका विषयलाई हेर्दा महिला र पुरुषका बिचमा भएका सम्बन्धविच्छेदका घटना, बहुविवाहका कुरा, यातना दिएका कुरालाई महत्वका साथमा उठाउँदै आएको देखिन्छ । एकातिर सञ्चार माध्यममा महिलाको प्रयोग उपभोग्य वस्तुका रूपमा भइरहेको छ भने अर्कोतिर महिलाहरू प्रताडित भइरहेका छन् । महिलामाथि भएका साना हिंसाका घटनालाई पनि ठुलैरूपमा ल्याउने काम पनि भइरहेको छ । महिलामाथि भएका हिंसालाई कसरी उठाउने ? भन्ने बारेमा संवेदनशीलता देखाउने काम भएको छैन । विश्वभरका टेलिभिजनका विज्ञापनहरूमा हेर्ने हो भने महिलाको प्रयोग मोडलका रूपमा भइरहेको छ । महिलाले प्रयोग नै नगर्ने वस्तुको विज्ञापन गर्नका लागि महिलाको प्रयोग भइरहेको छ । जस्तो दाह्री काट्नका लागि पुरुषले प्रयोग गर्ने ब्लेडको विज्ञापन गर्नका लागि महिलालाई प्रयोग गर्ने गरिएको छ । यस्तै पुरुषले प्रयोग गर्ने कतिपय कपडाहरूको विज्ञापनमा पनि महिलाहरूको प्रयोग भइरहेको छ । यस कुरालाई गम्भीरताका साथ ल्याउनुपर्ने भएको छ ।

महिलाहरू उपभोगका साधन होइनन् भनेर नै प्रेस काउन्सिल नेपालले महिला उत्तरदायी सञ्चार निर्देशिका जारी गरेको छ । २०७६ सालमा जारी गरिएको यो निर्देशिकाको निम्न बमोजिम क्षेत्र राखिएको छ :

क) महिलाको सर्वाङ्गीण हित र विकास
ख) महिलाको पेसागत हित र असर
ग) सारभूत समानताको प्रवर्द्धन
घ) मर्यादित र सकारात्मक समाचार सम्प्रेषण
ङ) उत्तरदायित्व र जवाफदेहिता
च) महिला अधिकारको प्रवर्द्धन
छ) लिङ्गको आधारमा गरिने भेदभावको अन्त्य

महिला उत्तरदायी सञ्चार निर्देशिकाले जे विषयलाई निर्दिष्ट गर्न खोजेको छ यो विषय भनेको कुनै दर्तावाल सञ्चार माध्यमले पालना गर्नुपर्ने तर अरूले पालना गर्नु नपर्ने भन्ने होइन । दर्ता भएका होऊन् वा दर्ता नभएका नै किन

नहोऊन् सबैका लागि यो विषय आकर्षित हुने विषय हो । पत्रकार र सञ्चार माध्यमले महिलासम्बन्धी समाचार सम्प्रेषण गर्दा निम्नानुसारका कर्तव्य पालना गर्नुपर्दछ भनिएको छ ।

महिलाको सर्वाङ्गीण हित र विकास :

(१) आम पत्रकार र सञ्चार माध्यमले महिलाको मर्यादापूर्ण जीवनको सुनिश्चितता, लिङ्गको आधारमा गरिने कुनै पनि प्रकारका विभेदको अन्त्य, महिलाको वैवाहिक अवस्था जस्तोसुकै भए पनि सामाजिक, राजनीतिक, साँस्कृतिक, नागरिक र अन्य कुनैपनि क्षेत्रमा पुरूष र महिलाबिच सारभूत समानता, महिला मानवअधिकारको प्रवर्द्धन र परिपूर्तिजस्ता विषय सम्बोधन हुने गरी उनीहरूको सर्वाङ्गीण विकास र हितलाई ध्यानमा राखी संविधान, ऐन, नियम, व्यावसायिक मर्यादासम्बन्धी नीति, आचारसंहिता, निर्देशन एवं अन्तर्राष्ट्रिय मापदण्डको समेत ख्याल राखेर समाचार सम्प्रेषण गर्नुपर्दछ ।

(२) उपदफा (१) बमोजिम महिला सशक्तिकरण, सहभागिता र नेतृत्वलाई मुखरित गर्ने निम्नलिखित विषयलाई तथ्यपरक एवं वस्तुनिष्ठ आधारमा समेटेर समाचार सम्प्रेषण गर्नुपर्दछ :

(१) महिलालाई आर्थिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, पारिवारिक र वैयक्तिक हिसाबले अघि बढ्न मद्दत, असर, अवरोध वा नियन्त्रित गर्ने विषय

(२) शिक्षा, स्वास्थ्य, राजनीति, आर्थिक क्रियाकलाप, पेसालगायतका विभिन्न क्षेत्रमा महिलाहरूले गरेको प्रगति, उल्लेखनीय कार्यहरू, नेतृत्वदायी भूमिकाको अवस्था उत्खनन गर्ने विषय

(३) राज्यका विभिन्न निकायहरूले महिलाको सर्वाङ्गीण हित र विकासमा गरेको व्यवहार, कार्य, उपलब्धि वा विफलता, सक्षमता वा अक्षमतालगायत राज्य र महिलासँग सम्बन्धित विषय

(४) महिलाको हित र विकाससम्बन्धमा निजी क्षेत्र, नागरिक समाज, शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्रलगायतका सरोकारवालाहरूले गरेका सकारात्मक एवं प्रोत्साहनमूलक तथा नकारात्मक कार्य

(५) महिलाको हकहितका विषयमा विभिन्न तहका विधायिकामा भएका छलफल, बहस, नीति, निर्णय तथा अदालतले गरेका निर्णय

(६) महिलाका सम्बन्धमा प्रशासन, प्रहरी, सेनालगायतका सुरक्षा निकायले गरेका सकारात्मक/नकारात्मक कार्यहरू

(७) महिलाअधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी कार्य

(८) पछाडि परे/पारिएका महिलाहरूको हित, विकास र आवाजलाई

मुखरित गर्ने कार्य

(९) महिलाको हित र विकाससम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास र अनुभव

हिजोआज कतिपय सञ्चार माध्यमहरूमा जे जस्ता विषयहरू आइरहेका छन् ती विषयले महिला उत्तरदायी सञ्चार निर्देशिका उल्लङ्घन गर्ने काम गरिरहेका छन् । कतिपय विषयहरू प्रेस काउन्सिल नेपालमा उजुरीका रूपमा आएका छन् भने कतिपय विषयहरू उजुरीका रूपमा आएका हुँदैनन् वा छैनन् । पछिल्लो समय विभिन्न अनलाइन सञ्चार माध्यम र युट्युबहरूमा जसरी विषयहरू आइरहेका छन् ती विषयले महिला उत्तरदायी सञ्चार निर्देशिकाको ठाडो उल्लङ्घन गरिरहेका छन् । महिलाहरूको विषय संवेदनशील विषय भएका कारणले नै प्रेस काउन्सिलले सञ्चार निर्देशिका तयार पारेको हो ।

यसैगरी प्रेस काउन्सिल नेपालले तयार पारेको महिला उत्तरदायी सञ्चार निर्देशिकामा सञ्चार माध्यमका लागि निम्न बुँदा उल्लेख गरिएको छ : जसमा महिलासँग सम्बन्धित समाचार सम्प्रेषण गर्दा समाजप्रति उत्तरदायी हुनुपर्ने कानुनी एवं सामाजिक अपेक्षाका कुराहरूका बारेमा पनि उल्लेख गरिएको छ । निर्देशिकामा भनिएको छ :

उत्तरदायित्व र जवाफदेहिता :

(१) महिलासँग सम्बन्धित समाचार सम्प्रेषण गर्दा समाजप्रति उत्तरदायी हुनुपर्ने कानुनी एवं सामाजिक अपेक्षा र व्यावसायिक सिद्धान्तलाई अनुसरण गर्दै थप उत्तरदायी र जवाफदेही हुनुपर्दछ ।

(२) समाचार सम्प्रेषणका माध्यमबाट कुनै महिलाको कानुनी अधिकार, व्यक्तिगत स्वतन्त्रता तथा गोपनीयतामा आघात पुऱ्याउनु हुँदैन ।

यसैगरी नेपालको संविधानमा मौलिक हक अन्तरगत धारा ३८ मा महिलाको विषयलाई राखिएको छ, जसमा भनिएको छ ।

१) प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ । २) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ । ३) महिलाविरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ । र, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

महिलाका लागि आएका विभिन्न ऐन, नियम कानुन र निर्देशिकाको ठाडो उल्लङ्घन गर्दै विभिन्न सञ्चार माध्यममा समाचार प्रसारण गर्ने, विचार प्रसारण गर्ने गरेको पाइन्छ । खासगरी ट्रेण्डिङमा जाने नाममा युट्युबले महिलाको अस्मितामाथि आघात पुऱ्याउने खालका विषयवस्तु पस्केने काम गरिरहेका छन् । नेपालको संविधानमा सञ्चार माध्यमलाई बन्द गर्न नपाइने कुरा स्पष्टरूपमा लेखेको छ तर दर्ता नै नभएका यस्ता माध्यममा आएका विषयका बारेमा हेर्ने अधिकार कुनै पनि निकायलाई दिइएको छैन । युट्युबले उठान गर्ने विवादास्पद र महिला संवेदनाका विषयमा अनुगमन गर्ने, कारबाही गर्ने, निर्देशन दिने कुनै पनि

पत्रकारितालाई जति सफा गर्न सकियो त्यसबाट त्यति राम्रो कुरा आउने हो । पत्रकारिता जति फोहर भयो यसमा लाग्नेहरूले अनेकन् आक्षेप खेपिरहनुपर्नेछ ।

निकाय रहेको छैन । अनलाइनमा आएका कतिपय विषयहरूमा साइबर क्राइम लाग्ने भएपनि साइबर क्राइम कार्यान्वयन गर्ने निकायका रूपमा रहेको प्रहरीले समेत प्रेस काउन्सिललाई निवेदन दिएर न्यायको खोजी गरेको देखिन्छ ।

महिलाका विषयमा छापासञ्चार बढी संवेदनशील देखिन्छ । टेलिभिजनमा केही अन्तर्वार्ताहरूमा महिलालाई होच्याउने गरेर सामग्री प्रसारण भएको देखिन्छ । खासगरी अनलाइन सञ्चार माध्यममा अनेकन शीर्षक राखेर समाचार प्रकाशित गरेको देखिन्छ । कतिपय समाचार नेपालभन्दा बाहिरका हुन्छन्, ती पनि नेपालकै हुन् कि भन्नेजसरी प्रसारण गरेको पाइन्छ । जस्तो एउटा अनलाइनले 'काङ्ग्रेसकी चर्चित सांसदले जन्माइन् विवाह नै नगरी बच्चा' भन्ने शीर्षक राखेर एउटा समाचार प्रकाशित गरेको छ । यो समाचार झट्ट हेर्दा नेपाली काङ्ग्रेसकै कुनै सांसदले विवाह नै नगरेर बच्चा जन्माएको हो कि भन्ने देखिन्छ । समाचार पढ्दै जाँदा यो भारतको कुनै प्रान्तमा काङ्ग्रेसकी सांसदको घटना रहेछ । यो समाचारको शीर्षक पढ्दा नेपालको समाचार होइन जस्तै लाग्दैन । समाचारको शीर्षकमा यस्ता विषय राखेर पाठक तान्ने कोसिस गरेको पाइन्छ ।

नेपालमा पछिल्लो समय युट्युबको बाढी लागेको छ । युट्युबमा जति बढीले हेर्दछन् त्यति धेरै पैसा आउने भएपछि बढीभन्दा बढीले हेरून् भन्नका लागि अचम्म लाग्ने खालका शीर्षकहरू राखेर दृश्यहरू राख्ने चलन चलेको छ ।

श्रीमान् श्रीमतीबिच सम्बन्धविच्छेद भएका, यातना दिएका, कुटपिट गरिएका यस्ता धेरै विषयहरू हिजोआज युट्युबका विषय बन्ने गरेका छन् । युट्युबहरू बिना लगामका घोडाजस्तै भएका छन् । यिनीहरूलाई लगाम लगाउने कुनै पनि निकाय अहिलेसम्म खडा भएको छैन । जहाँ कुनै सम्पादक हुँदैन । एउटै व्यक्ति आफैँ सम्पादक हुन्छ, आफैँ क्यामेरामेन हुन्छ । आफैँ न्यायाधीश बन्छ । आफूलाई जे मन लाग्यो त्यही राखिदिन्छ । केही युट्युबरले यस्ता शीर्षक राखेर दृश्यहरू प्रसारण गरेका छन् । उदाहरण हेरौँ -

१. भाइरल सुन्दरी चियावालीको कोठामै पुग्दा वास्तविकता यस्तो । नाटक हो भन्ने..हेर्नुस्, भाइले सबै बताए ।
२. कैलालीमा मारिएका अर्जुनकी श्रीमती मिडियामा, साथीहरू आएर मेरो श्रीमान्लाई लगेका हेर्नुहोस् नालीबेली ।
३. देवर-भाउजुबिचको सम्बन्ध जब सासुले थाहा पाइन् ! अनि के के भयो हेर्नुहोस् ।
४. यो केटी त मेरो हो भन्दै तानातान गर्दैगर्दा मन्दिरमा शारदा दिदी नपुगेको भए त्यो रात के हुने थियो !
५. सन्तोष दाइकी श्रीमती यस्तो अवस्थामा फेला ! श्रीमती प्रमिलालाई देख्दा ढले सन्तोष ।
६. आफ्नै सासूलाई बलात्कार गरी मारे ज्वाईंले, आफ्नै छोरीको अगाडि यस्तो हर्कत, रहस्यको पर्दाफास ।
७. श्रीमती मारेर परालभित्र पुरे, यी व्यक्तिले ! ससुरालीबाट घर फर्किँदा बाटैमा रविनले यस्तो गरे ।
८. डोजरले जिउँदै महिलालाई हेर्नुहोस्.... यसरी पुरेपछि धादिङमा । खाडल खनेर यसरी निकालियो सरस्वतीलाई ।
९. आफ्नै बुवा आमालाई छोराले मुला काटेजस्तै काटेपछि हेर्नुहोस् रुपन्देहीमा नसोचेको भयो ।

यी त केही उदाहरण मात्रै हुन् । हरेक दिन यस्ता दृश्यहरू आइरहेका छन् । कतिपय घटना भएका होलान् तर घटना भएका छन् भन्दैमा सबै विषयलाई दृश्यमा छ्याल्लब्याल्ल पार्नु कुनै सञ्चारकर्मीको कर्म हो र ? हत्याका घटनालाई मनोरञ्जनको विषयजसरी प्रस्तुत गर्ने काम भइरहेको छ । सम्बन्धविच्छेदका घटनालाई पनि त्यसैगरी प्रस्तुत गर्ने काम भइरहेको छ । हत्या, आतङ्क, बलात्कारजस्ता घटनालाई मनोरञ्जनका समाचारजसरी प्रस्तुत गर्ने काम भइरहेको छ, यसले पक्कै राम्रो गरिरहेको छैन । यसले हाम्रो समाजलाई राम्रो बाटोमा लगिरहेको छैन । यसले समाजमा अझ बढी अराजकतालाई प्रश्रय दिने काम भइरहेको छ भन्ने देखिन्छ । यसले सञ्चारप्रति मानिसको भरोसा उड्ने त

होइन भन्ने देखिन्छ । एउटा तथ्यले के भन्दछ भने भारतमा कतिपय टेलिभिजन च्यानललाई मानिसले विश्वास गर्दैनन् रे । कारण के भने कहिले पृथ्वी ध्वस्त हुने कुरा गर्दछन् । कहिले आकाशमा अनेकन दृश्य देखिएको कुरा गर्दछन् । कहिले भूतप्रेतको कुरा गर्दछन् । यसले भारतमा टेलिभिजनप्रति मानिसको बुझाइ अन्य माध्यमको भन्दा फरक रहेको छ । नेपालमा अहिले युट्युबले पनि यस्तो विषय उठाउन खोजेको देखिन्छ ।


हाम्रा सञ्चार माध्यमले उठाउने विषयका बारेमा व्यापक छलफल हुन जरुरी छ । चाहे पत्रिकाको कुरा होस्, चाहे रेडियो वा टेलिभिजनको कुरा नै किन नहोस् । कस्ता विषयहरू आइरहेका छन् भन्ने बारेमा गम्भीरताका साथ लिनुपर्छ । आएका विषयहरूका बारेमा समीक्षा नगर्ने र आफूले गरेको कर्मका बारेमा पुनरावलोकन नगर्ने कुराले हाम्रा माध्यमहरू अधोगतितर्फ गइरहेका छन् भन्ने स्पष्ट हुन्छ । समाजले के खोजेको छ भन्दा पनि समाजलाई के दिने भन्ने कुराले बढी महत्व राख्दछ । हाम्रो देश युरोप होइन, जहाँ सेक्स सबैभन्दा बढी बिक्रीको विषय बनोस् । हाम्रो समाजलाई कस्तो बनाउने भन्ने बारेमा हामीले नै सोच्नुपर्छ । हिजोका दिनमा मेलापर्वमा केटाले केटीलाई तानेर बिहे गर्ने चलन थियो रे । हिजोका दिनमा रोधीमा गाउँदा गाउँदै हार्नेले जित्नेसँग विवाह गर्नुपर्ने चलन थियो रे ।

केही दिनअघि युट्युबमा एउटा समाचार आएको थियो । कुनै एकजनाले तीनवटी श्रीमती र ११ वटा छोराछोरीलाई कसरी मिलाएर राखेका छन् भन्ने । मिलाउन सक्यो भने धेरै श्रीमती विवाह गर्दा पनि केही फरक पर्दोरहेनछ भन्ने खालको सन्देश यसले दिन खोजेको छ । नेपालमा जारी भएको फौजदारी संहिताले बहुविवाहलाई बर्जित गरिसकेको छ । अब कसैले पनि बहुविवाह गर्न पाउँदैन । एकजनाले तीनवटी श्रीमती राखेको भन्ने समाचारले कस्तो सन्देश दिन खोजिरहेको छ ? यस्ता समाचारहरू सगौरव प्रस्तुत गर्दा पनि कानुनको डण्डा चलाइएको छैन । कानुन नभएको होइन । भएको कानुन कार्यान्वयन गराउनका लागि अविलम्ब पाइला चाल्नुपर्ने भएको छ । होइन भने पत्रकारिताका नाममा विकृति विसङ्गति मौलाउँदै जाने निश्चित छ । पत्रकारितालाई जति सफा गर्न सकियो त्यसबाट त्यति राम्रो कुरा आउने हो । पत्रकारिता जति फोहर भयो यसमा लाग्नेहरूले अनेकन् आक्षेप खेपिरहनुपर्नेछ ।

(लेखक प्रेस काउन्सिल नेपालका सदस्य हुनुहुन्छ ।)

***

पत्रकारिताको ऐँजेरू फाल्न पत्रकार आचारसंहिता



हरि लम्साल

पत्रकारले सत्य र तथ्य के हो भन्ने कुरालाई प्राथमिकता दिनुपर्छ । पत्रकार स्वतन्त्र हुन्छ, पत्रकार कसैको प्रवक्ता बन्ने होइन, पारदर्शिता अङ्गाल्ने हो ।

पत्रकारिता पेसालाई मर्यादित, व्यवस्थित र जवाफदेही बनाउनका लागि पत्रकार आचारसंहिता जारी गरिएको हुन्छ । आचारसंहिताको पालना गर्नु हरेक पत्रकार तथा सञ्चारकर्मीको नैतिक दायित्व हो । सन् १९२३ मा अमेरिकी अखबार सम्पादक समाज (आस्ने)को आचारसंहिताको सार्वजनिकीकरणसँगै विश्वमा पत्रकारका लागि आचारसंहिताको निर्माणसम्बन्धी बहसले मूर्तरूप पाउन थालेको हो । नेपालमा वि.सं २०२३ मा पत्रकार सङ्घको पहिलो भेलाले औपचारिकरूपमा २२ बुँदे आचारसंहिता जारी गरेको हो । त्यसपछि विभिन्न समयचक्रमा पत्रकारका सङ्घ संस्था, प्रेस काउन्सिल हुँदै आचारसंहिता जारी हुन थालेको पाइन्छ । दक्षिण एसियाका अधिकांश मुलुकमा प्रेस काउन्सिलको मार्गदर्शनबाट पत्रपत्रिकामाथि नियमन एवं मूल्याङ्कन भएको पाउँछौं । ती देशमा आआफ्ना सामाजिक मूल्यमान्यता, सांस्कृतिक परम्परा छन् ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त मुलुक हो । त्यसैले यहाँ पत्रकारिताको अभ्यास गर्दा राज्य, लगानीकर्ता, समाचार स्रोत, जनता, व्यावसायिक धर्म र व्यावसायिक एकताप्रति उत्तरदायी भइ काम गर्नुपर्ने हुन्छ । नेपालमा पत्रकार आचारसंहिताको प्रभावकारीरूपमा

कार्यान्वयन हुन नसक्नुमा राजनीतिक झुकाव, दक्ष पत्रकारको कमी, आर्थिक दुरावस्था, पत्रकारिता स्वार्थ समूहबाट अलग हुन नसक्नु, आचारसंहितासम्बन्धी पर्याप्त प्रशिक्षणको कमी, श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन नहुनु, पत्रकारहरूबिच विश्वास र परस्परको सहयोग अभावलगायत कारणहरू छन् । हामी कहाँ एक समूहका पत्रकार जो व्यावसायिक पत्रकारिता गर्छन्, उनीहरू आचारसंहितालाई मान्नुपर्दछ भन्ने पक्षमा छन् तर अर्को थरिका चाहिँ आचारसंहिता वाहियात, नियन्त्रणात्मक कसी र बोझ मान्छन् । मूलकुरा स्वतन्त्र पत्रकारिताको अभ्यासलाई सुनिश्चित गर्न पत्रकार आचारसंहिता पालनाको विकल्प छैन ।

नेपालको संविधान, २०७२ को प्रस्तावनामा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्ने उल्लेख छ । यसैगरी बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबिचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णु र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरिने कुरासमेत संविधानको प्रस्तावनामा समेटिएको छ । संविधानको धारा ३ अनुसार बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो । संविधानको धारा ५ अनुसार, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान, नेपालीको हितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितको आधारभूत विषय हो । राष्ट्रहित प्रतिकूलको आचरण र कार्य सङ्घीय कानुनबमोजिम दण्डनीय हुनेछ ।

संविधानको भाग ३, मौलिक हकअन्तर्गत धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्था छ । विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण, सूचना प्रवाह गर्न वा छाप्न पूर्वप्रतिबन्ध नलगाइने व्यवस्था २०७२ को नेपालको संविधानले गरेको छ । तर संविधानको धारा १९(१) अनुसार, नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइबिचको सुसम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदायबिचको सुसम्बन्ध खलल पार्ने, राज्यद्रोह, गालीबेइज्जती वा अदालतको अपहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अपहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक भेदभावलाई

दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन कानुन बनाउन रोक लगाएको मानिने छैन ।

नेपालको संविधानको धारा १९(२) (३) अनुसार - मौलिक हकमा व्यवस्था भएअनुसार कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर रेडियो, टेलिभिजन, अनलाइन वा अन्य सञ्चारमाध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको नमानिने कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोनलगायतका सञ्चार साधनलाई अवरुद्ध गरिनेछैन । राज्यका निर्देशक सिद्धान्तहरूमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनतालाई सर्वोपरी राख्ने कुरा उल्लेख छ भने संविधानको धारा ५०(१)मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधिनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण राख्ने राज्यको नीति हुने उल्लेख छ ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ५ अनुसार, पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा संवर्द्धनका लागि स्थापित प्रेस काउन्सिलको उद्देश्य स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्ने, प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचारसंहिता तोक्ने, प्रेस र नेपाल सरकारबिच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने, सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने उल्लेख छ । तर दफा ७ ले भन्छ, स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारितासम्बन्धी आचारसंहिता तयार गरी लागु गर्ने, पत्रपत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारबाही गर्ने, पत्रपत्रिकामा प्रकाशित असामाजिक र आपत्तिजनक कुराको सम्बन्धमा छानबिन गर्ने कुरा काउन्सिलको काम, कर्तव्य र अधिकारभित्र पर्छ ।

पत्रकार आचारसंहिता, २०७३ दफा २ (११) अनुसार आचारसंहिताले सञ्चार माध्यम भन्नाले नेपालमा सञ्चालित छापामाध्यम, रेडियो, टेलिभिजन, अनलाइन सञ्चार माध्यम र समाचार एजेन्सीलाई सम्झनुपर्छ । दफा ४(११) अनुसार पत्रकार तथा सञ्चारमाध्यमले प्राकृतिक विवाद, विशेष संवेदनशील अवस्था वा घटनाका सम्बन्धमा सामाचार सामग्री सङ्कलन र सम्प्रेषण गर्दा

संयमित भइ व्यक्तिको जीवनमाथिको खतरा, मानवीय समवेदना, सार्वजनिक सुरक्षा, जनस्वास्थ्य, सामाजिक सद्भावजस्ता विषयमा विशेष संवेदनशीलता र सतर्कता अपनाउनुपर्छ । दफा ५(१) अनुसार पत्रकार तथा सञ्चारमाध्यमले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधिनताविरुद्ध एवं विभिन्न जातजाती, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबिचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी नेपाल पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संसोधन २०७६) जारी गर्दै विचार र अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रतालगायत नागरिकका आधार भूत अधिकारको संरक्षण, संवर्द्धन र प्रचलनका आधारमा पत्रकारिताको व्यवसायिक अभ्यासलाई उच्च पेसागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाइ राष्ट्र र समाजको सर्वोत्तम हितका लागि सबै सञ्चार माध्यम र पत्रकारलाई लागु हुने गरी जारी गरेको छ । संविधान, कानुन र पत्रकार आचारसंहिताको पूर्णपालना भएको खण्डमा यसमाथि कुनै प्रश्न उठ्ने ठाउँ नै रहँदैन । प्रेस स्वतन्त्रता लोकतन्त्रको प्राण वायु हो । प्रेसको माध्यमबाट देशमा के भइरहेको छ ? भनेर राम्रा नराम्रा सबै पक्षहरू नागरिकले छुट्याउँछन् । त्यसैले पूर्ण प्रेस स्वतन्त्रता लोकतन्त्रको एउटा महत्वपूर्ण उपलब्धि नै हो ।

प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घले जारी गरेको पत्रकार आचारसंहिता-२०७३ (पहिलो संसोधन, २०७६)अनुसार पत्रकार भन्नाले-'सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाइ पारिश्रमिक लिइ सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्दछ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भलेखक, फोटोपत्रकार (क्यामेरापर्सन) व्यङ्गय चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृष्य वा भाषा सम्पादकजस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्तिसमेतलाई सम्झनुपर्दछ।' भनिएको छ। पत्रकारिताको नियम र आचारसंहिता पुरा गरेर कसैले युट्युबमार्फत पत्रकारिता गर्छ भने त्यसलाई सधैँ सम्मान नै गर्नुपर्छ । लोकतन्त्रमा सूचना प्रवाह गर्ने जुनसुकै माध्यमको स्वतन्त्रता आवश्यक छ । तर, युट्युबले पत्रकारिता नै गर्ने हो भने प्रसारित सामग्री प्रकाशनमा पत्रकारिताको सर्त पुरा गर्नुपर्ने हुन्छ ।

युट्युब एक सामाजिक सञ्जाल हो । त्यसैले युट्युबमा काम गर्ने सबै जनशक्तिलाई पत्रकार भन्न मिल्दैन । सामाजिक सञ्जाल भनेको अहिलेको नागरिक समाज जस्तै हो । जसले कहिलेकाहीँ सही र कहिलेकाहीँ स्वार्थको एजेण्डाबारे जनमत सिर्जना गर्ने र बहसको विषयवस्तु उठान गर्छ । सबैभन्दा धेरै भ्रम छर्न सफल युट्युबको नियमनको अधिकार प्रेस काउन्सिललाई नहुँदा र यसलाई मिडिया नभइ मिडियटरकारूपमा लिइने हुँदा युट्युब नियमन हुन सकेको छैन । युट्युब सञ्चालनका लागि सहज पहुँच हुँदा जोकोहीले युट्युब खोल्ने र पत्रकारकोरूपमा समाजमा परिचय गराउँदै हिँड्ने प्रवृत्ति हाबी भएको छ । मिडिया सामग्री अपलोड र सेयर गर्ने इन्टरनेट प्लेटफर्मका रूपमा युट्युब सन् २००५ मा आएको हो । पेपलका पूर्व कर्मचारीमार्फत गुगलले सन् २००६ मा युट्युब १.६५ मिलियन अमेरिकी डलरमा किनेको हो । एलेक्सामा युट्युब विश्वव्यापीरूपमा दोस्रो नम्बरमा छ । विश्वभर ३१ मिलियन युट्युब च्यानल छन् । सन् २०१९ मा मात्र युट्युब च्यानल खोल्नेको सङ्ख्या २५ प्रतिशतले बढेको छ । यो विश्वको सबैभन्दा ठुलो भिडियो समूह गर्ने साइट हो । जसमा प्रतिमिनेट ५ सय घण्टाको भिडियो अपलोड हुने गरेको छ । अमेरिकामा युट्युबका प्रयोगकर्ता १५ प्रतिशत छन् भने विश्वका अनय देशमा ८५ प्रतिशतले युट्युब प्रयोग गर्छन् । तर नेपालमा जस्तो बेथिति भने विश्वका अन्य देशका युट्युबमा छैन ।

राज्यको चौथो अङ्गका रूपमा अन्य तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि निगरानी, नियन्त्रण र हस्तक्षेप गर्ने काम पत्रकारिता जगतको हो । पत्रकारितालाई आवाज विहीनहरूको आवाज भन्ने गरिन्छ । फाउण्डेसन अफ इथिकल जर्नालिज्मका निर्देशक भन्नुहुन्छ, 'पत्रकारिता आचारसंहिताका एक्युरेसी, इन्डिपेन्डेन्स, इम्पार्सियालिटी, ह्युमानिटी र एकाउन्टिबिलिटी पाँच मुख्य सिद्धान्त हुन् । यिनको इमान्दारीपूर्वक परिपालना सञ्चारजगतको कर्तव्य र आमजनता तथा समाजको आजको अपेक्षा हो । पत्रकारले सत्य र तथ्य के हो भन्ने कुरालाई प्राथमिकता दिनुपर्छ भने पत्रकार स्वतन्त्र हुन्छ, पत्रकार कसैको प्रवक्ता बन्ने होइन, पारदर्शिता अङ्गाल्ने हो । पत्रकारले एकपक्षको मात्र समाचार नगरी अर्को पक्षको भनाइ पनि अनिवार्यरूपमा राखी निष्पक्षता प्रमाणित गर्नुपर्दछ भने पत्रकारिता मानवजातिको हित र कल्याणका लागि गर्ने हो भनी मानवीयताका पक्षपाती हौँ भन्ने कुरालाई बिर्सनु हुँदैन । समग्र पत्रकारिताजगत् र मानवसमाज समेतलाई असर पार्ने कुरालाई पत्रकारिता जगतले कहिल्यै सम्प्रेषण गर्नु हुँदैन, जसले गर्दा नैतिक बल प्राप्त गर्न सकिन्छ ।

यसैगरी अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको अगुवाइमा अन्तर्राष्ट्रिय महासन्धिको मस्यौदा भइरहेको सन्दर्भमा सुरक्षा परिषद्को प्रस्ताव नं. १७३८ र २२२२,

युनेस्कोको पत्रकारमाथि हिंसाविरुद्धको घोषणा १९९७ र २००७, मानवअधिकार परिषद्को प्रस्ताव नं. १२/१२, २०१२, १२/१६ समेतले सञ्चारकर्मीको सुरक्षाका लागि प्रतिबद्धता व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसङ्घीय महासभाको प्रस्ताव नं. ६८/१६३, २०१३ र ६८/१८५, २०१४ ले समेत पत्रकारको सुरक्षा र सुविधाबारे चिन्ता व्यक्त गर्दछन् । त्यस्तै मानवअधिकार उच्च आयोगको २०१३ को पत्रकारको सुरक्षासम्बन्धी सिफारिससमेतका आधारमा यो मस्यौदा तयार भएको छ । भाग ३ को धारा २२ मा समेटिएको उक्त महासन्धिमा पत्रकार जगतको सुरक्षाबारे मनग्गे व्यवस्था गरिएको छ । जसले भाग १ मा पत्रकारका सुरक्षाका उपायहरू, भाग २ मा पत्रकारको सुरक्षासम्बन्धी समिति र भाग ३ मा अनुमोदन, रिजर्भेसनलगायत अन्तिम व्यवस्था गरी जम्मा तीन भागमा यो दस्तावेज विभाजित छ । अन्तर्राष्ट्रिय प्रयासहरूले आम सञ्चारजगतलाई अझ बढी विश्वसनीय, भरपर्दो र व्यवस्थित बनाउने तथा सूचनालाई बढी भन्दा बढी विश्वसनीय बनाउँदै आमजनतामा भरपर्दो सत्य, तथ्य सूचना सम्प्रेषण गर्ने ध्येय राखेको पाइन्छ ।

विश्वमा अनलाइन सञ्चार माध्यमको प्रभावकारिता बढ्दै गएको र नेपालमा पनि अनलाइन सञ्चार माध्यम समाचार प्रवाहको प्रभावकारी माध्यमकोरूपमा स्थापित हुँदै गएको छ भने श्रोता, दर्शक र पाठकहरू बढ्दै गएको पाइन्छ । इन्टरनेटमार्फत मोबाइल र कम्प्युटरको माध्यमबाट अनलाइन खबर हेर्न, पढ्न र सुन्न सकिने तथा आवश्यक खबर र सूचना स्टोर तथा लिङ्क गर्न पाइने हुँदा अनलाइनका खबरको महत्व बढ्दै गएको छ । अनलाइन सञ्चार माध्यमलाई व्यवस्थापन गर्न सुशासन ऐनको दफा ४५ ले दिएको अधिकार प्रयोग गरी अनलाइन सञ्चार माध्यमको नियमन र सहजीकरण गर्न अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका-२०७३ जारी भएको छ । इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार, तस्बिर वा श्रव्यदृष्यलगायत समाचारमूलक वा जानकारीमूलक सामग्रीहरूको उत्पादन, प्रकाशन, प्रसारण वा वितरणको प्रयोजनका लागि सङ्कलन गरी कानुनबमोजिम स्थापित भइ सम्पादकीय र पत्रकारिताको सिद्धान्तको पालना गरी सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, सङ्गीत, भिडियोजस्ता विभिन्न बहुमाध्यमको प्रयोग गर्दै सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार तस्बिर, श्रव्यदृष्यकोरूपमा उत्पादन, प्रकाशन, प्रसारण वितरण गर्ने विधि, प्रक्रिया र माध्यमलाई अनलाइन सञ्चार माध्यम भनिएको पाइन्छ ।

अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिकामा दर्ता र सञ्चालन नवीकरण, जनशक्ति व्यवस्थापन, अभिलेख, पत्रकार आचारसंहिता तथा प्रकाशनको जिम्मेवारी एवं प्रसारण प्रकाशन गर्न नपाइनेजस्ता विषयलाई वर्णन

गरी नियमन र सहजीकरणमा जोड दिइएको छ । उद्यमी र व्यापारीलाई व्यापार र व्यवसायको प्रवर्द्धन गर्न विज्ञापनको लागि अनलाइन सञ्चार माध्यमको प्रयोग लोकप्रिय भएकाले विज्ञापन बजार बढ्दो अवस्थामा देखिएको छ । दर्ताका हिसाबले नेपालको पहिलो अनलाइन सञ्चार माध्यम हुलाकी मिडिया प्रा.लि. मिति २०७३ चैत ९ गते दर्ता भएको देखिन्छ । हालसम्म अनलाइन सञ्चार माध्यम ३ हजार बढी दर्ता भएको पाइन्छ । अनलाइन सञ्चार माध्यम स्थापना सरल र कम लगानीमा गर्न सकिने हुँदा आमसञ्चार क्षेत्रमा अनलाइनको प्रभुत्व बढ्दै गएको हो । अनलाइन सञ्चार माध्यममा दर्शक, श्रोता र पाठकको चाखलाई ध्यानमा राखी सूचना र समाचार प्रस्तुत गर्न सकिने, समयानुसार समाचार प्रस्तुत गर्ने, डिजाइनहरू बदल्न सकिने जस्ता सुविधाहरू हुन्छ । सूचना र समाचारको तुरुन्त प्रतिक्रिया दिन र लिन सकिन्छ । अनलाइन सञ्चार माध्यमको सुविधा मोबाइलबाट समेत सजिलै हेर्न, पढ्न र सुन्न सकिने हुँदा यसको प्रभावकारिता अझ बढ्दै गएको हो ।

अनलाइन सञ्चार माध्यमको दर्ता र नवीकरण निःशुल्क छ । तर दर्ता र नवीकरण शुल्क थोरै भएपनि अनिवार्य गर्नुपर्दछ । अनलाइन सञ्चार माध्यमको वर्गीकरण, पेइङ प्रणालीको विकास, प्रतिलिपि अधिकारका विषय, आचारसंहिताको विषय पनि बहस हुनु जरुरी छ । पत्रकारहरूलाई समयअनुसार क्षमता अभिवृद्धि गर्ने विषय, सूचना र समाचारको सम्पादन गर्दा विश्वसनीयता, पुष्ट्याईंका आधार र पेसागत धर्मजस्ता विषयमा विशेष ध्यान दिनु आवश्यक छ । पत्रकारलाई ओत लाग्न सक्ने बलियो संस्थाकोरूपमा विकास हुनुपर्छ । प्रेसलाई मर्यादित बनाउने र प्रेस स्वतन्त्रताको संवर्द्धन गर्ने जिम्मेवारी प्रेस काउन्सिलको हो, यसतर्फ सधैं सचेत भइ पत्रकारिता भित्रको ऐंजेरु फाल्न सफल बनौं हाम्रो शुभकामना !

(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

***

मिडियामा पितृसत्तात्मक मनोविज्ञान

मिडियाले कतै दया र मायाको पात्रको रूपमा पनि प्रस्तुत गरेको छ । यी सबै कुरा हुनुको पछाडि मिडियामा पितृसत्तात्मक मनोविज्ञानले काम गरिरहेको छ ।



प्रा.डा. मेदनीप्रसाद भण्डारी

२०७८ भदौ १४ (वर्ष ८, अङ्क २०) गते "मिटरब्याजी डिएसपी कटुवालको मान्छे फसाउने काइदा" शीर्षकमा घुम्ती डटकम (ghumti.com) बाट समाचार सामग्री सम्प्रेषित भयो । त्यसैगरी हाम्रोदमक नामक अनलाइनबाट 'दमककी एक महिलाले २५ लाख सम्पत्ति लिएर फरार' शीर्षकमा समाचार सामग्री सम्प्रेषण गऱ्यो । आजभोलि महिलाका विरुद्ध लेख्न अनलाइनलाई कुनै भारी कुरा भएन । दायित्वबोध नभएका पत्रकारहरूले चलाएका एकाध अनलाइनबाट महिलाको चरित्रहत्या गर्ने खालका समाचार सामग्रीहरू सम्प्रेषित भएको देखिन्छ । जसले महिलाको व्यक्तिगत तथा सामाजिक जीवनमा नकारात्मक असर परेको छ । चाहे राजनैतिककर्मी हुन्, या ओहोदामा पुगेका महिलाहरू हुन् या सामान्य महिलाहरू हुन् । प्रायः पद र हैसियत भएका महिलाहरूलाई मिडियाले नकारात्मक ढङ्गले प्रयोग गरेको छ । महिलाको समाचारलाई मिडियाले ग्लामरको रूपमा प्रस्तुत गरेको छ । यसरी महिलाको चरित्रहत्याको भ्रमपूर्ण समाचारले महिलाहरूको इज्जत प्रतिष्ठा र हक अधिकारमा समेत आघात पुगेको छ । मिडियाले कतै दया र मायाको पात्रको रूपमा पनि प्रस्तुत गरेको छ । यी सबै कुरा हुनुको पछाडि मिडियामा पितृसत्तात्मक मनोविज्ञानले काम गरिरहेको छ ।

समाजमा महिला र पुरुषको समान सहअस्तित्व रहेको छ । तर मैले अहिलेसम्म फिटिक्कै बुझ्न नसकेको कुरा हामी संसारका सबै नरनारी मानसिक, शारीरिक हिसाबलगायत सबै किसिमले समान छौँ । हाम्रो बाँच्ने प्रक्रिया, वंश सञ्चालनको अवस्था, मोह, कोध, घृणा, अहम्, घमण्ड, ममत्याइँ इत्यादि दुर्गुणहरू पनि समानरूपमा छन् । त्यसैगरी सद्गुणहरू माया, प्रेम, करुणा, समानताको भाव, सहअस्तित्वको भाव र व्यवहार, परोपकारको भावना, एक अर्कालाई हौसला प्रदान गर्ने, उत्प्रेरणा प्रदान गर्ने, अरूको सुख दुःखलाई महसुस गर्ने, सामाजिक संरचनालाई शान्तिपूर्वक व्यवस्थापनमा आफ्नो योगदान जारी राख्ने उत्तम व्यवहारहरू पनि हामी सबै मानव मात्रमा विद्यमान छन् ।

म र मेरो व्यक्तिवादी अहम्ताको भावनाका साथ हामी भावनाले अथवा सर्वे भवन्तु सुखिना सर्वे सन्तु निरामयाको भावना जगतका सबै मानिसमा विद्यमान छ । यस्तो भावना स्त्री शरीरमा अलग्गै, पुरुष शरीरमा अलग्गै भन्ने हुँदैन, फेरि जगतका सबै हामीहरू रक्तसम्बन्धी नै हौँ, सबैको रगत रातो मात्र भएर होइन चिकित्सकीय प्रणालीको हिसाबले नै हेर्दा पनि समान छ । भौगोलिक परिस्थितिसँग सामन्जस्यता राख्ने क्रममा हामीमा सामान्य देखिने फरकले अथवा उत्पत्ति र विकासका क्रममा भिन्नताका स्वरूपहरू देखा परेपनि कमसेकम उन्नान्सय प्रतिशत गुण हामी सबै मानिसमा एक नै छन् । हामीमा हुने मानसिक विकासको क्रम एक छ, शारीरिक विकासको क्रम एक छ, हाम्रा चाहानाका स्वरूपमा पनि कुनै फरक छैन । चाहे हामी जुनसुकै भौगोलिक अवस्थामा रहेका किन नहोऊँ । सबै मानिसहरूको एउटा मुख्य उद्देश्य छ, जुन जसरी भएपनि आफ्ना इच्छाहरूको पूर्ति गर्नु । चाहे आफ्नो इच्छा पूर्ति गर्ने क्रममा अरूको इच्छालाई नामेट बनाएरै किन नहोस् । अनन्त इच्छा आकाङ्क्षाका अतृप्त भावनाहरूको स्वरूप हरेक मानिसमा आफ्ना आफ्ना हिसाबमा विद्यमान छ । यसै दुर्गुणकै आधारमा हेर्ने नै हो भनेपनि हामी संसारका कुनै मानिसहरू कुनै अर्थमा पनि भिन्न छैनौँ तर वास्तविकतामा हामी सबै उस्तै प्रवृतिबाट आबद्ध छौँ भन्ने कुरा कोही पनि स्वीकार गर्न तयार छैनौँ । यो स्वीकार नगर्ने प्रवृत्ति पनि संसारभरिका सबै हामीमा उस्तै उस्तै प्रकारले लागु हुन्छ ।

अलिकति चेतनाका स्तरमा मानव प्रवृत्तिको पृष्ठभूमि हेर्ने हो भने हामीले अर्को भन्दा म राम्रो, अर्काको वंशभन्दा मेरो राम्रो, तेरो जात भन्दा मेरो जात राम्रो र उच्च, अनि तेरो भन्दा मेरो छाला राम्रो, तँ भन्दा म जान्नेमा छुट्याएर मानव मानवमा विभेद सिर्जना गरेर आनन्द लिने इतिहास देखिन्छ । म शक्तिशाली हुँ भन्ने देखाउने क्रममा निरीह मानिसहरू उपनिवेशका सिकार बनेको हुन सक्छन् ।

कालान्तरमा उपनिवेश त नियन्त्रणको हिसाबमा समाप्त भयो । बाहिरी हिसाबमा मात्र, भित्री हिसाबमा उपनिवेश आजपनि उस्तै छ खाली रङ्गमात्र

फेरिएको हो । तर त्यसको प्रभाव भने उपनिवेशबाट पीडित राष्ट्रमा सांस्कारिक रूपमा आजपनि कायम नै छ। र वास्तवमा जुन राष्ट्रहरू उपनिवेशबाट जोगिएका थिए, ती पनि अप्रत्यक्ष रूपमा सेताको दासत्वबाट उम्किन सकेका छैनन् । सेतो छालालाई सर्वगुण सम्पन्न ठान्ने, धन, मान, प्रतिष्ठाको स्रोत

ठान्ने र सेता छालालाई व्यक्त गरेका कुविचारलाई समेत स्वधन्य विचार ठान्ने, विचित्रको भावना हामी सबै स्वेतइत्तरहरूमा कहीँ न कहीँ विद्यमान छ । यो हुनु भनेको हाम्रो मानसपटलले उपनिवैशिक संस्कारलाई स्वीकार गरेको हो । हाम्रो स्वः वास्तविकतामाथि विश्वास नगरेर ल्याइने प्रवृत्तिलाई प्रोत्साहन गरेको हो । जसले हामीलाई सक्षम बनाउनको साटो सधैँ परामुखीपेक्षी बनाउन मद्दत गरिराखेको छ ।

यो स्वेत वर्ण राम्रो भन्ने डरलाग्दो मानसिकताबाट सबै भन्दा बढी पीडित चाहिँ हाम्रा आमाहरू हजुरआमाहरू, जिज्जूआमाहरू, हाम्रा संसारभरिका दिदीबहिनीहरू र छोरीबुहारीहरू बन्नु भएको छ । हामी समान शारीरिक, मानसिक अवस्था भएका नर र नारीलाई सेतो चाहिँ राम्रो भन्ने अति अव्यवहारिक मानसिकताले अति नै गाँजेको छ । प्रकृतिका सप्तरङ्गहरू सबै उत्तम र सुन्दर छन्, वास्तवमा सेतो भनेको रङ्गविहीनता हो । जो रङ्गविहिनता हो त्यसैको दासत्वमा हाम्रो सारा संसार बाँधिएको छ । खासगरी नारी शरीरलाई यस पृष्ठभूमिले साह्रै चिथोरेको छ ।

नारी दुर्बल बनाउने, उपभोग्य वस्तु झैँ लिइने, डरलाग्दो विभेदकारी, संस्कारबाट संसारको कुनैपनि कुनो अछुतो छैन। समाजले छोरीलाई जन्मनेबित्तिकै विभेदपूर्ण व्यवहार सुरु गर्दछ। चाहे त्यो चाहेर होस् अथवा नचाहेर होस् । उनका लागि लाउने कपडामा भिन्नता, उनलाई सिकाउने गुणमा भिन्नता, खेल्ने कुरामा भिन्नता अनि परिवारजन आदिसँग अन्तरक्रियामा भिन्नता । यावत् व्यवहार जन्मदेखि मृत्युपर्यन्त विभेद । नारीहरू स्वयम्ले त्यो भिन्नताको व्यवहारको पत्ता लगाउनै सक्दैनन् । किनकि उनीहरूलाई अवला, कमजोर, अर्काको सहयोगी, राम्री हुनपर्ने, देखिनुपर्ने बाध्यता, चेतना खुलेदेखि मृत्युपर्यन्त रहेकै हुन्छ । गजबको कुरा के छ भने नारीलाई सम्पूर्ण रूपमा समाजले एउटा अत्यन्त संवेदनशील अवस्थामा राखेको छ, जसको हरेक हाउभाउ, हरेक व्यवहार आफूजस्तै तर पुरुष शरीरधारीको मानसिकता अनुकूल हुनुपर्ने बाध्यता छ । किशोरावस्थामा प्रवेश गर्ने बित्तिकैको बन्धनहरूलाई हेर्ने हो भने हरेक पलमा सतर्क भएर हिँड्नु पर्ने बाध्यता छ। नर शरीरधारी मानवहरूले नारीको अस्तित्वलाई उपभोग्य वस्तुसरह लिएको परम्परालाई च्यात्न नसकेको ज्वलन्त उदाहरण हो यो । जुन विश्वव्यापी कुनै न कुनै रूपमा आज पनि विद्यमान छ । नारी शरीरको मोलतोल भइराखेको छ आजपनि विश्वमा । हाम्रा छोरीहरूले एक्लै हिँड्न सक्ने अवस्था संसारमा

सिर्जना भएकै छैन । यो हुन नदिने जिम्मेवार चाहिँ मुख्यतः हामी सबै परिवारधारी हौं । जसमा आमाहरूलाई पनि उत्तिकै जिम्मेवार पारिएको छ किनकि आमापनि त्यही कुसंस्कारले किचिएकी पीडित हुन् । उनको विवेकलाई जसरी आज जन्मिने, जन्मिएका र जन्मिरहेका नानीहरूलाई विभेदकारी व्यवहारले किचिराखेका छौं, उनीहरूलाई पनि त्यसैगरी किचिएको थियो । अब त्यो किचिनु, मिचिनु, थिचिनु र कमजोर बनाइनुलाई नै वास्तविक सत्य ठान्ने अवस्थाका आमाहरूलाई के दोष दिनु ! उहाँहरू प्रकृतिले दिएको सत्यताबाट नै बञ्चित हुनु भयो र भइरहनु भएको छ ।

बडा गजबको छ यो सुन्दरताको विभेदकारी मानसिकता पनि । छोरीले जान्ने भएदेखि नै सबैभन्दा पहिले सिक्नुपर्ने भन्ने कुरा कसरी राम्री देखिने भन्ने बनाइएको छ । किन राम्री बन्ने ? किन राम्री देखिनु नै पर्ने ? किन सजिनुपर्ने ? किनकि अदृश्य, अव्यक्त र परोक्षरूपमा नारी शरीरलाई उपयोगी सामानजस्तो बनाइरहेछ समाजले । अनि नारी शरीरहरू थाहै नपाइकन त्यो अत्यन्त विषैलो सामाजिक परम्परालाई मलजल गरेर आफ्नो असुरक्षालाई बढाइराखेका छन् । वास्तवमा पुरुष मानसिकताको प्रतिफल नारीहरूमा असुरक्षा भएको हो । युगौंदेखि यो परम्परा कायम छ । चाहे जुनसुकै भौगोलिक अवस्थामा होस् । पुरुषीय कामवासनाका घाइते नभएका नारीहरू विरलै होलान् । हाम्रो संस्कृति विश्वभरि नै एकै छ । चाहे त्यो आदिवासी परम्परामा होस् या पश्चिमी सहरीया रहनसहनमा होस् ।

नारी शरीरको विज्ञापन नभएको कुनै समाज नै छैन । नारीहरूलाई सजाउने पात्रको रूपमा एक प्रकारले मानसिकरूपमा नै जन्मैदेखि तयार गरिएको छ भने अर्कोतर्फ जन्मैदेखि नै सेवादायी बनाइएको छ । संसारभरि नारीहरूलाई उपयोगिताको सिद्धान्तका आधारमा व्यवहारमात्र होइन, व्यापार गरिएका छन् । संसाधनतर्फ, श्रृङ्गारतर्फ आकर्षण गरेर सबैभन्दा ठुलो व्यापार नारी सौन्दर्यका नाममा गरिएका छन् । फेरि पनि प्रश्न आउँछ, सौन्दर्य चाहिँ कस्का लागि ? आमा, दिदी, बहिनी, छोरी, बुहारी जेसुकै नातामा होस् अथवा बेनाताका स्त्री शरीरहरूले पनि एकपटक मनले सोचे स्वतः जवाफ निस्केला । के उहाँहरूले यो सबै सौन्दर्यतामा आफूलाई, आफूमै र आफ्नै सन्तुष्टिको लागि लगाउनु भएको हो त ? पक्कै पनि होइन । हुनसक्छ कोहीले भन्नुहोला तर वास्तविकता चाहिँ

उहाँहरूलाई तयार गरिएको सामाजिक परम्पराले हो । थाहै नपाइ उहाँहरू पितृसत्तात्मक सामाजिक परम्परा जुन परम्पराले नारीलाई जहिले पनि दोस्रो दर्जामा राख्यो त्यसैलाई पोषण गरिरहनु भएको छ ।

यो लेखनीको उद्देश्य सौन्दर्य संसाधनको विरोध गर्ने होइन तर असमान

पक्षलाई उजागर गर्ने हो । सिधै शब्दमा भन्नुपर्दा; जसरी नारीहरूको सौन्दर्यलाई धार बनाएर उनीहरूलाई प्रत्यक्ष वा परोक्षरूपमा उपभोगीय वस्तुको रूपमा व्यवहार गरिराखिएको छ । त्यो साहसी नारी शक्तिलाई कमजोर राख्ने पितृसत्तात्मक परम्पराको पाटो हो । त्यसमा पूनः विचारको आवश्यकता छ । स्त्री शरीरलाई कसै गरेपनि सास्तीका असङ्ख्य उदाहरण छन् । पितृसत्तात्मक समाज भएको हुँदा सामाजिक, साँस्कृतिक धार्मिक, अपहेलनाको त कुनै हिसाब किताब नै छैन । हिन्दुशास्त्रले त नारीहरूलाई एकातर्फ देवी भनेर पुज्ने अनि अर्कोतर्फ परिवारकै दोषीको रूपमा व्यवहार गर्ने दृष्टान्त मात्र होइन परम्परा नै छन् । नामाकरणको एउटा उदाहरण हेरौँ; नौ महिनासम्म गर्भमा राखेको सन्तान झण्डै झण्डै प्राणआहुति नै गरेर जन्म दिएपछि जब नामाकरणको समय हुन्छ, त्यस जन्म संस्कार कर्ममा आमाको न त नाम आउँछ, न त कुनै काम । न्वारान गर्ने कर्ममा जसले जन्म दियो त्यसको नामै नआउने भनेको नारीलाई खाली उत्पादनको भाँडो मात्र बनाएको रहेछ हाम्रो संस्कारले भन्ने सबैभन्दा ठुलो उदाहरण हो । यो सामान्य विषय होइन । गर्भाधारणदेखि प्रसवसम्मका यावत् पीडामा पुरुषहरूको कुनै सहभागिता हुँदैन, प्रसवमा नै प्राण जानपनि सक्छ, त्यस्तो ठुलो जोखिम जुन आमाले उठाएर सन्तानलाई जन्म दिन्छिन् । उनको कुनै उल्लेख नहुनु र नामाकरणमा सहभागिता गराउन विधान नै नहुनु भनेको आमाको अस्तित्वको अपहेलनाको सबैभन्दा ठुलो उदाहरण हो । यो एक प्रकारको कुसंस्कार हो, यसलाई परिवर्तन गर्नुपर्छ ।

अर्को हिन्दु संस्कारको मुख्य कर्म भनेको विवाह हो । विवाहका प्रायः सबै विधान पितृसत्तात्मक त छँदैछन् । त्यसमा सबैभन्दा महत्वपूर्ण संस्कार जसलाई कन्यादान भनिन्छ । कन्यादान, के भन्न खोजेको हो हाम्रो सस्कारले र हामी के गरिराखेका छौ ? त्यो पनि गर्वका साथ । छोरी भनेको के कुनै सामग्री हो ? अथवा वस्तु हो जसलाई, जसको अस्तित्वको, स्वाभिमानको स्वामी अर्कै हो र त्यस वस्तुलाई दान दिइने ? कसरी छोरीलाई दान गर्न मिल्छ ? दान त त्यो वस्तुको दिन मिल्छ जसमा दाताको हक होस् । के बाबुआमामा छोरीको अस्तित्वमाथि, उनको जीवनमाथि, उनको प्राणमाथि हक हुन्छ ? उनको जीवनका यावत प्रक्रिया र जीवन कसैको सम्पत्ति हो ? नारीलाई उपयोगी वस्तुसँग तुलना गरेको योभन्दा अर्को उदाहरण के हुनसक्छ ? अनि दान थाप्ने पुरुष पात्र “हामी” । जीवनका अवयवहरूमा दुःख, सुखमा साथ दिने, वंश परम्परालाई कायम गर्ने, रतिरागात्मक भावनाहरू साटासाट गर्ने, सँगै मर्ने सँगै बाँच्ने साथीसँग जोडिएको नरले कसैको दान दिएको पात्रको रूपमा आफ्नी जीवनसङ्गिनीलाई मान्ने ? पुरुषप्रधान समाजले नारीलाई उपभोग्य सामग्रीका रूपमा लिएको यो अर्को तितो

तर सत्य उदाहरण हो । नारीको सम्मान यस परम्परामा कहाँनेर छ । दिने लिने भनेको त वस्तुमा हुन्छ, दिने लिने भनेको त व्यापार हो, के संस्कारको यो पाटो व्यापारिक भएन ? यसमा साँच्चैका व्यापार पक्षको त कुरै नगरौँ ।

हामी कस्तो संस्कारबाट सञ्चालित छौँ र कस्तो व्यवहार वास्तवमा गर्दछौँ ? यस लेखको उद्देश्य न त सौन्दर्यता पक्षको नकारात्मकता खोल्नु हो, न त संस्कार र संस्कृतिको विरूप पक्षको पटाक्षेप गर्नु हो, तर सत्यचाहिँ देख्नुपर्छ, लेख्नुपर्छ र त्यसको बारेमा समाजलाई जानकारी गराउनुपर्छ भन्ने मात्र हो । समाजमा जति पनि कुसंस्कारहरू थिए र यद्यपी छन्, ती सबै हैकम कायम राख्नका लागि, ठालुहरूले सेता, गोरा, धन र बल अनि अलिक बढी जान्ने मान्ने भन्नेहरूले आफ्नो स्वार्थ, अभिष्ट पूर्ति गर्नका लागि अरूलाई दबाउनका लागि प्रयोग गरेका अस्त्र थिए र छन् पनि । ती अस्त्रहरूलाई जरैदेखि उखेल्न आवश्यक छ । सामाजिक परिवर्तन आफूलाई नै परिवर्तन नगरी हुने कुरा होइन । तसर्थ समाजमा भएका सामान्यतया नदेखिने तर भित्रभित्रै उत्पीडनलाई प्रोत्साहन दिने खालका संस्कार, परम्पराहरूलाई उपभोग्य सामग्रीसरह व्यवहार गरेका त खाली प्रतिनिधि उदाहरण मात्रै हुन् । यस्ता उदाहरणहरू हरेक व्यवहारमा, रहनसहनमा विद्यमान छन् । यस्तो अविवेकशील व्यवहार कुनै एक देश र क्षेत्र, संस्कृतिमा सीमित छैन, विश्वव्यापीरूपमा कुनै न कुनै रूपमा विद्यमान छ । समाज, परिवार, राष्ट्र, राष्ट्रियता सबैमा योगदान दिएका नारीहरूलाई विभिन्न तवरले कमजोर बनाउने काम युगौँ युगदेखि चलिआएको छ । यसप्रकारको असमान व्यवहारको बारेमा चर्चाहरू पनि नभएका होइनन्, नारी समानता अधिकार आदि इत्यादिका बारेमा लेख, आदि पनि कति छापिए ? त्यसको कुनै हिसाब किताब छैन ।

राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरसम्म विभिन्न कार्यक्रमहरूका नाममा ठुलै व्यवसाय नचलेको पनि होइन तर वास्तविकतामा जन्मैदेखि मृत्युपर्यन्त गरिने व्यवहारलाई हेर्ने र त्यसमा परिवर्तन गर्ने खालको कुनैपनि कार्ययोजना आजसम्म तयार भएकोजस्तो मलाई लाग्दैन । नारीहरूको आन्तरिक पीडा, विभेदको पीडा, शारीरिक र मानसिक विकासका क्रममा भएका पीडा, अत्यन्त निजीस्तरका पीडाजस्तो मासिक धर्म, गर्भधारणदेखि प्रसव र जन्मदिने प्रक्रियासम्मका पीडा, अनिच्छामा रतिरागात्मक उत्पीडनको पीडा अथवा एउटै आमाका कोखबाट जन्मेका अर्को सन्तान र आफूमा गरेको भिन्नताको पीडा, यौवनावस्था सुरु हुनासाथ जताततै असुरक्षा मात्रै देख्नु, भोग्नु र महसुस गर्नुको पीडा कति दर्दनाक होला, मलाई अनुभव हुने कुरा भएन तर मैले यतिसम्म अनुमान लगाउन सक्छु कि, त्यस पीडालाई लेखनीमा उतार्न नारीहरूले नै पनि सक्नु हुन्न ।

एउटा डरलाग्दो सत्य के हो भने नारीहरूलाई विभिन्न प्रकारले पुरुष प्रधान, पितृसत्तात्मक समाजले उपभोग्यका रूपमा नै हेरेको छ । संसारमा

सबैभन्दा बढी सामाजिक विसङ्गतिका सिकार कोही छन् भने ती भनेको नारी हुन्, चाहे ती बालक हुन्, चाहे वृद्ध । जनावरले पनि भोग्न नपर्ने बलात्कारजस्तो दुर्व्यव्यहारको उदाहरण त लेख्दा पनि हात काम्छन् । केही अति दृष्ट पुरुष कामवासनामा जनावरभन्दा पनि नियताम नपुग्ने भए संसारमा बलात्कारजस्ता घटना हुने नै थिएनन् । संसारमा सर्वश्रेष्ठ प्राणी, विवेक र ज्ञानको चरमोत्कर्ष संवेदनशीलतालाई समेटेको मान्छे जो आफ्नो माथि पशुभन्दा पनि नीच व्यवहार गर्छ योभन्दा दुःखको घटना अरू के हुन सक्ला र ? नारीलाई क्षणभरका तृप्तीको साधनको रूपमा अथवा उपभोगी वस्तुको रूपमा लिइएर यसरी अत्याचार गरी शरीरलाई साधनको रूपमा प्रयोग गरिएका घटनाहरू त कति होलान्, होलान् ।

यस प्रकारको सामाजिक विभेदको जिम्मेवार हाम्रो समाजको परम्परा हो, हाम्रो संस्कृति हो, धर्मका नाममा गरिने कुष्ठाग्रस्त व्यवहार हो । यस्ता व्यवहार हरूलाई निरुत्साह गर्ने जिम्मेवारी भनेको समाजका सबै संयन्त्रहरूको हो । मुख्यरूपमा जबसम्म समाजमा स्त्री र पुरुषबिच तहैदेखि, जन्मैदेखि एक हुन्, समान हुन् भन्ने र त्यसैअनुरूप व्यवहार स्थापित हुँदैन तबसम्म नारीहरूको अस्तित्वमाथिको प्रहार रोकिँदैन । संस्कार, संस्कृति अनि धर्मका नाममा विद्यमान परम्परालाई तोड्न सजिलो छैन, तर सच्चा सामाजिक अभियन्ताहरू विद्वतवर्गहरू, राजनीतिज्ञहरू, कूटनीतिज्ञहरू, दर्शनशास्त्रीहरू, धर्मगुरूहरू आदि र खासगरी नारीहरू स्वयम् जागृत भएर समाजका विभेदयुक्त व्यवहार परम्पराको तहैदेखि खोजी गरी त्यस्ता परिपाटीलाई अन्त्य गराउन आश्यक छ । मानवताको आदर्श स्थापित गराउन सबै सचेत नागरिकले आफूले, आफ्नै तहबाट सङ्कल्पसहित जागरुक हुने र तत् व्यवहारले मात्र सबै किसिमका विभेदहरूको अन्त्य गर्न सकिन्छ । हामी सबै उस्तै शरीरधारीहरू समान हौं भन्ने भावना, बसुदैव कुटुम्बकम्को वास्तविक सारलाई अथवा "आफू बाँचौ र अरूलाई पनि ससम्मान बाँच्न दिऊँ" भन्ने मूल मन्त्रलाई समाजमा स्थापित गराउन सके यो समाजमा भएका विभेदीय असमानताका व्यवहारको जरैदेखि उन्मूलन गर्न सकिन्छ । समाजमा विद्यमान हिंसा र विभेदका विषयहरू मिडियाले सधैँ उजार गर्ने हो । मिडियाले समाजमा अग्रगामी सोचको निमार्ण गर्ने हो । तर मिडिया स्वयम्बाटै महिलाहरू विभेदको सिकार भएका छन् । मिडियाले आफूलाई समय सापेक्ष प्रगतिशील बनाउन जरुरी छ । तबमात्रै समाजमा सबै जाति लिङ्ग र समुदायका नागरिकप्रति न्याय हुन सक्छ ।

(लेखक अकमाई विश्वविद्यालय, अमेरिकाका प्राध्यापक हुनुहुन्छ ।)

***

स्वतन्त्र सञ्चारको परतन्त्र भूमिका



अनिल शर्मा

बजारका पत्रु सामानले आकर्षक विज्ञापन गरेर सुधो ग्राहकको 'पकेटमारी' गरेझैं कुलिन र शक्तिशालीको लगानीमा चलेका सञ्चारले पनि देश र नागरिकको आवश्यकता नभएर बजारमा बिकी हुने सामान नै बेच्छन् ।

भूमण्डलीकरण र सूचना क्रान्तिको प्रक्रिया के हो ? यसले विश्वका उत्पीडित र कम कयशक्ति भएका गरिबलाई के दियो ? स्पष्ट छ कि सूचना क्रान्ति र भूमण्डलीकरणले विकसित देश र विकासशील देशका सम्पन्न वर्ग र शासक गुटलाई एकीकृत गरेर थप नाफा आर्जन गर्न अनुकूलता पैदा गरेको छ। भारतका चिन्तक सुभाष धूलिया भन्छन्, "सूचना क्रान्ति र भूमण्डलीकरणको प्रक्रिया वास्तवमा विश्वका विकसित देशहरू र विकासशील देशहरूका सम्पन्न शासक वर्गको एकीकरणभन्दा बढी अरू केही पनि होइन ।"[१] सञ्चार क्षेत्र जनताको लगानी र नियन्त्रणको वस्तु रहेको छैन । यसमा व्यापारिक घरानाको लगानी र नियन्त्रण रहेको छ । सम्पादकीय स्वतन्त्रता लगानीकर्ताको मुठ्ठीभित्रको स्वतन्त्रता (पिँजडाको स्वतन्त्रता) बन्न गएको छ । लेखक मार्ता होर्नेकरले आज सरकार र नीति निर्माणको स्थानमा राजनीतिज्ञहरू विराजमान भएको देखिएपनि निर्णयहरू व्यापारिक समूह वा घरानाहरूले गर्छन् भनेका छन् । सञ्चारजगतको सन्दर्भमा पनि त्यत्तिकै सत्य हो । गएको भदौ २८ गते नेकपाद्धारा एमसीसी परियोजनाका विरुद्ध गरिएको जनप्रदर्शन र सभाको समाचार ठुला सञ्चार गृहहरूले 'ब्ल्याक आउट' गरेको घटना र प्रवृत्तिले नेपालका ठुला सञ्चार

गृहहरूको सम्पादकीय स्वतन्त्रता बहुराष्ट्रिय निगमहरूको पिँजडाभित्र कैद भएको यथार्थको उदाहरण हो ।

जसरी बजारमा एकाधिकार पुँजीवादको एकाधिकार कायम भएको छ, त्यसरी नै सञ्चारमा पनि एकाधिकार कायम हुँदै गएको छ । उनीहरू सरकार र शासक वर्ग खुसी भइरहने सीमाभित्र आफ्ना विचार र ऐक्यबद्धता दर्शाउँछन् । नयाँ र शासितका विचार र सरोकार निषेध गरिरहन्छन् । आजको शासकवर्ग भन्छ, 'लोकतन्त्रको विकल्प लोकतन्त्र !' यो भनेको के हो ? लुटको विकल्प लुट, राष्ट्रघातको विकल्प राष्ट्रघात, आर्थिक पराधिनताको विकल्प पराधिनता, निरंकुशताको विकल्प फाँसीवाद, नयाँको निषेध र यथास्थितिको निरन्तरता ! नेपाली सञ्चारको मूल प्रवृत्ति शासकवर्गको त्यही स्वार्थलम्पट स्वर दोहोऱ्याउँदै भन्छ, 'गोपीकृष्ण काउ-पट्टु' ! मार्ता होर्नेकरले भनेझैं, "सञ्चार माध्यमहरू, जुन निरन्तर रूपले थोरै मानिसहरूको हातमा केन्द्रित भइरहेका छन्, शासक वर्गहरूको लागि स्वीकार्य सीमाहरूभित्र 'विचार र दृष्टिकोणहरूलाई प्रवाह' गर्नु र यसरी 'स्थापित विशेषाधिकार र प्राधिकारको लागि कुनै सम्भावित चुनौतीलाई' त्यसले आकार ग्रहण र शक्ति सञ्चय गर्नु'भन्दा पहिले नै विचलित बनाउन लाग्छन् ।"[२]

बुर्जुवा वर्गले सयौँ वर्षसम्म जनताको आवाजलाई दबाएर राख्यो । जब बुर्जुवा वर्गभित्र उदारवादको जन्म भयो र सत्तारूढ भयो, त्यसले सञ्चारलाई प्रभावमा पारेर (लगानी, विज्ञापन, पुरस्कार, मानसम्मान, विदेश भ्रमण र अनेक प्रलोभन र सुविधा दिएर) उदार पुँजीवादको विरुद्ध नजाने सर्तमा र पुँजीवादको विरुद्ध उठ्न सक्ने चुनौतीलाई मथ्थर पार्ने उद्देश्यको निम्ति सञ्चारलाई खुला छोडिदियो । यौन उत्तेजना, उत्तेजक प्रचारबाजी, उपभोक्तावाद, धार्मिक अन्धता, अमानवीयता, समाजप्रति बेसरोकार भिड, विप्रेषणको लागि प्रोत्साहन, दास मानसिकता निर्माण, यथार्थप्रति विभ्रमको खेती, परनिर्भरता, विकासे नाराभित्र विदेशीको प्रभुत्व विस्तार यी यस्ता माहुते (हात्ती चलाउने मान्छे) हुन्, जसले पुँजीपति वर्गका हितहरूको निम्ति भाडाको फौजले झैं अनैतिक ढङ्गले लडिरहेको हुन्छ । त्यसबापत 'तनखा' थाप्छ । अमेरिकी चिन्तक नोम चोम्स्की भन्छन्, "बुर्जुवा उदारवादीहरूले जनवादी खेल स्वीकार गर्नको लागि एउटा मात्र सर्त राख्छन्, सञ्चार माध्यमलाई नियन्त्रण गरेर उनीहरूले 'सहमति निर्माण गर्न' र 'जङ्गली भिडलाई तालिम दिन' सक्दछन् ।"[३] लेखक बेञ्जामिन गिन्सवर्गले त 'सञ्चार बजारको अदृश्य हात नियन्त्रणको लागि करिब त्यति नै बलियो उपकरण हुनसक्छ, जति राज्यको फलामे मुठ्ठी' भन्दछन् । सत्तारुढ कुलिन (एलिट) वर्गले आफ्नो परम्परागत शक्ति सम्बन्धलाई बलियो बनाउन सञ्चारका विषयवस्तुमाथि प्रभाव जमाउँछन् र नियन्त्रण कायम गर्छन् । त्यसरी सत्तारुढ

वर्गको विचार, मान्यता, नैतिकता, संस्कृति नै तत्कालीक समाजको सत्तारुढ विचार र मनोविज्ञान बन्न जान्छ । त्यसरी निर्मित विचारलाई नै कथित मूलप्रवाह भनिन्छ । भविष्य मरणशील भएको र वर्तमान असफल र जनघृणाले घेरिएको विश्वका शक्तिकेन्द्रको आशिर्वादमा टिकेको ऐँजेरु प्रणाली कसरी मूलप्रवाह भयो ? घरानाका सञ्चारलाई सरोकारको विषय नै बन्दैन । साम्राज्यवादको संरचनागत सिद्धान्तअनुसार सञ्चारका शक्तिशाली र कुलिन (एलिट) वर्गहरूले आफ्नो स्वार्थको रक्षा गर्दछन् र कमजोर लगानी भएका, जननियन्त्रित र दुर्गम स्थान अथवा पेरिफेरी (मोफसल)का सञ्चारहरूलाई दबाबमा राख्छन् । विज्ञापन, बजार, प्रचार, लगानी, सूचना, स्रोत सबैतिर दबाब पारिन्छ । नेपालमा त राष्ट्रियताको विषयमा आवाज उठाउने सञ्चारलाई विदेशी दूतावास र सरकारको समेत धम्की आउने गर्दछ । सञ्चारकर्मी जमिम शाहको हत्या ताजा उदाहरण छ । त्यसैले स्वतन्त्र र निष्पक्ष सञ्चारकर्म मर्दै वा कमजोर बन्दै गएको छ ।

कोभिड-१९ को महामारीभन्दा भ्रमित सूचनाको दुष्प्रभाव अहिले डरलाग्दो भएको छ । डोनाल्ड ट्रम्प र नरेन्द्र मोदीजस्ता नित्सेवादका चेला शासकहरू नै योजनाबद्ध रूपमा भ्रमित सूचना प्रवाह गरेर नक्कली जनमत र लोकप्रियता निर्माण गर्ने कार्यमा लागेका आरोपहरू लागिरहेका छन् । त्यसो किन गरिन्छ भने फौजी आक्रमण र नियन्त्रण निकै जोखिमपूर्ण र खर्चिलो बन्दै गएको छ । त्यसैले शासकहरू सांस्कृतिक उत्पादन (दर्शन, विचार, मनोविज्ञान, सांस्कृतिक पक्ष र मूल्य, भाषा, शैली, पद्धति आदि)मा लगानी गर्ने र वितरण गर्ने कार्यमा लागेका छन् । भौगोलिक र राजनीतिक सिमाना नष्ट गर्नको लागि सबैभन्दा पहिला सांस्कृतिक सिमानाका जङ्गे स्तम्भहरू भत्काउनुपर्दछ । त्यही प्रयोजनका लागि कुलीन वर्ग र विदेशी शक्तिकेन्द्रको लगानी बढिरहेको छ । अन्तोनियो ग्राम्सी (१८९१-१९३७, इटली कम्युनिस्ट पार्टीका महासचिव) भन्छन्, "सूचना बङ्ग्याएर, सनसनीपूर्ण बनाएर पस्किन्छन्, आधुनिक समाजमा शासकवर्ग सेना होइन, सांस्कृतिक उत्पादन र वितरण गर्न चाहन्छ ।"[४] बजारका पत्रु सामानले आकर्षक विज्ञापन गरेर सुधा ग्राहकको 'पकेटमारी' गरेझैँ कुलिन र शक्तिशालीको लगानीमा चलेका सञ्चारले पनि देश र नागरिकको आवश्यकता नभएर बजारमा बिक्री हुने सामान नै बेच्छन् । जुन प्रतिलगानीकर्ता र विज्ञापनदाताको रुचि र अनुमति रहन्छ । नाफाकेन्द्रित उत्पादन सञ्चार उद्योगको सरोकार हो ।

विश्वका लोकतन्त्रको स्वघोषित ठेकेदार अमेरिका र त्यहाँ ठुला सञ्चारहरूले इराक-अमेरिका युद्ध (२००३-२०११)मा निर्वाह गरेको भूमिकाले कुलिन र शक्तिशाली सञ्चारको धज्जी उडेको छ । उनीहरूको निष्पक्षता र सत्यतथ्य समाचारको दावी 'नगरबधुको पतिब्रताको दावी'सरह उदाङ्गिएको छ । अमेरिकाले इराकलाई आणविक हतियार र जुम्ल्याहा भवनमा आक्रमण

(२००१) भएको घटनामा सङ्लग्न भएको आरोप लगाएको थियो । इराकमा आम विनासकारी हतियार नभएको पुष्टि भइसकेको छ (युद्धअगाडि नै स्पष्ट थियो) भने अमेरिकाको कुख्यात गुप्तचार संस्था सिआइएले युद्ध अगाडि नै जुम्ल्याहा भवनमा भएको आक्रमणमा इराकको सङ्लग्नता नरहेको प्रतिवेदन बुझाइसकेको थियो । तर अमेरिकी रक्षा मन्त्रालय, रक्षा उद्योगका विचौलियाहरू युद्ध भड्काएर भ्रष्टाचारको आधार बनाउन चाहन्थे, जसमा नव-रुढीवादी (नियो-कन्जरभेटिव) समूहको प्रोत्साहन थियो । यो कार्यमा जर्ज बुस निकट मानिने 'फक्स न्युज'ले प्रचार युद्धमा अग्रता लिएको थियो । त्यसको पछि पछि 'द न्यूयोर्क टाइम्स' थियो । अमेरिकी गठबन्धन देशका सत्तानिकट सञ्चारहरू फक्स न्युजको पछि

यो क्षेत्रमा थोरै काम गरिरहेको 'खोजी पत्रकारिता' टाक्सिएर गएको छ । किनकि शासकहरू स्वतन्त्र सञ्चारबाट त्रसित हुन्छन् । उनीहरू सञ्चारमाथि नियन्त्रण चाहन्छन् ।

पछि छुन्द्राको ताँती भैँ लागे । अमेरिकी जनमत नै प्रभावित भयो । एउटा गैरसरकारी प्रतिवेदनअनुसार ६९ प्रतिशत अमेरिकीहरू इराकलाई दोषी ठान्ने अवस्थामा पुगेका थिए । यसरी हतियार उद्यमी, हतियार दलाल र सञ्चारले संयुक्तरूपमा इराकको विरुद्ध युद्ध छेडेका थिए ।[५] इराक-अमेरिका युद्धमा बिबिसी (ब्रिटिस ब्रोकास्टिङ कर्पोरेसन)ले तटस्थताको नीति लिएको थियो । ब्रिटेन र अमेरिकाले फौजी अखडामा बिबिसीको प्रसारण सेवा नै अवरुद्ध गऱ्यो । बेलायत सरकारले त बिबिसीविरुद्ध मुद्दा दायर गऱ्यो । अल जजिराले भने इराकको पक्षमा अडान लिएको थियो । संयुक्त राष्ट्र सङ्घका तत्कालीन राष्ट्रपति कोफी अन्नानले इराकमा आमविनासका हतियार नष्ट भइसकेको र अमेरिकाको आरोप पुष्टि नहुने बताउँदा पनि कतिपय ठुला सञ्चारगृहहरू इराकमा आम विनासका हतियार भएको, जुम्ल्याहा भवनको आक्रमणमा सङ्लग्न भएको र आतङ्कवाद प्रवर्द्धन गरिरहेको प्रचार गरिररहेका थिए । हजारौँ गैरसैनिक नागरिकको हत्या, विद्यालय र अस्पतालमा बमबर्षा, हजारौँ वर्ष पुरानो पुस्तकालयमा आगजनीजस्ता अमेरिकी गठबन्धनको मानवीयताविरुद्ध अपराधको बेवास्ता गरियो र युद्ध अपराधीकै तर्फबाट मोटो रकम लिएर विचार र भ्रमित सूचना प्रवाह गरियो । बेलायती अखबार 'गार्डियन'ले खुलासा गरेअनुसार अमेरिकी सेनासँग मिलेर ७७५ जना संवाददाताहरू इराक पुगेका थिए । युद्धग्रस्त इराकमा जाने तालिम सन्

२००२ नोभेम्बरमा अमेरिकी सेनाले संवाददाताहरूलाई दिएको थियो । अमेरिकी बुद्धिजीवीहरू नोम चोम्स्की, एमी गुडम्यान र केही सञ्चारले अमेरिकी कदमको विरोध नगरेका होइनन् । तर त्यो आवाजलाई प्रचारमा आउनसमेत दिइएन । २००३ जुलाईमा इराकको विषयमा झुटो प्रतिवेदन बुझाउने अधिकारी डेभिड केलीसँग बेलायती संसदीय समितिले बयान लियो । बयानका क्रममा केलीले सरकारको निर्देशनमा नक्कली समाचार बनाएको स्वीकार गरे । त्यसको दुई दिनपछि घरनजिकै उनको लास भेटियो । केलीले आत्महत्या गरेको प्रचार गरियो र घटनालाई गुपचुप दबाइयो । विश्वका ठुला र शक्तिशाली वर्गले सञ्चारलाई बजारको साझेदार बनाएका छन् । त्यसैले सञ्चार र सञ्चारकर्मीहरूलाई थोक बिक्रीको चस्माले हेर्नु र आशा गर्नु गलत हुन्छ । त्यसैगरी विभिन्न गुप्तचर संस्थाहरूले सञ्चारकर्मीको लोगो दुरुपयोग गरेका छन् । पारदर्शी आस्था राख्नु र सञ्चारकर्मीको लोगो दुरुपयोग गर्नु आधारभूत रूपमै भिन्न विषय हुन् ।

सूचना क्रान्ति र भूमण्डलीकरणसँगै सञ्चारजगत् पनि स्वतन्त्र बजारतन्त्रको खोरमा थुनिएको छ । पुँजीवादको प्रारम्भिककालमा निर्माण भएको सञ्चारको आदर्श र मापदण्डमा ह्रास आएको छ र यो बजारको बिकाउ वस्तु बन्न गएको छ । बजारको मागअनुसारको समाचार र विचारको प्रवाह गरिन्छ । जसरी बजार चलचित्रले 'कथाको मागअनुसारको अश्लीलता' पस्किए झैं सञ्चारले 'बजारको मागअनुसारको समाचार' पस्किन्छन् । मान्छेका इच्छाहरूलाई बदल्न सकिन्छ । उत्तेजक प्रचार र आधुनिकताको आक्रामक प्रस्तुतिद्वारा बहुराष्ट्रिय निगमको वस्तु र धारणाप्रति रुचि जागृत गर्ने औजारको काम सञ्चारले गर्दछ । तर देश र जनताप्रति गम्भीर सरोकार राख्ने विषय प्राथमिकतामा पर्दैनन् । बेलायती राजकुमारी डायना, बिल क्लिन्टन, मोनिका, पर्खालमन्त्री आदि बेसरोकारका विषय उचालिन्छ तर चिन्तन, विचार, समस्या, आर्थिक सङ्कट, जनताका समस्या र मुक्तिको विषय प्राथमिकतामा पर्दैन । भारतको चालु किसान विद्रोह, दमन र प्रतिरोधको भन्दा कुनै नायिकाको नग्न तस्बिर नेपाली सञ्चारमा धेरै बिक्ने गर्छ । दिमागलाई चटपटे बनाउनु, समाचारलाई उत्तेजक र मनोरञ्जक बनाएर बजार विस्तार गर्नु सञ्चारको उद्देश्य भएको छ । यसरी सञ्चारको आदर्श र मापदण्ड नै बदलिँदै गएको छ । यसरी सञ्चार भान्साको उपभोग्य वस्तु हुँदै 'पत्रु समाज'मा स्खलित हुँदै गएको छ । सूचना र विचारको 'सूचित गर्ने' दायित्वबाट सञ्चार विमुख हुँदै गएको छ । जादुगर, मनोरञ्जनको साधनको स्तरमा झरेको छ र सञ्चारले सामाजिक दायित्वलाई पन्छाउँदै गएको छ । जनताको मूल सरोकारको विषय सञ्चारको पनि प्राथमिकताको विषय बन्नुपर्छ । अन्यथा सञ्चारको लोकप्रियता कमजोर हुन्छ । लोकप्रियताको ह्रास भनेको बजारको पनि ह्रास हो । सामाजिक सरोकार र व्यापारिक हितको बिचमा सन्तुलन

कायम भइरहेको छैन । विश्वमा मध्यम वर्गको बढ्दो सङ्ख्या (जोसँग अतिरिक्त क्रयशक्ति हुन्छ) र साक्षरता दरमा व्यापक सुधारको कारण सञ्चारप्रति आकर्षण बढिरहेको छ । सामाजिक सरोकारसँग हातेमालो गरेर नै त्यसलाई कायम गर्न सकिन्छ । सञ्चारक्षेत्र 'माग र आपूर्ति'ले सञ्चालन गर्ने माल (कमोडिटी) होइन ।

सञ्चारले सूचना र विचार प्रवाह गर्न अनुसन्धान प्रकियालाई गहिरो पार्नुपर्ने हुन्छ । यो क्षेत्रमा थोरै काम गरिरहेको 'खोजी पत्रकारिता' टाक्सिएर गएको छ । किनकि शासकहरू स्वतन्त्र सञ्चारबाट त्रसित हुन्छन् । उनीहरू सञ्चारमाथि नियन्त्रण चाहन्छन् । अमेरिकामा पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले सञ्चारप्रति अपनाएको व्यवहार, टिप्पणी, भारतमा सत्ताको चाकडी नगर्ने सञ्चारगृहलाई सरकारी दबाब र नेपालमा २०४६ सालपछिका लोकतान्त्रिक दाबी गर्ने सरकारले अपनाएको व्यवहारले सरकारहरू स्वतन्त्र, निष्पक्ष र सामाजिक 'एजेण्डा' प्रति अडान राख्ने सञ्चार चाहन्नन् भन्ने स्पष्ट छ । इराक-अमेरिका युद्धको समयमा बिबिसीलाई बेलायती सरकारले देशद्रोहको मुद्दा लगाएको प्रसङ्ग ताजै छ । सरकारी दबाबको कारण पनि कतिपय सञ्चार सरकारको प्रवक्ता शैलीमा एकतर्फी सूचना प्रवाह गर्छन् । अमेरिकाको अघिल्लो राष्ट्रपति चुनावमा केवल ३६ प्रतिशत मतदाताले निर्वाचनमा भाग लिएका छन् । ६४ प्रतिशतले अस्वीकार गरेको व्यवस्थाले लोकतन्त्रको दाबी गर्छ र सञ्चारले त्यही 'बोलीमा लोली' मिलाएर दौडन्छ । यस्तो अवस्थामा सञ्चारले स्वतन्त्रता र गम्भीरता गुमाउँछ ।

सञ्चारलाई औपचारिक अर्थमा राज्यको चौथो अङ्ग मानिन्छ । सूचना र समाचारलाई सामाजिक उत्पादनको श्रेणीमा राखिएको र बजारको माल नठानिएकोले नै चौथो अङ्गको गौरव ठानिएको हो । त्यो विश्वसनीयता हट्दै गएको छ । सन्नी सिंहले भनेझैं 'रेडिकल प्याकेज'[६] मा पत्रु सामान बेच्ने व्यापारीको स्तरमा सञ्चारहरू झरिरहेका छन् । यसको पछाडि अस्वस्थ प्रतिस्पर्धा, वैदेशिक लगानी, सरकारको संरक्षण नीति नहुनु र सञ्चारलाई बजारको मालसरह हेर्ने सरकारी नीति नै जिम्मेवार छ । सञ्चारको शक्ति र क्षेत्र जतिसुकै विस्तार भएपनि यसले मूलतः यथास्थितिवादलाई नै मलजल गरेको छ । यो एकाधिकार पुँजीवादको नियन्त्रणभित्र छ ।

सञ्चारक्षेत्रले आफूलाई स्वतन्त्र र निष्पक्ष क्षेत्र ठान्दछ । सञ्चार बेगरको समाजको कल्पना गर्नुमात्र पनि त्रासद छ । तर यो क्षेत्रलाई बजारको माल (कमोडिटी) बनाइँदैछ । जसको कारण यसको स्वतन्त्र भूमिकामा ह्रास आएको छ । यो क्षेत्र बजार स्वार्थले परतन्त्र बनेको छ । तसर्थ सामाजिक दायित्व र बजारको हित (आर्थिकहित) बिचमा सन्तुलन कायम गर्ने चुनौती सञ्चार जगतले झेलिरहेको छ । यसको सामना गरेर नै सञ्चारले आफ्नो प्रतिष्ठा कायम गर्न सक्छ ।

(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

सन्दर्भ सामग्रीहरू

१. सूचना क्रान्ति की राजनीतिक और विचारधारा, पृष्ठ १० (भूमिका) सुभाष धूलिया, ग्रन्थ शिल्पी (इन्डिया) प्रा.लि., दिल्ली

२. मार्ता हार्नेकर, एक्काइसौँ शताब्दीको समाजवाद, पृष्ठ १०३, समाजवाद अध्ययन प्रतिष्ठान

३. मार्ता हार्नेकर, एक्काइसौँ शताब्दीको समाजवाद, पृष्ठ १०३, समाजवाद अध्ययन प्रतिष्ठान

४. अन्तोनियो ग्राम्सी, सांस्कृतिक और राजनीतिक चिन्तन के बुनियादी सरोकार, अनुवादक-कृष्णकान्त मिश्र, ग्रन्थ शिल्पी (इन्डिया) प्रा.लि. दिल्ली, हिन्दी संस्करण, सन् २००२

५. नयाँ पत्रिका दैनिक, श्रवण उप्रेती/नारायण सिवाकोटी, २०७७ साउन ३२

६. सन्नी सिंह, विज्ञान और मार्क्सवादी दर्शन के सम्बन्धों का एक अवैज्ञानिक और अज्ञानतापूर्ण पाठः एक आलोचना

७. रिभोल्युसनरी डेमोक्रेसी-वेब संस्करण

***

महिलालाई 'ग्ल्यामर' बनाइने माध्यम

विषयको गाम्भीर्यतालाई नै वास्ता नगरी जे मनलाग्यो त्यही लेख्न पाउने कि नपाउने ? यस्ता विषय र कुराहरूमा कडाइका साथ आचारसंहिता लागु हुनपर्ने कि नपर्ने ?



अमृता लम्साल

सन् २०२० जुन १३ तारिख (वि. सं. २०७७ जेठ ३१)मा ट्वीटरमा भारतीय टेलिभिजन च्यानल NDTV की पूर्व एक्ज्युकेटिभ एडिटर निधि राजदानले एउटा ट्वीट गरिन् । यसमा भनिएको थियो, " Some personal and professional news: after 21 years at NDTV, I am changing direction and moving on . Later this year, I start as an Associate Professor teaching journalism as part of Harvard University's Faculty of Arts and Sciences" (केही व्यक्तिगत र पेसागत समाचार: २१ वर्ष एनडिटिभीमा काम गरेपछि म बाटो परिवर्तन गरेर अगाडि बढ्दैछु । यस वर्षको अन्त्यतिर, म हार्वर्ड युनिभर्सिटीको फ्याकल्टी अफ आर्ट्स एण्ड साइन्सेजमा एसोसिएट प्रोफेसरको रूपमा पत्रकारिता पढाउन जाँदैछु । (https://twitter .com/Nidhi/status/1271705895437651968?s=20) उनको त्यो ट्वीटमा धेरैले बधाइ दिए ।

तर केही महिनापछि, सन् २०२१ को जनवरी १५ मा निधिको अर्को ट्वीट आयो, जसमा लेखिएको थियो, "I have been the victim of a very serious phishing attack . I'm putting this statement out to set the record straight about what I've been through . I will not be addressing this issue any further on social media" (मलाई गम्भीर फिसिङ स्क्यामको सिकार बनाइयो । मैले रेकर्ड

स्टेट बनाउन यो लेखिरहेकी छु, अबदेखि यसबारेमा म सोसियल मिडियामा यो कुरा ल्याउने छैन ।" (https://twitter .com/Nidhi/status/1350024214997155840?s=20) यसै सन्दर्भलाई लिएर सन् २०२१ डिसेम्बर न्युयोर्क टाइम्सले 'The Harvard Job Offer No One at Harvard Ever Heard Of An online scam targeted prominent women in India, telling them the Ivy League was calling .' (https://www .nytimes .com/2021/12/16/technology/harvard-job-scam-india.html?referringSource=articleShare&fbclid=IwAR1ZCuM2KMwu_OdF9dCGnlQkjCb_JhKqm8XJxfKNB5eQqbBEyIJoJ1G7uRg) शीर्षकमा लेख छाप्यो । उक्त लेखको सारमा भनिएअनुसार, भारतका नाम चलेका महिला पत्रकारहरू, जो, हक्की भएर सरकारले गरेको चित्त नबुझ्दा कार्यहरूमा नडराइ बोल्ने र रिपोर्टिङ गर्ने गर्दथे, उनीहरूलाई त्यसैगरी स्क्याममा फसाइने गरिएको रहेछ । सो आलेखमा त्यसरी स्क्याममा पारिएका अन्य महिला पत्रकारहरू रोहिनी सिंह, निघात अब्बास, जैनब सिकन्दरलगायत थिए भनिएको छ । तीबाहेक, बर्खा दत्त, राना अयुवजस्ता निडर महिला पत्रकारलाई सामाजिक सञ्जालमा हदैसम्मको अपमानजनक शब्दहरू र कमेन्टले हरेक दिनजसो हिंसा गरिन्छ । यी उदाहरण छिमेकी देशका भए पनि, हाम्रो देशमा पनि बोल्ने महिलाहरूलाई सञ्चार माध्यममार्फत कम हिंसा गरिन्न ।

उपर्युक्त उदाहरण सञ्चार माध्यममा सशक्त आवाज उठाउने महिलाहरू विरुद्धको हिंसा हो । समाचारको दुनियाँ देख्दा जति ग्ल्यामरस र शक्तिशाली देखिन्छ, उति नै यसलाई नकारात्मक पक्षबाट पनि प्रयोग गरिएको हुन्छ । यस्ता कार्यको लागि विशेषगरी महिलाहरूलाई 'माध्यम' बनाइएको हुन्छ । हाम्रो देशको कुरा गर्ने हो भने वि.सं.२०३६ यताको पत्रकारिताको इतिहासलाई सरसरती हेर्दा हामी राजनीतिक समाचार थाहा पाउन कम्तीमा पनि दुई फरक धारका पत्रिका हेर्ने गथ्यौँ । त्यति भए हामी 'ए, यस्तो रहेछ' भनेर लख काट्न सक्थ्यौँ । समाचारको वास्तविकता अलिकति तोडमरोड भए पनि समाचार गलत नै भने कमै छापिन्थे । तर अहिले स्थिति यस्तो बनिसक्यो कि कुन समाचार सही हो या कुन गलत भनेर उल्टो दिमाग खियाउनुपर्छ । त्यसमाथि पनि महिला विषयक छ भने त कतिपय पत्रपत्रिकाहरूको खबर पत्याउन कम्तीमा पनि अर्को स्रोतसँग जुधाएर हेर्नैपर्ने स्थिति बनाइसकिएको छ ।

यो रोग नेपाली मिडियामा मात्रै लागेको भने पक्कै होइन । यसले विश्वव्यापी रूपमै सञ्चार माध्यमलाई भ्रष्ट बनाएको छ । यसै क्रममा सन् २०१८ फेब्रुअरी २६ मा रोमको भ्याटिकन सहरमा पोप फ्रान्सिसले भनेका थिए, "fake news," saying that it's a "sign of intolerant and hypersensitive attitudes, and leads only to the spread of arrogance and hatred ." उनले अगाडि यसरी स्पष्ट पार्दै भनेका थिए, "Spreading fake news can serve to advance specific

goals, influence political decisions and serve economic interests," यस सन्दर्भलाई यहाँ 'महिला विषय'सँग जोडेर राख्ने जमर्को गरिएको छ । यसका लागि विगततिर फर्कनुपर्छ । जुनबेला देशमा यति धेरै सञ्चार माध्यमहरू थिएनन् र भएकाहरूको पनि प्रमुख एजेन्डा 'राजनीति' र 'मात्र राजनीतिक व्यक्तिहरू' हुन्थे । त्यो २०४९/०५० सालतिरको कुरा थियो । देशमा यति धेरै सङ्घसंस्थाहरू पनि खुलिसकेका थिएनन् ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनमा भाग लिन जाने संस्थाहरूको सङ्ख्या जम्मा २१७ थियो । त्यो यकिनका साथ भन्न सकेको नेसनल प्रिप्रेटरी कमिटी' नौ महिना बसेर बेइजिङ सम्मेलनका लागि काम गर्ने ठुलो अवसर प्राप्त भएको थियो । त्यो समय नेपाली पात्रोअनुसार २०५१/०५२ को अवधिमा पर्दथ्यो ।

तर त्योभन्दा २/३ वर्ष अगाडि नै नेपालमा पत्रकारिता सिकाउने अग्रणी संस्था नेपाल प्रेस इन्स्टिच्युटले 'बहुलवादी प्रेसको अवधारणा नेपालमा भित्र्याइसकेको थियो । त्यो अवधारणा सन् १९९१ को अप्रिल २९ देखि मे ३ सम्म नामिबियाको विन्डहकमा भएको 'प्रोमोटिङ एन इन्डिपेन्डेन्ट एन्ड प्लुरालिस्टिक अफ्रिकन प्रेस' विषयक युनेस्कोको सम्मेलनबाट प्रेरित भएर युनेस्कोले नै आफ्ना सदस्यहरूलाई प्रवर्द्धन गर्न लगाएको थियो र त्यो विषयले नेपालमा पनि प्रवेश पायो । त्यसैअनुरूप नेपाल प्रेस इन्स्टिच्युटले पनि नेपालमा बहुलवादी प्रेसका कुराहरूलाई विस्तारै आफ्ना कार्यक्रममार्फत अगाडि ल्याउन थाल्यो । पङ्क्तिकार आफैँ पनि नेपाल प्रेस इन्स्टिच्युटको विद्यार्थी भएको नाताले यदाकदा इन्स्टिच्युटका कार्यक्रमहरूमा भाग लिने मौका पाउँथेँ । त्यस्ता कार्यक्रमहरू नेपालमा धेरै अगाडिदेखि कार्यरत युनिसेफलगायत संस्थाहरूबाट प्रायोजित हुन्थे र संयोजकको रूपमा प्रायः नेपाल प्रेस इन्स्टिच्युटले काम गर्दथ्यो ।

त्यसरी समाजका विविध पक्षहरू समेटेर सञ्चार माध्यममा छलफल चलाउने र समाचार छाप्ने प्रक्रिया बिस्तारै सुरु भयो । त्यसरी कार्यक्रमहरूमा बोलाउँदा कार्यक्रम संयोजकहरूले भर्खरै खुलेका पत्रिकाका प्रमुख भूमिका निर्वाह गर्नेहरूलाई नै बोलाउँथे र उनीहरूलाई खाममा बाटो खर्च भनौँ या खाजा खर्च टकयाउँथे । यसले गर्दा दुइटा कुरा चालै नपाइ स्थापित भए; महिला, अल्पसङ्ख्यक या सामाजिक मुद्दाहरूका बारेमा सञ्चालन गरिएका कार्यक्रमहरूमा 'हाकिम'हरू नै जाने र उनीहरू विषयवस्तुप्रति गम्भीर हुन् या नहुन्, उनीहरूले लेखिदिएका वा बोलिदिएका कुरा मान्य हुनैपर्ने अवस्था पनि बन्दै गयो । हाल बहुप्रचलित शब्द 'Mansplaining' (महिलाहरूको बारेमा, पुरुषहरूले नै, आफू सर्वज्ञ भएर बोलिदिने) को मान्यता स्थापित हुँदै गयो । त्यो पनि सञ्चार माध्यममार्फत महिलाहरूमाथि गरिएको एकखाले हिंसा नै थियो/हो ।

त्यतिबेला त्यसरी कार्यक्रममा 'खाम' बोक्न जानेहरूमा पुरुष सञ्चारकर्मीहरूकै बाहुल्य हुने स्पष्टै छ । कारण, मिडियामा महिलाहरू कम थिए र त्यसमा पनि विषयको गाम्भीर्यलाई बुझ्नेहरू अझै कम । यो कुनै अनुसन्धान गरेर तयार पारिएको प्रतिवेदन होइन, तर ऊबेलादेखि अहिलेसम्मको मिडियाको प्रवृत्ति हेर्दा र आफू पनि यही क्षेत्र पछ्याइरहने हुँदा यसरी यो विश्लेषण गर्न बाध्य भएकी हुँ ।

उपर्युक्त भूमिका बाँध्नुको एउटा कारण यो पनि हो कि सायद यसैकारणले 'मानवअधिकार'लाई 'डलर'सँग जोडेर हेर्न थालियो । किनकि अग्रजहरूले यो कामको सुरुवात गर्दा 'खाम'मा पैसा दिएर गरे, जबकि अहिलेको स्थितिमा स्वच्छ मनले, कतैबाट एक पैसा नलिएर मानवता र कानुनले दिएको अधिकारको कुरा उठाउँदासमेत त्यसरी कुरा उठाउनेलाई हदैसम्म हियाएर र गिराएर लेखिन्छ । तर पनि त्यहाँ 'आचारसंहिता' कुन चरोको नाम हो ? भनेर सोध्न सकिन्न या सोधिँदैन ।

यदि त्यसो नहुँदो हो त हरेक देशको 'चौथो अङ्ग'को रूपमा चिनिने 'पत्रकारिता'ले देशले कानुनसम्मत रूपमा भित्र्याएका कुराहरूलाई अलिकति सम्मान देखाएरै प्रस्तुत गर्नुपर्ने हो तर त्यसो गरेको विरलै देखिन थाल्यो ।

देशमा 'पत्रकारिता'लाई जिम्मेवार र सम्मानित बनाउन 'प्रेस काउन्सिल'को जग वि.सं.२०१४ को प्रेस कमिशन, २०२४ सालमा प्रेस सल्लाहकार समिति, २०२७ सालमा प्रेस सल्लाहकार परिषद् हुँदैहुँदै, छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३० क बमोजिम वि.सं. २०२७ असोज ६ गते प्रेस काउन्सिल नेपालको विधिवत् स्थापना भएको हो । त्यो समयदेखि हालसम्म गणना गर्दा, प्रेसको नियमन गर्ने काम सुरु भएको करिब ६४ वर्ष नै भइसकेछ । तर दुःखको साथ भन्नुपर्दा विगतमा प्रेस काउन्सिल नेपालमा जिम्मेवार पदमा रहनेहरूले नै महिला तथा अल्पसङ्ख्यकहरूको बारेमा सञ्चार माध्यमबाट गरेका हिंसाहरूको बारेमा व्यक्तिगत रूपमै विरोध गर्नुपरेका धेरै अनुभव छन्, जसलाई यहाँ लेख्न थाल्यो भने 'प्रेस काउन्सिल'को उद्देश्यको उपादेयताबारे अर्को छलफल सुरु गर्नुपर्ने हुन्छ ।

प्रेस काउन्सिल ऐन-२०४८, सञ्चारसम्बन्धी केही नेपाल ऐन, संशोधन गर्ने ऐन-२०५७, केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन-२०६३, नेपालको संविधान अनुकूल बनाउन केही नेपाली ऐनलाई संशोधन गर्ने ऐन-२०७५ अन्तर्गत कार्यरत 'प्रेस काउन्सिल नेपाल'को उद्देश्यमा लेखिएको छ :-

"(क) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सिर्जना गर्ने ।

(ख) प्रेस स्वतन्त्रताको दुरुपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचार संहिता तोक्ने,

(ग) प्रेस र नेपाल सरकारबिच सौहार्दपूर्ण सम्बन्ध कायम राख्ने,
(घ) सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने र
(ङ) प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहने ।"

हालका दिनहरूमा माथि उल्लिखित उद्देश्यहरू खोज्नु भनेको खरायोको सिङ खोज्नुसरह भैसकेको छ । त्यसमा पनि "सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने" भन्ने कुरा त असम्भव नै हुन थालिसक्यो ।

नेपालमा 'मानवअधिकार'को विषय कानुनकै रूपमा स्थापित छ । यसको प्रमाण देशको मूल कानुनलाई लिन सकिन्छ । नेपालको संविधानको धारा २४९ अनुसार 'मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हुनेछ' भनेर देशमा मानवअधिकारको प्रत्याभूति र पालना गराउन छुट्टै निकाय नै खडा गरेको छ । यहाँ कतै पनि 'मानवअधिकार'को पर्याय 'डलर' हो भनेर व्याख्या गरिएको छैन ।

यसैअन्तर्गत मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत नेपालमा स्वतन्त्र र स्वायत्त निकायको रूपमा २०५७ जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भयो । आयोगको स्थापनाकालदेखि २०७०/०७१ को अन्त्यसम्म अध्ययन, अनुगमन गरेको कुरा केही समयअगाडि आयोगले जानकारी दिएको थियो । तिनै कुराहरूको पक्षपोषण गर्दै गैरसरकारी संस्था र मानवअधिकार आन्दोलनमा लागेका व्यक्तिहरूले आवाज उठाइरहेका हुन्छन् । तर पत्रकारिताको लागि चाहिने आचारसंहिता राम्रैसँग बुझेका, पत्रकार महासङ्घको सदस्यता बोकेका सञ्चार माध्यममा कार्यरत 'पत्रकार'हरूले समेत त्यसलाई पनि 'डलर' खाएर लेखियो वा बोलियो भन्ने अन्धाधुन्ध आरोप लगाइरहेका हुन्छन् । त्यहाँनिर "सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न लगाउने" भन्ने उद्देश्य पालना नगरेको भनेर कसलाई प्रश्न गरेको छ ? या कसकसलाई तिमीहरूले लेखेको बोलेको वा प्रसारण गरेको कुरा पत्रकार आचारसंहिता विपरीत छ भनेर बुझाउने कोसिस गरेको छ ?

होला, हरेक ठाउँ र स्थानमा एकाध अपवादहरू हुनसक्लान् तर विषयको गाम्भीर्यतालाई नै वास्ता नगरी जे मनलाग्यो त्यही लेख्न पाउने कि नपाउने ? यस्ता विषय र कुराहरूमा कडाइका साथ आचारसंहिता लागु हुनपर्ने कि नपर्ने ?

यहाँ एउटा उदाहरण पेस गरौँ । हालका दिनहरूमा विदेशमा काम गर्न गएका पुरुषहरूको परिवारका महिलाहरूको बारेमा नराम्रा खबरहरूको बाढी नै लागेको छ । त्यसमा सिनेमा र तीजका गीतहरूसमेत बनेका छन् । यसलाई

आधिकारिक बनाउने काम अधिकांश सञ्चार माध्यमहरूले गरिरहेका छन् । तर ती सञ्चार माध्यमहरूले यस्ता विषयको आधिकारिक ज्ञान र त्यसलाई प्रमाणित गर्ने तथ्याङ्क कहाँबाट कति सङ्कलन गरेका छन् त ?

वास्तविकता हेर्ने र बुझ्ने हो भने श्रम पलायनका कारण युवाहरू (पुरुष) विदेश जाने कम बढ्दै गएकाले उनीहरूको पढाइ बिचैमा छुट्ने र त्यसको दाँजोमा युवतीहरूको उच्च शिक्षाको प्रतिशत बढ्दो छ । यसका कारण अबका केही वर्षहरूमा देशको विकास नीतिमै परिवर्तन ल्याउनुपर्ने देखिन्छ । यति मात्रै होइन केही वर्षपछि कृषि क्षेत्रमा महिलाहरूको पहुँच अत्यधिक हुन आउँछ । कृषि क्षेत्रमा महिलाहरूको बाहुल्य पहिले पनि कम थिएन र हाल पनि कम छैन । कुरा कति मात्र हो भने हालका दिनहरूमा कृषि क्षेत्रमा श्रम गर्ने महिला हुन्छन् भने त्यसको उत्पादनबाट प्राप्त हुने आर्थिक स्रोतमा पुरुषको आधिपत्य रहेको पाइन्छ । अबका केही वर्षहरूमा आफ्नो श्रमको हकदार महिला आफैँ हुनसक्ने देखिन्छ ।

समाजमा दलित, अल्पसङ्ख्यक तथा गरिबहरूको राज हुन त यो श्रम पलायनले मात्रै भएको होइन तर पनि यो समाज परिवर्तनको सकारात्मक पाटो पनि हो । वैदेशिक श्रमबाट फिर्ता आएकाहरू राजनीतिमा नलागेर 'आर्थिक विकासमा' संलग्न हुन थालेको तथ्य पनि प्रतिवेदनले देखाएको छ । त्यसमध्ये केही कृषिलगायतका क्षेत्रहरूमा सफल बनेका उदाहरणहरू पनि देखिएका छन् ।

श्रम पलायनका कारण महिलाहरूको घरपरिवारमा स्वामित्व बढेको छ । उनीहरूले परिवारमा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन् । उनीहरूको स्वामित्वमा परिवार सफल भएको पनि देखिन्छ । ती महिलाहरू घरबाट बाहिर निस्किएर काम गर्न थालेका छन् । अड्डा अदालतको काममा पनि पछाडि परेका छैनन् । उनीहरू आफ्ना श्रीमान्ले पठाएको पैसा फजुल खर्च गर्न डराउँछन् । तर, श्रम पलायनले महिलाहरूमाथि नकारात्मक असर पनि परेको छ । उनीहरूले घरभित्र र बाहिर दुवै जिम्मेवारी वहन गर्नुपर्ने, यसबाट कामको दोहोरो/तेहरो भार पर्ने ।

सञ्चार माध्यमले समाजमा देखिने एकाध कुरीतिको बारेमा सामान्यीकरण गरेर लेखिदिँदा महिलाहरूलाई स्थानीयस्तरमै मानसिक तनाव भोग्नुपर्ने अवस्था छ । पुरुष सहकर्मीहरूबाट त्यति धेरै सहयोग नहुने, त्यस्ता समाचारहरूले गर्दा विदेशमा काम गर्न गएका श्रीमान्हरूले मोबाइल फोनमार्फत हरबखत ट्र्याक गर्ने आदि कुराहरू पनि त्यस अध्ययनमा सङ्कलन गरिएको छ । यसको ठुलो नकारात्मक असर त 'छक्का पञ्जा' जस्ता नेपाली चलचित्रहरूले पनि बढाएको देखिन्छ । त्यस्ता भ्रम बढाउने तर्कहरूले महिलाहरूलाई दोहोरो मानसिक तनाव बेहोर्नुपरेको स्थितिबारे त अझै अनुसन्धान हुन बाँकी नै छ ।

यसै सन्दर्भलाई जोडेर एउटा प्रश्न राख्न मन लाग्यो, घर र बाहिरको दोहोरोतेहरो कामको भार बोकेका महिलाहरूले पति परदेशमा भएको समय 'एकल आमा'को भूमिका निर्वाह गर्दै हुर्काएको सन्तानको मानसिक विकास कति स्वस्थ्य हुनसक्छ होला ? यो प्रसङ्गमा केही पुरुषहरूले पनि एक्लै सन्तान हुर्काइरहेका छन् । तर उनीहरूको प्रतिशत, महिलाहरूको तुलनामा कम छ । त्यसै भएर यो गौण देखिएको छ । मानसिकरूपमा एउटा स्वस्थ्य सन्तानको हुर्काइमा दुवै अभिभावकको उत्तिकै जरुरत पर्छ तर अहिलेका केटाकेटीहरू बाबु या आमामध्ये एउटाको अभावमा जीवन जिउन बाध्य छन् । यस्ता कुराहरूमा दिग्गज पत्रकार हरूको ध्यान आफ्नो इच्छाले कोही कतै जान्छ भने त्यो उस/उनको व्यक्तिगत अधिकारको कुरा हो, यसमा प्रश्न उठाउनु बेकार छ । तर देशमा रोजगारीको अभावमा बाध्य भएर विदेशमा रोजगारी खोज्दै जानुपर्छ भने त्यसलाई रोक्न सरकारले उद्योगधन्धा खोल्न वा अन्य वैकल्पिक उपायको लागि चासो लिएको छ वा छैन ? भनेर समाचार लेखिनुपर्ने कि नपर्ने ? बरू त्यसको सट्टा सञ्चार माध्यमहरूले एकोहोरो रट लगाउँदै कि त महिलालाई गाली गरेर होच्याएर र

अहिले स्थिति यस्तो बनिसक्यो कि कुन समाचार सही हो या कुन गलत भनेर उल्टो दिमाग खियाउनुपर्छ । त्यसमाथि पनि महिला विषयक छ भने त कतिपय पत्रपत्रिकाहरूको खबर पत्याउन कम्तीमा पनि अर्को स्रोतसँग जुधाएर हेर्नैपर्ने स्थिति बनाइसकिएको छ ।

हियाएर लेख्ने कि 'डलर खाएर' पक्षमा समाचार लेख्यो भनेर आरोपित गर्ने ? खोइ त यहाँनिर आचारसंहिता लागु भएको ?

हामीमध्ये धेरैले बुझेको कुराअनुसार नेपालको संविधान-२०७२ ले भन्छ, '... लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी व्यवस्थाको स्थापना गर्ने...' (भाग ४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व) । त्यसैगरी सोही संविधानको धारा १८ ले मौलिक हक, धारा ३८ ले महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हकसमेत प्रदान गरेका छन् ।

त्यसबाहेक, विद्युतीय कारोबार ऐन-२०६३ ले पनि महिलालाई अपमान गर्नेलगायतका कार्य गर्न नहुने कुरा लेखेको पनि पढिएको छ । एउटा कानुनको विद्यार्थी नभएको व्यक्तिले पनि देशमा महिलालाई मानसिक हिंसा, अपमान र जथाभावी लेख्न र गालीगलौजमा सबैलाई पाखा लगाएर, हरेक दिनजसो कुनै न

कुनै सञ्चार माध्यममा आउने अपमानजनक, निकृष्ट र भएका नीति नियम र कानुनविरुद्धका विषयवस्तुहरू पढ्नु वा सुन्नु परिरहेको हुन्छ, जुन कुरालाई न त पचाउन सकिन्छ, न हरेक दिन बहसमा उत्रिन सकिन्छ । मनले सोच्छ, देशका विभिन्न निकायले बनाएका आचार/विचार संहिताले नै त्यस्ता कुराहरूमाथि रोक लगाउन सके हुन्थ्यो । तर ती 'आचार विचार संहिता'हरू हात्तीको देखाउने दाँतजस्तो निरीह भएर 'कागजी बाघ'को रूपमा दराजहरूमा सजिएका छन् । अनि, 'यसो भन्न भएन है ! वा लेख्न भएन है !' भन्यो भने 'डलर खाएर' बोलेको आरोप लाग्छ । अझ आरोपले मात्रै नपुगेर, त्यसो भन्न आँट गर्नेहरूको व्यक्तिगत कमजोरी खोज्दै चरित्रहत्या गर्ने प्रयास गरिन्छ । त्यतिले पनि नपुगेर, अझ त्यो आरोप पनि कसरी लाग्छ भने मानौं, मानवअधिकारको आवाज उठाउनेहरूको हातमा देशको न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको पूरै अधिकार छ र त्यो अधिकारलाई उनीहरूले गलत कुरा रोक्न प्रयोग गरिरहेका छैनन् ।

मिडियाले चर्को आवाज र शैलीमा सामाजिक अभियन्ताहरूलाई पनि उत्तिकै हिंसा गरिरहेको पाइन्छ; उनीहरूलाई अपमानित गरिरहेको हुन्छ । सञ्चार माध्यमहरूले प्रचार र प्रसार गरेको कुरा पढ्दा, सुन्दा लाग्छ, देशको राजनीतिबाहेक सम्पूर्ण सामाजिक विषयको ठेक्का गैरसरककारी निकाय वा सामाजिक अभियन्तालाई दिइएको छ । उनीहरूको हातमा कानुन पालना गराउने निकाय छ र उक्त क्षेत्रहरूमा तलमाथि केही भयो भने त्यसको जिम्मेवारी पूरै त्यस क्षेत्रमा लाग्ने व्यक्तिहरूले मात्रै लिनुपर्दछ । त्यसरी नकारात्मक 'विचार बनाउने काम'मा सबैभन्दा ठुलो भूमिका सञ्चार माध्यमकै देखिन्छ । मिडियामा कार्यरत अधिकांश व्यक्तिहरूले यो सोच्दैनन् कि त्यहाँ र यस्ता विषयमा त सञ्चार माध्यममार्फत नीति निर्माण गर्न र भएका कानुनहरूको पूर्णपालना भए नभएको बारेमा बहस मोडिनुपर्थ्यो ।

यस्तै अर्को उदाहरण, महिलामाथि परम्परागत रूपमा हुँदै आएको हानिकारक प्रचलनहरू बारेको बहसमा मिडियाले खेलेको भूमिकालाई लिन सकिन्छ । जब महिलामाथि धर्म र संस्कारको नाममा लादिएका चलनहरूबारे अलिकति कुरो उठ्न थाल्छ, विषयवस्तुको प्रवेश पनि पूरा हुन नपाइ महिला अधिकारकर्मी र सामाजिक अभियन्ताहरूप्रति लक्षित गरेर लेख, रचना, अन्तर्वार्ताको बाढी नै आउँछ । प्रायः ती कुराहरूमा, धर्म र संस्कृति महिलाकै कारणले मासिँदै छ भने जसरी 'विचार निर्माण' हुन्छ । यसरी विचार प्रक्षेपण गरिँदा उही पुरानो सोच र मनस्थितिमा रहेर महिलाको शरीर वा महिला 'व्यक्ति'लाई केवल 'यौन वस्तु'को रूपमा हेरिने, समाजमा गहिरोसँग बसेको अवधारणालाई नै बल पुऱ्याइन्छ । पारम्परिक चलनअनुसार महिलाले सहनुपर्ने, महिला साँझ घरबाट हिँड्न नहुने,

पहिरनसमेत समाजले तोकेको वा समाजले परिभाषित गरेको मात्रै हुनुपर्ने आदि इत्यादिको मापदण्ड राखेर कुराकानीको अन्त्य गरिन्छ ।

उदाहरणका लागि २०७३ साल मङ्सिरमा इमाडोलमा भएको सामूहिक बलात्कारको घटनामा समाचार आउँदा उनी महिला भएको कारणले राती हिँड्दा बलात्कृत भएको भन्दा पनि समाचारमा पहिल्यै 'दोहोरी साँझ'मा काम गर्ने युवती' भनेर आयो । त्यसरी समाचार आउँदा, समाजले ती पीडितलाई हेर्ने दृष्टिकोण नै फरक बनाइदिन्छ । तर अधिकांश सञ्चार माध्यमहरूमा यी सबै कुराहरू विश्लेषण गरेर समाचार बनाउने सोचको सूत्रपात नै भएको छैन या भए पनि एकदम न्यूनरूपमा छ भन्दा फरक नपर्ला ।

सञ्चार माध्मयमहरूले 'सोसियो पोलिटिकल' मुद्दामा बोल्नेहरूलाई पनि हदैसम्म शाब्दिक हिंसा गरिरहेका हुन्छन् । उनीहरूलाई मिडियाले लगाउने अर्को आरोप, 'घर परिवार बिगार्ने समूह' पनि हो । खासमा भन्ने हो भने कुनै पनि सञ्चार माध्यमले, कुनै समूह या वर्गलाई नै आक्षेप लगाउने हिसाबले यस्ता आशयका लेख रचना लेख्नु कति जायज हुन्छ होला ? यस्ता त्यस्ता कुराहरू गरिनुहुन्न भनेर आचारसंहितामा पनि लेखिएको छ । तर...?

प्रसङ्गलाई अलिकति पछाडि धकेलौँ । वि.सं.२०७२ साल नेपाली महिला अधिकारकर्मीहरूका लागि उपलब्धिमूलक देखापरेको थियो । यही वर्ष नेपालको राष्ट्रपतिमा महिला स्थापित भएर इतिहासमा नाम लेख्ने काम भएको थियो भने सभामुखमा पनि महिला आसीन गराएर भविष्यका लागि महिला नेतृत्वलाई उत्प्रेरित गर्ने काम भएको थियो । फेरि अर्को खुसीको खबर बनेर आएको थियो, सर्वोच्च अदालतका लागि सिफारिस गरिएका ११ जनामध्ये मुख्य न्यायाधीशबाट मीरा खड्का र वकिलबाट वरिष्ठ अधिवक्ता सपना मल्ल प्रधान छानिएर सर्वोच्च अदालत पुग्नु । सँगसँगै प्रधान न्यायाधीशमा पहिलोपटक महिला आसीन हुनु । तर यो स्थिति सजिलै आएको भने होइन । नेपालको इतिहास पढ्ने हो भने सन् १८१४ मा नालापानीको युद्दमा बलभद्रको नेतृत्वमा अङ्ग्रेजविरुद्ध लडेको फौजमा महिला र केटाकेटीसमेत सामेल भएको तथ्य पढ्न पाइन्छ । त्यसैगरी महिला आन्दोलनको इतिहासको कुरा गर्दा योगमाया न्यौपानेलाई छुटाउनै हुँदैन, जसले विक्रम संवत् १८८९ को असार ३१ गते विद्रोहस्वरूप जल समाधि लिएकी थिइन् ।

तत्पश्चात् वि.सं. १९७४ मा स्थापना गरिएको महिला समिति नेपालको पहिलो महिला सङ्गठन हो । वि.सं. १९७४ मा दिव्या कोइरालाले चन्द्रशम्शेरकी पत्नी बालकुमारी देवीलाई लेखेको पत्रबाट महिला समितिको खाका कोरिएको देखिन्छ । त्यसै समयताका गठित महिला समितिले तत्कालीन समाजमा भएका

सामाजिक तथा सांस्कृतिक कुरीतिहरूको विरुद्धमा आवाज उठाएको थियो भने वि.सं.२००४ मा रेमन्तकुमारी आचार्यको प्रतिनिधित्वमा नेपाली महिलाहरूको नागरिक अधिकारको बारेमा आवाज उठाइएको थियो । उहाँको त्यो अभियान भारतको जयनगरमा स्थापना गरिएको 'आदर्श महिला समाज'मार्फत वि. सं.२००३ देखि नै सुरु भएको थियो ।

तत्पश्चात् वि.सं.२००४ मा मङ्गलादेवी सिंहको अध्यक्षतामा काठमाडौँमा नेपाल महिला सङ्घको गठन भयो । त्यसैले गर्दा नेपाल सरकारको वैधानिक कानुन, २००४ मा नेपाली महिलाहरूले मौलिक हकको स्वरूप शिक्षासम्बन्धी हक, समान भोटको अधिकारजस्ता मानवअधिकार प्राप्त गर्न सफल भएका थिए । त्यसपछि वि.सं.२००६ सालमा भारतको रक्सौलमा अखिल नेपाल महिला सङ्घको स्थापना भयो । त्यसबाहेक वि.सं.२००६ मै पुण्य प्रभादेवीको नेतृत्वमा अखिल नेपाल महिला सङ्गठनको स्थापना भयो । २००७ सालको परिवर्तनपछि मङ्गलादेवी सिंहको अध्यक्षतामा रहेको नेपाल महिला सङ्घ नेपाली काङ्ग्रेसको विचारसँग नजिक रह्यो भने कामक्षदेवीको अध्यक्षतामा रहेको नेपाल महिला सङ्गठन नेपाल कम्युनिष्ट पार्टीसँग आबद्ध हुन पुग्यो ।

ती सबै महिला सङ्घ तथा संस्थाहरूले त्यसबेला विद्यमान (हाल पनि सो स्थिति निर्मूल भइसकेको छैन, कम मात्र भएको हो ।) अशिक्षा र बालविवाहबारे जनचेतना जगाउने र तत्कालीन सरकारलाई त्यसको विरुद्ध दबाब दिने कार्य सुरु गरे । उनीहरूको उम्मेदवार त भए तर निर्वाचित भने केवल एक मात्र महिला द्वारिकादेवी ठकुरानी हुनुभयो । उहाँ नेपालको इतिहासमा पहिलो महिला मन्त्री भएर इतिहासमा नाम अङ्कित गर्ने अवसर जुटाउनुभयो । ती हिजोका कुरा थिए ।

नेपालको राजनैतिक परिवर्तन र सङ्घर्षका घटना तथा सन्दर्भहरूलाई सञ्चार माध्यमहरूले जति महत्वका साथ सकारात्मक हिसाबले प्रचार प्रसार गर्ने गर्दछ, तुलनात्मक रूपमा, महिला सङ्घर्ष र सामाजिक महत्वका सन्दर्भहरूलाई कि त नदेखेकोजस्तो गर्दछ या अगुवाइ गर्नेहरूको बारेमा नकारात्मक सूचना सम्प्रेषण गर्ने प्रयास गर्दछ । यो कुरा स्वीकार्न सजिलो नहोला तर, नकार्न पनि नमिल्ला ।

आजको इतिहास लेखिने सन्दर्भमा 'महिला' र 'महिला विषयक कुराहरूमा' कसैले पनि पन्छाएर हिँड्न मिल्दैन । सञ्चार माध्यमहरूले त झनै मिल्दैन । तर, स्थितिमा सुधार आउन अझै कति समय कुर्नुपर्ने हो थाहा छैन ।

देशमा, नीति, नियम, कानुन नभएको हुँदै नभएको होइन । नेपालको अन्तरिम संविधान-२०६३ को प्रस्तावनामा नै देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने

सङ्कल्प गरिएको थियो । नेपालको अन्तरिम संविधानमा उल्लेख भएका मौलिक हकअन्तर्गत हरेकको समानताको हक, छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक, शिक्षा र संस्कृतिसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षाको हक, महिलाको हक, सामाजिक न्यायको हकका साथै राज्यको दायित्व एवं निर्देशन सिद्धान्त तथा नीतिहरूमा राज्यभित्र रहेको भेदभाव र असमानताको सम्बोधन गर्ने कुरा परेको थियो । यसैलाई निरन्तरता दिँदै नेपालको संविधान-२०७२, ले धारा ३८ मा 'महिलाको हक' भनेर धेरै कुरालाई समेटेको छ र तीमध्ये उपधारा ४ मा 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक छ' भनिएको छ । हुन त, जे जति कानुनी या अन्य अधिकारलाई सुनिश्चित गरिएका छन्, ती सबै पूर्ण त छैनन् । तापनि, विद्यमान अवस्थाका सकारात्मक कुराहरूको सराहना गरेरसम्म पनि सञ्चार माध्यमले सकारात्मक बहस चलाउँदैनन् । अझ भनौं सकारात्मक भूमिका निर्वाह गर्न अग्रसरता नै लिँदैनन् । यस्ता कुराहरूलाई गम्भीर रूपले लिने हो भने, 'राज्यको चौथो अङ्ग'मा कार्यरत व्यक्तिहरूमाथि प्रश्न उठाउन नसकिने त पक्कै होइन । तर त्यसरी प्रश्न उठाउन सक्ने निकाय या भनौं 'आचारसंहिता' पालना गराउने निकायहरूलाई यस्ता विषयवस्तु गम्भीर नै लाग्दैनन् ।

यो विषयलाई अझै विस्तृत रूपमा राख्न चाहन्छु । विगतका वर्ष र यसै वर्षका केही महिनाहरूमा नेपालमा महिला अधिकारको बारेमा कतै कार्यक्रम वा भाषणमा एउटा कुरा सधैँजसो उठाइन्थ्यो, 'हाम्रो देशमा तीनवटा प्रमुख पदमा महिला प्रमुख छन् । यो विश्वकै लागि उदाहरणीय कुरा हो ।' भलै, सर्वोच्च अदालतका पहिलो महिला प्रधान न्यायाधीश तथा सभामुख हाल सेवा निवृत्त भइसक्नुभएको छ । त्यतिबेला, कतै महिला या बालिकाहरूले दुःख पाएको समाचार आउँदा आवाज उठाइयो, 'देशका शीर्ष स्थानमा महिला छन् तर उनीहरू केही गर्दैनन् ।' जता पनि महिला तथा बालिकाहरूको दुर्व्यवहार तथा यस्ता उस्ता कुरा आउँछ, त्यहाँ पहिलो कुरा उठाइयो । 'महिला अधिकारकर्मीहरू खै ?'

'डलरवादीहरू कता गए ?'

तर ती प्रश्न उठाउनेहरूले कहिल्यै पनि के बुझ्दैनन् भने ती तीन महिला, महिला अधिकारकर्मीहरू र डलरवादीहरूको हातमा कानुन हुँदैन । जे गर्ने हो, नेपाल सरकारका निर्दिष्ट निकायहरूले नै गर्ने हो । ती महिलाहरू बाहिरै बसेर भए पनि आवाज उठाइरहेकै छन् । यो क्रम वर्षौंदेखि चलिरह्यो/चलिरहेछ । यसैक्रममा, महिला अधिकारकर्मीहरूकै प्रयास समेतबाट देशमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको' अवधारणा खडा भयो । विक्रम संवत् २०५२

मा महिला मन्त्रालयको स्थापना गरियो । छैठौँ पञ्चवर्षीय योजनामा (२०३७-२०४२) पहिलोपल्ट 'विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन' गर्न छुट्टै नीति समावेश गरियो । आठौँ पञ्चवर्षीय योजना (२०४९-२०५४) मा लैङ्गिक मूलप्रवाहीकरणको नीति अवलम्बन गरियो । २०५२ मा महिला मन्त्रालयको गठन भयो । २०५८ मा महिला आयोग (हालको अवस्थामा त यो अलपत्र नै परेको छ) गठन भयो आदिआदि । तर पनि आजसम्म संविधानले आमाको नामबाट नागरिकता दिने भनिए तापनि र सर्वोच्च अदालतले बाबुको पहिचान नखुलेकै आधारमा नेपाली आमाको सन्तानलाई वंशजको नागरिकता बञ्चित गर्न नमिल्ने फैसला गरिसक्दा पनि त्यो लागु हुन सकिरहेको छैन ।

यसबारेमा विश्लेषण गर्नुपर्दा यो भन्न बाध्य हुनुपर्दछ कि राज्यले नै महिलाहरूलाई आत्मविश्वासका साथ अगाडि आउन दिँदैन । आफ्नो स्वाभिमान र आत्मसम्मानका साथ बाँच्न चाहने महिला वा युवतीहरूलाई १६ वर्ष पुग्नेबित्तिकै राज्यले पुरुषप्रति 'त्वं शरणम्' हुन बाध्य बनाइदिन्छ । कि त ती महिला वा युवतीले 'राज्यविहीन' भएर बस्नुपऱ्यो या कुनै पुरुष (चाहे बाबु, पति, दाजुभाइ आदि)लाई गुहार गरेर देशको नागरिक बन्नुपऱ्यो । त्यो यावत् प्रक्रियालाई सञ्चार माध्यमले जानेर/नजानेर निर्बाधरूपमा साथ दिइरहेछ ।

कतिपय सन्दर्भमा त आफूले जन्मजात नदेखेको 'बाबु'को (जसले शुक्रकीट दान गर्नुबाहेक केही जिम्मेवारी निर्वाह गरेको हुँदैन)समेत चाकरी गरेर 'नागरिक बन्ने' विधि पूरा गर्नुपर्छ । महिलाहरूलाई त्यसो गर्न बाध्य पार्नेहरूमा राज्य सञ्चालनमा पदस्थापन भएकाहरू समेत एकमत हुन्छन् । उनीहरू आफूलाई सधैँ नियम कानुनभन्दा माथि राख्छन् । अर्कोतिर एक हुल 'पुरुषसत्तात्मक सोच भएकाहरू' महिलाहरूलाई 'वधुशिक्षा' हातमा हालिदिन र हरबखत 'उपदेश दिन' तम्तयार रहन्छन् । जबसम्म त्यस्ता कार्यहरू चलिरहन्छन्, तबसम्म थुप्रै आमाहरूले आफ्ना छोराछोरीलाई नागरिकता दिलाउन नसकेर दुःख पाइरहन्छन्, जिल्लातिर यस्ता अझ लाजमर्दो कुरा त सार्वजनिक कार्यक्रममै 'मोबाइल चलाएको कारणले महिलाहरू पोइल जान्छन्' भनेर खुलेआम भाषण गर्ने सिडियोको भाषणको साक्षी, केही वर्षअगाडि गोरखा जिल्लाको मकैसिङ गाविसको बुटारमा भएको कार्यक्रममा हुनुपरेको थियो । एकातिर जिल्ला हाँकेर बस्ने व्यक्तिहरू त सार्वजनिक रूपमै त्यतिसम्म बोल्न हिच्किचाउँदैनन् भने सञ्चार माध्यममा कार्यरत व्यक्तिहरू पनि त यही समाजका उपज हुन्, कति नै फरक र ठुलो आशा गर्न सकिन्छ र ?

अर्कोतर्फ कतिपय सरकारी पदमा बस्नेहरू पनि 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण'को नाममा प्रोजेक्ट ल्याउँछन् । भत्ता खान्छन् । 'एनजीओ' र 'आइएनजीओ'सँग मिटिङ राख्दा अफिस समयको ठिक अगाडि र पछाडि राख्न लगाउँछन् । त्यसरी महिला तथा अल्पसङ्ख्यकका नाममा खाइएका

वा पचाइएका रकमको उपलब्धि के हुन्छ भनेर पनि मूल्याङ्कन हुँदैन । तर महिला वा अल्पसङ्ख्यकका बारेमा अलिकति नराम्रो खबर आयो भने सामाजिक सञ्जालदेखि सबैतिर 'अधिकारवादी कहाँ गए ?', 'उनीहरूले पैसा खाए' भनेर 'सिंह गर्जन' सुरु हुन्छ । तर मिडियाले यो कुरालाई केलाएर हेर्दैन/लेख्दैन । केवल सतही कुरोले समाचार माध्यमहरू रङ्ग्याइदिन्छ ।

महिलामाथि सञ्चार माध्यममार्फत हुने हिंसा, नेपालमा मात्रै हुने वा भएको पक्कै होइन । सन् २०२० नोभेम्बर २५ मा प्रकाशित, International Center of Journalists र UNESCO को एउटा नयाँ सर्वेक्षणअनुसार करिब तीन चौथाई महिला पत्रकारहरूले अनलाइनबाट दुर्व्यवहार र धम्कीजस्ता व्यवहार भोगेको अनुभव सेयर गरेका थिए । (https://www.dw.com/en/new-research-online-attacks-on-women-journalists-lead-to-real-world-violence/a-55712872?fbclid=IwAR3YaEBTj1cBFwaNmnBnJji3taww2iUQk6LPPIHh4bfZqv6WDdXAchNAsdM) यो पनि महिलामाथि हुने अर्को खालको हिंसा नै हो ।


विश्वव्यापीरूपमा भइरहेको लैङ्गिक समानताको प्रयास र आवश्यकतालाई विकास र समृद्धिको परिपूरकको रूपमा आत्मसात् गरिए तापनि नेपालको सामाजिक अवस्था र सोचलाई सञ्चार माध्यमहरूले सकारात्मक रूपमा अझै प्रवर्द्धन गर्न सकेको छैन । हुन त नेपाल सरकारले लैङ्गिक हिंसाको सम्बोधन गर्न नीतिगत व्यवस्था नबनाएको भने होइन । नेपाल सरकारले वि.सं. २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रूपमा घोषणा गरेर कार्ययोजना बनाएर स्थानीय तहदेखि सङ्घीय तहसम्म विभिन्न अभियानमूलक कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । तर यस्ता महत्वपूर्ण कुराहरूलाई सञ्चार माध्यमहरूले सकारात्मकरूपमा सर्वसाधारणसामु पुऱ्याउन सकिरहेका छैनन् । यसको सट्टा, अदालतमा मुद्दा चलिरहेका कुराहरूमा मिडियाले न्यायाधीशकोजस्तो भूमिका निर्वाह गरेर कतिपय मुद्दाका अभियुक्त (महिला)हरूको चरित्रहत्या गरिदिँदा, महिलाहरूले उल्टै अन्यायको सामना गर्नु परिरहेको छ ।

यसैले, ती सम्पूर्ण कुराहरूलाई आत्मसात गर्दै सञ्चार माध्यमहरूले महिलाहरूबारे या महिला मुद्दामा समाचार र विचार प्रवाह गर्दा अलिकति संवेदनशील र जिम्मेवार हुन जरुरी छ ।

(लेखक वरिष्ठ सञ्चारकर्मी हुनुहुन्छ ।)

***

पत्रकारितामा महिला हिंसाको सवाल



डा.अश्वस्थामा भक्त खरेल

कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा गाली गरेको मानिन्छ र गाली गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ ।

लेखसार

पत्रकारिता क्षेत्रमा पनि महिलाहरूलाई अवसर दिदै जाने हो भने गुणस्तर र समृद्धिले फड्को मार्छ । बालक, युवा, वृद्ध सबै उमेरका महिलाहरू सबैका लागि आशाका केन्द्र हुन् । स्वास्थ्य केन्द्रहरूमा नर्सको रूपमा महिलाहरू नै छन् । जब महिलाहरू सबै क्षेत्रमा पोख्त छन् भने पत्रकारिता क्षेत्रमा उनीहरूलाई टिकाउन राज्य र सञ्चार प्रतिष्ठानहरूले नीति, योजना र कार्यक्रम ल्याउनु पर्दछ । अनेक अप्ठेराहरू सामना गरेर महिलाहरू पत्रकारिता गरिरहेका छन् । महिलालाई हेर्ने समाजको दृष्टि अझै पनि पूर्णरूपमा बदलिन सकेकै कारण पत्रकारिता गर्ने महिलाहरू र पत्रकारितामार्फत महिलाहरू अपमानित भैरहेको अवस्था छ ।

कुञ्जी शब्द

पत्रकारिता, लैङ्गिक विभेद, मानमर्दन, अनुगमन, कार्यान्वयन

विषय प्रवेश

जगतमण्डलमा नारी पुजनीय छिन् । जस्तोसुकै कठिन परिस्थितिमा पनि पुर्ख्यौली परम्परालाई नारीहरूले बढोत्तरी गरेको देखिन्छ । आधुनिक नेपालमा राजा

सिंहप्रतापको निधनपछि बहादुर शाहसँग मिलेर राजेन्द्रलक्ष्मीको नायबीकालमा राष्ट्र एकीकरण अभियान रोकिएन । यो एउटा ज्वलन्त उदाहरण हो । नारीहरूकै तपस्या, त्याग र योगदानका कारण परिवार, समाज र राष्ट्रले आफ्नो मान, सम्मान र पहिचान बनाएको हुन्छ । राजकुमारी भृकुटीको विवाह तिब्बतका राजा स्रङचङ गम्पोसँग भएको, राजा जनककी छोरी सीताको विवाह भगवान रामसँग भएको घटना अनुपम मानिन्छ ।

नारी समस्त प्राणी जगतकी अग्रणी हुन् । नारीरूपी आमाबिनाको संसार सबै प्राणीका लागि अन्धकारमय हुन्छ । "यत्र पूज्यते नारी रमन्ते तत्र देवता ।" जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ देवता पनि रमाउँछन् ।

नारी जगत्जननी हुन् । नारीले नारीको मात्र होइन, पुरुषको पनि रक्षा गर्छिन् । महाभारत लगायतका युद्धहरूका पुरुषहरूले वीरगति प्राप्त गरेपछि अनेक दुःख र कष्ट सहेर नारीहरूले हुर्काएका सन्ततिहरू ऐश्वर्य प्राप्ति गरिरहेका छन् । धर्तीजस्तै जति दुःख दिएपनि नारी त्यति नै सहनशील हुन्छिन् । नारीले आफ्ना सन्ततिको रक्षाका निम्ति महाकाली रूप धारण पनि गरेकी छिन् । चण्डेश्वरी रूप धारण गर्ने पनि तिनै नारी हुन् । श्रीस्वस्थानी व्रतकथामा आएकी पार्वती हुन् कि सीता, राधा, अम्बिका, गार्गी, विदुला, तारा, दमयन्ती, कुन्त ? मन्दोदरी, सावित्री, भृकुटी, शुभा, मनसुता, मैयात्रिका, चूडाला, सुकन्य, गान्धारी, अरून्धती, मेनषा, श्रुति, कीर्तिका, सुनयना, रोहिणी, रूक्मिणी, कौशल्या, शकुन्तला जो जति देवी छिन्, ती सबैले सम्पूर्ण चराचरको रक्षा गरिरहेकी छिन् । त्यसैगरी कमला, शुरप्रभा, सुलोचना, कनका, सुमित्रा, प्रभा, नवदुर्गा, अष्टमातृका, रमा, नवरमा, पद्मावती, देवकी, रूपा, राज्यवती, रती, गुणवती, वत्सदेवी, देवी, भगवती, मनकामना, गुह्येश्वरी पनि सृष्टि जोगाउन लागि परेकै छिन् । रिद्धि-सिद्धि आदिदेवी र सरस्वतीले सबैलाई वाणी दिँदै असल चरित्र सिकाइरहेकी छिन् । सङ्घर्षकी खानी नारीसँग सहन सक्ने क्षमता छ । अमृतवर्षा गराउन सक्ने शक्ति नारीमै भएकाले नदीहरूको नामाकरण पनि उनीहरूकै नाममा राखिएको पाइन्छ । नेपालमै बगेका नदीहरूको सम्पूर्ण नाम नारीहरूले नै भरिएको छ । यसले पनि पुष्टि गर्छ कि नारीको शक्ति अपरम्पार छ ।

अध्ययन विधि

प्राथमिक र द्वितीय तथ्याङ्क सङ्कलन विधि प्रयोग गरी यो लेख तयार गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनतर्फ पत्रकारिता क्षेत्रमा संलग्न चारजना व्यक्तिसँग कुराकानी गरिएको छ । जसमा एकजना पुरुष र तीन जना महिला हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय, पत्रकारिता केन्द्रीय विभागका उपप्राध्यापक घमराज लुईंटेल, वरिष्ठ सञ्चारकर्मी अमृता लम्साल, दिव्यचक्षु

साप्ताहिककी सम्पादक द्वारिकाकुमारी अधिकारी र न्युज २४ टेलिभिजनकी प्रस्तोका अनिता कुँवरसँग महिला पत्रकार र पत्रकारितामा महिलासम्बन्धी समाचारका विषयवस्तुमाथि केन्द्रित गरिएर खुला प्रश्नावलीमार्फत अन्तर्वार्ता लिइएको छ । त्यसैगरी पूर्व साहित्यिक कृतिहरूको पनि लेख तयार गर्नका लागि सहयोग लिइएको छ । विभिन्न पुस्तक, आमसञ्चार माध्यम, वेबसाइटमा प्रकाशित विषयवस्तुहरू द्वितीय तथ्याङ्क सङ्कलनमा समेटिएको छ । प्राप्त तथ्य तथ्याङ्कलाई विवरणात्मक ढङ्गले विश्लेषण गरिएको छ ।

बदलिएको सोच

नारीहरू परम्परागत सोचलाई बदल्न थालेका छन् । ढिकी जाँतो, डोको नाम्लो, घाँस दाउरा, वस्तुभाउको हेरचाह र घरधन्दामा मात्र सीमित छैनन् । महिलाहरू पनि छोरासरह पढ्न, लेख्न र बोल्न थालेका छन् । सरकारी तथा गैरसरकारी क्षेत्रहरूमा महिलाहरूको प्रवेशले राम्रो स्थान ओगट्न थालेको छ । महिलाहरूले नेतृत्व सम्हालेका निकायहरूमा सुशासन हुने गरेको देखिन्छ । पत्रकारिता क्षेत्रमा पनि महिलाहरूले उन्नत पहिचान दिइरहेका छन् । अवसर पाउने हो भने महिलाहरू पुरुष जत्तिकै काम गर्न सक्छन् । वि.सं. २००७ सालको परिवर्तनपछि शैक्षिक चेतना वृद्धि भएको छ । राजनीतिक, प्रशासनिक, आर्थिक, कूटनीतिक, न्याय, प्राध्यापक, शिक्षक, सेना, प्रहरी, उद्योगी व्यवसायी, पत्रकारिता सबैतिर महिलाहरूले आफूलाई योग्य भएको साबित गरिरहेका छन् । राजनीतिक संरचनामा महिलालाई ३३ प्रतिशत आरक्षण दिइएको छ भने सरकारी सेवामा पनि महिलालाई आरक्षणमा कोटा छुट्टयाइएको छ । खासगरी दोस्रो जनआन्दोलन २०६२/०६३ पछि महिलाहरूका लागि नयाँ युगको सुरुवात भएको छ । "विद्या सर्वत्र पूज्यते" भन्ने नीतिशास्त्र अनुसार राष्ट्रपति, प्रधान न्यायाधीश, मन्त्रालयका सचिव, विश्वविद्यालयका रेक्टर, विभागीय प्रमुखहरूमा महिलाहरूले कमाण्ड सम्हालेका छन् । उपप्रधानमन्त्री र एआइजी पदसम्म पनि महिला पुगिसकेका छन् । महिलाहरूले के गरेका छैनन् ? विद्यालय, विश्वविद्यालय तथा वित्तिय संस्थाहरूमा महिलाहरूकै वर्चश्व छ । उद्योग व्यवसाय, ज्याला मजदुरी र जीविकोपार्जनमा महिलाहरूबाट पुरुषहरूले सिक्नुपर्ने थुप्रै सकारात्मक पक्षहरू छन् ।

नेपालमा वि.सं. सालमा २०७४ मा सम्पन्न स्थानीय निकायको निर्वाचनमा उपप्रमुख पदमा महिलाहरूकै वर्चश्व रह्यो । उपप्रमुख स्थानीय न्याय सम्पादनमा संयोजक रहने कानुनी प्रावधानले महिलाहरू न्याय सम्पादन पनि गर्न सक्छन् भन्ने देखाएको छ । महिलाहरू वैदिककालदेखि नै विदुषी थिए । आफ्ना बालबालिकाहरूलाई उनीहरू ग्रन्थहरू पढाउँदथे । नारी अर्थात् आमा पहिलो

गुरु र घर पहिलो पाठशाला त्यसै भनिएको होइन । यसैले पनि देखाउँछ कि महिलाहरू पुरुषभन्दा कुनै पनि कुराले पछि छैनन् । भलै शारीरिक अवस्था मात्रै पुरुषको तुलनामा फरक हो । तर बौद्धिकरूपमा अब्बल रहेका छन् । इस्लामकी छोरी तसलिमा जो आँटिली क्रान्तिकारी साहित्यकार पत्रकार हुन् । उनले आफ्नै समाजको कुरीतिको आलोचना गरेकी छिन् । वैदिक युगमा पत्रकारहरू भनेका वेद पढाउने, लेखाउने र धर्मग्रन्थ सिकाउनेहरू नै हुन् । स्वर्गका अप्सराहरू पनि नारद जस्तै कुशल पत्रकार थिए । राष्ट्र रक्षाका लागि विषकन्या हुने कला पनि उनीहरू नै जान्दथे । अनेक गोप्य सूचनाहरू पनि उनीहरू नै प्राप्त गर्न सफल हुन्थे । अहिलेको युग हिजोको जस्तो छैन । डिजिटल युगमा विश्व प्रवेश गरेको छ । संसारभरिका खबरहरू एकैक्षणमा सर्वत्र वितरित हुन्छन् ।

लैङ्गिक विभेद र कार्यस्थलमा गरिने हिंसा

महिला विरुद्धको हिंसा भन्नाले राज्य, परिवार, समाजद्वारा महिलामाथि हुने जुनसुकै प्रकारको शारीरिक, मानसिक, मनोवैज्ञानिक, यौनजन्य हिंसा, यातना, लाञ्छना वा भेदभावहरू हुन् । समाजमा आर्थिक, राजनीतिक, साँस्कृतिक, भौगोलिक, सामाजिक परिस्थितिको आधारमा हिंसाका फरक फरक घटना, प्रक्रिया र परिणामहरू भइरहेका हुन्छन् । महिलामाथि हुने हिंसाभित्र लैङ्गिकतामा आधारित हिंसा तथा घरेलु हिंसा पनि पर्दछन् । महिला विरुद्धको हिंसा मुख्यतया: महिला भएकै कारणबाट हुने हिंसा हो । महिला हिंसा मुख्यरूपमा शताब्दीयौँदेखि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र धार्मिक क्षेत्रहरूमा महिला र पुरुषबिचको असमान शक्ति सम्बन्धको कारणले भएको हो (महिला, कानुन र विकास मञ्च, वि.सं. २०७६ : १) । महिला विरुद्धको हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो । जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँदछ वा पुऱ्याउने सम्भावना हुन्छ । जसअन्तर्गत त्यस्तो कार्य गर्न धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देजसमेत पर्दछ (महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९३) । महिला विरुद्धको हिंसाबाट कुनै वर्ग, जातजाति, संस्कृति र राजनीतिसमेत अछुतो छैन । यो पारिवारिक तहदेखि राष्ट्रिय स्तरसम्म भेटिन्छ । धार्मिक आस्था र सम्प्रदायमा आधारित सामाजिक बनावट, विभेदपूर्ण नीति र कानुनहरूको प्रभावले समेत महिला हिंसा बढी संवेदनशील बन्न पुगेको छ । लैङ्गितामा आधारित हिंसा, लिङ्ग पहिचानको अवस्थादेखि मृत्युपर्यन्त छ ।

पत्रकारितामा महिला दोहोरो हिंसाको चपेटामा परेका छन् । एकातर्फ महिला पत्रकारहरूलाई निर्वाधरूपमा काम गर्न अप्ठ्यारो छ भने अर्कोतर्फ पत्रकारितामा महिलाहरूलाई मानमर्दन गर्ने समाचारहरू प्रस्तुति भइरहेका हुन्छन् । महिला

पत्रकारले पुरुषको तुलनामा घर परिवारमा पनि बढी समय दिनुपर्ने हुन्छ । जसले गर्दा यदाकदा महिला पत्रकारको कार्यसम्पादनमा कमीकमजोरी हुन जान्छ । सोही कारण महिला काम गर्न सक्दैनन् भन्ने मानसिकताले महिला पत्रकारहरूलाई होच्याउने खालका व्यवहार हुने गरेको छ । आकर्षण र देखावटी व्यवहारका लागि महिलालाई रोजगारी दिने परिपाटीले गर्दा पनि महिलाहरू आर्थिक र मानसिकरूपमा शोषणमा पर्ने गरेका छन् । महिला पत्रकार र कर्मचारीका समस्याहरूलाई नहेरी कठोर र अमानवीय खालमा व्यवहार गरिने प्रवृत्ति पनि उत्तिकै रहेको छ । महिलाको कमजोर अवस्था, शारीरिक र कोमल हृदयको दुरुपयोग गर्ने कुत्सित मनसायका कारण महिलाहरूले यौन दुर्व्यवहार र हिंसाजन्य व्यवहार खेप्नु परेको छ । कानुनले यस प्रकारका कार्यहरू गर्न निषेध गरेको भएपनि प्रभावकारी कार्यान्वयनको अभावमा घटनाहरूमा कमी आउन सकेको छैन । सकेसम्म महिलालाई काममा लगाउन नचाहनु, काममा लगाएमा पनि विभेदिकरण गरिनु पत्रकारिता क्षेत्रमा मात्र होइन, सबैतिर व्याप्त रहेको देखिन्छ । महिला भएकै कारण उनीहरूलाई हतोत्साहित गरिँदा पनि कार्यस्थलमा महिला पत्रकारहरू असुरक्षित भइरहेका छन् । महिलालाई स्वतन्त्ररूपमा बोल्न अप्ठ्यारो पर्ने र अमर्यादित व्यवहार हुने घटनाक्रमहरूलाई पनि पत्रकारिता क्षेत्रमा नमिठोरूपमा लिइने गरिन्छ । एकाध महिलाहरूबाट छिटपुट रूपमा हुने गरेका कमी कमजोरीलाई लिएर समग्ररूपमा एउटै घानमा राखी पिस्ने गर्नाले पनि पत्रकारितामा प्रवेश गरेका महिलाहरू पलायन हुने गरेका छन् भने प्रवेशको क्रममा रहेका महिलाहरू पनि सङ्लो वातावरण नभएकोले दोधारमा परेका देखिन्छन् ।

पत्रकारिताको सिकारमा महिला

महिला भन्नेबित्तिकै सौन्दर्य र मनोरञ्जनका साधनको रूपमा हेरिने समाजको पुरातन सोच अझै बदलिसकेको छैन । साबुन, क्रिम, मोटर, निर्माण, रङ्गरोगन लगायतका सामग्रीहरूको व्यवसायिक विज्ञापनमा महिलाहरूलाई नै अघि सारिएको हुन्छ । सरकारी वा निजी कार्यालय होस् वा शैक्षिक प्रतिष्ठान वा कर्पोरेट हाउसहरू नै किन नहोस्, महिलाहरूलाई नै सबैभन्दा अगाडिको डेस्कमा राखिएको हुन्छ । यसरी राख्नुको तात्पर्य कुनै पनि तोकिएको कार्य सम्पादन गर्न सक्दछिन् भन्ने नै हो । अर्कोतर्फ महिलाको सरल र मिठास प्रस्तुतिले जो कोहीलाई पनि मन्त्रमुग्ध र लठ्ठिठत तुल्याउँछ भन्ने मनोविज्ञान हो । नारी नभएको घरमा लक्ष्मीले बास नगर्ने चलन विश्वव्यापी रहेको सन्दर्भमा कुनै पनि कार्यस्थलमा पनि महिलालाई कार्यमा संलग्न गराउन सक्दा नै संस्था, प्रतिष्ठान र सङ्गठनको लक्ष्य र उद्देश्य प्राप्ति हुनजान्छ । पत्रकारिताको कुरा गर्ने हो भने

समाचार प्रस्तुतिका हिसाबले कुनै न कुनै रूपमा महिलाहरूसँग सम्बन्धित सचित्र समाचार, टिप्पणीहरूले राम्रै स्थान ओगटेका देखिन्छन् । खासगरी महिलाहरूलाई शोषण गरिएका, हिंसा, यौनजन्य सामग्रीहरूले पत्रकारिता रङ्गिरहेको बढी देखिन्छ । अश्लीलजन्य सामग्रीहरू चाँडै बिकाउ र चर्चामा आउने मनोविज्ञानले पनि महिलाहरू कुनै न कुनै रूपमा पत्रकारिताबाट हिंसामा परिरहेका छन् । खासगरी छापा र अनलाइन पत्रकारितामा महिलाहरूको इज्जत, मान प्रतिष्ठामा आघात पुग्ने खालका समाचार, टिप्पणी, फोटो र स्केचहरू बारम्बार आइरन्छन् । यस्ता केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :-

- यी युवतीसँग भुलेर पनि विवाह नगर्नुहोस्, पर्नसक्छ जीवनभर भारी (इन्फोटेक मिडिया, २७ मार्च २०२१)
- श्रीमानलाई दबाएरै राज गर्छन् यी राशिका महिला (ताजाखबर टिभी, वि.सं. २०७७ असार १२)
- रोकाया परिवारमा पुत्रलाभ (कदर अनलाइन, वि.सं. २०७७ साउन १०)
- पाँच वर्षकै उमेरमा बलात्कृत भएकी बालिका, जो छट्पटाउँदै छिन् अस्पतालमा (सिधाबाटो डटकम, वि.सं. २०७७ माघ ८)
- सबैलाई स्वास्नी अर्काकी र छोराछोरी आफ्नै राम्रा लाग्छन् (चर्चा साप्ताहिक, वि.सं. २०७७ असोज १९)
- सम्भोग भर्सेज समाधी : आश्रमको उत्ताउलो रात (परदेशी, वि.सं. २०७७)
- महिलाहरूले यौनसम्पर्क गर्नुअघि चाहने १० कुराहरू यस्ता छन् (नेपाल हिस्ट्री, २०१६)
- कस्ता पुरुष मन पराउँछन् महिलाहरू ? (न्युज ७८२ अनलाइन, २०२१)
- श्रीमान् विदेशमा श्रीमतीको वडाध्यक्षसँग सहर आएर मस्ती गरिरहँदा रङ्गेहात फेला परेपछि (पिपलबोट न्युज, २०१९) ।
- श्रीमती परपुरुषसँग सल्किएको कसरी थाहा पाउने ? (एभरेष्ट वाल, वि.सं. २०७५) ।
- विवाहपछि परपुरुषसँग आँखा लगाउनुको कारण यस्तो (खबरहब, वि.सं. २०७७) ।

अहिले बिनाअध्ययन र बिनाअनुभवका मान्छेहरू पत्रकार बनेर आफ्नो परिचय दिँदा सिङ्गो मिडिया बेइज्जत हुने अवस्थामा पुगेको छ । पत्रकारिता विषय नै नपढेका र सामाजिक सञ्जाल प्रयोगकर्तालाई पत्रकार मान्न थालियो भने यसले विकराल रूप लिन्छ (राई, २०१९) । नेपालको सञ्चार जगतमा पत्रकारिता शिक्षा हासिल गरेको जनशक्तिलाई अधिकरूपमा प्रयोग गरिएको देखिँदैन । पत्रकारिताको मर्मलाई आत्मसाथ गरेर पत्रकारिता गर्ने जनशक्ति तयार गर्न सरकारले पर्याप्त लगानीसमेत गरेको छैन । राजनीतिक पदमा पदासिन

पदाधिकारीहरूबाट प्रेस संयोजकको नाममा पार्टी कार्यकर्ताहरूलाई नियुक्ति गर्ने परिपाटीले सत्यतथ्य सूचना नागरिकसम्म पुग्नका लागि कहीँ न कहीँ बाधा व्यवधान खडा गरेको छ (काफ्ले, वि.सं. २०७७) । सामाजिक सञ्जालका मिडियाले केही प्रथम सूचना दिने र सस्तो लोकप्रियताको मनोरञ्जन दिनेभन्दा बेसी र व्यक्तिगत विचार दिनेभन्दा बढी केही गर्दैनन् । आधिकारिक र जिम्मेवार सूचना तथा टिप्पणीका लागि मूलधारकै मिडिया खोज्ने प्रवृत्ति बुद्धिजीवी र सचेत वर्गका पाठक, श्रोता, दर्सकहरूमा देखिन्छ । प्रेस स्वतन्त्रता भनेको छाडा छाड्नु होइन, नियमन गरिनुपर्छ तर नियमन गर्नु भनेको नियन्त्रण पनि होइन । अहिले धेरै छाडापन पनि देखिएको छ, सँगसँगै नियन्त्रण मात्रै होइन पूरै दबाउनुपर्छ भन्ने शैली पनि देखिन्छ । यो दुवै ठिक छैन । मूलधारका श्रव्यदृश्य र छापाहरूलाई नियमन गर्न सजिलो छ, युट्युब, अनलाइन मिडियामा भने नियमन अलि कठिन छ, तर बढी समस्या पनि त्यहीं छ (रेग्मी, वि.सं. २०७७) । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पदबहालीलगत्तै सञ्चार माध्यम र सञ्चारकर्मीको सङ्ख्या बढ्नु खुशीको कुरा भएपनि पत्रकारले जिम्मेवार र मर्यादित भएर काम गर्नु अहिलेको आवश्यक भएको बताउनुभएको थियो । पत्रकार आचारसंहिताको उल्लङ्घन गरी गलत ढङ्गबाट बनावटी समाचार बनाएर भ्रम छर्ने जुनसुकै मिडियाप्रति कडारूपमा प्रस्तुत हुने उहाँले बताउनुभयो । अध्यक्ष बस्नेतले राज्यका उच्च ओहोदामा भएका व्यक्तिलाई जथाभावी गालीगलौज गर्नेलाई पनि कारबाहीको दायरामा ल्याइने र केही बेथितिका कारणले पत्रकार र गैरपत्रकार छुट्याउन गाह्रो भैरहेको तथा अनलाइनका नाममा खुलेका कतिपय पोर्टलहरूले विकृति फैलाएको भन्दै उहाँले अब अनुगमन कडाइका साथ गर्ने उल्लेख गर्नुभयो (ललितपुरखबर, वि.सं. २०७८) । नियमनकारी निकाय प्रेस काउन्सिल नेपालको देशभर सङ्गठनात्मक संरचना विस्तार गरी आर्थिक, भौतिक र जनशक्ति सम्पन्न बनाउन सकेको खण्डमा पत्रकारितालाई मर्यादित बनाउन र आचारसंहिता लागू गर्न गराउनेतर्फ प्रभावकारी भूमिका निर्वाह हुन जानेछ । विद्यमान कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन सक्दा नै पत्रकारिताका छाडा, असभ्य र अशिष्ट व्यवहार न्यूनीकरण हुन जान्छ । जे लेखेपनि, जे छापेपनि, जे प्रस्तुती गरेपनि, जे भनेपनि कानुन र नियमनकारी निकायले केही कारबाही गर्न सक्दैन भनेर नै हुर्मत लिने कार्य भएको हो ।

कसैलाई होच्याउने नियतले बोली वा वचनले अपमानजनक शब्द प्रयोग गरेमा गाली गरेको मानिन्छ र गाली गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ (मुलुकी अपराध संहिता, २०७४, दफा ३०५) । यसैगरी, कुनै पनि किसिमबाट जानी जानी अरूको इज्जतमा धक्का पुऱ्याउने वा कसैको चरित्रहत्या गर्ने वा दोष लगाउने कुनै पनि

कार्यलाई बेइज्जती गरेको मानिन्छ । बेइज्जती गर्ने वा गराउनेलाई दुई वर्षसम्म कैद वा बिस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन्छ भने विद्युतीय वा आमसञ्चारका माध्यमबाट बेइज्जती गर्ने गराउनेलाई थप एक वर्षसम्म कैद र दस हजार रुपैयाँसम्म जरिबाना हुन्छ (मुलुकी अपराध संहिता, २०७४, दफा ३०७)। यसैगरी छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४ (ग१) ले पनि कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने सामग्रीहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न बन्देज लगाएको छ । यसप्रकार प्रतिबन्ध लगाइएको कुनै कुरा प्रकाशन गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुनेरहेछ भने सोहीबमोजिम र सो नभएमा दस हजार रुपैँयासम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था दफा २७ ले गरेको छ । यसप्रकार विद्युतीय वा आमसञ्चारका माध्यमबाट हुने बेइज्जतीलाई मुलुकी फौजदारी संहिता, २०७४ ले गाली बेइज्जतीसम्बन्धी कसुरअन्तर्गत राखेको हुँदा सामाजिक सञ्जाल, मोबाइल फोन वा अनलाइन सञ्चार पोर्टलहरूमार्फत हुने बेइज्जतीलाई समेत यसले समेट्न खोजेको देखिन्छ । तर यसप्रकारका कसुरलाई समेत साइबर अपराधको सूचीमा राखी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ प्रयोग गरेर मुद्दा चलाउने गरिएको छ । यसपछाडिको कारण साइबर अपराधमा सजाय बढी हुनु नै हो । यसरी हेर्दा उही सामग्री छापामाध्यममा प्रकाशित हुँदा बेइज्जती हुने तर अनलाइन सञ्चार पोर्टलमा आउँदा भने साइबर अपराध हुने विरोधाभाषपूर्ण अभ्यासले मान्यता पाएको देखिन्छ (गौतम, वि.सं. २०७७) । सभ्य र शालीन भाषामा कसैको स्वच्छ आलोचना गरिन्छ भने त्यसलाई स्वभाविक नै मानिन्छ । तर यसो गर्दा कानुनले बन्देज लगाएका विषयवस्तु, व्यक्तिगत गालीगलौज वा चरित्र हत्या गर्ने शब्दावलीको प्रयोग भने हुनुहुँदैन । सामान्यतया कसैप्रति रिस र क्रोधले उसकै अगाडि व्यक्त गरिने अपमानजनक वचन वा दुर्वाच्य गाली हो भने कसैको मान, प्रतिष्ठा, चरित्र, इज्जत र हैसियतमा आघात पुऱ्याउने मनसायले सार्वजनिक रूपमा गरिने अनादर वा अपमान बेइज्जती हो । यसरी गालीभन्दा बेइज्जतीमा कसरको गाम्भीर्यता बढी हुने देखिन्छ ।

महिला पत्रकारको सवाल

पत्रकारिता भन्ने बित्तिकै मानिसहरूलाई ग्ल्यामरस पेसाजस्तो लाग्दछ; किनकि, यसमा नाम 'प्रधान' भएको कारणले व्यक्तिको पहिचानमा छिट्टै असर परिहाल्दछ । अझ, श्रव्य, दृश्य माध्यममा त स्वरको मिठासले र अनुहारको प्रयोगले मानिसहरूको ध्यान छिट्टै तान्दछ । सायद, त्यसोभएर पनि होला, टेलिभिजन र रेडियोमा काम गर्न मानिसहरू छापामाध्यममा भन्दा अलि बढी

नै आकर्षित हुने हो । त्यसमा पनि, रेडियो र टेलिभिजनजस्ता माध्यमहरूले एङ्कर र प्रस्तोताको लागि महिलाहरूलाई राख्न खोजेको पनि देखिन्छ । केही अगाडि, रेडियोकी प्रथम गायिका रानुदेवीसँगको छोटो अन्तर्वार्ता, युट्युबमा हेर्दै गर्दा उहाँले भन्नुभएको सुनें, 'मलाई तारिणीप्रसाद कोइरालाहरूले समाचारको बिच बिचमा गीत गाउन लगाउनुहुन्थ्यो' । स्मरणीय छ, वि.सं. २००७ सालमा तारिणीप्रसाद कोइरालाले, नेपालमा रेडियोको प्रसारण सुरु गर्नुभएको थियो । यो सुन्दा, अनुमान गर्न सकिन्छ कि, रेडियोको प्रसारण एकाङ्की नहोस् र मधुर आवाजले श्रोताको ध्यान आकर्षण गर्न सकोस् भनेर महिलाको स्वर थपिएको हुनसक्छ (लम्साल, वि.सं २०७८ : कुराकानी) ।

महिलाहरूलाई जसरी रेडियो र टेलिभिजनमा सहजरूपमा काम गर्न, गराउन लगाएकोजस्तो देखिए पनि, छापामा भने त्यस्तो सहज कहिले पनि भएको देखिँदैन । छापामा सुरुदेखि नै पुरुषको बाहुल्य भएको हुँदा महिलाहरूले धेरै नै सङ्घर्ष गरिरहनुपरेको थियो र अझै पनि छ । नेपालमा मात्रै होइन, पश्चिमा इतिहास हेर्दै जाने हो भने पनि विश्वमै लोकप्रिय The New York Times को स्थापनाको १६० वर्षको इतिहासमा सन् २०११ Jill Abramson लाई उक्त पत्रिकाले पहिलो महिला कार्यकारी सम्पादकको रूपमा नियुक्त गऱ्यो । जबकि, सोही पत्रिकामा, सन् १९५५ देखि सन् १९७१ सम्म महिलाहरूलाई, 'चारवटा F' लेख्नको लागि प्रयोग गरिएको रहेछ । त्यो चारवटा F भनेको "Food, Fashions, Family, Furnishings" रहेछ । महिला पत्रकार आए कि, उनीहरूलाई, हप्ताको विभिन्न दिन प्रकाशित हुने उक्त लेखहरू लेख्न खटाइने रहेछ । सन् २०१८ सेप्टेम्बर २० मा प्रकाशित Amanda Svachula को लेख, 'When The Times Kept Female Reporters Upstairs' अनुसार, ती महिला पत्रकारहरूलाई मुख्य समाचार कक्षमा प्रवेश नदिइ, कार्यालय भवनको नवौँ तलामा एउटा कोठामा सीमित गरिने रहेछ (लम्साल, वि.सं २०७८ : कुराकानी) ।

सन् २०१७ अक्टोबर ३० देखि त The New York Times ले पहिलो Gender editor भनेर Jessica Bennett लाई नियुक्त गरेको छ । यसरी, १८ सेप्टेम्बर १८५१ सुरु गरिएको पत्रिकाले बल्ल २०१७ मा, १६६ वर्षको लामो यात्रापछि मात्रै, महिलाको विषयमा केन्द्रित भएर सम्पादक नै नियुक्त गरेको छ भने, पत्रकारितामा महिलाको स्थिति हिजो के थियो र आज के छ भन्ने अनुमान लगाउन सक्छौँ । भारतकै कुरा गर्ने हो भने पनि, सन् २०१९ अगस्त २ मा प्रकाशित 'प्रेस ट्रस्ट अफ इन्डिया' को समाचारअनुसार, युएन वोमेनले, भारतीय सञ्चार माध्यमहरूले महिलाहरूलाई, त्यहाँका ठुला मिडिया अर्गनाइजेसनहरूमा उचित स्थान नदिएको निक्यौंल निकालेको थियो । Gender Inequality in Indian Media शीर्षकको उक्त रिपोर्टमा भनिएअनुसार, भारतका अनलाइनहरूमा महिला

प्रतिनिधित्व समाचारपत्र तथा टेलिभिजनहरूमा भन्दा राम्रो देखिन्थ्यो ।

ती उदाहरणहरू लिने हो भने, नेपालले यो क्षेत्रमा गरेको प्रगतिलाई सानो आँक्न सकिँदैन । वि.सं. २००८ सालमा साधना प्रधान सम्पादक रहनुभएको "महिला" मासिक प्रकाशित भएसँगै नेपालको पत्रकारितामा महिलाको संलग्नता नेतृत्व तहमा देख्न सकिन्छ । तर यसले निरन्तरता पाउन सकेन (safalkhabar, वि.सं. २७५) । मानव अधिकार आन्दोलनहरूले महिला अधिकारसँग सम्बन्धित मुद्दाहरू पनि वकालत गर्न थालेपछि महिलाहरू स्वयम् जागरुक हुने क्रम बढ्यो । पत्रकारितामा महिलाको सहभागिता क्रमशः थपिँदै जान थाल्यो । विश्वमा सञ्चारयुगको क्रान्ति नै आएको छ । हात हातमै पत्रिका, रेडियो, टेलिभिजन, एफएम्, अनलाइन, युट्युब, सामाजिक सञ्जालको स्वाद छानीछानी लिन पाइन्छ । पत्रिकालाई प्रेसमा छपाएर नियमित गर्न पनि हम्मेहम्मे परेपछि अनलाइनमा बदल्ने कार्यसमेत भइरहेको छ । पत्रकारिताको मूलधर्म सकारात्मक सन्देश पस्कनु नै हो । आमनागरिकलाई सुसूचित गर्ने, राष्ट्र, राष्ट्रिय एकता, अखण्डता, सम्प्रभुतालाई अक्षुण्ण राख्ने, राज्यका निकायलाई सच्चिनका लागि सकारात्मक आलोचना गर्ने कार्य पत्रकारिताले गर्दछ । पत्रकारिता राज्यको चौथो अङ्गको रूपमा स्वीकारिनु पछाडि यिनै कारणहरू नै हुन् । यसभित्र पनि आधा आकाश ढाकेका महिलाहरूको मानमर्दन हुने समाचार टिप्पणी, भिडियो, फोटो आउने गरेका छन् । यस खालका प्रस्तुतिले समाजको कतिपनि भलो गर्दैन । पत्रकारिताभित्र यस खालका धमिरा प्रवृत्तिको अन्त्य गर्न पत्रकार आचारसंहिता र राज्यका कानुनहरूको प्रभावकारी कार्यान्वयनले सघाउन पुग्दछ ।

कतिपय पितृसत्तात्मक आँखा र सोचले ससाना कुराहरू ठान्ने विषयहरू जस्तो; सुत्केरी बिदा, बच्चा भएपछि, उत्तिकै समय र ऊर्जाले तत्काल काममा फर्किन नसकिने अवस्था, कार्यस्थलमा छुट्टै शौचालयको व्यवस्था नहुनु, पुरुषहरूको प्रभुत्वले थिचिएको, किचिएको न्युजरुममा महिलामैत्री वातावरण नहुनु, बारम्बार, 'महिलाको बौद्धिक स्तर नै हुँदैन' भनेर प्रत्यक्ष/परोक्ष रूपले आँकिनु, समयसापेक्ष तालिमहरूमा महिलाहरूलाई सामेल नगरिनुले पनि महिलाहरूलाई चुनौती थपिइरहेको छ । आजकाल पत्रकारिता क्षेत्रमा महिलाहरूको सङ्ख्या बढ्दै गएको छ; र एकदमै थोरै सङ्ख्यामा भएपनि, उनीहरूलाई पुरुषसरह नै जिम्मेवारी पनि दिन थालिएको छ । तर उक्त जिम्मेवारी पाउन, पुरुषको तुलनामा महिलाहरूले तेब्बर काम गरेर आफूलाई प्रमाणित गर्नुपर्दछ र महिलाहरूले त्यो गरेर पनि आफूलाई सक्षम साबित गरिरहेका देखिन्छन् ।

तीन खालका पत्रकार

पत्रकारिता सिकाइका लागि औपचारिक र अनौपचारिक शिक्षाले सहयोग

गरिरहेको देखिन्छ । विद्यालय, विश्वविद्यालय तहमा हुने पाठ्यक्रममा पत्रकारिताका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सैद्धान्तिक र व्यवहारिक विषयवस्तुलाई समेटिएको छ । त्यसैगरी अनौपचारिकरूपमा सञ्चार प्रतिष्ठान, पेसागत सङ्गठन र गैरसरकारी सङ्घसंस्थाका माध्यमबाट पत्रकारितासम्बन्धी तालिम, कार्यशालाहरू सञ्चालन गरिएका देखिन्छन् । इन्टर्नसिप र स्ट्रेन्जर पत्रकारको रूपमा विद्यार्थीहरूले काम सिक्ने अवसरको थालनी भएको छ । कतिपय मिडिया हाउसले यिनीहरूलाई मात्र कार्यक्षेत्रमा लगाउँदा सिकाइको चरणमा गुणतस्तर उठ्न नसकेको तीतो यथार्य हो । पहिलो जनआदोलन वि.सं. २०४६ अघि छापा पत्रकारिताको बोलवाला थियो । बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि व्यावसायिक पत्रकारिता फस्टाउन थाल्यो । नेपाल अधिराज्यको संविधान, २०४७ को मौलिक हकमा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध नलगाउने, सो सामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन र कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज नगरिने प्रावधान राखिएको थियो (नेपाल अधिराज्यको संविधान, वि.सं. २०४७ : धारा १३) । टेलिभिजन, रेडियो, एफएम्, अनलाइन पत्रकारिताको विकास ह्वात्तै बढ्यो । पत्रकारिता गर्नेहरू तीन खालका देखिएका छन्:

(क) एक खालका पत्रकार पत्रकारितामा प्रतिबद्ध रहेका छन् । साथै उनीहरूको कार्यसम्पादन गुणस्तरीय रहेको छ । पत्रकातिामा निरन्तरता नै यो समूहका पत्रकारहरूको साख हो । तल्लो तहबाट प्रवेश गरेर यिनीहरूले पत्रकारितामा प्रभाव पार्दै आएका छन् ।

(ख) अर्को मध्यम खालका पत्रकार रहेका छन् । यिनीहरूको सङ्ख्या अत्याधिक रहेको तर निरन्तरता देखिँदैन । दुई चार वर्ष पत्रकारितामा काम गर्ने, पलायन हुने गरेका छन् । पत्रकारितामा यस खालका पत्रकारहरूले प्रभाव पार्न सक्दैनन् ।

(ग) तेस्रो खालका पत्रकारको सङ्ख्या ठुलो रहेको छ । यिनीहरू आउँछन्, जान्छन् । यो क्रम जारी रहन्छ । पत्रकारिताको आचारसंहिताले पनि छुँदैन र जिम्मेवारी पनि वहन गर्नुपर्दैन ।

विश्लेषण

महिलाहरूले रूप र उमेर रहुञ्जेलसम्म मात्र पत्रकारितामा काम पाउने र उमेर ढल्किँदै गएपछि खासगरी ग्ल्यामरसको रूपमा रहेको सञ्चार माध्यमबाट अलग हुनुपर्ने तीतो यथार्थ छ । विदेशका टेलिभिजनका पर्दाहरूमा हेर्दा उमेर बढ्दै गएपछि मुहारमा चाउरी पर्दासम्म पनि समाचार प्रस्तुति भइरहेको हुन्छ । महिलाहरूको खुबी र मेहनतको कदर हुन्छ (कुँवर, वि.सं. २०७८ : कुराकानी) । मिडियामा कुनै प्रमुख कार्यक्रम पस्किनु पऱ्यो भने प्रायः पुरुषलाई प्राथमिकता

दिने गरिन्छ । तलब सुविधामा पनि पुरुष र महिलामा विभेद गरिएको छ । काममा बराबरी हैसियत भएपनि पारिश्रमिक भुक्तानीमा एकरुपता छैन । महिला पत्रकारहरू यौन र मानसिक हिंसामा परेपनि यो परिवार र समाजको डरले गुपचुप हराएर जान्छ । अवसर हुँदाहुँदै पनि मिडिया हाउसहरूको निर्णायक तहमा महिलाहरूको प्रतिनिधित्व न्यून हुनु, महिलाहरूलाई हार्ड न्युजमा भन्दा सफ्ट न्युजको लागि मात्र खटाइनु, अझै पनि कार्यक्षेत्रमा हुने दुर्व्यवहार र समान तलब सुविधामा महिला पत्रकारहरू पीडित भैरहनु, काम गर्नको लागि सुरक्षित वातावरण नहुनु, घरभित्रको कार्य बाँडफाँड नहुँदा पत्रकारिता जस्तो चुनौतीपूर्ण क्षेत्रमा महिला पत्रकारहरूले पूर्णकालीन रूपमा खट्न नसक्नु इत्यादि कुराहरू ज्युँका त्यूँ छन् (अधिकारी, वि.सं. २०७८ : कुराकानी) । कोरोना भाइरस महामारीका समयमा जागिर गुमाउने पत्रकारहरूमा महिला नै बढी थिए ।

प्राविधिक ज्ञानमा कमी रहेको कारण महिला पत्रकारहरूका लागि कार्यपूर्व र कार्यसमयमा निरन्तर तलिम दिइ उनीहरूको कलम तिखारिरहनु पर्दछ । अवसरको खोजीमा पत्रकारितामा प्रवेश गर्न खोज्ने महिला पत्रकारहरू प्रसाप्रति प्रतिबद्धत हुन सके भने यो दिगो हुन जान्छ । पत्रकारिता अध्ययन गर्ने छात्राहरू छात्रभन्दा धेरै रहेका छन् । तर उनीहरू बजारमा किन आउँदैनन् वा आएपनि किन टिक्दैनन् ? यसको उत्तर धेरै सजिलो छ । सुविधाहरू प्राप्त नहुने, विवाहपछि निरन्तरता नहुने, विदेश यात्रा, प्रतिकूल वा असहज वातावरणले पत्रकारितामा महिलाहरूको जसरी प्रवेश हुने गरेको छ, त्यसरी नै बिलाउने गरेको पनि छ । गर्भावस्था, बेडरेष्ट, सुत्केरी बिदा नपाउँदा पत्रकारिता छाड्नुपर्ने अवस्था एकातिर छ भने अर्कोतिर बच्चा लिएर सञ्चार प्रतिष्ठानमा जान सकिँदैन । बाल स्याहार गृहको प्रबन्ध नेपालमा कुनै पनि सञ्चारगृहहरूले गर्न सकेको देखिँदैन । तलब राम्रो नहुँदा एउटै पेसाले घर व्यवहार नचल्ने भएकाले पलायन रोगको रूपमा नै देखा परेको छ । महिला पत्रकारहरूलाई सिफ्टमा काम गर्न गाह्रो छ । न्युज रुममा पनि उनीहरूको पहुँच देखिँदैन । साँझ बिहान रिपोर्टिङ वा ड्युटीमा रहेर काम गर्न महिलालाई निकै समस्या देखिएको छ । आर्थिक रूपमा पर्याप्तता छैन । तलबले घर र जीवन चल्दैन । पत्रकारिताबाट महिला मात्रै होइनन्, पुरुष पनि हराएका छन् । तर पुरुषप्रधान समाजमा साँझ बिहान हिँडडुल गर्दा अनेक सामना महिलाहरूले नै गर्नुपर्छ । सानो बजारमा पत्रकारिताको सङ्ख्या त बढेको छ, तर यदाकदा समाचार टिप्पणी गुणस्तरीय नहुने गरेकाले सञ्चार माध्यमहरू सङ्कटमा परेका छन् । खासगरी परम्परागत मिडियाहरू घिटीघिटी रूपमा रहेका छन् । भन्नुको तात्पर्य व्यक्तिगत र पारिवारिक घरानियाका रूपमा सञ्चालित छापा पत्रकारिता निकै कमजोर भएको छ । भन्नैपर्ने हुन्छ जानी नजानी पत्रकारितामा प्रवेश गरेका महिलाहरू भविष्य नदेखेर नै विकर्षित भइरहेका छन् ।

महिला पत्रकारका चुनौतीहरू

- चुलो चौको सम्हाल्नुपर्ने,
- पति, सासू/ससुराको सेवा गर्नुपर्ने,
- बालबच्चा हुर्काउनुपर्ने,
- पाहुनाको स्वागत सत्कार गर्नुपर्ने,
- परिवार, समाजको मर्यादा कायम गर्नुपर्ने,

यति हुँदाहुँदै पनि अवसर पनि रहेका छन् । मेहनत गर्ने र प्रतिबद्ध भएर पत्रकारितामा लाग्ने महिलाहरूलाई अवसर पनि रहेको छ । टेलिभिजनमा समाचार र कार्यक्रम प्रस्तोताका रूपमा महिला पत्रकारहरूले अत्यन्तै राम्रो गरिरहेका छन् । स्थापित महिला पत्रकारहरू नेपालकै पत्रकारितामा प्रवेश गरेर समाजमा अब्बल देखिएका छन् । सञ्चार प्रतिष्ठानको गहन जिम्मेवारीमा महिला पत्रकारहरूले आफूलाई तिखारिरहेका छन् । घर परिवारको साथ र सहयोग हुन सक्दा नै पत्रकारितामा रहेको अवसरलाई समाउन सकिन्छ । सरकारी सञ्चार प्रतिष्ठानमा खुला तथा आरक्षण प्रणालीबाट पनि पत्रकारितामा महिलाहरूको प्रवेश राम्रैसँग भैरहेको छ । निजी क्षेत्रमा पनि समाचारदातादेखि सम्पादकसम्म महिलाहरूले जसरी आफूलाई स्थापित गरिरहेका छन्, भोलिका दिनमा उनीहरू "आइडल लेडी" को रूपमा देखिन सक्ने हुनुपर्दछ । आफूलाई अब्बल देखाएर बार्गेनिङ गर्न सक्दा पत्रकारितामा जति पनि पैसा छ । आमसञ्चार प्रतिष्ठानहरूले तलब, भत्ता, सुविधा र अवसर दिने पनि गरेका छन् । पत्रकारितामा टिक्ने र गरेर खाने महिला पत्रकारको सङ्ख्या उदाउने र हराउनेहरूको तुलनामा सानो सङ्ख्यामा रहेपनि यसले ठुलो प्रभाव छाडेको छ । हिंसाको परिणाम मृत्युसम्म हुन सक्दछ भने पीडितले जीवनभर अनगिन्ती यातनाहरू खप्नुपर्ने हुन्छ । हिंसाले मानसिक, शारीरिक क्षति पुऱ्याउँदछ भने यसले सामाजिक सम्मान र आत्मसम्मानमा समेत ठुलो क्षति पुऱ्याउँदछ । हिंसाको कारण व्यक्तिमा पर्ने भावनात्मक क्षतिलाई जोख्न नसकिए तापनि यसले समग्रमा महिलाको जीवनस्तरमा नै नकारात्मक असर पार्दछ ।

निष्कर्ष

प्रतिबद्ध, सङ्घर्ष र विश्वसनीयता हुन सक्यो भनेमात्र पत्रकारिता गर्न सकिन्छ । विश्वमा मात्र होइन, नेपालमा पनि महिलाहरूको सङ्ख्या पुरुष बराबरी नै रहेको छ । नेपालमा पत्रकारिता गर्ने महिलाहरू करिब एक चौथाई सङ्ख्यामा रहेका छन् । महिलामैत्री पत्रकारिताको वातावरणका लागि सरकारी तहबाटै नीति तथा कार्यक्रम बनाउनुपर्ने देखिन्छ । आमसञ्चार माध्यम प्रतिष्ठानहरूमा महिलाहरूको सामाजिक सुरक्षा र महिलामैत्री वातावरण बनाउन सकिएको

खण्डमा पत्रकारितामा महिलाहरूलाई होच्याउने, मानमर्दन गर्ने, यौन दुर्व्यवहार गर्ने खालका घटनाक्रमहरू न्यूनीकरण हुन जान्छ । हरेक सञ्चार प्रतिष्ठानमा महिला पत्रकारहरू अब्बल हुँदै जाने वातावरण निर्माण हुन सक्यो भने यसले महिला विधाका समाचार, टिप्पणी, लेख वा प्रस्तुतिहरूमा अवस्य सुधार हुनेछ । यसका अलावा दर्ता नगरी सञ्चालन गरिएका मिडियालाई कानुनी दायरामा ल्याउनुपर्ने त छँदैछ, युट्युब र सामाजिक सञ्जाललाई पनि अनुगमनको दायरामा ल्याउनुपर्ने टड्कारो आवश्यकता छ । सञ्चार प्रविधिको द्रूत विकाससँगै पत्रकारितामा समाचार बिकाउन र चर्चा बटुल्न महिलाहरूको चरित्र छरपस्ट पार्ने घिनलाग्दो कार्य निर्मूल गर्न सकियो भने यसले पत्रकारिताप्रति आममानिसको विश्वास जाग्दछ ।

(लेखक त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र केन्द्रीय विभागमा उपप्राध्यापक हुनुहुन्छ ।)

सन्दर्भ सामग्री

अधिकारी, गोविन्द -वि.सं. २०७७ असोज १९) । सबैलाई स्वास्नी अर्काकी र छोराछोरी आफ्नै राम्रा लाग्छन् । चर्चा साप्ताहिक, ५०(१०) ।

अधिकारी, द्वारिकाकुमारी (वि.सं. २०७८, मङ्सिर २७) । कुराकानी । नेपालगञ्ज ।

उपयोगी इन्फो (२०२१) । यी युवतीसँग भुलेर पनि विवाह नगर्नुहोस्, पर्नसक्छ जीवनभर भारी । https://www.infolinkmedia.com/archives/3543

एभरेष्ट वाल (वि.सं. २०७५) । श्रीमती परपुरुषसँग सल्किएको कसरी थाहा पाउने ? https://everestwall.com/2018/11/04/18862

कदर न्यूज (वि.सं. २०७७) । रोकाया परिवारमा पुत्रलाभ । https://kadarnews.com/archives/9827

कानुन किताव व्यवस्था समिति (वि.सं. २०४७) । नेपाल अधिराज्यको संविधान, २०४७ । काठमाडौं ।

काफ्ले, विन्दु (वि.सं. २०७७) । मिडिया छाडा भएकै हुन् त ? https://nayayougbodh.com/opinion/2020/08/10/373645

कुँवर, अनिता (वि.सं. २०७८, मङ्सिर २१) । कुराकानी । काठमाडौं ।

खबरहब (वि.सं. २०७७) । विवाहपछि परपुरुषसँग आँखा लगाउनुको कारण यस्तो । https://www.khabarhub.com/2020/08/225636/

गीताप्रेस (सन् २०१०) । जीवनचर्या । ८४(१) । बाराणसी ।

छापाखाना र प्रकाशन सम्बन्धी ऐन, वि.सं. २०४८

ताजाखबर टिभी (वि.सं. २०७७) । श्रीमानलाई दबाएरै राज गर्छन् यी राशिका महिला । https://tajakhabartv.com/archives/45155

नरहरिनाथ, योगी (वि.सं २०५९) । ऐतिहासिक शिखरिणी यात्रा । काठमाडौं : बृहत् अध्यात्मिक परिषद ।

नेपाल हिस्ट्री (२०१६) । महिलाहरूले यौनसम्पर्क गर्नु अघि चाहने १० कुराहरू यस्ता छन् । https://123nepalhistory.blogspot.com/2016/10/blog-post_24.html

न्युज ७८२ अनलाइन (२०२१) । कस्ता पुरुष मन पराउँछन् महिलाहरू ? https://news782online.com/2021/29890/

परदेशी, गुमनाम (वि.सं. २०७७) । सम्भोग भर्सेज समाधी : आश्रमको उत्ताउलो रात । https://www.nepalplus.com/2020/09/1846.html

पिपलबोट न्यूज (२०१९) । श्रीमान विदेशमा श्रीमतीको वडाध्यक्षसँग सहर आएर मस्तीगरिरहदा रंगेहात फेला परेपछि । http://www.pipalbotnews.com/archives/16010

महिला, कानुन तथा विकास मञ्च (वि.सं. २०७६) । कानुनी सशक्तिकरण र न्यायको पहुँच । काठमाडौं ।

महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, सन् १९९३

मुलुकी अपराध संहिता, वि.सं. २०७४

राई, राजकुमार (२०१९) । युट्युब र फेसबुक छाडा भयो, यसले पत्रकारितालाई बिगाऱ्यो । https://www.jerungfilms.com/2019/08/3798/

रेग्मी, राघवराज (वि.सं. २०७७) । नेपालको मिडियामा धर्म पालनकै चुनौती । https://www.newsofnepal.com/2020/09/27/355751/

लुँइटेल, घमराज (वि.सं. २०७८, मङ्सिर १०) । कुराकानी । काठमाडौं ।

लम्साल, अमृता (वि.सं. २०७८, मङ्सिर १४) । कुराकानी । काठमाडौं ।

ललितपुर खबर (वि.सं. २०७८) । छाडा पत्रकारिताको अन्त्य गर्नु आफ्नो पहिलो प्राथमिकता । https://www.lalitpurkhabar.com/2021/06/06/37972

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, वि.सं. २०६३

सिधाबाटो (वि.सं. २०७७) । पाँच वर्षकै उमेरमा बलात्कृत भएकी बालिका, जो छट्पटाउँदै छिन् अस्पतालमा । https://sidhabato.com/archives/75173

***

मिडियामा महिला : हिजो, आज र भोलि

सञ्चार माध्यममा महिलासम्बन्धी सामग्रीको सङ्ख्या र गुणस्तर दुवै बढाउनुपर्ने आवाज उठिरहेको छ । विगतको तुलनामा राम्रै स्थान र महत्व दिने क्रम बढिरहेको सन्दर्भमा पक्कै पनि आगामी दिनमा थप सुधार हुँदै जानेछ ।



झबिन्द्र भुसाल

जहानियाँ राणाशासनको अन्त्यसँगै नेपालमा पत्रकारिता क्षेत्रमा महिलाको सहभागिता र सक्रियता बढ्न थालेको पाइन्छ । तर २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् सञ्चार माध्यमको सङ्ख्यात्मक वृद्धिसँगै सबै प्रकारका सञ्चार माध्यममा महिला सहभागिता वृद्धि हुँदै आएको हो । नेपालको कुल जनसङ्ख्यामध्ये करिब ५२ प्रतिशत महिलाको सङ्ख्या छ । जनसङ्ख्यामा ठुलो हिस्सा ओगटेका महिलाको सहभागिता बढाउन पछिल्लोपटक आरक्षणसहितका समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ । तर पनि महिलाको सहभागिता अपेक्षाकृतरूपमा बढ्न सकेको छैन ।

मिडियामा महिलाको सहभागिता

पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घको पछिल्लो तथ्याङ्कअनुसार कुल १३ हजार ५० पत्रकारमध्ये महिला पत्रकारको सङ्ख्या २ हजार ३ सय ५४ (१८ प्रतिशत) रहेको छ, जबकि सञ्चारिका समूहले २०७२ मा गरेको अध्ययनले मुलुकभरका विभिन्न मिडियामा कार्यरत महिलाको सङ्ख्या २५ प्रतिशत रहेको देखाएको थियो । मिडिया एड्भोकेसी ग्रुप(म्याग)ले सन्

२०२० मा प्रकाशन गरेको पत्रकार तथा सञ्चारकर्मीका लागि लैङ्गिक समानता अभिमुखीकरण पुस्तिकामा निर्णायक पदमा महिलाको सङ्ख्या कम रहेको उल्लेख छ । राजधानीका ३२ सञ्चारगृहको तथ्याङ्क हेर्दा प्रधान सम्पादक कुल १२ र प्रबन्ध कार्यकारी सम्पादक ६ मध्ये महिलाको सङ्ख्या शून्य छ भने कुल सम्पादक ६७ मध्ये १.५ प्रतिशत मात्र महिला छन् ।

सरकारी लगानीमा सञ्चालित गोरखापत्र, रेडियो नेपाल, नेपाल टेलिभिजन र राष्ट्रिय समाचार समिति (रासस)मा स्थायी कर्मचारी पूर्ति गर्दा समावेशी सिद्धान्तलाई अँगाल्नुपर्ने व्यावहारिकता, कानुनी व्यवस्थाका कारण समेत पछिल्लोपटक पहिलेभन्दा महिला उपस्थिति वृद्धि हुँदै गएको छ ।

नियमितरूपमा प्रकाशन हुने पत्रपत्रिकाको वर्गीकरण प्रेस काउन्सिल नेपालमा रहेको वितरण सम्परीक्षण समितिबाट हुने हुँदा महिला सम्पादक भइ प्रकाशन हुने पत्रिकाको लागि प्रोत्साहनस्वरूप विशेष सुविधाका साथ मूल्याङ्कन हुने व्यवस्था गरिएको छ । यसले गर्दा छापामाध्यममा सम्पादक महिलाको सङ्ख्या केही बढेको देखिन्छ । तर कतिपय सम्पादक नाम मात्रकै हुने र पत्रिका अरुले जिम्मा लिइ प्रकाशन हुँदै आएको अनुगमनबाट देखिएको छ । आ.व. २०७५/७६ को वर्गीकरणका लागि ८८३ पत्रपत्रिकाले आवेदन दिएकोमा काठमाडौँ उपत्यकामा ४२ सहित मुलुकभर १४१ महिला सम्पादक भइ पत्रिका प्रकाशन हुने गरेको पाइन्छ । यीमध्ये दैनिकमा १६, साप्ताहिकमा ८५, पाक्षिक ५, मासिक २७, त्रैमासिक ८ वटामा महिला सम्पादक रही प्रकाशन भएको देखिन्छ । महिला सम्पादक भएर राम्रै काम गरेको सङ्ख्या निकै थोरै छ । माथि उल्लिखित अधिकांश सम्पादक पत्रपत्रिका वर्गीकरणमा महिला सम्पादक भएमा पाइने विशेष सुविधाका लागि भएको भन्ने धेरै गुनासो सुन्नमा आउने गर्छ । काउन्सिलमा २०७८ मङ्सिर २८ मा महिला सम्पादकलाई बोलाइएको कार्यक्रमको सिलसिलामा आमन्त्रण गर्ने क्रममा र उपस्थितिले समेत उक्त विषय गलत हो भन्न सकिने स्थिति रहेन ।

यस्तै सूचना प्रविधिको विकास र विस्तारसँगै अनलाइन सञ्चार माध्यमको सङ्ख्यात्मक वृद्धि निकै हुने गरेको छ । २०७७ असार मसन्तमा २१३८ अनलाइनले सूचीकरणका लागि आवेदन दिएकोमा २०७८ असार मसान्तमा २७६० र २०७८ पुस १५ सम्म त्यसरी आवेदन दिने अनलाइनको सङ्ख्या ३०५३ पुगेको देखिन्छ । यी अनलाइन सञ्चार माध्यममा महिला सञ्चालक भइ सूचीकरण भएकाको सङ्ख्या २९१ रहेको छ । व्यवसायिकरूपमा चलेका एवं ठुला भनिएका अनलाइनहरूमा समेत सम्पादक महिला भेट्टाउन कठिन छ ।

पत्रकारिता अध्ययनमा महिला बढी

तालिम र अभ्यासका आधारमा पत्रकारिता गर्दै अघि बढ्नुपर्ने विगतको लामो अभ्यास भएता पनि हाल विभिन्न विद्यालय, विश्वविद्यालयमा उच्चस्तरमा पत्रकारिता शिक्षा अध्ययन हुँदै आएको छ । मिडियामा पत्रकारिता अध्ययन गरेका जनशक्तिको क्रमशः बाहुल्यता बढ्दै जान थालेको छ ।

पत्रकारिता अध्ययन गरिरहेका विभिन्न तहका विद्यार्थीहरूमध्ये अधिकांश महिलाहरू नै हुने गरेको पाइन्छ । पत्रकारिता अध्ययन गर्ने विभिन्न कलेजबाट समयसमयमा प्रेस काउन्सिल नेपालमा अध्ययन, अवलोकनको लागि विद्यार्थीहरू आउने गरेका छन् । तीमध्ये हालै (२०७८ मङ्सिर १३ गते) साउथवेस्टर्न

> **मिडियामा महिलाको सहभागिता न्यून र यसमा पनि नेतृत्व तह वा सम्पादकीय समूहमा निकै कमी हुनुले महिलाका विषय आउनुपर्ने जति नआएको भनिने गरेको छ ।**

स्टेट कलेज, बसुन्धारा काठमाडौँमा कक्षा ११, १२ मा अध्ययन गर्ने ३० जना विद्यार्थीले काउन्सिलमा अवलोकन भ्रमण गरेका थिए । यीमध्ये २३ महिला (छात्रा) र ७ पुरुष (छात्र) रहेका छन् । यो त एक उदाहरण मात्र हो । यस्तै प्रवृत्ति सबै कलेजतिर रहेको पाइन्छ, यसले पत्रकारिता अध्ययनपश्चात् अबका केही वर्षहरूमा मिडियामा महिलाको सङ्ख्या वृद्धि हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

मिडियामा महिलाका सवाल

सञ्चारमा महिला सहभागिताको जति बढी महत्व छ त्योभन्दा बढी महत्व महिलाका विषयको हुने गर्दछ । मिडियामा महिलासम्बन्धी विषयवस्तु के कति र कसरी आउने गर्दछन् भन्ने विषय महत्वपूर्ण रहन्छ । मिडियामा महिलामाथि हुने विभिन्न हिंसादेखि सशक्तिकरणसम्मका सामग्रीहरू सम्प्रेषित भइरहेका हुन्छन् । विगतको तुलनामा यी विषय विभिन्न मिडियामा आउने गरे पनि अपेक्षाअनुसार नआएको, प्राथमिकतामा नपरेका गुनासाहरू आइरहेका हुन्छन् । मिडियामा महिलाको सहभागिता न्यून र यसमा पनि नेतृत्व तह वा सम्पादकीय समूहमा निकै कमी हुनुले महिलाका विषय आउनुपर्ने जति नआएको भनिने गरेको छ । महिलासम्बन्धी सामग्रीहरू प्रायः बढी मात्रामा नकारात्मक ढङ्गले प्रस्तुत

हुने गरेको, मनोरञ्जन र सौन्दर्यको साधनको रूपमा समाचार र विज्ञापनमा सामग्रीहरू आउने गरेको अनुगमन र अध्ययनले देखाउँछ । कतिपय सार्वजनिक सञ्चारमा माध्यमहरू र सामाजिक सञ्जालमा बलात्कारका पीडितको परिचय तथा फोटो देखिने गरी सूचना तथा समाचारहरू सार्वजनिक हुने गरेको, यसले गर्दा कानुनद्वारा संरक्षित पीडितको गोपनीयताको हकको अधिकारको हनन भएको भन्ने गुनासो, उजुरी आउने र यस्ता विषय कारबाहीको दायरामा ल्याउन अदालतमा मुद्दा दायर हुने गरेको पाइन्छ । यसर्थ यस्ता विषयमा सञ्चार माध्यम थप संवेदनशील हुनु आवश्यक देखिन्छ । सञ्चार माध्यममा महिलासम्बन्धी सामग्रीको सङ्ख्या र गुणस्तर दुवै बढाउनुपर्ने आवाज उठिरहेको छ । विगतको तुलनामा राम्रै स्थान र महत्व दिने क्रम बढिरहेको सन्दर्भमा पक्कै पनि आगामी दिनमा थप सुधार हुँदै जानेछ ।

संहितामा महिला, सहभागिता र सवाल

प्रत्येक वर्ष नोभेम्बर २४ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन हुँदै आएकोमा यस वर्ष अन्तर ाष्ट्रिय नारा *Orange the World: End Violence Against Women Now,* र"घरैदेखि सुरु गरौं, महिलाविरुद्धको हिंसा अन्त्य गरौं" भन्ने राष्ट्रिय नाराका साथ सो अभियान सम्पन्न भएको छ । यही सन्दर्भ पारेर काउन्सिलको त्रैमासिक प्रकाशन 'संहिता' जर्नल मिडियामा महिला विशेष बनाउने गरी तयारी हुँदैथियो । प्रकाशनको समय-सीमा त छँदैथियो । धेरैतिर आग्रह अनुरोध पनि भए । तर सहभागिता र विषयवस्तु अपेक्षाकृतअनुसार हुन सकेन । यसै सन्दर्भमा संहिताका अङ्कमा महिला सहभागिता र विषय के कस्तो रहेछ भनेर पछिल्ला ६ वटा अङ्कको अध्ययन गरिएको थियो । उक्त अध्ययन हुँदा देखिएको तथ्य यहाँ प्रस्तुत गरिएको छ ।

संहिता/ अङ्क	जम्मा लेख	महिला लेखक	सहभागिता प्रतिशतमा	विषयवस्तु	
				महिलासम्बन्धी	अन्य
४६	३४	११	३२.३५%	४	७
४७	२७	५	१८.५१%	२	३
४८	२५	३	१२.००%	१	२
४९	३६	६	१६.६७%	०	६
५०	३२	९	२८.१२%	४	५
५१	३३	१४	४२.४२%	११	३

यी ६ अङ्कमा महिला लेखकको सहभागिता हेर्दा सबैभन्दा बढी ५१ अङ्कमा ४२.४२% र सबैभन्दा कम ४८ अङ्कमा १२.% रहेको छ । सरदरमा हेर्ने हो भने २५% सहभागिता देखिन्छ । महिला पत्रकारका लेखहरूमध्ये अधिकांश महिलासम्बन्धी विषयभन्दा फरक छन् भने महिलासम्बन्धी विषयमा निकै कम रहेको देखिन्छ । यस्तै लेखकहरू प्रायः दोहोरिएकोसमेत देखिन्छ ।

संहिता त्रैमासिकमा महिला सहभागिता किन कम देखिएको छ भनी समीक्षा हुँदा धेरैलाई संहिताबारे जानकारी नै छैन, जसलाई सम्पर्क गरिएको हुन्छ, उहाँहरूलाई पटक पटक अनुगमन नहुने, कतिपयलाई विषयवस्तु के कसरी लेख्ने भन्ने जानकारी नहुने र कतिपयले मेरा, हाम्रा लेख पनि छापिन्छन् र ? भन्ने जस्ता विषयले सहभागिता कम भएको हुन सक्ने आँकलन गरिएको छ । उल्लिखित विषयमा ध्यान दिइ सहभागिता बढाउनेतर्फ लाग्नुपर्ने देखिएको छ ।

सकारात्मक प्रयास :

पत्रकारितामा महिला सहभागिता वृद्धि गर्ने, यस क्षेत्रमा क्रियाशील पत्रकार महिलालाई प्रोत्साहन गर्ने उद्देश्यले केही सकारात्मक प्रयासहरू भएका छन् । सरकारी सञ्चारगृहमा कर्मचारी भर्ना गर्दा निश्चित प्रतिशत महिला हुनुपर्ने समावेशी प्रतिनिधित्वको सिद्धान्तअनुसार काननुहरू निर्माण गरी कार्यान्वयनमा रहेका छन् । यस्तै निजीस्तरका सञ्चारगृहमा समेत महिलाको सहभागिता वृद्धि गर्दै लगेको पाइन्छ ।

छापा सञ्चार माध्यममा महिला सहभागिता, त्यसमा पनि नेतृत्व तह अर्थात् महिला सम्पादक भइ प्रकाशन हुने पत्रपत्रिकालाई वर्गीकरणमा विशेष सुविधा उपलब्ध हुने व्यवस्था छ । पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड-२०६६ (परिमार्जन, २०७५)को बुँदा नं. २८ मा महिला, दलित वा शारीरिक अपाङ्गता भएका व्यक्ति सम्पादक रही प्रकाशन भएको पत्रपत्रिकालाई विषयवस्तुबापत सम्बन्धित पत्रिकाले प्राप्त गरेको अङ्कलाई २ ले गुणान गरी अङ्क दिने व्यवस्था छ । तर यसरी दिइएको कुल अङ्क पूर्णाङ्कभन्दा बढी नहुने गरी व्यवस्था गरिएको छ । विषयवस्तुबापत कुल १०० पूर्णाङ्कमध्ये १० पूर्णाङ्क कायम गरिएको छ ।

त्यस्तै काउन्सिल गर्ने तालिम, जागरणलगायत कार्यक्रममा महिला पत्रकारको सहभागिता अनिवार्य गर्ने गरिएको छ । महिला पत्रकारहरूलाई प्रोत्साहन गर्न काउन्सिलले प्रत्येक वर्ष महिला सशक्तिकरण पत्रकारिता पुरस्कार प्रदान गर्दै आएको छ ।

त्यस्तै नेपालको मिडियालाई आधुनिकीकरण, व्यावसायिकरण गरी पत्रकारिता क्षेत्रको संस्थागत र गुणात्मक विकासका लागि मोफसलका सञ्चार

माध्यम र पत्रकारलाई सहायता प्रदान गर्ने उद्देश्यले स्थापना भएको मिडिया विकास कोषको नीतिमा समेत महिला पत्रकारको लागि विशेष सुविधा उपलब्ध हुने व्यवस्था छ । उक्त नीतिमा अति दुर्गम क्षेत्र एवं दलित, महिला, अपाङ्गता, एकल महिला, लोपोन्मुख वर्ग, पिछडिएको वर्ग, न्यून आय भएका वर्गले सञ्चालन गर्ने सञ्चार माध्यमलाई अनुदान उपलब्ध गराउँदा प्राथमिकता दिने, ल्यापटप खरिदमा एक वर्षमा एक जिल्लामा एक वटासम्म अनुदान उपलब्ध गराउने तर सहिद परिवार, दलित, महिला, अपाङ्गता भएका, लोपोन्मुख वर्ग, पिछडिएको वर्गद्वारा सोही जिल्लामा थप खरिद गर्न प्रस्ताव आएमा थप एकलाई अनुदान उपलब्ध गराउन सकिने, अन्य सोधपत्र, लेखनवृत्तिमा समेत महिला पत्रकारलाई प्राथमिकता दिने उल्लेख भएको छ ।

महिलासम्बन्धी समाचार सम्प्रेषणको व्यावसायिक पक्षलाई मर्यादित, जवाफदेही, प्रभावकारी एवं परिणामुखी बनाउन महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ जारी गरि कार्यान्वयनमा ल्याइएको छ ।

यस्तै पत्रकारितामा महिला पत्रकारको सहभागिता वृद्धि गर्ने, प्रोत्साहन गर्ने र दक्षता वृद्धि गरी टिकाइ राख्न सञ्चारिका समूह, क्रियाशील महिला पत्रकार (WWJ)जस्ता गैरसरकारी संस्थाहरूसमेत क्रियाशील छन् । यसले गर्दा आगामी दिनमा पत्रकारिता क्षेत्रमा महिला सहभागिता बढ्दै जाने अपेक्षा गर्न सकिन्छ ।

(लेखक प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत हुनुहुन्छ ।)

***

उही तँ, तिमी, तपाईं र मौसुफ

सञ्चार माध्यमले 'तिमी' लेख्न र भन्न हुन्छ कि हुँदैन भन्ने कुरामा ठोस निर्णय गरिदिने निकाय भएन । अर्थात् यस विषयमा कुनै नियमन, निर्देशन वा निर्णय आवश्यक परेन होला ।



गोविन्द लुइँटेल

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनलगायतका सञ्चार माध्यमले 'तिमी' भनेको र लेखेको मन परेन । उहाँले 'तिमी'मा धेरैपटक आपत्ति जनाउनुभयो, प्रश्न उठाउनुभयो । उहाँले 'तिमी'मा खासगरी राष्ट्रपतिको कुरा उठाउनुभयो र महिलालाई सम्मान नगरेको भन्ने चर्को प्रतिक्रिया जनाउनुभयो ।

नेपाली भाषामा आदरार्थीका अनेक तह छन्, 'तँ' बाट सुरु भएर तिमी, तपाईं, हजुर, मौसुफसम्म । सर्वनामका यी तहअनुसार क्रियापदको रूप चल्छ ।

एउटा दृष्टान्त हेरौँ : तँ राम्रो कविता लेख्छस्/लेख्छेस् । यो वाक्यलाई आदरार्थीको तहमा विकास गर्दै जाँदा यस्तो हुन्छ- तिमी राम्रो कविता लेख्छौ/लेख्छ्यौ, तपाईं राम्रो कविता लेख्नुहुन्छ, हजुर राम्रो कविता लेख्नुहुन्छ/लेखिसिन्छ, मौसुफ राम्रो कविता लेखिबक्सन्छ ।

'मौसुफ' नेपाली राजपरिवारमा मात्रै चल्ने सर्वनाम मानिन्छ, अहिले राजसंस्था छैन तर 'बसिक्न'चाहिँ आफूलाई उच्च खान्दान ठान्ने परिवारमा मजाले चल्छ । 'सिनु'चाहिँ 'बक्सिनु'को कनिष्ठ बन्धुका रूपमा प्रचलित छ । राजसंस्था नभए पनि पछिल्ला दिनमा यो राजनीतिक पार्टी, नेता कार्यकर्ताबिच चल्न थालेको छ ।

सञ्चार माध्यम भनेको प्रकारान्तरले नै सही भाषा सक्ने सिकाउने माध्यम पनि हो भनेर मान्ने हो भने यसले भाषाशैलीका सबै मूल्य मान्यताहरू अवलम्बन गर्नुपर्ने हुन्छ । सञ्चार माध्यमहरू नेपाली भाषामा प्रचलित आदरार्थीको श्रृङ्खलाबाट बाहिर जाँदा 'तिमी'बाहेक अर्को छैन वा छ भने पनि महत्वको होइन भन्ने सन्देश जाने भयो ।

पूर्वप्रधानमन्त्री ओलीले अघि सार्ने गरेको तर्क पनि यही हो । यो तर्क कम्ती दमदार छैन तैपनि 'तिमी' पक्षपाती सञ्चार माध्यम टसको मस भएका छैनन् ।

सञ्चार माध्यममा पनि आदरार्थीको दोहोरो मापदण्ड चलेको छ, लेख्दा तिमी र बोल्दा तपाईं, कतै बोल्दा पनि तिमी । कतै त शीर्षकमा 'तिमी' र समाचारमा 'तपाईं' पनि चलेको छ । एउटा व्यक्तिले व्यक्तिगत बोलीमा आदरार्थीको तह दुई पक्षको अनुकूलताअनुसार प्रयोग गर्छ । निजी लेखनमा पनि अनुकूलता र सहजताअनुसार प्रयोग हुन्छ ।

सञ्चार माध्यममा लेखिने र बोलिने कुरा निजी होइन, सार्वजनिक हो । खल्तीमा हुन्जेल निजी रहला तर प्रकाशन र प्रसारण भएपछि सार्वजनिक सरोकारको विषय बन्छ । त्यसमा प्रश्न उठ्न सक्छ । त्यसबेला सञ्चार माध्यमका प्रमुख व्यक्ति उत्तरदायी बन्नैपर्छ ।

खासगरी २०६२/०६३ को जनआन्दोलनपछि सञ्चार माध्यमबाट 'तपाईं' सम्बोधन विस्थापित हुँदै गयो । अगुवा मानिएका पत्रिकाहरूले केही तर्कसहित सबैलाई 'तिमी' लेख्न थालेपछि अरूले पनि सिको गर्दै गए । रेडियो र टेलिभिजनबाट पनि 'तपाईं' विस्थापित हुँदै गयो ।

राजसंस्था रहँदा 'श्री ५' र 'मौसुफ' अनिवार्य भएकाले तदनुकूल कियापद आवश्यक पर्थ्यो । राजालाई नै 'तिमी' भनिदिएपछि सबै खेला खत्तम भयो । राजा, राजपरिवारका सदस्य, प्रधानमन्त्री र अरू सबै उच्च पदाधिकारीहरू 'तिमी' भए, मौसुफ नै रहेन भने 'तपाईं'को के कुरा !

'तिमी' लेख्न र भन्न सुरु गर्दा राजसंस्था निस्तेज थियो । उच्च ओहोदाका कसैले पनि मलाई वा हामीलाई किन तिमी भन्यौ भनेर प्रश्न उठाएको सुनिएन ।

विवाद नचलेको होइन । 'तिमी'का विषयमा नेपाली भाषाका विद्वान्हरूका तर्कपूर्ण लेखहरू छापिए । उनीहरूले नेपाली भाषामा प्रचलित आदरार्थीको श्रृङ्खला र त्यसको तहगत महत्वबारे प्रकाश पार्ने प्रयास गरे । ती लेखहरूमा प्रस्तुत तर्कमा असहमत नभइ नहुने ठाउँ छैन । नेपाली शैलीको आदरार्थी प्रयोग आपसी नातासम्बन्ध, ओहोदा र सामाजिक शिष्टाचारमा निर्भर रहन्छ ।

यस आलेखमा पूर्वप्रधानमन्त्री ओलीलाई प्रस्तुत गर्नुको खास कारण छ । दोस्रोपटक प्रधानमन्त्री पदमा आसीन भएपछि उहाँ 'तिमी' विरुद्ध प्रस्तुत हुनुभयो । नेपाली सञ्चार माध्यमले नेपाली पाराको आदरको तह बिर्सेर अनादर गरेको

भन्ने आरोप लगाउनुभयो । आफ्नै आमाबाबालाई पनि तिमी भन्न थालेको भन्दै असन्तोष प्रकट गर्नुभयो ।

उच्च पदाधिकारी कसैले पनि 'तिमी' विरुद्ध प्रतिवाद नगरेको अवस्थामा पूर्वप्रधानमन्त्री ओलीले गर्नुभयो, एक दुईपटक होइन, बारम्बार । उहाँको असन्तोष, आक्रोश, व्यङ्ग्य वा कटाक्ष केहीले पनि काम गरेन । प्रधानमन्त्री पदबाट पनि उहाँले 'सबैलाई एउटै डालोमा हालेर तिमी भन्न पाइँदैन' भन्ने निर्देश वा नियमन गर्न सक्नुभएन । आमाबाबालाई 'तिमी' सम्बोधन गर्ने नेपाली समुदाय पनि छन् ।

नेपाली भाषाका विद्वान्हरूले 'तिमी'मा असन्तोष जनाएर लेखेका लेखहरू सम्मानपूर्वक छापिए तर पूर्वप्रधानमन्त्री ओलीको असन्तोष सञ्चार माध्यममा कटाक्षको विषय बन्यो । यसो किन भयो ! किन होला भने उहाँ नियमन गर्ने ओहोदामा हुनुहुन्थ्यो तर नियमन गर्न सक्नुभएन । नियमन नगर्ने हो भने निर्देशनको शैलीमा बोल्नुको मात्रै अर्थ थिएन ।

आदरार्थीको तहगत श्रृङ्खला नेपाली भाषाको आफ्नै प्रकारको विशिष्टता हो । अन्य धेरै भाषामा यस्तो श्रृङ्खला छ तर नेपालीमा बढी प्रस्ट र सशक्त देखिन्छ । यसले नेपालीभाषी समाजको बोलीचालीमा शिष्टाचारको विशिष्टता पनि कायम गरेको छ ।

'तिमी'को कुरा आउँदा अङ्ग्रेजी भाषाको 'यु' उदाहरणका रूपमा देखापर्छ । सबैलाई 'यु' नै सम्बोधन हुन्छ भनेर मान्दा पनि आदरको तह फेला पर्छ । 'यु' एउटैमा पनि सबैले आआफ्नो तहअनुसारको आदर अनुभव गर्छ । अलिक पुरानो अङ्ग्रेजीमा नेपालीमा झैं 'तिमी' र 'तपाईं' जनाउने शब्द प्रयोगमा थिए ।

नेपाली भाषामा 'तपाईं' लेख्दा आदर भयो र 'तिमी' लेख्दा अनादर भयो भन्ने तर्क पूरै अनुचित नभए पनि पूरै उचित पनि मान्न सकिन्नँ । तपाईं, हजुर इत्यादि सम्बोधनले आदर अनुभव गरेका व्यक्तिहरूलाई 'तिमी'मा अभ्यस्त हुन समय लागेको मात्रै हो ।

यसो भनेर 'तिमी'माथिका आदरार्थी सर्वनामहरूको कामै छैन, शब्दकोशमा प्रविष्टि नदिए हुन्छ भनेको पनि होइन । नेपाली सञ्चार माध्यममा करिब १५ वर्षको 'तिमी' अभ्यासले त्यसमाथिका आदरार्थीको महत्व स्वाट्टै घटाएको देखाउने तथ्य फेला परेको छैन, मैले फेला पारेको छैन ।

सञ्चार माध्यममा चलेको 'तिमी' बहसको विषय हुनसक्छ । बहस चलेकै छ । यो आलेख पनि बहसकै एउटा पाटो हो तर बितेका १५ वर्षको परिणामले यसमा सरकारी नियमन सम्भव छैन भन्नेचाहिँ प्रस्ट पारिदिएको छ ।

यो आलेख तयार गर्ने क्रममा प्रेस काउन्सिल नेपालले तय गरेको र उसैले अनुगमन गर्ने 'पत्रकार आचारसंहिता' हेर्रें । 'पत्रकार र सञ्चार माध्यमको कर्तव्य' शीर्षकअन्तर्गत 'पेसागत मर्यादा तथा व्यवहार' उपशीर्षकमा तीनवटा बुँदा रहेछन् :

१. पत्रकार तथा सञ्चार माध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ ।

२. पत्रकार तथा सञ्चार माध्यमले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्टरूपमा गर्नुपर्दछ ।

३. पत्रकार तथा सञ्चार माध्यमले पेसागत अभ्यासमा सामाजिक शिष्टता र पाठक, श्रोता वा दर्शकको मर्यादाको सम्मान गरी शिष्ट एवं मर्यादित भाषा र कार्यशैलीको प्रयोग गर्नुपर्दछ ।

अन्य केही ठाउँमा 'शिष्टाचार, नैतिकता' पदसँग बनेका पदावली प्रयुक्त भए पनि उल्लिखित तीनवटा बुँदासँगै समानार्थी छन् ।

उपर्युक्त बुँदामा प्रयुक्त 'मर्यादा/मर्यादित, शिष्टता/शिष्ट र सभ्य' पद र 'मर्यादित, शिष्ट र सभ्य'सँग आएका विशेष्यसहितका पदावलीले सञ्चार माध्यमले 'तिमी' लेख्न र भन्न हुन्छ कि हुँदैन भनेर ठोस निर्देश गर्दैनन् ।

यसपछि संविधान हेरौं । संविधानको मौलिक हकअन्तर्गत 'विचार र अभिव्यक्तिको स्वतन्त्रता' खण्डको प्रतिबन्धात्मक वाक्यमा '...सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भनिएको रहेछ ।

'तिमी' सम्बोधन सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हो कि होइन भन्नेचाहिँ संविधानले प्रस्ट गर्दैन । सम्बद्ध ऐनहरूमा पनि उल्लेख गरिएको छैन । कुनै नयाँ ऐन बनेको पनि छैन ।

संविधानमै 'नेपालमा एक राष्ट्रपति हुनेछ', 'राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्नेछ', '...अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ', '...प्रधानमन्त्री नियुक्त गर्नेछ', '...राष्ट्रपतिले जारी गर्न सक्नेछ' जस्ता वाक्य र पदावली प्रयोग भएका छन् ।

राष्ट्रपतिकै सन्दर्भमा उपर्युक्त पद, पदावली र वाक्य प्रयोग भएका छन् भने अरू संवैधानिक पदाधिकारीको कुरा यहाँ गर्ने परेन ।

नेपालको संविधान, २०४७ को भाग ५ को 'श्री ५' खण्डमा 'श्री ५ नेपालको राष्ट्रियता एवं नेपाली जनताको एकताका प्रतीक होइबक्सन्छ' वाक्य उल्लेख गरिएको थियो । प्रधानमन्त्री र अन्य पदाधिकारीका सन्दर्भमा भने नेपालको संविधान, २०४७ मा पनि नेपालको संविधान (२०७२) सरह नै क्रियापद प्रयोग भएको छ ।

हाम्रो संविधानमा राष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख इत्यादिलाई किन 'तपाईं' आदरार्थी देखिने गरी क्रियापद प्रयोग नगरेको होला ! गर्न सकिने रहेछ भन्ने कुराको प्रमाण त नेपालको संविधान, २०४७ को 'श्री ५' खण्ड छँदैछ ।

यससम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट कुनै सूचना वा निर्देशन जारी भएको थाहा पाएको छैन । मन्त्रिपरिषद्ले सञ्चार माध्यमले 'तिमी' लेख्न र भन्न नपाउने भन्ने निर्णय गरेको पनि थाहा पाएको छैन । सरकारले लेखनमा आदरार्थीको प्रयोगबारे कुनै विधेयक पेस गरेको वा अध्यादेश जारी गरेको पनि थाहा छैन ।

अदालतमा रिट परेर कुनै आदेश, परमादेश जारी भएको पनि थाहा छैन ।

यस परिवेशमा सञ्चार माध्यमले 'तिमी' लेख्न र भन्न हुन्छ कि हुँदैन भन्ने कुरामा ठोस निर्णय गरिदिने निकाय भएन । अर्थात् यस विषयमा कुनै नियमन, निर्देशन वा निर्णय आवश्यक परेन होला । सञ्चार माध्यमको नीति वा निर्णय नै अन्तिम भयो । उनीहरूलाई 'तिमी' नै सजिलो लाग्यो त के गर्ने ! रोक्ने उपाय नै भएन । अर्थात् रोक्न आवश्यक परेन । असन्तुष्टिको सम्बोधन भएन ।

आरोप लाग्ने गरेजस्तो सञ्चार माध्यमले नेपाली आदरार्थीको शृङ्खला तोडेर सार्वजनिक शिष्टाचार र मर्यादाको सीमा नाघेकै हुन् त ? यो प्रश्न कम गम्भीर छैन । हुन् भने यसमा कसले निर्णय दिने ? यस सन्दर्भमा सार्वजनिक शिष्टाचार र मर्यादाको सीमा निर्धारण कसले गर्ने ? यी जोडिएर आउने प्रश्न हुन् । हालसम्मको अभ्यासका आधारमा हेर्दा 'तिमी' पक्षपाती सञ्चार माध्यमले नीति परित्याग गर्ने छाँट देखिएको छैन । परित्याग गर्न बाध्य पारिहाल्ने कुनै संरचना तयार हुने पनि छाँट छैन ।

सञ्चार माध्यमले राष्ट्रिय व्यक्तित्वको अनादर गरे, नेपाली भाषाको मौलिकताको रूपमा रहेको आदरार्थीको तहगत संरचना भत्काए भन्ने एक हदको गुनासो त छ । यस्तो गुनासो सम्बोधन गर्न आवश्य छ कि छैन भन्ने कुरा सञ्चार माध्यम स्वयम्ले विचार गर्ने हो ।

हुन त प्रेस काउन्सिल नेपालले शैली पुस्तिका (२०७७) प्रकाशित गरेको रहेछ । उक्त शैली पुस्तिकाको बुँदा नं. १९ मा पत्रकार र सञ्चार माध्यमले प्रयोग गर्न सक्ने भन्ने शीर्षकमा लेखिएको रहेछ, 'पत्रकार तथा आमसञ्चार माध्यमले कडा वा औपचारिक समाचारमा 'तपाईं' र नरम वा अनौपचारिक समाचार (रूपक, फिचर) आदिमा 'तिमी' आदरार्थी प्रयोग गर्न सक्छन् तर विभिन्न अपराधजन्य गतिविधिमा संलग्न व्यक्तिहरूको हकमा अदालत वा कुनै छानबिन समितिले फैसला वा सफाइ नदिँदासम्म कडा वा औपचारिक समाचारमा पनि 'तिमी' नै आदरार्थी प्रयोग गर्दा राम्रो हुन्छ । आदरार्थी प्रयोग गर्दा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ व्यक्तिदेखि सर्वसाधारण व्यक्तिसम्म एकरूपता कायम हुनुपर्छ ।' यो स्वागतयोग्य कदम हो तैपनि खै हाम्रा पत्रकार र सञ्चार माध्यम 'तिमी'बाट टसमस भएका ?

(लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।)

***

छापा

जिउँदो इतिहासको दर्दनाक वर्तमान



यम विरही

निरङ्कुशताविरूद्ध उन्मुक्ति अनि समाज रूपान्तरणका लागि ऐतिहासिक भूमिका खेलेका यिनै स्वरोजगारमूलक पत्रिका यतिबेला जटिल अवस्थाबाट गुज्रनु परेको छ ।

छापामाध्यम नेपाली सञ्चार क्षेत्रको जिउँदोजाग्दो इतिहास हो । यसको इतिहास निकै लामो छ । नेपालमा २००७ सालको जनक्रान्ति अघिदेखि नै छापामाध्यमले डटेर मुलुक परिवर्तनको पक्षमा कलम चलाएका थिए । २०४६ सालको परिवर्तनपछि तीन दशकको अवधिमा नेपाली सञ्चारक्षेत्र खासगरी छापामाध्यमले छोटो समयमा अग्रगामी फड्को मारेको छ । २०४६ सालअघि सीमित सङ्ख्यामा खुलेका पत्रपत्रिकाहरूले स्वतन्त्रता र व्यवस्था परिवर्तनका लागि आवाज उठाउँदै आए । ०४६ अघि व्यावसायिकता र पारिश्रमिकको कुरा गौण थियो । सरकारी मिडियाहरू पञ्चायती व्यवस्था, राजा र सरकारकै गुणगानमा रमाउने गर्दथे । निजी क्षेत्रका मिडियाहरू आस्थाको आधारमा राजनीतिक मुद्दामा केन्द्रित भइ कलम चलाउने गर्दथे ।

बहुदलकालमा खुला वातावरणमा सञ्चार माध्यमहरू क्रमशः व्यावसायिक हुँदै गएका हुन् । नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रेस स्वतन्त्रता र मिडिया उद्योगको सुरक्षा प्रत्याभूति गऱ्यो । नयाँ परिवेशमा निजी क्षेत्रबाट ठुलो लगानीका साथै स्वरोजगारमूलक साना लगानीका व्यावसायिक सञ्चार गृह खुल्ने क्रम

व्यापक भएर गयो । २०४९ सालमा राष्ट्रिय सञ्चार नीति आयो । उक्त नीतिले मिडियालाई उद्योगका रूपमा परिभाषित गऱ्यो । त्यो नीतिले पत्रकारितालाई व्यवसायका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेलेको थियो । केन्द्रमा मात्र नभइ क्रमशः स्थानीय तहमा पनि निजी क्षेत्रका सञ्चारको विकास भयो ।

खुला जमानासँगै स्वरोजगारमूलक छापामाध्यमको उल्लेख्य विकास हुँदै जानेक्रममा व्यावसायिक एवं श्रमजीवी पत्रकारको पनि वृद्धि हुँदै गयो । २०५१ सालमा आएर आम श्रमजीवी आमपत्रकारको हकहित र सुरक्षाका लागि संसद्बाट श्रमजीवी पत्रकार ऐन नै लागु भयो । नयाँ कानुन आएसँगै इलेक्ट्रोनिक मिडियासँगै छापामाध्यमलाई व्यवस्थित गर्ने मात्र नभइ श्रमजीवी पत्रकार, कामदार र कर्मचारीको पेसागत सुरक्षा तथा वृत्ति विकासलाई संरक्षण गर्न केही हदसम्म दिशानिर्देश पनि भयो । त्यसयता पनि राज्यबाट विभिन्न समयमा थुप्रै सञ्चार नीति एवं रणनीतिहरू पनि तय भए ।

निरङ्कुशताविरुद्ध उन्मुक्ति अनि समाज रूपान्तरणका लागि ऐतिहासिक भूमिका खेलेका यिनै स्वरोजगारमूलक पत्रिका यतिबेला जटिल अवस्थाबाट गुज्रनु परेको छ । यथार्थमा भन्ने हो भने साना लगानीका सञ्चार माध्यमले पस्किने राजनीतिक विश्लेषण र खोजमूलक समाचार शैलीलाई नै पछि खुलेका ठुला लगानीका छापामाध्यमले पछ्याउन थालेका हुन् । यस्तो विरासत धानेर बसेका स्वरोजगारमूलक छापामाध्यमहरू कोभिड-१९ को महामारीले आज गम्भीर सङ्कटमा धकेलिएका छन् । सञ्चार गृहलाई समाचार शैलीदेखि जनशक्तिसम्म योगदान गरेका साना लगानीका छापामाध्यममाथि तीव्र गतिमा बढेका अनलाइन माध्यमको चुनौती बढिरहेका बेला दोहोरो मारमा परेका छन् ।

हुन त कोरोना भाइरस (कोभिड १९) का कारण समग्र नेपाली सञ्चार क्षेत्रले गम्भीर असरको सामना गर्नु परिरहेको छ । कोभिडको महाव्याधी रोकथामका लागि सरकारले २०७६ साल चैत ११ गतेदेखि लकडाउन गरेयता पत्रपत्रिका प्रकाशन गर्ने अधिकांश छापाखाना बन्द भएका छन् । तर यसको ठाडो मारमा साना लगानीका छापामाध्यम नै परे । कतिपय पत्रिका चाहेर पनि छापिन सकेनन् । जेनतेन प्रकाशन हुने गरेका पत्रपत्रिकाको लागि छपाइ कागजको अभाव खड्कियो । यही मौका छोपेर कागजको मूल्य वृद्धिसमेत भयो । वास्तवमा आजको दिनमा स्वरोजगारमूलक छापामाध्यमले ठुलो क्षति बेहोर्नुपरेको छ । साप्ताहिक, पाक्षिक, मासिकलगायत स्वरोजगारमूलक छापामाध्यमको अवस्था झन् भन्दा झन् नाजुक बन्दै गइरहेको छ ।

छापामाध्यम सङ्कटमा परेका कारण व्यवस्थापक मात्र होइन, आम श्रमजीवी पत्रकार, कामदार, प्राविधिक एवं तिनका आश्रित परिवारहरूले अभावै

अभावको मार खेप्नुपरेको दुःखद यथार्थ छ । जनताको हकहित र अधिकारका लागि सधैं आवाज उठाउने सञ्चार माध्यम आज समस्यै समस्याको पहाडले थिचिएको छ । लोकतन्त्र, विधिको शासन, कानुनी राज र मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि अमूल्य योगदान पुऱ्याएका यी सञ्चार माध्यम आफैं जीवनमरणको दोसाँधमा गुज्रिरहेका छन् ।

समाचार, विचार, सम्पादकीय, टिप्पणीमार्फत धेरै वर्ग, समुदायको अधिकार स्थापित गराएको यो क्षेत्र अनेक पीडा र व्यथाले थिचिएको छ । साना लगानीका धेरै छापामाध्यम भने बन्द भइसकेका छन् । कतिपय बन्द हुने अवस्थामा पुगेका छन् । यस्ता छापामाध्यमको संरक्षण, संवर्द्धन गर्न राज्य पक्षले ध्यान दिनसकेको छैन । स्पष्ट नीति र रणनीतिको अभावमा विगत समयदेखि नै अनेक प्रताडना खेप्दै आएका पत्रपत्रिकाहरू कोरोनाको महासङ्कमणपछि राहतको खोजीमा छन् ।

यसरी पत्रकारिताको विश्वविद्यालयको रूपमा रहेका साना तथा स्वरोजगार मुलक सञ्चार माध्यमका लागि कोरोना महाव्याधी ठुलो खड्गो बनेको छ । इतिहास नै मेटिने खतरा पैदा भएको छ । कोभिड १९ को पहिलो लहरमा लामो समय लकडाउन भएका कारण साना लगानीका छापामाध्यम प्रकाशनका लागि असमर्थ हुनुपर्ने परिस्थिति बन्यो । छापाखाना, पत्रकार तथा कर्मचारीको अवातजावत, वितरणलगायत समस्याका कारण कोभिड- १९ महामारीको पहिलो लहरमा प्रकाशन बन्द गर्न बाध्य हुनुपरेका ती छापामाध्यमले दोस्रो लहरको कोभिड- १९ को समयमा पनि त्यही परिस्थिति आइपऱ्यो ।

अघिल्लो वर्षको निषेधाज्ञापछि साना लगानीका छापामाध्यमको प्रकाशन, वितरणमा गम्भीर समस्या सिर्जना भयो । पत्रिका ओसारपसारका लागि स्टेसनरी पसलेका लागि नै जटिल समस्या सिर्जना भयो । जसका कारण अधिकांश छापामाध्यम प्रकाशन स्थगित नै गर्न बाध्य भए । हाल छापामाध्यमको आयस्रोतमा ठुलो गिरावट आएको छ । प्रकाशन, वितरणमा गम्भीर समस्या सिर्जना भएको छ । ऐतिहासिक जिम्मेवारी पुरा गरेका साना लगानीका छापामाध्यमको संरक्षण र सम्वर्द्धन अहिलेको महत्वपूर्ण चुनौतीको विषय बनेको छ । यसै पनि विद्युतीय सञ्चार माध्यमको प्रत्यक्ष प्रभाव छापामाध्यममा परेकै थियो ।

दर्तामा उत्साह, टिक्न हम्मे

देशभर दर्ता भएका सबै प्रकारका पत्रपत्रिकाको सङ्ख्या झण्डै आठ हजार पुगिसकेको छ । प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदनअनुसार २०७७/०७८ सम्ममा देशभरबाट सात हजार आठ सय ७४ पत्रपत्रिका दर्ता छन् ।

उक्त आर्थिक वर्षसम्म देशभर ३९ अर्धसाप्ताहिक, २ हजार ९ सय ५६

साप्ताहिक, ४ सय ७६ पाक्षिक, २ हजार ३ सय ४७, मासिक, ३ सय ८४ द्वैमासिक, ६ सय ५० त्रैमासिक, ३९ चौमासिक, ८७ अर्धवार्षिक र वार्षिकरूपमा प्रकाशित हुने अखबारको सङ्ख्या ९३ पुगेको छ । देशभरबाट प्रकाशित हुने दैनिक पत्रपत्रिकाको सङ्ख्या सात सय ४४ रहेको छ ।

यस्तै प्रादेशिकरूपमा पत्रपत्रिका दर्ता स्थिति हेर्दा बागमती प्रदेशमा २ हजार ६ सय ५७ पत्रपत्रिका छन् । सबैभन्दा बढी पत्रपत्रिका प्रकाशन भएको जिल्ला काठमाडौँ हो । आर्थिक वर्ष २०७७/०७८ सम्ममा काठमाडौँ जिल्लामा दुई हजार बढी अखबार दर्ता भएको देखिन्छ । काठमाडौँपछि पत्रपत्रिका धेरै दर्ता हुने जिल्लामा पर्सा रहेको छ ।

काउन्सिलकै प्रतिवेदनले दर्ता भएका अखबारमध्ये कम मात्र प्रकाशित भएका र प्रकाशित मध्ये पनि सबै नियमित नभएको तथ्य उजागर गरेको छ ।

यथार्थमा साना लगानीका मिडियाको संरक्षणबिना पत्रकारिताको इतिहास संरक्षण हुन सक्दैन । त्यसका लागि राज्यले सहुलियतपूर्ण नीतिगत व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता छ । संरक्षणका लागि समानुपातिक विज्ञापन प्रणाली कार्यान्वयनको आवश्यकता छ । सरकारी र नीजि क्षेत्र गरी झन्डै ८ अर्ब रुपैयाँ बराबरको विज्ञापन बजार छ भनिन्छ । तर साना लगानीको एउटा छापामाध्यमले १ देखि डेढ लाख रुपैयाँको विज्ञपानसम्म प्राप्त गर्न नसकेको स्थिति छ । कोभिड-१९ पछि पत्रिका प्रकाशन गर्दा पहिले त वितरणमा समस्या छ । यदि वितरण नगर्दा पनि बत्ती, इन्टरनेट, कर्मचारी तलब, कार्यालयको भाडा जस्ता खर्च थेग्न मुस्किल छ । छापामाध्यमका लागि ठोस नीतिगत समस्या खड्केको छ । बजारमा पत्रिका वितरणका लागि पठाउनसमेत कमिसन दिनुपर्ने समस्या छ ।

साना लगानीका छापामाध्यमले समान व्यवहार महसुस गर्न पाएका छैनन् । कोभिड अवधिका लागि सरकारले पूर्णसंरक्षित नीति लागु गर्नुपर्ने अवस्था छ । कम्तीमा साना लगानीका छापामाध्यमलाई सरकारले उद्योगसरह मान्यता दिएर सहुलियतपुर्ण ऋण उपलब्ध गराइए पनि सन्तोषको श्वास लिने ठाउँ बन्थ्यो । अहिलेको स्थितिमा स्वरोजगारमूलक छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन शतप्रतिशत वृद्धि गर्नुपर्ने स्थिति छ । यही बेला सङ्घीय सरकार र प्रदेश सरकारहरूले यस अवधिमा मिडियालाई अप्ठ्यारो पार्ने खालका कानुन र नियमहरू भटाभट ल्याउन थालेका छन् । कतिपय प्रदेशहरूले कानुनहरू पारित गरिसकेका भने कतिले प्रदेश संसदहरूमा मस्यौदा गरिरहेका छन् । तीमध्ये जति पनि कानुनहरू आएका छन्, कुनै न कुनै रूपमा प्रेसलाई नियन्त्रण गर्ने उद्देश्यबाट प्रेरित देखिन्छन् ।

यस्तो अवस्थामा प्रेसलाई नियन्त्रणकारी कानुनको विरुद्धमा वस्तुनिष्ठ

ढङ्गले स्पष्ट दृष्टिकोणसहित प्रस्तुत हुनुपर्ने आवश्यकता एकातिर छ भने सँगसँगै स्वरोजगारमूलक तथा साना लगानीका मिडियाहरूलाई प्रवर्द्धन गर्न गम्भीर बन्नुपर्ने अवस्था छ ।

मुख्य कुरो पत्रकारको रोजिरोटी

यतिबेला कोभिड महामारीमा मिडियाप्रति जनताको विश्वास र भरोसा बढाउन सञ्चार माध्यमहरू झन् चनाखो हुनुपर्ने जरुरी छ । कठिन समयमा आम नागरिक र समाजप्रति जवाफदेहीता पनि स्वतः बढी नै रहन्छ । यस्तो बेला झन् पत्रकारको पेसागत सुरक्षाको सवाल झन् पेचिलो बन्न पुगेको छ । खासमा यो नै मुख्य प्राथमिकताको सवाल पनि हो । विगतमा पत्रकारहरूको सामाजिक सुरक्षाका क्षेत्रमा केही पहल नै नभएको भन्न मिल्दैन ।

नेपाल पत्रकार महासङ्घको पहलमा पत्रकार बिमा कार्यक्रम, पत्रकार कल्याण कोषमा रकम वृद्धि, आपत्कालीन राहत कोषको स्थापना, पत्रकार सन्तति शैक्षिक बृत्ति कोषको सञ्चालन, स्वास्थ्य उपचार सहयोग र सरकारी अस्पतालमा ५० प्रतिशत छुटको व्यवस्थाजस्ता कामहरू अघि बढेका छन् । निरन्तरता दिन सकिए मात्र पत्रकारहरूको पेसागत सुरक्षाका लागि केही हदसम्म आशा जगाउने छ ।

तर यी कार्यक्रम कोभिड अघि तय गरिएकाले कोरोना महामारीपछि परिस्थितिमा आमुल परिवर्तन भएको छ । कोभिडका कारण सबैभन्दा बढी 'फ्रन्टलाइन' मा रहेर काम गर्ने पत्रकार नै मारमा छन् । केही पत्रकारले जीवन नै गुमाउनुपरेको अत्यन्त दुःखद् अवस्था रह्यो । अझै सबैभन्दा ठुलो असर त पत्रकारहरूको पेसागत सुरक्षामा परेको छ । यस्तो अवस्थामा पत्रकार महासङ्घले आफ्ना कार्यक्रममा पुनर्विचार गरी नयाँ ढङ्गले सोच्नुपर्ने भएको छ ।

कोरोना महामारी सञ्चार माध्यमहरूका लागि पत्रकारहरूलाई रोजगारीबाटै च्युत गर्ने बहाना पनि बनिरहेको छ । वर्षौंदेखि ठुलो मुनाफामा चलिरहेका सञ्चार माध्यमबाटै महामारीको सुरुवातमा नै पत्रकारहरूलाई जागिरबाट निकाल्ने, तलब घटाउने, बेतलबी बिदामा राख्ने, समयमा तलब नदिने जस्ता काम भए । यसले पत्रकारहरू आफ्नो पेसाप्रति विश्वस्त भएर काम गर्ने वातावरण खल्बलियो । लकडाउन अवधिमा महासङ्घमा परेका पाँच सय भन्दा बढी उजुरी यही अवस्था उजागर गर्दछ ।

कोरोना व्याधीले अन्य क्षेत्रसँगै मिडिया क्षेत्र पनि मारमा पर्नु स्वभाविक थियो । तर श्रमजीवी पत्रकारहरूका हकमा अनपेक्षितरूपमा बढी देखिन पुग्यो । श्रमजीवी पत्रकारहरूको पेसागत हकका क्षेत्रमा यसअघि प्राप्त उपलब्धिहरू पनि

गुमाउनु पर्ने अवस्था आइपऱ्यो । संस्थागत भइसकेका वा हुन लागेका उपलब्धिहरू समेत कोभिडको बहानामा उपेक्षित भए । महामारीका कारण सञ्चारक्षेत्रमा परेको प्रभावलाई न्यूनिकरणसँगै श्रमजिवीको दैनिक जिविकोपार्जनमा ध्यान केन्द्रित गरिनुपर्ने आवश्यकता छ ।

यथास्थितिले हुँदैन, नयाँ सोच आवश्यक :

कोरोना महामारीको कहरका कारण प्रत्यक्ष मारमा मिडिया परेको तथ्य जगजाहेर नै छ । महामारी सुरु हुनासाथ खास गरी स्वरोजगारमूलक पत्रपत्रिका बन्द हुनेक्रम त एकातिर छँदै थियो प्रकासन भएकामा पनि विज्ञापनबाट प्राप्त हुने आम्दानी पनि आकस्मिकरूपमा सुक्न गयो । यसरी पत्रिका सञ्चालनमा निकै अप्ठ्यारो अवस्था आइपऱ्यो । आर्थिक रुपले तत्काल नै संस्था सञ्चालनमै सकसपूर्ण रहेको बेला दिगोपनामा गम्भीर प्रश्न खडा भएको छ । एकातिर सञ्चारक्षेत्रले उद्योगको रूपमा मान्यता नपाएका कारण सरकारी अनुदान र सहयोग प्राप्त गर्न कठिन छ । राज्य तहबाट स्वरोजगारमूलक मिडियालाई समानरूपमा सहुलियत ऋणको सुविधामा ध्यान गएको छैन ।

स्वरोजगारमूलक मिडियामा देखिएको अस्थिरता र असन्तुलनले आखिर श्रमजीवी पत्रकार नै प्रत्यक्ष प्रभावित बन्न पुगे । कोरोना महामारीले पारेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै नेपाली पत्रकारिता र सञ्चार क्षेत्रको दिगोपनामा ध्यान दिनु आवश्यक छ । यसका लागि सरकारी तथा सञ्चार क्षेत्रहरूसँगको सहकार्यमा पत्रकार तथा मिडिया क्षेत्रलाई आपत्कालीन सहयोगको व्यवस्था गर्ने, सञ्चार क्षेत्रलाई उद्योगको रुपम स्थापित गर्न पहल गर्ने, सञ्चार क्षेत्रलाई विशेष क्षेत्रका रूपमा पहिचान गरी सरकारीस्तरबाट अत्यावश्यक अवस्थामा राहत सहयोगको व्यवस्था गराउने, सञ्चारगृहहरूले सम्भावित चुनौतीहरू पहिचान गरी अप्ठ्यारो अवस्थामा समेत पत्रकारहरूको पेसागत हकहित सुरक्षित रहने वातावरण निर्माण गर्ने, स्वरोजगारमूलक मिडिया बचाउन भिन्नै रणनीतिसहित राहत प्याकेजजस्ता विषयमा ध्यान दिनु जरुरी छ ।

सङ्कटापन्न अवस्थाबाट गुज्रिएका स्वरोजगारमूलक छापामाध्यमलाई आवश्यक सुविधा, सहुलियत र पूर्वाधारको व्यवस्था गर्न विशेष दृष्टिगोचर हुन आवश्यक छ । सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली र स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई नै उपलब्ध हुने व्यवस्था मिलाउन आवश्यक ठोस कार्ययोजना तर्जुमा भए मात्रै पनि ठुलो राहात हुने छ । सङ्घीय संसद्बाट विज्ञापन व्यवस्थापनसम्बन्धी ऐन पारित भइ लागु भइसके पनि लोक कल्याणकारी विज्ञापनको समानुपातिक वितरणलगायतका प्रमुख सरोकारका

विषयहरू अझै पनि सम्बोधन हुन सकेको छैन । यी सबै चिज प्रत्यक्षरूपमा श्रमजिवी पत्रकारको भविष्यसँग जोडिएका विषय हुन् ।

सङ्कटमोचनका लागि कस्ले के गर्ने त ?

कोरोना सङ्क्रमणपछि साना लगानी तथा स्वरोजगारमूलक मिडियाहरू धरासायी हुँदै गएको सन्दर्भमा यस्ता मिडियाहरूलाई जोगाउन अभिभावकीय भूमिका खेल्नुपर्ने पहिलो दायित्व सरकारकै हुन आउँछ । सरकारी तबरबाट हाल प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनबापतको रकममा वृद्धि गर्नुपर्ने अवस्था छ । विज्ञापनबापत दिँदै आएको रकमबाट १० प्रतिशत कल्याणकारी कोषमा जम्मा गर्ने भनी बजेट वक्तव्यमा आएको विषयले स्वरोजगारमूलक तथा साना लागानीका सञ्चार माध्यम मर्कामा परेका छन् । तसर्थ लोककल्याणकारी विज्ञापनबाट १० प्रतिशत नकाटी कम्तिमा थप ५० प्रतिशत वृद्धि गरिनुपर्ने आवश्यकता छ ।

कोभिडको समयममा समयमै पत्रिका प्रकाशन गर्न नसकेका कारण लोककल्याणकारी विज्ञापनको भुक्तानी रोकिएकोले एकैपटक प्रकाशन गर्न र भुक्तानीका लागि सहजीकरण गरिनुपर्ने अवस्था छ । पत्रपत्रिकालाई प्रदान गरिदै आएको लोकल्याणकारी विज्ञापनबापतको रकम जिल्ला हुलाकमार्फत भुक्तानी दिँदै आएकोमा कोरोना सङ्क्रमणको जोखिमलाई मध्यनजर गर्दै भुक्तानी प्रकियालाई अझै सहज बनाइनुपर्दछ । महामारीको समयमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मीजस्तै आमसञ्चारक्षेत्र पनि अत्यावश्यक सेवा भएकोले सूचना सम्प्रेषण गरी राष्ट्रलाई पुऱ्याएको योगदानको कदर गर्दै सो अनुसार नीति निर्माण र निर्णय हुँदा मान्यता, व्यवहार र विशेष मूल्याङ्कन गरिनुपर्छ ।

विज्ञापन नियमन गर्ने सन्दर्भमा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ आइसकेकोले उक्त ऐन व्यावहारिकरूपमा कार्यान्वयनमा ल्याइ आमसञ्चार क्षेत्रले उठाउँदै आएको समानुपातिक विज्ञापन तत्काल लागु गरिनुपर्छ । यस्तै स्वरोजगारमूलक सञ्चार माध्यमलाई सस्तो ब्याजदरमा ऋण सुविधा, नवीकरण दस्तुर, रोयल्टीमा सहुलियत उपलब्ध गराउनुपर्ने अर्को आवश्यकता हो । यसरी सस्तो ब्याजदरमा उपलब्ध हुने ऋण सुविधा रकमबाट न्युज प्रिन्ट खरिद, श्रमजीवी पत्रकार र कामदार कर्मचारीको तलब, सुविधा भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ । प्रकाशक एवं पत्रकारको अन्तरसम्बन्ध बलियो पार्न आंशिकरूपमा कार्यरत रहने श्रमजीवी पत्रकार तथा कर्मचारीको न्यूनतम पारिश्रमिक कति हुने भन्ने स्पष्ट गरिनु पर्ने आवश्यकता छ । सञ्चारगृहका लागि ठुला लगानी तथा

साना लगानीका छापामाध्यमका लागि एउटै नीतिगत व्यवस्थाबाट चल्ने अवस्था छैन । नीतिगत व्यवस्था अलगअलग गर्नुपर्ने हुन्छ ।

साना लगानीका छापामाध्यम आफ्नै बनिबुतोबाट हुर्किएकाले कोभिड-१९ राहत र कल्याणकारी योजनाका लागि छुट्टै व्यवस्था गर्नुपर्ने अर्को आवश्यकता हो । यस्को व्यवस्थापनका लागि छुट्टै रणनीति बनाउनुपर्ने खाँचो छ । साना लगानीका छापामाध्यमको प्रवर्द्धन र संरक्षणका लागि सञ्चार क्षेत्रका विज्ञ एवं अनुभवी पत्रकारको विज्ञ समूह गठन गर्न जरुरी छ । ता कि यस्तो विज्ञ समूहले गरेको योजना तर्जुमामार्फत प्रदेश सरकारले विशेष योजना ल्याउन सकोस् र सञ्चार क्षेत्रमा रहेको लगानीको सुरक्षा तथा संवर्द्धन होस् ।

यस्तो विज्ञ समूहले कोभिड सङ्क्रमणका कारण असङ्ख्य पत्रकार, छापाखाना मजदुर पेसाबाट विस्थापित हुने स्थिति रोक्न सुझाव र सिफारिस गर्दछ र यसका आधारमा तत्काल आवश्यक रणनीति अवलम्वन गर्नसमेत सहज हुन्छ । यस्तै कोरोना कालमा विस्थापित भएका, समस्याग्रस्त र मानसिक पीडामा रहेका पत्रकार, कर्मचारी तथा कामदारलाई अन्तरिम राहतको प्याकेज ल्याउन व्यावहारिक र वैज्ञानिक मार्ग सुझाउनसमेत मद्दत पुग्ने छ ।

साना लगानीका छापामाध्यमको संरक्षणका लागि आवश्यक सरकारी विज्ञापनका लागि स्थानीय तह र प्रदेश सरकारलाई नयाँ विज्ञापन नीतिका लागि भूमिका खेल्नुपर्ने अपरिहार्यता छ । यस्ता मिडियामा साना लगानीका छापामाध्यममा आबद्ध पत्रकारहरूको दीर्घकालीन हितलाई ध्यानमा राखेर रोजगार बैङ्कको अवधारणा ल्याइनुपर्दछ । साथै यस्ता छापामाध्यमको प्रवर्द्धनका लागि स्थानीय सरकारको भूमिकालाई प्रभावकारी बनाउन केन्द्र सरकारले नयाँ ढङ्गले परिभाषित गर्नुपर्ने अवस्था छ ।

छापामाध्यमहरूलाई इन्टरनेट, टेलिफोन, क्यामेरा, ल्यापटपजस्ता सञ्चारसाधन र विद्युत महसुल वा नवीकरण गर्दाको शुल्कमा राहत अनुभूति हुने गरी सरकारबाट छुटको व्यवस्था नगर्ने हो भने टिक्न सक्ने अवस्था छैन । पत्रिकालाई सम्प्रेषण गर्ने गराउने गरी विशेष आर्थिक प्याकेज ल्याइ लोककल्याणकारी विज्ञापनबापतको रकम समयमै र नियमित उपलब्ध गराउनेतर्फ तत्काल ध्यानाकर्षण हुनुपर्ने आवश्यकता छ । कोभिड-१९ को सन्दर्भमा जोखिम मोलेर विशेष सामग्री उत्पादन र प्रकाशन/प्रसारण गर्ने छापामाध्यमलाई रेकर्ड प्रणालीका आधारमा प्रोत्साहन नीति लागु गर्नुपर्ने खाँचो छ ।

यस्का साथमा साना लगानीको छापामाध्यमको संरक्षणका लागि समानुपातिकको अलवा फरक र सहुलियत प्रकृतिको विज्ञापन नीति लागु गर्न

सरकारको ध्यान जानुपर्दछ। जिल्लामा सञ्चालित उद्योग, कलकारखानाले स्थानीय पत्रपत्रिकालाई अनिवार्य विज्ञापन दिन सञ्चार मन्त्रालय र प्रेस काउन्सिलमार्फत निर्देशन जानुपर्छ । स्थानीय र प्रदेशस्तरका पत्रपत्रिकालाई निश्चित रकमको विज्ञापन र टेण्डरका सूचना छाप्न मिल्नेगरी सार्वजनिक खरिद ऐनको संशोधन गर्न ढिलाई भइसेको छ । स्वरोजगारमूलक छापामाध्यमका लागि जिल्लादेखि न्युजप्रिन्ट किन्न काठमाडौँमै जानुपर्ने अवस्था छ । यस्ता स्थितिको अन्त्य गरी जिल्लामै सुविधायुक्त न्युजप्रिन्टको प्रबन्ध गर्नसके धेरै सुविधा हुने थियो । यस्का लागि राज्य तहबाटै सहजिकरणमा ध्यान जानुपर्ने अवस्था छ ।

ऐन नियम कार्यान्वयनका सन्दर्भमा सहरी ठुला र स्थानीय तहका सञ्चार गृहका लागि एउटै मापदण्डले अब चल्ने अवस्था छैन । मापदण्ड फरक फरक ढङ्गले लागु गरिनुपर्दछ । हुलाक सेवा र ढुवानीमा पनि सहुलियत दिइनुपर्ने आवश्यकता छ । सञ्चार माध्यमको अनुमति दिँदा व्यवस्थापकलाई टाट उल्टिनबाट जोगाउन अब राज्यले बजार, जनसङ्ख्या, भौगोलिकता सबै पक्षलाई ध्यान दिनु जरुरी छ । नत्र आगामी दिनमा साना लगानीका सञ्चार माध्यम दिगो हुन कठिन देखिन्छ । यसैले आगामी दिनमा क्षमता, सक्षमता, दिगोपन, व्यावहारिकता आदि सबै पक्षको वैज्ञानिक ढङ्गले मूल्याङ्कन गरेर मात्र छापामाध्यम सञ्चालन अनुमति दिइनुपर्दछ ।

अहिलेको जटिल र सङ्गिन स्थितिमा पत्रकार वृत्तिविकासको लागि प्रेस काउन्सिलले पहलकदमी आवश्यक छ । अनलाइनसमेत सञ्चालन गरेका पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदा थोरै भएपनि छापामाध्यमले राहत महसुस गरेको अवस्था छ। कोभिडका कारण पत्रपत्रिका बन्द भएको खण्डमा पनि तिनले सञ्चालन गरेका अनलाइनलाई लोककल्याणकारी विज्ञापनको उपलब्धतामा सहजता हुनुपर्दछ । समानुपातिक विज्ञापन नीति लागु गराउन लोककल्याणकारी विज्ञापनमा दोब्बर वृद्धि गरिनुपर्ने समयको माग हो ।

लोककल्याणकारी विज्ञापन दिएर मात्र पुग्दैन, तोकिएबापतको भुक्तानी पनि यथासमयमै उपलब्ध गराइनुपर्ने हुन्छ । स्वरोजगारमूलक अनलाइनमा प्रकाशित लोककल्याणकारी विज्ञापनको पनि बिल पेस भएबमोजिम चाँडो भुक्तानी दिने प्रबन्ध गरिनुपर्दछ । अनलाइनमा नभएका पत्रपत्रिकाको हकमा भने सञ्चार मन्त्रालयले नै वस्तुनिष्ठ निर्णय गरी उपलब्ध गराउने नीति तय गरिनुपर्ने हुन्छ । छपाइमा लागत कम गर्न राज्यको तर्फबाट डेडिकेटेड फिडर लाइनको व्यवस्था गरी मिडियालाई लोडसेडिङमुक्त बनाइनुपर्ने अवस्था छ ।

यसबाहेक भ्याट, विद्युत, कागज, मेसिन र अन्य उपकरण खरिदमा सहुलियत चाहिन्छ। वैकल्पिक उर्जाको लागि अनुदानको व्यवस्था गरिनुपर्ने खाँचो छ। भ्याट

विवरण बुझाउनुपर्ने हालको समयावधिलाई परिमार्जित गरी चौमासिक बनाइनु व्यावहारिक हो । यता स्वरोजगारमूलक छापामाध्यमलाई सस्तो ब्याजदरमा ऋण सुविधा, नवीकरण दस्तुर, रोयल्टी जस्ता विषयमा सहुलियत उपलब्ध गराउन प्रेस काउन्सिलको पहल आवश्यक छ ।

जिल्लामा सञ्चालित उद्योग, कलकारखानाले स्थानीय पत्रपत्रिकालाई अनिवार्य विज्ञापन दिन पनि प्रेस काउन्सिलमार्फत निर्देशन दिइनुपर्दछ । छापामाध्यमहरूलाई इन्टरनेट, टेलिफोन, क्यामेरा, ल्यापटपजस्ता सञ्चार साधन र विद्युत महसुल वा नवीकरण गर्दाको शुल्कमा राहत अनुभूति हुने गरी छुटको व्यवस्था गर्न काउन्सिलमार्फत सम्बद्ध निकायमा पहल हुनुपर्ने आवश्यकता छ । सार्वजनिक खरिद ऐनको संशोधन गरी स्थानीय र प्रदेशस्तरका पत्रपत्रिकालाई निश्चित रकमको विज्ञापन र टेण्डरका सूचना छाप्न मिल्ने गरी ऐनमा व्यवस्था गर्नसमेत पहल बढाउन जरुरी छ । साथसाथै विभिन्न विपद्, कोरोना महामारी र अन्य महामारीको सङ्क्रमणलगायत समस्या थप फैलन नदिन सचेतनामूलक सरकारी एवं सार्वजनिक सूचना, जानकारीबर्द्धक विज्ञापनहरू स्वरोजगारमूलक सञ्चार माध्यमबाट सम्प्रेषण गर्न विशेष आर्थिक प्याकेज ल्याउन काउन्सिलको भूमिका अपेक्षित छ ।

साना लगानी र स्वरोजगारमूलक मिडियाको हकमा स्थानीय भाषा, संस्कृति र विकाससम्बन्धी कार्यक्रम उत्पादन र प्रसारण गर्ने विषयमा सम्बद्ध स्थानीय तहसँग समन्वय गर्न प्रदेश सरकारले सहजीकरण गर्ने विषयमा केन्द्र सरकारबाट निर्देशन दिनुपर्ने आवश्यकता छ । पत्रकार, कामदार, कर्मचारीको समस्याको वर्गीकरण गरेर तत्काल रोजगारीको सुनिश्चितता हुने वातावरण बनाइनुपर्ने अर्को महत्वपूर्ण काम हो । पत्रकारलाई आत्मनिर्भर बनाउन पत्रकार महासङ्घसँगको समन्वयमा सीप विकासका लागि कार्यक्रम सञ्चालन गर्न तदारुकताको खाँचो छ । स्वरोजगारमूलक सञ्चार माध्यमलाई कोभिडको गम्भीर असरबाट जोगाउन राहतस्वरूप कल्याण कोष, बिमा, फेलोसिप, सीप विकासजस्ता कार्यक्रममा ध्यान दिनुपर्ने हुन्छ ।

न्यूनतम पारिश्रमिकलाई आधार मानेर स्वरोजगारमूलक सञ्चार माध्यममा कार्यरत पत्रकारलाई टिकाउन केही प्रतिशत पत्रकारलाई फेलोसिपको रूपमा प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ, पत्रकारितासम्बद्ध सङ्घ, संस्थामार्फत राहत उपलब्ध गराउनसके सङ्कटको क्षणमा ठुलो राहत हुने छ । श्रमजीवी पत्रकारलाई निश्चित कार्यविधि तय गरी तत्कालै स्वास्थ्य बिमाको व्यवस्था गरिनुपर्दछ ।

अहिलेको अप्ठ्यारो परिस्थितिमा रोजगारीबाट विमुख गरिएका श्रमजीवी

पत्रकार, कर्मचारी कामदारलाई पुनर्स्थापना गर्ने र राज्यतहबाट राहात लिएर सुविधा कटौती गरिएको भएमा यस्तो सुविधाको क्षतिपूर्ति उपलब्ध गराउन कडाइपूर्वक कदम उठाइनुपर्ने हुन्छ । कोरोना कालमा विस्थापित भएका, समस्याग्रस्त र मानसिक पीडामा रहेका पत्रकारलाई अन्तरिम राहतको प्याकेज ल्याउन पत्रकार महासङ्घमार्फत दबाब बढाउन आवश्यक छ ।

पछिल्लो समय युट्युबसहित सामाजिक सञ्जालको नियमन, अनुगमन र व्यवस्थापन नहुँदा समग्र मिडियाप्रति नकारात्मक धारणा विकसित हुँदै गएको छ । बेथिति र विकृति बढ्दो छ । यस्को नियमन र अनुशासनको प्रभावकारी व्यवस्था गर्न ठोस पहल हुन जरुरी छ । सबै तहका सरकारबिच समन्वय गरी सञ्चार माध्यमलाई व्यवस्थित, मर्यादित गराइ व्यावसायिक ढङ्गबाट अघि बढाउन प्रेस काउन्सिल नेपालमार्फत पहल थाल्न ढिलाइ गरिनुहुँदैन ।

न्यूनतम् पारिश्रमिकको कार्यान्वयन व्यावहारिकरूपमा स्वरोजगारमूलक मिडियाका हकमा लागु हुन सक्ने अवस्था नभएकाले श्रमजीवी पत्रकार ऐन २०५१ को दफा २ (ख), दफा ३४ (ङ) र श्रमजीवी पत्रकार सम्बन्धी नियमावली २०५३ को दफा २४ (घ) समेतलाई ध्यानमा राखी पुनर्विचार गरिनुपर्ने अपरिहार्यता छ । कोभिड-१९ का कारण उत्पन्न सङ्कटसमेतका कारण कतिपय मिडिया बन्द भइ ठुलो मात्रामा रोजगारी गुमाउनु परेकाले विस्थापित पत्रकारलाई विशेष राहात प्याकेजका व्यवस्था लागु गर्न राज्यस्तरबाट ढिलाइ भइसकेको छ । विभिन्न पेसा, व्यवसायमा संलग्न व्यक्तिले पनि पत्रकारका नाममा सुविधाहरू लिने तर वास्तविक पत्रकारहरू सुविधा बञ्चित हुने स्थिति छ । यस्तो बेथितिको अन्त्यका लागि प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ र सूचना विभागको समन्वयमा पत्रकारहरूको शुद्धिकरणमा गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ ।

दीर्घकालीन समाधानका लागि

साना तथा स्वरोजगार छापामाध्यमको भविष्य सुनिश्चित गर्न दीर्घकालीन रणनीति चाहिन्छ । अब गोश्वारा ढङ्गले मिडिया धानिन कठिन भइसकेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिडिया दर्ता गर्दै जनशक्ति व्यवस्थापन, वित्तीय व्यवस्थासहितको व्यावसायिक कार्ययोजना बनाएर सो को विश्लेषण गरी भावी रणनीति तर्जुमा गर्नुपर्ने अवस्था छ । मिडियाको सम्भाव्यता हेरेर वैज्ञानिक र व्यावहारिक पक्षलाई ध्यानमा राखेर मात्र सञ्चालनको अनुमति दिने नीति तय गरे दिगो विकासमा टेवा पुग्दछ ।

सञ्चार जगतसँग सम्बन्धित एकीकृत कानुनको निर्माणमा मन्त्रालयको भूमिका आवश्यक छ । राज्य तहबाट पत्रकार, कर्मचारी र कामदारको निःशुल्क

जीवन बिमा, दुर्घटना बिमा, स्वास्थ्य बिमा एवं उपचार र क्षतिपूर्तिको दीर्घकालीन व्यवस्था गर्न मन्त्रालयबाट पहलकदमी अघि बढाइनुपर्दछ । सञ्चार प्रतिष्ठानको वर्गीकरणलाई वैज्ञानिक र पारदर्शी बनाउन प्रेस काउन्सिल नेपालको पुनर्संरचना गरी स्थानीय तहसम्म विस्तार गर्नुपर्ने खाँचो छ ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐनमा रहेका कतिपय बुँदाहरू स्वरोजगारमूलक मिडियाको हकमा अव्यावहारिक देखिएकाले यसलाई तत्कालै संशोधन तथा परिमार्जित गरी सरोकारवाला सबै पक्षलाई मान्य हुने किसिमले सरल र सहज ढङ्गबाट लागु गर्न सकिने बनाउन पनि मन्त्रालयको भूमिका आवश्यक छ । नयाँ परिवेशमा सञ्चार माध्यममा पनि विकेन्द्रीकरणको सिद्धान्त लागु गर्न आवश्यक नीति तय गर्नुपर्ने हुन्छ ।

दुर्गम तथा पिछडिएका क्षेत्रका पत्रकारका लागि विशेष कार्ययोजना तय गरिनुपर्छ । सञ्चार क्षेत्रमा रहेको लगानीको सुरक्षा तथा संवर्द्धन नीति लागु गर्ने दिशामा दीर्घकालीन सोच चाहिन्छ । राष्ट्रिय विज्ञापन नीतिको ठोस आधार तय गरी स्थानीय विज्ञापन स्थानीय मिडियालाई उपलब्ध गराउने र विज्ञापन वितरण समानुपातिक आधारमा गर्ने व्यवस्था मिलाउननुपर्ने हुन्छ । विज्ञापन नियमन गर्ने ऐन-२०७६, समानुपातिक विज्ञापन र क्लिनफिड नीति लागु गर्नुपर्छ । यति गर्न सकियो भने सङ्कटापन्न अवस्थाबाट जोगाउन स्वरोजगारमूलक छापामाध्यमलाई ठुलो गुन हुनेछ ।

(लेखक काठमाडौँप्रेस डटकमका समाचार सम्पादक हुनुहुन्छ ।)

***

प्रेस काउन्सिललाई सरकार नचाहिएला तर सरकारलाई काउन्सिल चाहिन्छ

– किशोर श्रेष्ठ, पूर्वकार्यवाहक अध्यक्ष



प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठसँग कुराकानी गर्दै सदस्य ठाकुर बेलबासे । तस्बिरः विपुल पाण्डे ।

प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष **किशोर श्रेष्ठ**ले नेपाली पत्रकारिताका क्षेत्रमा साढे तीन दशक बिताउनुभएको छ । नेपाली पत्रकारिताको उन्नयनमा विशेष भूमिका निर्वाह गर्नुभएका श्रेष्ठले ०७४ साउनदेखि ०७७ असोजसम्म प्रेस काउन्सिल नेपालको कार्यवाहक अध्यक्ष भएर काम गर्नुभयो । 'जनआस्था' साप्ताहिकका प्रकाशक/सम्पादक श्रेष्ठ विश्व प्रेस काउन्सिलको महासचिवसमेत हुनुहुन्छ ।

प्रस्तुत छ : प्रेस काउन्सिल नेपालका विविध पक्षमा श्रेष्ठसँग काउन्सिलका बोर्ड सदस्य **ठाकुर बेलबासे**ले गरेको कुराकानी –

- **आजको समयमा प्रेस काउन्सिल नेपालको आवश्यकता अझ बढ्दो छ या सामान्य परम्परागत भए पुग्छ, यहाले कस्तो देख्नुहुन्छ ?**

नेपाली पत्रकारिताको प्रारम्भ छापामाध्यमबाट मात्रै भयो । विस्तारै हुलाक, टेलिभिजन, रेडियो हुँदै अनलाइनसम्म आएको नेपाली पत्रकारितामा अब धेरै कुरा मिसिएका छन् । सबै कुरा अनलाइन पत्रकारितामा समेटिएको छ । यसका पनि अनेकन आयाम छन् । प्रविधिका नयाँ-नयाँ र उच्चतम विकास हुँदै गएपछि सञ्चार माध्यम पनि थपिँदै गए । अब यसलाई नियमन गर्ने र चाहिने कानुन बनाइदिने संस्था भएन भने यो मेलम्चीको बाढीजस्तो हुन्छ ।

हरेक ठाउँमा रुल अफ ल आवश्यक छ । रुल अफ लको अभावमा मिडिया हाउस कसरी जिम्मेवार हुने ? उनीहरूलाई कसले अनुशासित बनाउने ? हामीले प्रेस स्वतन्त्रता र अधिकारका कुरा गरिरहेका छौँ । तर त्यो अधिकार भनेको कर्तव्य र जिम्मेवारीसहितको हो । आचारसंहिता यसैका लागि बनाएका हौँ । अरू निकायमा जस्तै राज्यको चौथो अङ्ग भनेर यसै छोडिदिए पनि हुन्थ्यो होला । तर अवस्था त्यस्तो हुँदै होइन ।

आज प्रेस काउन्सिल नेपालमा सूचीकरण हुन आएका अनलाइन मात्रै तीन हजारभन्दा बढी पुगे । अनलाइन हातहात र झोलाझोलामा छन् । काउन्सिलमा दर्ता नभएका त अझ कति होलान् । टेलिभिजन र रेडियोको अवस्था पनि यस्तै छ । यी सबैलाई नियमन र अनुगमन गर्ने निकाय चाहिएन ? पत्रकारलाई प्रहरीले समात्दै कारबाही गर्ने हो ? अदालतले गाली बेइज्जतीका नाममा मुद्दा चलाउँदै जाने हो ? यस्तै हुन दिने हो भने त प्रेस स्वतन्त्रताको कुनै अर्थ भएन । प्रेस काउन्सिलले पत्रकारलाई बेलैमा आचारसंहिता सिकाउन सक्दा धेरै पत्रकार जोगिएका छन् । पत्रकार आचारसंहिता अध्ययन गर्न नपाएकाहरूबाट आज पनि प्रेस स्वतन्त्रता उल्लंघन भएको छ । भर्खरै सुर्खेतको घटना नजिरका रूपमा आएको छ । बलात्कृत राउटे चेलीको परिचय छरपष्ट पारिदिएको भन्दै अदालतले पत्रकारलाई जेल हाल्न आदेश दिएको छ । यदि ती पत्रकारले काउन्सिलको आचारसंहिता पढेका भए त्यसो गर्दैन थिए होलान् । यसैले आज काउन्सिलको आवश्यकता खुम्चिएको होइन, बढेको छ । यसको भूमिका अझ विस्तार हुनु जरुरी देखिन्छ ।

- **सञ्चार माध्यमको विस्तृति र विकास भएसँगै अहिलेको काउन्सिलको संरचनाले नेपाली सञ्चार क्षेत्रको नियमन र अनुगमन गर्न सक्छ कि सक्दैन ?**

सक्छ । सक्नै पर्छ । राजा महेन्द्रको अन्तिमकाल ०२७ सालमा निरंकुशता थियो । सञ्चार नियन्त्रणमा थियो । यस्तो समयमा पनि प्रेस काउन्सिल स्थापना

गरियो । निरङ्कुश राजाले प्रेस स्वतन्त्रताको नाममा आफू जोगिनका लागि संस्थागत काम गर्न खोज्नु अचम्म भएन ।

प्रेस काउन्सिल स्थापना हुँदा छापामाध्यम कति थिए भन्ने कुरालाई हेर्नुपर्ने हुन्छ । आज देशमा यति धेरै सञ्चार माध्यमको विकास भएको छ कि हामी नै अचम्मित छौं । देशमा नागरिक पत्रकारिता भन्ने पनि सुरु भइसकेको छ । तर प्रेस काउन्सिल भने २०४८ सालको तीस वर्ष पुरानो ऐनका भरमा चलेको छ ।

छापामाध्यमहरू भटाभट मर्दैछन् । डाइनोसरमा परिणत हुँदैछन् । तर काउन्सिल कानुनतः छापामा मात्रै केन्द्रित छ । प्रभावकारी बन्दै आएको विद्युतीय मिडियाबारे काउन्सिलको ऐन, नियम मौन छ । मानिसले हुलाक प्रयोग गर्न छाडे । हुँदाहुँदा इमेल पनि चलाउन छाडिसके । नयाँ नयाँ सञ्चारका प्रविधि अपनाउने क्रम जारी छ । समाजले प्रयोग गरिरहेको सञ्चार माध्यमलाई अनुगमन गर्ने प्रणालीसहितको संस्था हुनुपर्छ कि पर्दैन ? यसैले प्रेस काउन्सिल समयानुकूल परिमार्जन हुनु जरुरी छ । केपी ओली नेतृत्वको सरकारले मिडिया काउन्सिल विधेयक ल्यायो । एकपटक ल्याइहेरौं न त, कस्तो प्रतिक्रिया आउने रहेछ भन्ने प्रयोग थियो त्यो ।

सरकारले पैसा त अदालतलाई पनि दिन्छ । तर अदालत सरकारको आदेशमा चल्छ र !

सरकारले बेलाबखत तत्काललाई सम्बोधन हुने गरी पठाएको पत्राचार बाहेक ऐनको आधारमा भन्ने हो भने काउन्सिललाई छापामाध्यम मात्र हेर्ने अधिकार छ । युट्युबले जथाभावी गरिरहेको छ । अनलाइनको अवस्था त्यस्तै छ । मानिसलाई शिकार गरेर उनीहरू पैसा पनि कमाइरहेका छन् । पेसालाई बदनाम गर्दैछन् तर यी माध्यमलाई नियमन र अनुगमन गर्ने राम्रो कानुन छैन । दुनियाँ कहाँबाट कहाँ पुगिसक्यो । तर काउन्सिलको कानुन 'बाँदरको पुच्छर, लौरो न हतियार' भनेजस्तै छ । नेपाल प्रहरीलाई दोस्रो विश्वयुद्धताकाको थ्री नट थ्री राइफल दिएजस्तै हो, काउन्सिलका लागि ०४८ को ऐन । यस्तो ऐनले काउन्सिल कसरी चल्न सक्छ ? नेपाली मिडियालाई विश्वमै नभएको स्वतन्त्रता दिइएको छ । संसारमै कहीं नभएको नेपालको संविधानमै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख छ । स्वतन्त्रता आधी, अधुरो र पूर्ण भन्ने नै हुँदैन । तर नेपालमा मात्रै संविधानमै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरिएको छ । यसलाई कर्तव्यनिष्ठ बनाउने एउटा संस्था त चाहिन्छ । त्यसका लागि प्रेस काउन्सिल नेपालको स्थापना त गरियो । तर शक्तिविहीन ढङ्गको बनाइयो ।

- **समय अनुकूल प्रेस काउन्सिल नेपाल बनाउन काउन्सिलले प्रयास गरेन कि, सरकारले चाहेन कि ! यसको बाधक को हो ?**

काउन्सिलको प्रयास पनि कमजोर नै भयो । किनभने ०४७ पछि अभिव्यक्ति स्वतन्त्रता अलिक फराकिलो भयो । प्रेस स्वतन्त्रतालाई प्रत्याभूत गर्ने काम पनि भयो । दलहरूले काउन्सिलमा नियुक्ति गर्न र नियुक्ति खानेहरू दल तथा सरकारप्रति बढी उत्तरदायी बन्न थाले । सरकारले पनि मैले बजेट दिने त हो नि भन्ने सोच्न थाल्यो । सरकारले पैसा त अदालतलाई पनि दिन्छ । तर अदालत सरकारको आदेशमा चल्छ र ! हामीले पैसा दिने हो, हामीले भनेअनुसार काउन्सिल चल्नुपर्छ भन्ने सत्तामा बस्नेहरूको सोचाइ गलत छ । सत्ताबाहिर बस्दा प्रेस स्वतन्त्रताबारे बोल्ने नेताहरू सत्तामा पुगेपछि प्रेसको मर्मविपरीत काम गर्छन् । समस्या सबैतिरबाट गुजुल्टिएको छ । सरकार प्रेसप्रति कठोर बन्न थाल्यो, प्रेस स्वतन्त्रताविपरीत कानुन बनाउन थाल्यो । जस्तैः विद्युतीय कारोबार ऐन ल्याइएपछि, पत्रकारले नै काउन्सिलको खोजी गर्न थाले । प्रेस स्वतन्त्रताको संरक्षण गर्ने निकाय त चाहियो । प्रेस काउन्सिलले पत्रकारलाई जोगाएन भने विद्युतीय कारोबार ऐनका नाममा, समाचार लेखेकै भरमा समातेर पाँच वर्ष जेल हाल्ने व्यवस्था छ र एक लाख जरिबाना गर्न सक्छ भन्ने भएपछि पत्रकारलाई काउन्सिल चाहिएको हो । यतिबेला सबै पत्रकारलाई काउन्सिल चाहिएको छ । यसको आवश्यकता अझ बढेको छ ।

आज काउन्सिलमा उजुरीको चाङ लाग्न थालेको छ । काउन्सिलको सक्रियता पनि बढ्दो छ । यो संस्था हामीलाई आवश्यक छ । यसैले हामीलाई न्याय दिन्छ भन्ने सबैलाई लागेको छ । काउन्सिलले पत्रकार र पीडित दुवैलाई जोगाउँछ । न्याय दिन्छ । पत्रकारमाथि अन्याय नहोस् भन्नका लागि काउन्सिलले पत्रकार महासङ्घको अध्यक्षलाई पदेन सदस्य राख्ने गरेको छ ।

- **प्रेस काउन्सिल र सरकारबिचको सम्बन्ध कस्तो हुनुपर्ने हो ?**

सरकारले काउन्सिललाई बजेट दिएका भरमा मगन्तेको व्यवहार गरेको छ । बजेट दिनुको अर्थ सरकारले निर्देशन लाद्नु होइन । काउन्सिल त न्यायालय पनि हो नि ! त्यसमा कसैको दबाब परेका खण्डमा के हुन्छ, सोच्नु पर्दैन ? नेपालको, काउन्सिलको प्रभावकारिताबारे नेपाल सरकारलाई कुनै वास्ता छैन । काउन्सिलप्रति नेपाल सरकारको उदासीनताको म आफैँ भुक्तभोगी हुँ । हाम्रा तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई एउटा छिमेकी देशको राजदूतसँग जोडेर भारतीय सञ्चार माध्यममा नानाभाँती प्रचार गरिरहँदा हामीले भारतीय प्रेस काउन्सिलका अध्यक्षलाई पत्र लेखेर गम्भीर आपत्ति जनायौँ । यो काउन्सिलको इतिहासमा कहिल्यै नभएको घटना

थियो । कालापानी, लिपुलेकजस्तो राष्ट्रिय मुद्दालाई लिएर काउन्सिलले बोल्यो । कडा प्रतिवाद गऱ्यो । यो काम त नेपालको परराष्ट्र मन्त्रालयको थियो । तर भारतीय सञ्चार माध्यममा मनगढन्ते समाचार आएका कारण हामीले पनि भारतीय काउन्सिललाई समाएर प्रतिवाद गऱ्यौं । प्रधानमन्त्री दम्पतीको स्वीस बैंकमा करोडौं रकम शीर्षकमा जाली समाचार लेख्नेहरूलाई पनि कारबाही गऱ्यौं । काउन्सिलले प्रेसको मात्रै अनुगमन र नियमन गर्छ भनेर हुँदैन, पत्रकारले राष्ट्रियताका विषयमा सिमानामा गएर लड्नुपर्ने पनि हुनसक्छ ।

- **प्रेस काउन्सिल बलियो हुँदा सरकारलाई नै बल पुग्ने हो कि ?**

यो त स्वाभाविकै छ । काउन्सिल बलियो भयो भने सरकार बलियो हुन्छ । सरकारले भन्न नसकेका कुरा काउन्सिलले भनिदिन्छ । मिडियासम्बन्धी कतिपय सरकारका कतिपय कमजोरीमा आफ्नो च्यानलबाट सतर्क गराइदिन्छ ।

- **सरकारले काउन्सिललाई किन बुझ्न सकेन ?**

सरकार स्वभावअनुसार जहिले पनि आफ्नो सत्ता जोगाउनमै केन्द्रित हुन्छ तर प्रेस स्वतन्त्रताको रक्षा र प्रेसलाई मर्यादित बनाउने, प्रेस काउन्सिलको एक मात्रै परिभाषित जिम्मेवारी हो ।

सरकारमा बस्ने ! नेता बन्ने ! प्रधानमन्त्री बन्नेहरूका स्वार्थ र जिम्मेवारी अनेक र अथाह हुन्छन् । तर काउन्सिलमा बस्नेहरूले त्यसो गर्न सक्दैनन् । चौथो अङ्गलाई जोगाउन सबै काम यसैले गर्नुपर्छ । नियम, कानुन खोजेर मात्रै बस्यो भने काउन्सिलले केही पनि गर्न सक्दैन । पत्रकार भनेको राज्यका तीनवटा अङ्गलाई निगरानी गर्ने चौथो अङ्ग हो । यसलाई मर्यादित बनाउने र सुरक्षित बनाउने काम प्रेस काउन्सिलको हो ।

- **०४८ सालको ऐनलाई देखाएर काउन्सिलमाथि अनेकन प्रश्न उठ्ने गर्छन् ? तपाईं नै पनि अध्यक्ष बन्नुभएका बेला समयसापेक्ष ऐन, कानुन ल्याउन कुनै प्रयास भएन ?**

प्रयास थुप्रै भए तर स्वार्थको द्वन्द्वका कारण कार्यान्वयन गराउन सकिएन ।

- **तपाईंको प्रयासको अनुभव सुनाौ न ?**

हामीले तत्कालीन प्रधान न्यायाधीश र अन्य विज्ञलाई सामेल गराएर गोदावरीमा दुई दिनको भेला गऱ्यौं । ०४८ सालका ऐनलाई परिवर्तन गर्दै समय अनुकूल ऐनको प्रारम्भिक मस्यौदा तयार गरेर सरकारसमक्ष पठायौं । तर सरकार प्रेसलाई मर्यादित बनाउन आर्थिक र कैद सजाय नै गर्नुपर्छ भन्ने पक्षमा देखियो । एकातिर संविधानमा पूर्ण प्रेस स्वतन्त्रता भन्ने, अर्कोतिर कानुन बनाएर

प्रेसलाई कस्न खोज्ने काममा सरकार लाग्यो । यसपछि नेपाली प्रेस जगतमा ज्वालामुखी नै बिष्फोट भयो । पत्रकारले विद्रोहमा उत्रनुपऱ्यो । सूचना प्रविधि विधेयक, आम सञ्चार विधेयक र मिडिया काउन्सिल विधेयक ल्याएर सरकारले प्रेस स्वतन्त्रतामाथि धावा बोल्न खोज्यो ।

- **मिडिया विधेयक ल्याउनमा तत्कालीन किशोर श्रेष्ठ नेतृत्वको प्रेस काउन्सिलको केही भूमिका थिएन ?**

प्रधान न्यायाधीश, न्यायाधीश, पूर्वअध्यक्ष, प्रधानमन्त्रीका प्रेस सल्लाहकार, पत्रकारिता क्षेत्रका सङ्घ सङ्गठनका प्रतिनिधि र विज्ञबिच ठुलो छलफलपछि हामीले सरकारलाई मस्यौदा बुझाएका हौं । तर प्रेस काउन्सिल बलियो बनाउनतिर सरकारको ध्यान गएन । हामीले दिएको सुझावभन्दा एक सय असी

मोबाइल नचलाउने ? जङ्गली युगमा फर्किने ? मिडियाका नाममा जथाभावी गर्न दिने ?

डिग्रीको फरकमा गएर मिडिया काउन्सिल विधेयक आयो । हामीले पत्रकारलाई तह लगाउने नाममा आर्थिक दण्डको परिकल्पना गरेकै थिएनौं । पत्रकारितामा देखिएको दण्डहीनता या अनुशासनहीनतालाई कसरी रोक्ने ? पत्रकारितामा देखिएको विकृति रोक्ने चुनौती पक्कै पनि छ । यसैले मेरो पालामा पत्रकार आचारसंहिता दुई पटक परिमार्जन गऱ्यौं ।

बार, मेडिकल र नर्सिङ काउन्सिलको जस्तै कुनै कलेजबाट पत्रकारिता पढेर आएकालाई काउन्सिलले एकहप्ते आचारसंहिता कक्षा दिने, त्यसमा पास हुने विद्यार्थीलाई प्रमाणपत्र दिएर काममा पठाउने भनेर तयारी गरेका थियौं । तर यसलाई कार्यान्वयन हुन दिइएन । यसो गरेको भए पत्रकारिताको मर्यादा बाहिर जानेलाई कारबाही गर्न सजिलो हुने थियो । बारले लाइसेन्स खोसेजस्तै मर्यादाविपरीत काम गर्ने पत्रकारको पनि पाइलट, डाक्टरको झैं लाइसेन्स खोस्न सकिन्थ्यो । योभन्दा ठुलो सामाजिक बहिष्कार अरू के हुन सक्छ !

हामीले प्रयास नगरेको होइन । एक जना पत्रकारले धेरैलाई ठगेको उजुरी आयो । हामीले उहाँलाई सुधार्न धेरै कोसिस गऱ्यौं । नभएपछि लाइसेन्स खोस्नेतर्फ लाग्यौं । प्रेस पास दिने सूचना तथा प्रसारण विभागलाई पत्राचार गऱ्यौं तर विभागले कार्यान्वयन गरेन । एकजनाले विवादास्पद पत्रिका चलाएर त्यसैगरी धेरैलाई ठगेका थिए तर हामीले कारबाही गर्ने, अदालतले रोक्ने काम भयो । सूचना तथा प्रसारण विभाग र अदालतसँग काउन्सिलले समन्वय गर्न सक्यो भने पनि धेरै राम्रो काम हुन्छ ।

०४७ सालदेखिका प्रत्येक संविधानमा पत्रकारिता गरेबापत कुनै पनि पत्रकार जेल जान नपर्ने, छापाखाना कब्जा नगरिने र पत्रिका बन्द नहुने भन्ने उल्लेख छ। तर आमसञ्चार विधेयक र सूचना प्रविधि विधेयकमार्फत भने पत्रकारले प्रयोग गरेका ल्यापटप, कम्प्युटरलगायत सबै सिज गर्ने र एक करोडसम्म जरिबाना गर्ने प्रावधान ल्याइयो। त्यसको हामीले विरोध गर्‍यौं।

- **हामीले यी कुरा गरिरहँदा कतिपयले काउन्सिल आवश्यक छैन। यसलाई खारेज गरिदिए हुन्छ भनेको पनि सुनिन्छ। यसलाई कसरी लिने ?**

यसो हो भने अदालत र पुलिस प्रशासन पनि खारेज गरिदिए भयो। अब मोबाइल नचलाउने ? जङ्गली युगमा फर्किने ? मिडियाका नाममा जथाभावी गर्न दिने ? एकातिर बिनापैसा मिडिया दर्ता गर्न दिने, अर्कोतिर उनीहरूले विकृति भित्र्याए पनि भन्ने ? अनि नियमन गर्ने भनिएको निकायलाई खारेज गरौं, काम छैन भन्ने ? त्यसो हो भने मिडियालाई नियमन कसले गर्छ ? पत्रकारले पत्रकारको समस्या बुझ्छ भनेरै प्रेस काउन्सिलको व्यवस्था गरिएको हो। तर सरकारको सहसचिवको दबदबा या सरकारका मानिसको हैकम चल्ने काउन्सिल बनाइएको छ। अहिलेको जमानामा प्रेस काउन्सिल चाहिँदैन भन्नु प्रेस र आधुनिक मिडिया चाहिँदैन भन्नु जस्तै हो। रुल अफ ल चाहिँदैन भनेको हो। काउन्सिल सरकार, नेता, न्यायाधीश र सुरक्षा निकाय सबैलाई चाहिन्छ।

- **प्रेस काउन्सिलको नाम परिमार्जन गर्न वा काउन्सिलको विकल्प खोज्न सकिँदैन ?**

यसको विकल्प खोज्दा फेरि लुछाचुँडी र भद्रगोल मात्रै हुन्छ। सरकारलाई हस्तक्षेप गर्ने एउटा बहाना मात्रै हुन्छ। प्रेस र मिडियामा के फरक छ ? आज पनि विश्वमा प्रेस फ्रिडम भनिन्छ। मिडिया फ्रिडम त भनिँदैन। नाम परिवर्तन गरेर के हुन्छ ? काम फरक हुनुपर्‍यो टिभी र रेडियोका पत्रकारले प्रेसको कार्ड भिर्दैनन् ? प्रेसले सबै माध्यमलाई समेट्छ।

- **नेपालको प्रेस काउन्सिलबारे अन्तर्राष्ट्रिय जगत्मा कस्तो धारणा देखिन्छ ?**

नेपालको प्रेस काउन्सिललाई सरकारले बजेट दिन्छ। सरकारले पदाधिकारी नियुक्त गर्छ। तर काउन्सिल सरकारको 'पपेट' होइन भन्ने कुरामा विश्वका धेरै पत्रकार र कूटनीतिज्ञहरू सहमत छन्।

नेपालको प्रेस काउन्सिलले प्रेस स्वतन्त्रता रक्षार्थ सरकारलाई मजैले दनक दिएका सयौं उदाहरण छन्। नेपालको प्रेस काउन्सिल ऐन निकै कमजोर छ। तर नेपालको काउन्सिलजस्तो अन्यत्र छैन। भारतको प्रेस काउन्सिलले मिडियाको वर्गीकरण गर्छ ? वर्गीकरणको आधारमा मिडियालाई सुविधा दिलाउन सक्छ ?

पाकिस्तानमा पनि नेपालको जस्तो प्रेस काउन्सिल छैन । श्रीलङ्का, बङ्गलादेशमा पनि त्यस्तै हालत छ । संसारभरका प्रेस काउन्सिल कमजोर छन् । नेपालको प्रेस काउन्सिलले त पत्रकारलाई पुरस्कृत गर्छ । विभिन्न शीर्षकमा सुविधा दिन्छ । उपचार खर्च पनि दिन्छ । दण्डित गर्छ । तर कडा होइन । यसकारण नेपालको प्रेस काउन्सिलप्रति विश्वका पत्रकार र मानवअधिकारकर्मीहरू लोभिन्छन् ।

- **काउन्सिलले गर्ने दण्ड, सजाय कर्मकाण्डी मात्रै भयो भन्ने गुनासा पनि सुनिए नि ?**

हो । यो कर्मकाण्डी मात्रै भएको छ । आर्थिक दण्ड र जेल सजाय हैन, लाइसेन्स खोस्ने कानुन हुनुपर्छ । त्यसका लागि हामीले तयारी पनि गरेका थियौँ । अहिले पत्रपत्रिका वर्गीकरणको काम काउन्सिलबाट झिकिदिनुपर्छ भन्ने कुरा पनि आएको छ । यस्ता कुराले काउन्सिललाई कमजोर मात्रै बनाउँछ । अहिले वर्गीकरणका कारण पनि काउन्सिलसँग पत्रकार बाँधिएका छन् । वर्गीकरणले पत्रकारलाई मर्यादित पनि बनाएको छ ।



प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठसँग कुराकानी गर्दै सदस्य ठाकुर बेलबासे । तस्बिरः विपुल पाण्डे ।

काउन्सिलको हातमा लठ्ठी र चक्लेट दुवै छ । कारबाही गर्छ र सेवासुविधा पनि दिन्छ । कान्तिपुर, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका, समाचारपत्रजस्ता पत्रिकाले काउन्सिललाई नटेरेर वर्गीकरणमा आएनन्, पछि आफैँ सामेल भए । पत्रपत्रिका वर्गीकरणकै कारण सेवासुविधा पाइने र आचारसंहिताको नम्बर पनि मिल्ने हुँदा प्रेस काउन्सिलका कामकारबाहीलाई सबैले महत्व दिइरहेका छन् । यो काम खोस्ने

हो भने काउन्सिललाई कसैले वास्ता गर्ने छैनन् । काउन्सिलले साइट ब्लक, सुविधा रोक्का, वेबसाइटमा कालोसूचीमा राखिदिँदा धेरैतिर असर पर्ने गर्छ ।

- **प्रेस काउन्सिल नेपाली पत्रकारिताको सर्वोच्च अदालत । अदालत निष्पक्ष भइदिएन भने धेरै कुरा बिग्रन्छ नि होइन ?**

अहिले सर्वोच्च अदालतमा समस्या आइरहेको छ नि ! न्याय दिने निकायमा खराबी भयो भने के हुन्छ ? अहिले सर्वोच्च अदालतमा देखिएको घटनाले सबै कुरालाई उजागर गरिदिएको छ ।

- **काउन्सिलमा यस्तै भयो कि भएन होला ?**

किन नहुनु ! भएको छ ।

- **तपाईंकै पालामा पनि भयो कि ?**

भएको छ । मेरै पालामा पनि भएको छ ।

- **तपाईं निष्पक्ष बन्न सक्नु भएन ?**

एक्लैको बलले चल्ने संस्था होइन यो । सामूहिक कार्यबाट चल्ने हो । १२ जना बोर्ड सदस्य विभिन्न खालका हुन्छन् । सरकारका प्रतिनिधि हुन्छन् । वर्गीकरणमा त प्रेस काउन्सिलको एक जना प्रतिनिधि न जाने हो । त्यहाँ त विज्ञापन एजेन्सी सङ्घ, चार्टर्ड एकाउन्टेन्ट एसोसिएसन, उद्योग वाणिज्य सङ्घ र आचारसंहिता कमिटीमा नेपाल बारबाट प्रतिनिधि आएका हुन्छन् । मन्त्रालयको प्रतिनिधि हुन्छ । सूचना तथा प्रसारण विभागको डिजी नै वर्गीकरणको अध्यक्ष हुन्छ । तैपनि यो समितिले गरेको वर्गीकरण जेपी गुप्ता सञ्चारमन्त्री हुँदा उल्टाइएको छ । राम कार्कीको पालामा पुनरावलोकन गर्न ताकेता गरिएको छ । आफ्नै सदस्यहरूले नै आफ्नो पत्रिका क मा परेन भनेर माइन्युट च्यात्छु भन्दै पाखुरा सुर्किएर लडाइँ गरेको र मसहित पत्रकार महासङ्घको तत्कालीन महासचिव रमेश बिष्टलाई खुकुरीले काट्छु, गाडीले किचेर मार्छु भन्दै धम्क्याएको अवस्था पनि छ ।

- **वर्गीकरणमा मन्त्रालयको पनि हस्तक्षेप हुने रहेछ** ?

मन्त्रालयबाट त पटकपटक हस्तक्षेप भएको छ । बेलामा वर्गीकरण भएन भने पत्रपत्रिकाले साउनदेखि पाउने सुविधा तलमाथि हुन्छ । यसमा मन्त्रालयले चासो राख्दैन । म नाम लिन्नँ । प्रेस काउन्सिलका दुई जना बोर्ड सदस्य साथीले आफ्नो पत्रिका क मा हाल्न निकै जोडबल गर्नुभयो । यो निर्णयले तपाईंहरूलाई नै सिकार गर्छ भनेर मैले सम्झाएँ । नियमले उहाँहरूको पत्रिका क मा आउन सक्ने थिएन ।

- **तपाई अध्यक्ष भइरहँदा, तपाईकै पत्रिका जनआस्थामाथि कति उजुरी परे होलान् ?**

धेरै परे । तपाईं काउन्सिलमा रेकर्ड हेर्न सक्नुहुन्छ ! उजुरी आएका छन् । कारबाही भएको छ । जनआस्थालाई कडा निर्देशन गएको छ । आचारसंहिताको नम्बर कटेको छ । क प्लसबाट झरेको छ ।

- **यसले अध्यक्ष किशोर श्रेष्ठलाई नैतिक सङ्कट पाऱ्यो कि पारेन ?**

नैतिक सङ्कट त पाऱ्यो । पर्छ । सम्पादक, पत्रकार र प्रकाशकमध्येबाट काउन्सिलको सदस्य र वकालती या पत्रकारिता पृष्ठभूमिबाट अध्यक्षमा नियुक्त गर्ने ऐनमा उल्लेख छ । कानुनबमोजिम क्रियाशील पत्रकार त्यहाँ जाने हो । तर कुरा के हो भने काम गर्नेले गल्ती पनि गर्छ । काउन्सिलले गल्ती भेट्टाएपछि उसको निर्देशनलाई पालना गर्नुपर्छ । मेरो पत्रिकाले गलत गऱ्यो भनेर काउन्सिलले जति पत्र काट्यो त्यसलाई सम्मान गर्दै मैले काउन्सिलको निर्देशन पालना गरेको छु ।

- **पत्रकारिताको दुरूपयोग गर्न किशोर श्रेष्ठ अग्रणी हुनुहुन्छ, कसैले यसो भन्यो भने त्यो आरोप मात्रै होला कि ?**

- दुरूपयोग शब्द गलत हुन्छ । म प्रेस कउन्सिल गएको कहिले र मैले पत्रकारिता कहिलेबाट सुरु गरेँ । यसको अन्तर हेरे पनि पुग्छ ।

मेरो जीवनस्तर उठबस यी कुरा हेरे पनि मैले दुरुपयोग र सदुपयोग के गरेको रहेछु, थाहा हुन्छ । पत्रकारिताको सदुपयोग गरेर आफूलाई, संस्थालाई र पत्रकारिता जगत्लाई किशोर श्रेष्ठले कल्याण गरेको भने सत्य हो ।

- **एक दुई वटा उदाहरण ?**

नेपालका तीन सयभन्दा बढी पत्रकारले मेरै कारण विदेश भ्रमण गर्न पाएका छन् । काउन्सिलमा म गएपछि बोर्ड सदस्य र कर्मचारीसमेतले पटकपटक विदेश यात्राको अवसर पाएका छन् । पुरस्कृत पनि उत्तिकै भएका छन् । पेसागत सुविधा र बढुवासमेत पाएका छन् । राष्ट्रपतिलाई वार्षिक प्रतिवेदन बुझाउने स्तरमा काउन्सिल कसरी पुग्यो ?

- **प्रेस काउन्सिलमा तपाईले सम्झनलायक के काम गर्नुभयो ?**

छाती ठोक्नैपर्ने काम त मैले केही गरिनँ होला । तर संस्थाको बिगार नहोस् भन्ने कुरामा सदैव सचेत रहेँ, मितव्ययिता अपनाएँ । मेरो कार्यकालमा स्रोत-साधनबाट काउन्सिल कमजोर भएन । यो 'भूतो न भविश्यती'को कुरा हो । मेरो पालाको भौतिक संरचना हेर्नुहोला । मैले बोल्नै पर्दैन । रेकर्डिङ डिभाइस मेरै पहलमा आएको हो । अनलाइनले जथाभावी पोष्ट गर्ने, । विवाद आएका खण्डमा

हतारहतार डिलिट गर्ने । हामीले केन्या भ्रमण गर्दा रेकर्डिङ मेसिन भेट्यौं । यसले अनलाइनका सबै पोष्टलाई रेकर्डमा राख्छ । कसैले पोष्ट गरेको सामग्री डिलिट गरेछ भने पनि काउन्सिलसँग रेकर्ड हुन्छ । यो मेसिन मेरै पहलमा एक करोड ४० लाख खर्च गरेर ल्याएको हो ।

काउन्सिलमा १६ वर्ष पुरानो एउटा कालो सुमो गाडी थियो । मैले चारवटा नयाँ गाडी थपें । भूकम्पका कारण हरेक निकायमा बजेट घट्यो । तर काउन्सिलमा घटेन । 'प्रायोरिटी नम्बर टू' (पी टू)अन्तर्गत बजेट बढाउन काम भयो । मेरा पालामा हरेक वर्ष बजेट बढिरह्यो । संस्थालाई अन्तर्राष्ट्रिय जगतमा चिनाउने संस्थाको भौतिक संरचना र दैनिक कामलाई बलियो बनाउन मैले इमानका साथ सक्दो काम गरेको छु । मेरै पालामा उजुरी कति बढे ? मन्त्रीहरू मोटरसाइकल चढेर उजुरी हाल्न आउँथे । राष्ट्रपति कार्यालयले समेत काउन्सिलमा उजुरी हालेको छ । यो भनेको काउन्सिलप्रति मान्छेलाई विश्वास जगाउने काम हो जस्तो लाग्छ ।

एक जना मन्त्रीले त राष्ट्रपति प्रमुख अतिथि रहेको काउन्सिलको वार्षिकोत्सव नै बहिष्कार गरे ।

मैले नै छिमेकी देश भारतको प्रेस काउन्सिलका अध्यक्ष (जो भारतीय सर्वोच्च अदालतको वरिष्ठ न्यायाधीश हुनुहुन्थ्यो) लाई राष्ट्रियताका सवालमा चुनौती दिएर पत्र काटेको हो ।

विश्व प्रेस काउन्सिलमा आज नेपालको प्रेस काउन्सिलको हैसियत कहाँ छ ? यस्ता काम विगतमा भएका थिए ? कामको मूल्याङ्कन गर्नुपर्छ । त्यो समयले गर्छ । प्रेस काउन्सिलको अध्यक्ष रातो पासपोर्ट लिएर हिँड्ने व्यवस्था हामीले नै गरेका हौं । काउन्सिलको पदाधिकारी झुत्रेझाम्रे हुनुपर्ने हो ? रातो पासपोर्ट बोकेर विदेश जान नमिल्ने हो ? यसर्थ काउन्सिल पदाधिकारीको मर्यादाक्रम तोकाउन कोसिस गरेको पनि हामीले नै हो ।

- **यी सबै काम गर्न तपाईंलाई नेपाल सरकारको साथ सहयोग कस्तो रह्यो ?**

सबैबाट साथ-सहयोग भएको भए अझ धेरै काम गर्न सकिन्थ्यो । काउन्सिल कुनै व्यक्तिको होइन । सरकारी अङ्ग हो । यसले सरकारलाई नै साथ सहयोग गर्छ भन्ने कुरा तत्कालीन नीतिनिर्माताहरूले बुझ्नेनन् । एक जना मन्त्रीले त राष्ट्रपति प्रमुख अतिथि रहेको काउन्सिलको वार्षिकोत्सव नै बहिष्कार गरे । शीतल निवासको कार्यक्रममा मन्त्रालयकै प्रतिनिधित्व हुन दिएनन् । अरू

सरकारको अवस्था पनि त्यस्तै छ । प्रेस काउन्सिलको ऐन संशोधन गर्ने नाममा मेरो सिङ्गो बोर्डलाई फाल्ने गरी कामहरू भए । नयाँ पदाधिकारी राख्ने गरी ऐन ल्याउनेसम्मका हर्कत गरिए । सरकारसँग लडेरै मैले काम गरेको थिएँ । तर संस्थाका हितमा सबै जोखिम मोल्दा टिम मेरो साथमा थियो ।

मैरै पालामा प्रेस सङ्ग्रहालयको अवधारणा आयो । यसको जश जसले लिए पनि हुन्छ तर कामको सुरुवात मैले गरेको हुँ । डा. युवराज खतिवडाले ल्याएको बजेट हेर्दा हुन्छ । प्रेस काउन्सिल देशभर पुगेको छ । विदेशी सङ्घ संस्थासँगसमेत सहकार्य गरेको छ ।

- **प्रेस सङ्ग्रहालयबारे थप प्रष्ट पारिदिनुहोस् न ?**

प्रेस काउन्सिलमा रहेका पुराना पत्रपत्रिका कुहिएर जाने अवस्था देखियो । तीर्थ कोइरालाले मातृभूमिजस्ता पत्रिका बाइन्डिङ गरेर फाइल दिनुभयो । अन्य पत्रकारले पनि पुराना पत्रिका काउन्सिललाई दिनु त भयो तर ती पनि कुहिएर जाने देखियो । ०७२ सालदेखिको अर्काइभ नै हुन छाड्यो । यस्तै कुराले भावी पुस्तालाई नेपालको प्रेस इतिहास कसरी देखाउने भन्नेबारेमा छलफल चल्न थाल्यो । यसपछि मैले नै तत्कालीन अर्थमन्त्री डा. युवराज खतिवडालाई भेटेर मिडिया म्युजियमको प्रस्ताव गरेको हुँ । उहाँले नै पहिलोपटक १० लाख रुपैयाँ बजेट छुट्याइदिनुभयो । पछि यसमा तत्कालीन बोर्ड सदस्य गोपाल बुढाथोकी पनि लाग्नुभयो । उहाँले पुराना लेटर प्रेसका सामग्री खोज्न मेहनत गर्नुभएको थियो ।

- **प्रेस काउन्सिल आवश्यक छ । तर यसप्रति सरकार उदासीन छ भन्ने कुरा तपाईंले बताइरहँदा पूर्वअध्यक्षका नाताले काउन्सिललाई कस्तो सुझाव दिनुहुन्छ ?**

प्रेस काउन्सिलमा टिमवर्क सबैभन्दा ठुलो कुरा हो । टिमले अवरोध गऱ्यो भने गाह्रो हुन्छ । सँगै बसेको सहायक पाइलटले साथ दिएन भने क्याप्टेनले मात्र जहाज उडाएर हुँदैन । तर टिमले सहयोग गरेन भन्दैमा रोएर बस्नु पनि हुँदैन । हरेक संस्थालाई अगाडि बढाउन दुई-तीन जनाको दह्रो साथ भए पुग्छ । स्वार्थ बाझिने काम साथीहरूबाट हुनुभएन । तत्काल ऐन संशोधन गाह्रो छ भने विनियमहरू आफैँ पनि बनाउन सकिन्छ । निर्देशिका र कार्यविधिबाट पनि काम गर्न सकिन्छ ।

कसैले पनि काउन्सिलभित्र आर्थिक रूपमा किशोर श्रेष्ठले एक सुको तल-माथि गऱ्यो भन्न सक्दैनन् । त्यहाँ अध्यक्षको आर्थिक अधिकार छैन । कुनै पनि आर्थिक

कारोबारमा अध्यक्षको सही चल्दैन । यसले पनि बेदाग भएर निस्कन सजिलो भयो होला । तर प्रेस काउन्सिलको अध्यक्षले साँच्चै काम गर्ने हो भने आर्थिक अधिकार चाहिन्छ । आर्थिक पहुँच भएन भने पनि संस्था चलाउन गाह्रो हुन्छ ।

अध्यक्षले कर्मचारीको मुख ताक्नुपर्ने हुन्छ । आफ्नो स्वार्थविपरीत कर्मचारीले काम गर्न गाह्रो छ । काउन्सिलका हकमा त हिजो मुख्य प्रशासकीय अधिकृतसँग पनि आर्थिक अधिकार थिएन । हामीले नै सूचना तथा प्रसारण विभागको महानिर्देशकबाट केही आर्थिक अधिकार खोसेर मुख्य अधिकृतलाई दियौँ । अध्यक्षसँग आर्थिक र टिमको नेतृत्व गर्ने अधिकार हुनुपर्छ । नियमित रूपमा अध्यक्षले प्रधानमन्त्री या विभागीय मन्त्रीलाई नीतिगत विषयमा बताउने र छलफल गर्ने गर्नुपर्छ ।

जस्तोः प्रेस काउन्सिलले आफ्ना काम गर्दै जाँदा अदालत र प्रहरी प्रशासनले काउन्सिलका काममा अवरोध गरिरहेको गर्छन् । यसपछि विवाद झन् पेचिलो बन्छ । उच्च अदालत पाटनले ३ जना पत्रकारलाई स्रोतसहित ३ दिनभित्र हाजिर हुन निर्देशन दिएको थियो । सोअनुसार पुलिसले मुद्दा चलायो । तर हामीले २४ घण्टाभित्र फाइलसहित प्रहरीका हाकिमलाई प्रेस काउन्सिलमा बोलाएर मुद्दा टुङ्ग्याएका छौँ ।

- **प्रेस काउन्सिल नेपालप्रति सिङ्गो नेपाली पत्रकारिता जगत्को विश्वास कस्तो छ ?**

सबैको चित्त बुझ्दैन । कारबाहीमा परेकाहरूले विरोध पनि गर्छन् । आमरूपमा प्रेस काउन्सिलप्रति विश्वास छ । प्रेस काउन्सिल नभएको भए आजसम्म प्रहरीले साइबर क्राइमका नाममा कति पत्रकारलाई जेल हालिसक्थ्यो, कति अनलाइन बन्द भइसक्थे होलान् । कल्पना गर्न सकिन्न ।

काउन्सिलले नैतिक कारबाही मात्रै गर्ने हो । काउन्सिलले दण्डित मात्रै गर्दैन संरक्षण पनि गर्छ, यसैले त पत्रकारका मुद्दालाई काउन्सिलले प्रहरीका हातमा जान दिँदैन ।

- **सरकार र प्रेस काउन्सिलको समन्वय कत्तिको जरुरी हुन्छ ?**

यदि, सरकार र काउन्सिलबिच राम्रो समन्वय भएन भने सरकारलाई जोगाउने अर्को निकाय नै हुँदैन । काउन्सिल सरकारका पक्षमा ढाल बनेर उभिएन भने पत्रकारका उजुरी कर्मचारीका दैलोमा पुग्छन् ।

कहिले भन्सार, कहिले गृह, कहिले सामान्य प्रशासन घुमेर आएको सहसचिव या उपसचिवले मिडिया खासै बुझेको हुन्न । उसले सोलोडोलो निर्णय गर्छ ।

त्यसरी कारबाही हुन थालेपछि मिडिया चुप लागेर बस्छ त ? धर्ना, जुलुस, नाराबाजी चल्न थाल्छ। यी सबै झन्झटबाट मुक्त पारिदिने निकाय नै काउन्सिल हो । काउन्सिलले सबैखाले उजुरी सुन्छ । तथापि यसका जिल्ला, उच्च या सर्वोच्च भन्ने निकाय छैनन् । तर सञ्चार क्षेत्रको न्यायिक निकाय त हो यो !

आफ्नो परिचय लुकाएर पनि अनलाइनबाट काउन्सिलमा उजुरी दिन सकिन्छ। एउटा उदाहरण दिन्छु- प्रनिस थापा नामक एकजना युवाले चितवनबाट सरकारलाई हैरान पारिरहेका थिए । उनको कामै हेलो सरकारमा उजुरी हाल्नु थियो । बिनाकारण उजुरी हालेर हैरान पुऱ्याएका उनले काउन्सिलमा अबदेखि यस्तो गलत काम गर्ने छैन, भन्दै कागज गरेका छन् । ऋषि धमलाले पनि अन्तर्वार्ता लिँदा जथाभावी प्रश्न गर्ने छैन भन्दै लिखित प्रतिबद्धता जनाएका छन् । यस्ता थुप्रै विषय छन् । यी सबै घटनालाई हेर्दा प्रेस काउन्सिल नेपाललाई सरकार नचाहिए पनि सरकारलाई प्रेस काउन्सिल चाहिन्छ । वास्तवमा काउन्सिलले सरकारका धेरै पक्षमा साथ दिँदै आएको छ । सरकारलाई नाङ्गो हुनबाट जोगाएको छ ।

***

सिद्धान्तमा राम राम व्यवहारमा छुरा



रामकृष्ण भण्डारी

समानता, न्याय र अधिकारमा महिला र पुरूषबिच भेदभाव व्यवहारमै नहुने स्थितिमा मात्रै हामी समुन्नत र शिक्षित समाजका नागरिक कहलिन्छौं । त्यसका लागि मिडिया थप जागरूक र सशक्त हुनु आवश्यक छ ।

भूमिका

महिला र पुरुष बराबर हुन् । अवसर र समानतामा एक रथका दुई पाङ्ग्रा हुन् । कानुनीरूपमा समान अधिकार हुन्छ । यसमा दुई मत हुने कुरै भएन । तर हाम्रो समाजमा कार्यान्वयन र व्यवहारमा हेर्दा स्थिति उल्टो छ । हुन त महिलाहरू घरभित्रै बस्ने हो, बच्चा जन्माउने, घरधन्दा गर्ने हो । घर बाहिर निस्कने वा कमाउने भनेको पुरुषले मात्रै हो भन्ने र महिलालाई अर्को पक्षसँग संलग्न हुनै नदिने सोचबाट समाज धेरै अघि बढेको छ । तर क्रमशः फेरिँदै गएको अवधारणाले पनि पहिलो अवसर छोरालाई नै दिन छाडेन । समाज चेतनशील र शिक्षित हुँदै जानेक्रममा छोरालाई पढाउन थालियो छोरीलाई पढाइएन । त्यही कारणले हो, बाहरूले पढे, आमाहरूले पढ्न पाएनन् । जब पढाउनुपर्छ भन्ने समय आयो, त्यो बेला पनि छोरालाई बोर्डिङ र छोरीलाई सरकारी स्कुल भन्ने भो । अहिले भने छोराछोरी पढाउनै पर्छ भन्ने छ, तर मूल मनोविज्ञान भने पुरुषकेन्द्रित छ ।

अर्कोतर्फ समानताको कुरा छ । तर कानुनले व्यवस्था गरेको समानता मात्रै हेरियो । संविधान र कानुनले तोकेको कुरा पूरा भएपछि महिला अधिकार

प्राप्त भयो भन्ने बुझाइले काम गरेको देखिन्छ । भाषणमा सीमित महिला अधिकार अहिले कानुनमै तोकिनु सकारात्मक नै हो । तर दिएको कोटा पाउने हो, बराबरी अधिकार हैन भन्ने मनोविज्ञानले अहिले पनि काम गरेको छ । राजनीतिक अधिकार र समानताको सिद्धान्तमा कोटा तोक्ने प्रवृत्तिभित्र विभेदको गहिरो खाडल छ ।

गाउँटोलका टोल समिति वा ससाना क्लवमा शोभाका रूपमा पनि महिला राख्ने सोच वा कोषाध्यक्ष महिलालाई बनाउने मनोविज्ञान राज्यको निर्णायक तहसम्म आइपुग्दा पनि उस्तै देखिन्छ । उदाहरणका रूपमा साना समिति वा पार्टी कमिटीमा महिला राख्ने राजनीतिक दलले सरकार बनाउँदा अर्थमन्त्री कहिल्यै महिलालाई बनाएनन् । संविधानले नै व्यवस्था गरेको ३३ प्रतिशत सङ्ख्या गनेर पुऱ्याएपछि महिलालाई पर्याप्त अवसर दिएको भन्ने अर्थमा बुझियो, बुझाइयो ।

स्थानीय तहमा प्रमुख, उपप्रमुखमा एकजना महिला अनिवार्य व्यवस्था कानुनले गऱ्यो तर प्रमुखमा महिलाले ठाउँ पाएनन् । दिनैपर्ने बाध्यता भएपछि अधिकांशलाई उपप्रमुख बनाइयो । बहुदलीय व्यवस्था पुनर्बहाली भएको र समाज खुला भएको २०४६ सालको परिवर्तन र त्यसपछिको अवधिलाई नै हेर्ने हो भने यो तीन दशकमा एकजना पनि महिला प्रधानमन्त्री बनेका छैनन् । प्रवक्ता बनेर पार्टीहरूको आधिकारिक धारणन सार्वजनिक गर्ने पहिलो पङ्क्तिमा कुनै महिला नेता उदाउन पाएनन् । दलीय समीकरणले गर्दा भएपनि राष्ट्रपतिसम्म महिलालाई बनाइनु धेरै ठुलो उपलब्धी मान्नुपर्ने अवस्था छ ।

'लैङ्गिक समानताका विषयले प्राथमिकता नपाएको हैन । तर अहिले पनि आधिकारिक भनेकै पुरुष हुन् भन्ने मनोविज्ञान छ । दलहरूको खास कुरा महिला नेतालाई हैन, पुरुष नेतालाई थाहा हुन्छ भन्ने सोच देखिन्छ । शारीरिक बनावट र भूमिकालाई जोडेर महिलाले सक्दैनन् भन्ने सोच हावी छ । राजनीतिक दलदेखि समाज रूपान्तरणका सहयोगी तथा सूचनाको पहुँच आम जनतासम्म पुऱ्याउने सञ्चार माध्यमसम्मको अवस्था यस्तै छ ।'[१]

नेपाली मिडियामा महिलाका मुद्दा

सिङ्गो समाज, कानुन, व्यवस्था र त्यहाँ देखिने प्रवृत्तिबाट नेपाली मिडिया अछुतो छैन् । तर लैङ्गिक समानता, महिला अधिकारका पक्षमा र हिंसा, विभेद तथा कुरीतिविरुद्ध नेपाली मिडियाले उठाएका मुद्दा प्रशंसायोग्य छन् । बोक्सी, छाउपडीजस्ता अन्धविश्वास तथा महिलामाथि हुने गरेका अन्यायदेखि बलात्कार,

[१] कान्तिपुर टेलिभिजनका पत्रकार दीपक आचार्यसँग,२०७८ पुस १५ गते गरिएको कुराकानीमा आधारित ।

घरेलु तथा लैङ्गिक हिंसामा मूलधारका सञ्चार माध्यमले यथेष्ठ प्राथमिकता दिएका छन् ।

महिला उद्यमशीलता, स्वामित्वजस्ता विषयलाई पनि स्थान दिएको देखिन्छ । मिडियामा महिलाहरूको जीवनी, अन्तर्वार्ता, फिचर र समाचार पनि प्रसस्तै प्रकाशन, प्रसारण हुन्छ । तर प्रायः ती औपचारिक घटनामा आधारित हुन्छन् । सन्दर्भ प्रसङ्गअनुसार समाचार बन्ने त्यसपछि त्यसको अनुगमन नगर्ने प्रवृत्ति छ । रिपोर्टिङदेखि प्रकाशन तथा प्रसारणसम्मको प्रक्रिया नै त्यसरी चलेको देखिन्छ । महिलाका विषयवस्तु मूलधारका पत्रिकाका प्रमुख पृष्ठमा छापिनका लागि हिंसा र अपराध पीडित नै हुनुपर्छ । प्रायः हिंसा, अन्याय, विभेद, दुर्व्यवहार जस्ता घटनामा पीडित महिलालाई खोज्ने र समाचार बनाउने गरिन्छ ।

तर जे जति उठ्नु र उठाउनुपर्ने हो, त्यो तहमा महिलाका मुद्दाले प्राथमिकता पाएका छैनन् । घटना वा सन्दर्भगत विषयले प्रसस्तै ठाउँ पाएपनि महिलाका मुद्दा अध्ययन, अनुसन्धान र प्रकाशन तथा प्रसारणको विषय कमै बनेको देखिन्छ । राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक तथा साँस्कृतिक लगायतका कैयौं विषयमा महिलामाथि विभेद छ । उठाउनुपर्ने मात्रै हैन, निरन्तर लेखिरहनुपर्ने विषय हुन् यी ।

त्यसबाहेक सञ्चार माध्यममै महिला सहभागिता विगतको भन्दा उल्लेख्य छ, सीमित नै भएपनि सम्पादक, प्रकाशकसम्म महिलाहरू पुगेका छन् । तर सञ्चार माध्यममा पत्रकार महिलाको उपस्थिति कम हुँदा मुद्दा पनि कम उठ्छन् भन्ने गरिन्छ । महिला पत्रकारलाई प्रोत्साहन गर्नेभन्दा सञ्चार माध्यममा काम गर्न गाह्रो हुन्छ, कार्यक्षेत्रमा जान, अबेरसम्म काम गर्न तथा अग्र पङ्क्तिमा दौडधुप गर्न कठिन हुन्छ भन्ने मनोविज्ञान हट्न अझै समय लाग्ने देखिन्छ । महिलाका मुद्दामा रिपोर्टिङ गर्नुपरे महिलालाई नै पठाउने, मनोरञ्जन बिट दिने, महिलालाई 'ग्ल्यामर'सँग जोडेर हेर्ने, जानी नजानी होच्याउने शब्द प्रयोग गर्ने प्रवृत्ति हटेको छैन् । साप्ताहिक तथा अनलाइन माध्यममा यस्तो धेरै देखिन्छ ।

समाचार स्रोतका रूपमा महिला

प्रकाशित तथा प्रसारित समाचारमा पनि महिलाहरूलाई उनीहरूसँग सम्बद्ध विषयवस्तुमा बाहेक कुराकानी गर्ने, महिलाहरूलाई नै समाचार तथा सन्दर्भ स्रोतका रूपमा उद्धृत अर्थात् 'कोर्ड' गरेर समाचार लेखेको कमै देखिन्छ । नीतिगत तथा निर्णायक तहमा त्यसो हुनुको कारण भने महिला सहभागिता नै कम हुनु पनि हो ।

तर सङ्क्षिप्त अध्ययनका क्रममा मूलधारका ४ वटा पत्रिकाको पुस १३ र १४ गतेका दुई अङ्कको अध्ययन गर्दा पनि समाचारमा महिलाका मुद्दा,

समाचार स्रोतका रूपमा महिलाहरूसँगको कुराकानी तथा बाइलाइनमा पत्रकार महिलाहरूको उपस्थिति अपेक्षितरूपमा आशालाग्दो देखिएन ।

गोरखापत्रमा १४ गते पहिलो पृष्ठमा छापिएका ९ वटा समाचारमा ११ जना पुरुषलाई समाचार स्रोतका रूपमा कोड गरिएको छ भने १ जना मात्रै महिला छन् । ४ वटा बाइलाइन समाचारका चारैजना संवाददाता पुरुष छन् । १३ गतेका ६ वटा समाचारमा भने ६ जना पुरुष र ५ जना महिलालाई उद्धृत गरिएको छ । ४ वटा बाइलाइनमध्ये एकजना महिला संवाददाताको छ । एउटा समाचार महिला प्रजननसम्बन्धी छ ।

अन्नपूर्ण पोष्टले १४ गते ३ वटा समाचार पहिलो पृष्ठमा छापेकोमा ४ जना पुरुष समाचार स्रोतका रूपमा जोडिएका छन् भने महिला एकजना छन् । ३ वटा बाइलाइन छापिँदा एकजना पत्रकार महिला छन् । १३ गतेका ३ समाचारमा २ जना पुरुषलाई कोड गरिएको छ । २ वटामध्ये एकजना पुरुष र एकजना महिलाको नाममा बाइलाइन छ ।

१४ पुसमा नयाँ पत्रिकाले पहिलो पृष्ठमा ४ वटा समाचार प्रकाशित गरेको छ । त्यसमा २ महिला र २ पुरुषलाई कोड गरिएको छ । २ वटा बाइलाइनमा एक महिला एक पुरुष पत्रकारको छ । १३ गतेका ३ वटा समाचारमध्ये ३ जना पुरुषको नाम उल्लेख गरेर समाचार तयार पारिएको छ । महिला एकजना पनि छैनन् । बाइलाइन पनि एकजना पुरुष पत्रकारको मात्रै छ ।

कान्तिपुर दैनिकले १४ पुसमा पहिलो तस्बिर महिलाहरूले फुटबल प्रतियोगिता जितेको खुसीयालीको राखेको छ । ३ वटा समाचारमा कोड २ जना पुरुषको गरिएको छ । ३ वटा बाइलाइनमा एउटा पत्रकार महिलाको छ ।

यस्तै १३ गते ४ वटा समाचार छन् । ४ जना पुरुषलाई समाचारका स्रोतका रूपमा उल्लेख गरिएको छ भने महिला कसैको छैन । ५ वटा बाइलाइनमा एउटा ४ जना पत्रकार पुरुष हुन् ।

हुन त यो सङ्क्षिप्त हेराइ हो । यसैलाई आधार मानेर समग्र अवस्था विश्लेषण गर्न मिल्दैन । तर सङ्केत भने मिल्छ । सरसर्ती हेर्दा अरू धेरै पत्रिका, टिभी, रेडियो र अनलाइनको स्थिति पनि यस्तै छ ।

विचार पृष्ठमा महिला लेखक

त्यसो त नेपाली मिडियामा महिलाहरूका विचारले पनि अति कम स्थान पाउने गरेको देखिन्छ । अनलाइन पत्रिका नेपालवाचले २०७८ कार्तिक ८, सोमबार प्रकाशित १२ वटा दैनिक पत्रिकाको विचार पृष्ठमा छापिएका लेखहरूको अध्ययन गरेर समाचार बनाएको छ । यसमा २९ वटा लेखमध्ये कान्तिपुर दैनिकमा एउटा छोटो लेख र काठमाडौँ पोष्टमा स्रोत उल्लेख गरिएको एउटाबाहेक सबैका

लेखक पुरुष छन् । समाचारमा भनिएको छ- कान्तिपुरले समेटेको छोटो लेख र द काठमाडौँ पोष्टले 'द कन्भर्सेसन' स्रोत उल्लेख गरेको लेखलाई आधार मान्ने हो भने महिलाको विचार हुन्छ भन्ने कुरामा कान्तिपुर पब्लिकेसन थोरै भएपनि सचेत देखिन्छ ।[२]

किन यस्तो हुन्छ त ?

अन्नपूर्ण दैनिकका सम्पादक अखण्ड भण्डारीको अनुभव छ- नीतिगत, नेतृत्व र निर्णायक ठाउँमा आधिकारिक व्यक्ति खोज्दा प्रायः पुरुष नै देखिन्छन् । जस्तो राज्य संयन्त्रका अधिकांश निकायका प्रवक्ता पुरुष नै छन् । महिलालाई प्रवक्ताको जिम्मेवारी दिएको खासै भेटिन्न । त्यो पनि एउटा कारण हो । तर अरू सामाजिक र आर्थिक तथा राजनीतिक विषयमा महिलाका मुद्दाहरूलाई मिडियामा उठाउने कम बढ्दो छ ।'[३]

भैरहेको छ के ?

काठमाडौँ शङ्खमुल निवासी सामाजिक अभियन्ता सिता न्यौपाने भन्नुहुन्छ-' मूलधारका मिडियामा महिलाका गहन मुद्दाले कमै प्राथमिकता पाउँछन् । उठ्ने विषयलाई पनि प्रायः जसो साँघुरो रूपमा हेर्ने चलन छ । परिणाम नआउँदासम्म निरन्तर लेखिरहने गरे पो त्यसले नीतिगत तहमा प्रभाव पार्छ । तर समाचार बनाइदिएकै छ भन्ने जस्तो भैरहेको छ ।'[४]

कानुन भएपनि कार्यान्वयन नभएको विषय, हिंसा, सम्पत्तिको हक, छोरी बुहारीलाई शिक्षादेखि समान र सम्मानजनक अवसर, व्यवहार र परिणामुखी समावेशी प्रतिनिधित्वजस्ता विषय कार्यान्वयन नभएका कुरा मिडियाले लगातार उठाइरहनुपर्छ । महिला हिंसाविरुद्धको १६ दिने अभियानमा सङ्घसंस्थाले कार्यक्रम गर्ने र मिडियाले समाचार बनाउने जस्तो मात्रै हुनुभएन । -उहाँको सुझाव छ

नागरिक दैनिकमा कार्यरत पत्रकार रेखा भुसालको बुझाइमा 'नीतिगत तहमा महिला सहभागिता किन प्रभावकारी हुन सकेको छैन, समस्या कहाँ छ ? भन्ने विषयलाई मिडियाले निरन्तर उठाइरहे त्यसको प्रभाव बिस्तारै देखिन्छ । त्यसैगरी राजनीतिक नेतृत्वले तल्ला तहदेखि निर्णायक ठाउँमा महिलालाई संविधानले

---

[२] नेपाल वाच अनलाइन । पुरुषको कब्जामा पत्रिकाहरूको विचार पृष्ठ । https://www.nepalwatch.com/detail/41633?fbclid=IwAR2JaqjpiW6KFfTXG1yeU_iM5oQt7dDH130TnbuqBR9DZdYpdLGGP7Yxilg.

[३] अन्नपूर्ण दैनिकका सम्पादक अखण्ड भण्डारीसँग, २०७८ पुस १४ गते गरिएको कुराकानीमा आधारित ।

[४] सामाजिक अभियन्ता सिता न्यौपानेसँग,२०७८ पुस १३ गते गरिएको कुराकानीमा आधारित

अनिवार्य गरेको बाहेकको अवस्थामा अवसर र पहुँच नदिएको विषय महाधिवेशन वा चुनावका मुखमा मात्रै हैन, हरेक सन्दर्भमा मिडियाले औल्याउनुपर्छ ।'[५]

कान्तिपुर टेलिभिजनमा कार्यरत पत्रकार रजनी तामाङ भन्नुहुन्छ-'घटना प्रधान र सन्दर्भ विशेषमा महिलाका विषयले सञ्चार माध्यममा प्राथमिकता पाउँछन् । तर त्यसपछि विषयलाई अनुगमन गर्ने र सकारात्मक मुद्दाहरू खोजेर सार्वजनिक गर्ने गरेको कमै देखिन्छ ।'[६]

बेथिति पनि उत्तिकै छ

केही साप्ताहिक तथा अनलाइन माध्यम हेर्ने हो भने महिलाको सवालमा मिडिया संवेदनशीलता पटक्कै देखिन्न । महिलाको छविलाई बदनाम, हिंसात्मक र गलतरूपमा प्रस्तुत गरिएको छ । महिलालाई दयाको पात्र बनाइन्छ । ग्लामरको रूपमा प्रस्तुत गर्ने क्रम रोकिएको छैन् ।

केही अनलाइन/अनलाइन टिमीका शीर्षक हेरौं न त ।

"अपहरणकारी डेभिड छुटाउन श्रीमती लिएर एनआरएन मलेशिया अध्यक्ष हरि भट्टराईको दौडधुप !" (www.diyopost.com) र हिमशिखर टेलिभिजन


यी युवतीसँग भूलेर पनि विवाह नगर्नुहोस्, पर्नसक्छ जीवनभर भारी

By admin · December 1, 2020

Share on Facebook Tweet on Twitter

काठमाडौं । कहिलेको पनि विवाह जीवनको सबै भन्दा महत्वपूर्ण निर्णय हो। विवाह त्यस्तो व्यक्तिसँग गर्नु पर्छ जो सँग आफ्नो मन मिलछ र खुसी भइन्छ।

तर विवाह गर्दा यी युवतीको स्वाहमा भने टाढै बसेको राम्रो मानिन्छ। किनकी यु युवतीसँग विवाह गर्दा तपाईको खुसी खोसिन सक्छ। हालै सार्वजनिक भएको एक अध्ययनले यी चार यौवतीसँग विवाह गर्दा विवाह जीवन खुसी नहुने देखाएको छ। ती युवतीका बारेमा जानिराखौं

प्रेम सम्बन्धमा रहेकी युवती कुनै पनि युवती प्रेम सम्बन्धमा छिन भने ती युवतीसँग विवाह नगर्नुहोस् किनकी ती युवतीले तपाईलाई खुसी दिन सक्दिनन् र तपाई पनि ती युवतीसँग खुसी हुन सक्नुहुन्न ।


सबैलाई स्वास्नी अर्काकी र छोराछोरी आफ्नै राम्रा लाग्छन्

– गोविन्द अधिकारी –


Ganesh Basnet shared a link.
1h ·

अर्काको स्वास्नी तावनेजति माधवतिरै, यो हो तथ्य-प्रमाण

JANATATIMES.COM

अर्काको स्वास्नी तावनेजति माधवतिरै, यो हो तथ्य-प्रमाण

काठमाडौं, भदौ २९ । एमालेको नवौं महाधिवेशनताका अध्यक्षको दौडमा रहनुभएका ब...

[५] नागरिक दैनिकमा कार्यरत पत्रकार रेखा भुसालसँग,२०७८ पुस १४ गते गरिएको कुराकानीमा आधारित

[६] कान्तिपुर टेलिभिजनमा कार्यरत पत्रकार रजनी तामाङसँग,२०७८ पुस १४ गते गरिएको कुराकानीमा आधारित



NepalPana

मुख्य समाचार समाचार विचार अन्तर्वार्ता पत्रपत्रिकाबाट अर्थ/वाणिज्य बिश्व मनोरञ्जन राजनीति स्वास्थ्य

नेकपापछि कांग्रेसमा पस्यो चीन, उत्तरको गोटी बन्न रामचन्द्र पौडेल तयार, राजदूत यान्छीले यसरी फकाइन् !

नेपालपाना | प्रकाशित : २०७७-१२-१७ गते

Facebook Twitter Viber WhatsApp Messenger

काठमाडौं । उत्तरी छिमेकी चीनले पछिल्लो समय नेपाली राजनीतिमा आफ्नो उपस्थिति बढाउँदै लगेको छ। सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीले घरझगडा समेत मिलाउनेसँगै हस्तक्षेपकारी भूमिकामा अस्त्रुत भइरहेको चीन अब प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसको आन्तरिक राजनीतिमा घुसेको छ।

प्रधानमन्त्री शेरी शर्मा औलीको सत्ता बचाउन क्रियाशील चीन अब कांग्रेसभित्र घुसेर आफ्नो वर्चश्व स्थापित गर्न सक्रिय भएको हो। कांग्रेसमा ४४ औं महाधिवेशन नजिकिँदै गर्दा आज भएको भेटलाई सभापति शेरबहादुर देउवाविरुद्ध चिनियाँ पत्नीलेलाग रुपमा भर्त्सानाको ५६ ।





कोरली खोज्दै मुख्यमन्त्री कमरेड

Share 0 Tweet

janaastha.com ,३ दिन अगि

प्रदेश ४ का मुख्यमन्त्री शेरथन राईले आफूभन्दा ३० वर्ष कान्छी केटीसङ्ग बिवाह गर्ने टुंगो लागेको छ । अनमेल बिवाह कानुनद्वारा वर्जित छ । यो बिवाहबारे सार्वजनिक गर्दा उजुरी पर्ने डरले गुपचुप राखिएपनि ...



ऊर्जामन्त्री बरबराउन शाले

वायु सेवा निगममाथि सौता

०८/७/२०।२१

नेताको स्वार्थले व्यवस्थाप्रति नै वितृष्णा

उपराष्ट्रपति सक्रिय

लाश आउन आउने

राजनीति

मान्छे राम्री भएर के गर्नु ? विप्लव समूहमा लागेपछि पक्राउ

भुपेन्द्र, रत्न वैशाख २०७८, गते प्रकाशित - नेपालआज समाचारधारा



रुपन्देही । नेत्र विक्रम चन्द विप्लव नेतृत्वको समूहकी एक नेकी रुपन्देहीबाट पक्राउ परेकी छन् ।

उनलाई रेवतदत्मिश उनकै निवासबाट प्रहरीले पक्राउ गरेको हो। सुरेकी रुपन्देही जनसरकार मुख्य सिलिसिली श्रीमतीसमेत हुन्।

युगन्युज डट कम (www.yugnews.com) बाट मिति २०७७/०९/०३ गते "एसओएसका सहायक निर्देशक शाही अनैतिक अवस्थामा पक्राउ" शीर्षकमा समाचार प्रकाशित -यो समाचारको पेटबोलीमा निराधार ढङ्गबाट महिलाको चरित्रहत्या गरिएको छ ।

स्वदेशनेपाल डटकम- सशस्त्र प्रहरीका वरिष्ठ हवल्दारको श्रीमती सशस्त्र प्रहरीकै सिपाहीले भगाएपछि...(हेर्नुहोस् भिडियो)

इयूअनलाइनखबर डटकम- अस्पताल नगएरै गर्भमा छोरी छ कि छोरा सजिलै पत्ता लगाउने तरिका....

कुन्तिपुर डटकम- स्वेता खड्काले बिहे गरेपछि, मुकुन्दले हाने कडा प्रहार, श्रीकृष्णलाई यस्तो भने : स्टाटससहित

bulbulpost.com- यी युवतीसँग भुलेर पनि विवाह नगर्नुहोस्, पर्नसक्छ जीवनभर भारी, पुरुषलाई महिलाका यी ७ अङ्गले भुतुक्कै पार्छ, प्रेममा धोका पाउँछन् यी राशीका पुरुषले, जहिले टुट्छ सम्बन्ध

नागरिक नेटवर्क डटकम- लकडाउनमा घरज्वाईं बसेका भिनाजुले साली

भगाएपछि...'[७]

नेपालपाना डटकमले २०७७ साउन १३ गते 'नेकपापछि काङ्ग्रेसमा पस्यो चीन, उत्तरको गोटी बन्न रामचन्द्र पौडेल तयार, राजदूत यान्छीले यसरी फकाइन् !' शीर्षकमा लेखेको समाचारमा काङ्ग्रेस वरिष्ठ नेता र चिनियाँ राजदूत यान्छीको भेटवार्ताको समाचार छ ।

२०७७ साल माघ १४ गतेको अङ्कमा तामाकोशी सन्देश साप्ताहिकले 'वायु सेवा निगममाथि सौता' शीर्षकमा समाचार लेखेको छ । जनता टाइम्स अनलाइनले २०७८ भाद्र २९ गते मङ्गलबार राखेको एउटा समाचारको शीर्षक यस्तो छ- अर्काको 'स्वास्नी ताक्ने' माधवतिरै, यो हो तथ्य-प्रमाण

यस्तै breaknlinks.com को संसद्मा प्रमुख प्रतिपक्ष नेकपा एमालेले गरेको अवरोधबारेको समाचारको शीर्षक यस्तो छ- गङ्गा र आशालाई सांसदहरूले उचालेपछि देउवा, प्रचण्ड र माधव नेपाल भए 'ट्वाँ'[८]

यस्ता कैयौँ अनलाइन छन्, जसले पत्रकारिताको मर्म, पत्रकार आचारसंहिता, व्यक्तिगत गोपनीयतालाई उल्लङ्घन गर्दै महिलाहरूका विषयलाई गलत र भ्रामक सन्देश दिनेगरी समाचार बनाइरहेका छन् ।

विधि, मान्यता र मौलिक हकको विरुद्ध

महिला सञ्चार उत्तरदायी निर्देशिकाले महिलाको सर्वाङ्गीण हित र विकास, महिलाको पेसागत हित र अवसर, मर्यादित र सकारात्मक समाचार सम्प्रेषण, उत्तरदायित्व र जवाफदेहिता तथा महिला अधिकारको प्रवर्द्धनलाई जोड दिएको छ । तर त्यसको परिपालना भएको देखिन्न ।

महिलाको सर्वाङ्गीण विकासलाई अवरोध गर्ने रूढीग्रस्त र परम्परागत भूमिकामा आधारित पूर्वाग्राही समाचार सम्प्रेषण गर्नहुँदैन, हिंसाबाट पीडित महिलाको आत्मसम्मानमा ठेस पुऱ्याउने; आश्रित, असहाय, हेय र कमजोर वर्गको रूपमा चित्रण गरी उनीहरूको मनोबललाई कमजोर तुल्याउने किसिमले समाचार सम्प्रेषण नगर्ने, कानुनबमोजिम गोप्य राख्नुपर्ने वा व्यक्तिको निजी विषय र गोपनीयताका सवाललाई पेसागत विषयसँग जोडी समाचार प्रकाशन प्रसारण नगर्ने, महिलालाई केवल करुणाको पात्र, कमजोर, असहाय, अबला वा आश्रित व्यक्तिको रूपमा चित्रण गर्न नहुने कुरालाई ध्यान दिन नसक्दा महिलाका मुद्दा मात्रै कमजोर हुँदैनन्, पत्रकारितामाथि नै प्रश्न उठ्छ ।

---

[७] 'मिडियामा हुने महिला हिंसाको अवस्था र न्यूनीकरणको उपाय' विषयक कार्यपत्र । प्रस्तुतकर्ता अधिवक्ता दुर्गा भण्डारी, प्रेस काउन्सिल नेपाल, २०७८ ।

[८] 'https://breaknlinks.com/nepali/news/35162124?fbclid=IwAR0XV89oXsze75l4A-P5WKheuFM_GV51cCYtQdQTsm6Vynmc95G7iCa-Mjo . 2021–09–10

विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन-२०६३ ले समेत कुनै विद्युतीय अभिलेख, किताब, रजिष्ट्र, पत्रव्यवहार, सूचना, कागजात वा अन्य सामग्रीहरूमा पहुँच प्राप्त गरेको कुनै व्यक्तिले कुनै अनधिकृत व्यक्तिलाई त्यस्तो अभिलेख, किताब, रजिष्ट्र, पत्र व्यवहार, सूचना, कागजात वा सामग्रीको गोपनीयता भङ्ग गरेमा वा भङ्ग गर्न लगाएमा निजलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भनेको छ । अझ वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसुरमा अनुमतिबिना एकको तस्बिर अरूलाई दिन वा बिक्री गर्न नहुने, कसैले कुनै व्यक्तिको तस्बिर निजको अनुमतिबिना अरूलाई दिन वा बिक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने, हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्बिरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद बिक्री गर्न हुँदैन भनेको छ ।

त्यसो त संविधानसभाबाट बनेको नेपालको संविधानले मौलिक हककै रूपमा गोपनीयताको हकलाई सुनिश्चित गरेको छ, जसमा भनिएको छ, : कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुन बमोजिमबाहेक अनतिक्रमय हुनेछ । तर त्यसको समेत ख्याल नगर्नु क्षम्य मान्न सकिन्न ।

आचारसंहिताकै उल्लङ्घन

यस्तो बेथिति पछिल्लोसमय केही साप्ताहिक पत्रिकामा र त्योभन्दा बढी अनलाइनहरूमा देखिन्छ। जब कि अनलाइनलाई प्रेस काउन्सिल नेपालले मूलधारकै मिडियामा समेट्दै तिनीहरूले पनि कानुन र आचारसंहिताको पूर्णपालना गर्नुपर्ने व्यवस्था गरेको छ ।

पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन, २०७६) ले अनलाइनहरूको परिभाषा प्रष्ट पार्दै भनेको छ- "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भइ पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गर्दै इन्टरनेटको माध्यमबाट सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोगमार्फत समाचार मूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्बिर, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनुपर्छ ।

पत्रकार र सञ्चार माध्यमको कर्तव्यमा पत्रकार आचारसंहितामा भनिएको छ-

पेसागत मर्यादा तथा व्यवहार:

(१) पत्रकार तथा सञ्चार माध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नुपर्दछ ।

(२) पत्रकार तथा सञ्चार माध्यमले सूचना वा जानकारीको सङ्कलन र सम्प्रेषण सभ्य र शिष्टरूपमा गर्नुपर्दछ ।

(३) पत्रकार तथा सञ्चार माध्यमले पेसागत अभ्यासमा सामाजिक शिष्टता र पाठक, श्रोता वा दर्शकको मर्यादाको सम्मान गरी शिष्ट एवं मर्यादित भाषा र कार्यशैलीको प्रयोग गर्नुपर्दछ ।

(४) सामाजिक दायित्व : पत्रकार तथा सञ्चार माध्यमले बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका उत्पीडित वर्ग, समुदाय, क्षेत्र, भाषाभाषी र अल्पसङ्ख्यक, लोपोन्मुख समुदायको उत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्दछ ।

गोपनीयताको हकको सम्मान :

पत्रकार तथा सञ्चार माध्यमले व्यक्तिको गोपनीयताको हकको सम्मान गर्नुपर्दछ । तर सार्वजनिक हितमा त्यस्तो सूचना वा सामग्री सम्प्रेषण भएमा गोपनीयताको हकको सम्मान प्रतिकूल भएको मानिने छैन ।

गल्ती सच्याउन तत्परता :

(१) पत्रकार तथा सञ्चार माध्यमले समाचार तथा विज्ञापन सम्प्रेषण गर्दा सार्वजनिक सरोकार र संवेदनशीलतालाई सदैव ख्याल गर्नुपर्दछ । त्यस्ता सामग्रीको सत्यतामाथि प्रश्न उठ्नासाथ अनुसन्धान गर्नु, त्रुटि एवं गल्ती भएको जानकारी हुनासाथ यथाशीघ्र सच्याउनु तथा प्रकाशित वा प्रसारित सामग्री असत्य हो भन्ने सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिइ प्रकाशन वा प्रसारण गर्नुपर्दछ ।

(२) सामान्यतः कुनै एउटा सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित समाचारको खण्डन पीडित पक्षले सोही सञ्चार माध्यममार्फत गर्नुपर्दछ ।

तर, सार्वजनिक स्वास्थ्य र सुरक्षा जस्ता संवेदनशील विषयमा तत्काल गम्भीर असर पार्ने अवस्थामा भने अन्य सञ्चार माध्यममार्फत खण्डन, टिप्पणी वा स्पष्ट गर्न सकिनेछ ।

पत्रकार र सञ्चार माध्यमले गर्न नहुने- (२) भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण : (१) पत्रकार तथा सञ्चार माध्यमले जातीय, लैङ्गिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक, मानसिक र स्वास्थ्य अवस्था जस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी समाचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।'

पत्रकार वा सञ्चार माध्यमले गर्न नहुने विषयदेखि उनीहरूमाथि हुने कारबाहीसम्मको कुरा मात्रै छैन् आचारसंहितामा । स्वयम् प्रेस काउन्सिललाई पनि उजुरी नपरेका विषयमा अध्ययन, अनुसन्धान गर्ने जिम्मेवारी दिएको छ ।

आचारसंहितामा भनिएको छ- 'काउन्सिलको स्वअनुगमनबाट कुनै सञ्चार

माध्यम वा पत्रकारले राष्ट्रिय सार्वभौमसत्ता, सार्वजनिक हित, शिष्टाचार वा जनसरोकारका विषयमा आचारसंहिता उल्लङ्घन गरेको पाइएमा छानबिन गरी काउन्सिलले आवश्यक कारबाही गर्न सक्नेछ ।'

'अनलाइन सञ्चार माध्यममा सम्प्रेषित कुनै सामग्रीले आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको ठहर भएमा निश्चित अवधि तोकि त्यस्ता सामग्री नदेखिने गरी रोक लगाउन सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।'

'प्रवृत्तिगत अध्ययन गर्ने : काउन्सिलले सञ्चार माध्यमको रूपमा अभिलेख नभएका अनलाइन र पत्रकार एवं सञ्चार माध्यमले प्रयोग गर्ने (सञ्चालन गर्ने सामाजिक सञ्जालमा प्रवाह भएका सामग्रीको प्रवृत्ति अध्ययन गर्न सक्नेछ । यसरी गरिएको अध्ययनको प्रतिवेदन आवश्यकताअनुसार सार्वजनिक गर्नुपर्नेछ ।'

आचारसंहिताका यी सबै विषय मिडियामा आउने महिलाका विषयसँग पनि सरोकार राख्छन् । तर काउन्सिल पनि कतिपय अवस्थामा राजनीतिक स्वार्थबाट उत्प्रेरित देखिँदै आएको छ । पदाधिकारीमा हुने दलीय भागबण्डा र सत्ताको छाया त्यसको कारण हो । आफ्नो दल वा नेता निकटका सञ्चार माध्यमका गल्ती कमजोरी नदेखेझैँ गर्ने तर विपक्षीका भए तत्काल पत्र काट्ने प्रवृत्तिबाट काउन्सिल नेतृत्व जोगिनु अनिवार्य छ ।

निष्कर्ष

'महिलालाई समान अवसर, सहभागिता, जिम्मेवारी प्राप्त गर्ने कुरामा अझै कन्जुस्याइँ हुन्छ । यद्यपी त्यो जिम्मेवारी महिलाले पाएको खण्डमा पनि यस्ता यस्ता चुनौती छन्, अप्ठ्यारा छन्, भनेर तर्साउने नियतले प्रसङ्गको सुरुवात गरिन्छ । महिला भएकै कारणले यस्ता चुनौती पाइलैपिच्छे सामना गर्नुपर्ने अवस्था कायमै छ । महिला भएकै कारण भन्दै सिधै क्षमतामाथि प्रश्न उठाइन्छ ।'[९]

नेपाली मिडियाले उठाउने र उठ्नुपर्ने विषय आमसरोकार, सुशासन, सामाजिक मूल्यमान्यता, समानता, अधिकार र विभेद विरुद्धका हुन् । यी विषय साझा हुन् । सबैमा महिला र पुरुष जोडिन्छ नै । तर यहीँभित्र पनि महिलामाथि धेरै विभेद छ । समानता, न्याय र अधिकारमा महिला र पुरुषबिच भेदभाव व्यवहारमै नहुने स्थितिमा मात्रै हामी समुन्नत र शिक्षित समाजका नागरिक कहलिन्छौँ । त्यसका लागि मिडिया थप जागरुक र सशक्त हुनु आवश्यक छ ।

(लेखक कान्तिपुर टेलिभिजनमा कार्यरत हुनुहुन्छ ।)

***

[९] श्रेष्ठ मनिषा, महिलालाई मात्रै किन यस्तो प्रश्न ? संहिता, प्रेस काउन्सिल नेपाल । चैत, २०७५ । https://www.presscouncilnepal.gov.np/np/wp-content/uploads/2019/05/Samhita-page-075-12-20.pdf .

लैङ्गिक हिंसा विरुद्धको अभियान र पत्रकारिता

बरू दसजना अपराधी छुटुन्, तर एक निर्दोषले सजाय पाउनु हुँदैन । मृत्युदण्ड आफैंमा मानव अधिकारको सबैभन्दा ठुलो उल्लङ्घन हो ।



चेतनाथ आचार्य

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सकिएको केही दिनमै नेपाली सञ्चार माध्यममा महिलामाथि अत्याचार भएका दुईवटा समाचार प्रकाशित भए । एउटा समाचार सुर्खेतको थियो भने अर्को काठमाडौं गोङ्गबुको ।

सुर्खेतमा कुलपूजाका बेला एकजना महिलालाई पैताला चटाएको तथा उनको शरीरमाथि चढेर उग्र शारीरिक हिंसा भएको भिडियो पुस चार गते प्रकाशमा आएको थियो । त्यसैगरी काम खोज्नलाई काठमाडौं आएकी एकजना महिला गंगबुमा सामूहिक बलात्कारको सिकार भएको समाचार डिसेम्बरको चौथो साता प्रकाशन भएको थियो । यी दुई समाचारले नेपाली महिलाको अवस्था कस्तो छ भन्ने कुराको प्रतिनिधित्व गर्दछन् ।

पहिले चर्चा गरौं सुर्खेतमा भएको ज्यादतिको ।

फेसबुकमा सार्वजनिक भएको भिडियोमा एकजना महिला पलेटी कसेर काँपिरहेकी देखिन्छन् । वरिपरिका पुरुषहरूले उनलाई घेरेर बसिरहेका देखिन्छन् । धामी भन्छन् - "हाँसीखुसी भन्, किन आइस् भन् ।" काँपिरहेकी महिला रुँदै भन्छिन् - "नाइँ म त्यहाँ किन जाने ।"

अगाडि बसेका धामी र अरूले भन्छन्, "नाइँ हामी जान दिन्नौं ? तँ को

होस् भन् । महिला रोइरहन्छिन् । केही जवाफ दिन्नन् । फेरि यताबाट धामीले हकारेर सोध्छन् । महिलाले रिसाएर दुवै हात भुइँमा कोपर्दै धुलो फाल्दै भन्छिन् - "म शारदा हुँ, म शारदा हुँ, म शारदा हुँ, म शारदा हुँ ।"

उनले चार पटक एकै वाक्य दोहोऱ्याउँदै थिइन् । निलो र कालो रङ्गको ज्याकेटधारी एक युवा ती महिलामाथि जाइलाग्छन् । ती युवा उनीमाथि 'होई होई होई होई" भन्दै झर्केर झम्टन्छन् । ती युवाले महिलालाई भुइँमा लडाउँछन् । उनीमाथि प्रहार गर्छन् । महिला रुन्छिन् । चिच्याउँछिन् । तर, झम्टेर लडाउने युवाले हर्काछन् । उनले चर्को स्वरमा थर्काउँछन् - "चुप, चुप, चुप ।"

भिडबाट पनि धामीले सान्त्वना दिइरहेको सुनिन्छ - "केही हुँदैन, केही हुँदैन, केही हुँदैन ।" ती पुरुषको बलिष्ठ बाहुबलले थिलथिलो भइसकेकी महिला केही समयपछि हल न चल हुन्छिन् । बल्ल ती पुरुषले ती महिलालाई लछारपछार गर्न छाड्छन् ।

एकैछिनपछि एक जनाले ती महिलालाई उठाउँछन् । तर, माया र सहानुभूतिका लागि होइन । उनले पनि यतै धामी भएतिरै महिलालाई फर्काइदिन्छन् । ती मानिसहरूको राक्षसी रूप फेरि दोहोरिन्छ । धामीले हकार्छन् - "तेरो लागि केही ठाउँ दिन्नँ, जा जे गरे पनि गर जा ।'

यति भनेपछि ती महिला धामीको पाउमा ढोग्छिन् । लम्पसार परेर घोप्टे पर्दै पाउमा अनुहार राख्छिन् । धामीले भने जा जा उठ् भन्छन् । फेरि अघि लछारपछार गर्ने युवा काँप्न थाल्छन् । ती महिलालाई गाली गलौज गर्छन् । धामीको पैताला चाट्न लगाउँछन् । अरूले भनेअनुसार ती महिला धामीको खुट्टाको पैताला चाट्न विवश हुन्छिन् ।

पछि समाचारबाट थाहा भए अनुसार उक्त भिडिओ सुर्खेतको लेकबेशी नगरपालिकामा भएको घटना हो । कुल पूजा गर्ने क्रममा ती महिलामाथि चरम अत्याचार भएको हो । जहाँ कुलपूजामा धामी राख्ने चलन रहेछ । बाँके खजुरा घर भएकी महिला कुल पूजाका लागि आफ्नो माइती सुर्खेतमा आएको बेला उक्त दुर्व्यवहार भएको हो ।

समाचारमा प्रकाशित अर्को घटना हो गोङ्गबुको ।

सुर्खेतबाट काम खोज्दै एकजना महिला पुस १२ गते गोङ्गबु आएकी थिइन् । उनी काठमाडौँ-२६ मित्रनगरमा गेस्ट हाउसमा बसेकी थिइन् । उनी जुन दिन काठमाडौँ आइन्, त्यसै दिन सामूहिक बलात्कारमा परेकी थिइन् ।

पुस १२ गते साँझदेखि १३ गते बिहानसम्म मित्रनगरका विभिन्न गेष्ट हाउसमा लगेर ती महिलालाई ९ जना युवाले बलात्कार गरेको महानगरीय प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक दिनेशराज मैनालीले बताएको समाचारमा उल्लेख छ ।

श्रीमान बेपत्ता भएपछि एकल रहेकी उनी काम खोज्न काठमाडौँ आएकी थिइन् । राजधानी र शिक्षितहरूको स्थान मानेर जुन भरोसामा उनी काठमाडौँ आएकी थिइन् त्यही आएकै दिन उनीमाथि सामूहिक बलात्कार भयो ।

उल्लिखित दुईवटा समाचार नेपाली महिलामाथि हुने चरम हिंसाका प्रतिनिधि मात्र हुन् । नेपाली सञ्चार माध्यममा दैनिकजसो महिलामाथि हुने बलात्कार, हत्या, कुटपिट, अङ्गभङ्गलगायत दुर्व्यवहार भइरहेको भेटिन्छ ।

अझ, समाचारमा नआउने थुप्रै अत्याचारका घटनाहरू त्यसै ओझेलमा परेका हुन्छन् । दूरदराजमा हुने हिंसाका घटनाहरू परिवार तथा आफन्त बसेर मिलापत्र गराउने, प्रहरीले थाहै नपाउने अथवा थाहा पाएर पनि पीडककै पक्षमा लागेर मिलापत्र गराउने, सञ्चार प्रतिनिधिको पहुँचमा नपुग्ने अथवा पुगे पनि प्रभावका कारण समाचार नबन्ने विषय पनि नेपालमा सामान्य हुन् ।

समाचार बन्नु र नबन्नु भन्दा पनि महिलामाथि हुने हिंसा र अत्याचारलाई कसरी निर्मूल गर्ने भन्ने विषय सबैभन्दा ज्वलन्त हो । किनभने यसले देश, समाज, नागरिक, शासन, प्रणाली, शिष्टता, नैतिकता, सोचाइ सबै कुराको प्रतिनिधित्व गरेको हुन्छ ।

सञ्चार जगत्को एउटा विशेषता के हो भने यो सकारात्मक भन्दा नकारात्मकमा बढी तरल हुन्छ । अर्थात् नकारात्मक समाचार चाँडै छिटो र बढी क्षेत्र ओगट्ने गरी फैलिने गर्छ । नेपालमा भएका यस्ता हिंसा र अत्याचारले अन्तर्राष्ट्रिय क्षेत्रमा बेइज्जत त हुन्छ नै त्यो भन्दा बढी हामी आफ्नै आमा, दिदी बहिनी, छोरी, श्रीमती, भान्जी, बुहारीलाई असुरक्षित बाँच्न विवश बनाउँदैछौँ ।

यस आलेखमा प्रतिनिधिको रूपमा उठाइएका यी दुई घटनाहरू लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सकिएको केही दिनमै भएका छन् । यो अभियान आफैँमा जनचेतना फैलाउन गरिने अन्तर्राष्ट्रिय अभियान हो । अब प्रश्न उठ्छ हामीले वर्षौँदेखि यस्तो अभियान गरिरहे पनि अवस्थामा किन सुधार भएन ? किनभने पितृसत्ताको अहम् बोकेको समाज र गैरजिम्मेवार नागरिक भएकाले यस्तो भएको हो । हामी अरूलाई सिकाउन भरमार भाषण छाँट्छौँ तर आफैँचाहिँ केही पनि सुधार गर्दैनौँ । अर्थात् भनौँ हामी आफूले आफैँलाई परिवर्तन गर्न तयार छैनौँ ।

केहो १६ दिने अभियान ?

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको शुरुवात महिला विरुद्धको हिंसा अन्त्यका लागि सन् १९९१ मा सेन्टर फर ओमन्स ग्लोवल लिडरसीप (Center for Women Globel Leadership) को सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेका हुन् । त्यसपछि हरेक वर्ष नोभेम्बरको

२५ तारिखदेखि डिसेम्बर १० तारिखसम्म अन्तर्राष्ट्रिय अभियानका रूपमा यो अभियानलाई विश्वव्यापी मनाउने गरिन्छ ।

महिलामाथि हुने हिंसा मानवअधिकार हननको एउटा पक्ष हो । यसैले गर्दा सबै राष्ट्र तथा संयुक्त राष्ट्र सङ्घलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई घचघच्याउने यो अभियानको उद्देश्य हो । यस अभियानअन्तर्गत २५ नोभेम्बर देखि १० डिसेम्बरसम्म समुदायदेखि सबै तहसम्म विभिन्न गतिविधि र कार्यक्रम आयोजना गर्ने प्रचलन छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कसरी सुरु भयो भन्ने बारेमा थाहा पाउँदा राम्रो हुन्छ । डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन साहसी दिदी बहिनीहरू पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा हत्या गरेको थियो । त्यसैले यसलाई ल्याटिन अमेरीकी देशमा महिला हिंसा विरुद्धको दिवसका रूपमा मनाउने गर्छन् । ती तीन दिदी बहिनीहरूको हत्यालाई महिला विरुद्धको हिंसाको रूपमा लिइ उनीहरूको सम्झनामा महिलाहरूले नै विभिन्न कार्यक्रम आयोजना गर्न थाले । पछि, सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घद्वारा यसलाई आत्मसात गरी नोभेम्बर २५ लाई संसारभर नै महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने निर्णय भएको हो ।

सन् १९९१ मा क्यानडाका युवाहरूले "म हिंसा सहन्न, आफू पनि गर्दिनँ र देखेमा प्रतिकार गर्छु" भनी सेतो रिबन बाँधेर विरोधमा उत्रने अभियान सुरु गरे । उक्त समयदेखि सेतो रिबनलाई लैङ्गिक हिंसाविरुद्ध प्रतिवद्धताको प्रतीकको रूपमा प्रयोग गर्न थालिएको हो ।

नेपालमा महिला हिंसा विरुद्धको १६ दिने अभियानको सुरुवात २०५४ सालदेखि सुरु भएको हो । यस अवधिमा महिला विरुद्ध हुने हिंसाका सवालमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी मनाउने गरिन्छ । औपचारिक रूपमा भने नेपाल सरकारले २०७५ सालमा मात्र लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानलाई सामाजिक सचेतनासहित प्रत्येक वर्ष सबै स्थानीय पालिका, प्रदेश तथा सङ्घमा सञ्चालन गर्ने निर्णय गरेको छ ।

महिला हिंसामा के कस्ता विषयहरू हुन्छन् भन्ने कुरा पनि थाहा पाउन आवश्यक छ । महिला भएकै कारण हुने विभेद नै लैगिंक हिंसाको सबैभन्दा टड्कारो उदाहरण हो ।

महिला भएकै कारणले के कस्तो लैङ्गिक हिंसा हुन्छ भन्ने कुरा थाहा पाउन हामी हाम्रै परिवार तथा समाजलाई नियाल्न सक्छौं । भान्साको काम महिलाले मात्र गर्नुपर्छ । बालबच्चाको स्याहारसुसार महिलाको मात्र जिम्मेवारी हो । सम्पत्ति बाँडफाँड तथा परिवारका योजनामा महिलाले बोल्न दरकार छैन । बिहान सबैरै

उठेर सबै काम महिलाले नै गर्नुपर्छ र बेलुका पनि सबै काम सकेर अबेर सुत्ने काम महिलाको काँधमा छ ।

तपाईं हामी सबैका परिवारमा यस्तो सोचाइ रहेको पाइन्छ । धेरै थोरैको कुरा मात्र हो कुनै न कुनै रूपमा हरेक परिवारमा यस्तो विधि व्यवहारमा लागु भएको पाइन्छ । अब सोचौं त मान्छे भएर जन्मिएपछि महिलाले समान अधिकार पाएका छन् ? मलाई सञ्चो छैन भनेर धर पाएका छन् ? पैसा घुमफिर र निर्णयमा छोरासमान छोरीले अधिकार पाएका छन् ?

उल्लिखित प्रश्नमा नकारात्मक उत्तर पाउनुभयो भने लैङ्गिक हिंसाको सुरुवात त्यहींबाटै भएको छ अथवा हिंसा त्यही हो । धेरै मान्छेले के बुझेका छन् भने हिंसा भनेको शरीरमा निलडाम देखिने शारीरिक प्रताडना हो । हिंसा त्यति मात्र होइन । विभेद आफैंमा हिंसा हो । अनि हिंसा शारीरिक अथवा भौतिक रूपमा मात्र नभइ मानसिक रूपमा पनि हुन्छ । बोलेर, हेरेर अथवा विभिन्न भावबाट पनि हिंसा हुने गर्छ ।

महिलाविरुद्ध र महिला भएकै कारणले हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा दिने गर्छ ।

नेपालको अवस्था

भनिन्छ संसारमा हरेक तीनमध्ये एक जना महिलाले आफ्नो जीवनकालमा कुनै न कुनै प्रकारको हिंसा भोगेका छन् अथवा भोगिरहेका छन् । यस्तो हिंसामा संलग्न पीडक महिलाले चिनेको, माया गर्ने र विश्वास गर्ने व्यक्ति हुने गर्दछन् । हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनु परेको स्थिति छ । अझ यस्तो अवस्था हाम्रो जस्तो विकासोन्मुख मुलुकमा तुलनात्मक रूपमा धेरै बढी छ । सन् २०१५ को संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडीपी)को लैङ्गिक विकास सूचकका अनुसार नेपाल कम लैङ्गिक विकास भएको देशको वर्गमा पर्छ । यस दृष्टिमा नेपाल लैङ्गिक विकासमा विश्वको १४५औं स्थानमा रहेको छ । त्यसै गरी एशियाली मुलुकमा नेपाल सबैभन्दा कम लैङ्गिक विकास भएको देशको सूचीमा पर्छ ।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानले समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकतामा राखेको छ ।

नेपालमा धेरैजसो महिलाहरूले आफूले भोगिरहेको दिनचर्या हिंसा हो भन्ने पनि थाहा पाएका हुँदैनन् । कतिपयले थाहा पाएपनि उजुरी गर्ने अथवा कानुनी उपचार खोज्ने हिम्मत गर्दैनन् । उनीहरूले हिम्मत गरिहाले पनि पुरुष प्रधान समाज भएकाले कहीँ कतैबाट सरसहयोग पाउँदैनन् । पालिका तह, प्रहरी कार्यालय, प्रशासन, अदालत यी क्षेत्रबाट हिंसामा परेका महिलालाई सहयोग होइन उनीहरूको कानुनी उपचारमा कुनै न कुनै तरहबाट तगारो सिर्जना हुनेगर्छ ।

नेपाल प्रहरीमा आर्थिक वर्ष २०७७/०७८ मा आएका उजुरी मध्ये सबैभन्दा धेरै घरेलु हिंसा कै रहेको छ । यसवर्ष १४ हजार २ सय ३२ वटा उजुरी प्रहरीमा आएका छन् । यो तथ्याङ्कले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा बढेको देखिन्छ । तर घरभित्र भएका धेरैजसो हिंसाका घटना अझै पनि प्रहरीकहाँ पुग्न सकेका छैनन् । हिंसाको चरम अवस्थामा पुगेपछिमात्र पीडित प्रहरीकहाँ पुग्ने गरेको पाइन्छ । यसले महिला तथा किशोरीहरू घरभित्रै असुरक्षित रहेको कुरा पुष्टि गर्दछ ।

दुई वर्ष अगाडि देखा परेको कोरोना महामारीले पनि नेपाली महिलामाथि हुने हिंसामा वृद्धि भएको छ । नेपालमा राष्ट्रिय महिला आयोगका अनुसार पहिलो बन्दाबन्दी सुरु हुनु अघिको दुई महिना (२०७६ मङ्सिर देखि २०७६ चैत्रसम्म)को अवधि र बन्दाबन्दीपछिको दुई महिना (११ चैत २०७६ देखि १० जेठ २०७७ सम्म)को अवधिमा महिलामाथि हुने हिंसामा ११ प्रतिशतले वृद्धि भएको हो ।

यतिबेला म पत्रकारिता गर्दै चीनको राजधानी बेइजिङमा रहेको छु । यस सन्दर्भमा चिनियाँ महिलामाथि हुने हिंसा र सञ्चार माध्यममा प्रकाशित समाचारका केही प्रतिनिधि घटनालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक होला ।

साहसी थाङ हुई

हुनान प्रान्तकी थाङ हुईकी छोरी सामूहिक बलात्कारको सिकार बनेकी थिइन् । थाङ हुईले छोरीका बलात्कारीलाई कारबाहीको माग गर्दै प्रहरीकोमा उजुरी गरिन् । प्रहरीले ६ जना अपराधीलाई पक्रिएर अनुसन्धान अगाडि बढायो ।

प्रहरीले अदालतमा मुद्दा चलाएपछि अदालतले ६ जना मध्ये दुईजनालाई मृत्युदण्डको सजाय सुनाउँदै बाँकी ४ जनालाई जेल पठाएको थियो । अदालतको फैसलाले आफ्नी छोरीलाई आंशिक मात्र न्याय मिलेको भन्दै थाङ हुईले विरोध जनाइन् । उनले सन् २०१२ जुलाईमा अदालतकै अगाडि आफ्नी छोरी बलात्कार गर्ने र किशोरीहरूलाई जबरजस्ती वेश्यावृत्तिमा लगाउने पूरै ६ जनालाई नै मृत्युदण्ड दिनुपर्छ भन्दै विरोध जनाइन् ।

चीनमा अदालतकै अगाडि विरोध गर्नु पनि एक किसिमको अपराध नै

मानिन्छ । उनले न्यायालय अगाडि नै होहल्ला गर्दै विरोध गरेपछि शान्ति सुव्यवस्थामा खलल पुऱ्याएको भन्दै प्रहरीले पक्राउ गऱ्यो र हिरासतमा राख्यो । सन् २०१३ जुलाई ७ मा उनलाई १८ महिनाका लागि प्रहरीले श्रम शिविरमा पठायो । चीनमा श्रम शिविर एक प्रकारको अर्धन्यायिक दण्ड थियो । कम अपराधका मुद्दामा थोरै पारिश्रमिक पाउने गरी प्रहरीले काममा खटाउने चलनलाई श्रम शिविर भनिन्थ्यो ।

बन्दीलाई काममा लगाइने भएकाले श्रम शिविरमा कामदारले शारीरिक र मानसिक यातना भोग्ने गर्दछन् । अरुले जस्तै थाङ हुईले पनि श्रम शिविरमा रहँदा शारीरिक यातना भोग्नुपऱ्यो । श्रम शिविरमा अमर्यादित यातना दिएको भन्दै उनले सार्वजनिक अपिल गरिन् । त्यतिबेला उनी श्रम शिविरमा गएको ८ दिन मात्र भएको थियो । उनको सार्वजनिक अपिलले सम्बन्धित पक्षको व्यापक रूपमा ध्यान खिच्यो । नागरिक क्षेत्रबाट पनि निकै ठुलो आलोचना भयो र प्रहरी प्रशासनमाथि व्यापक दबाब पऱ्यो । प्रहरीले उनलाई जुलाई १५ मा श्रम शिविरबाट रिहा गरिदियो ।

चीनमा सन् १९५० देखि जारी रहेको श्रम शिविरका बारेमा थाङ हुईको सार्वजनिक अपिलले चर्को बृहत् स्तरको बहस पैदा गरायो । फलस्वरूप सन् २०१३ को डिसेम्बर २८ मा चिनियाँ राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिले चीनमा रहेको विवादास्पद श्रम शिविर खारेज गऱ्यो ।

चिनियाँ कम्युनिष्ट पार्टीले चीनमा सत्ता लिएपछि सुरु भएको श्रम शिविरलाई खारेज गराउने सक्ने हिम्मतीली महिला मानिन्छिन् थाङ हुई । उनले आफ्नी छोरीलाई बलात्कार गर्नेहरूलाई कानुनी कारबाहीमा ल्याएर मृत्युदण्ड दिलाउन सक्षम भइन् भने ६३ वर्षदेखि कायम रहेको श्रम शिविरलाई हटाउने देन पनि उनलाई जान्छ ।

पश्चिमा मुलुकहरूले श्रम शिविरकै कारण चिनियाँ शासन प्रणालीको आलोचना गर्दै आएका थिए । यसले मानव अधिकार हनन गरेको तथा कम्युनिष्ट शासनको कालो पक्षका रूपमा श्रम शिविर रहेको भनेर बारम्बार चीनमाथि औँला ठड्याएर कटाक्ष गर्ने परिपाटीलाई सुधार गर्ने मौका पनि चीनलाई थाङ हुईले नै दिएकी हुन् ।

अहिले चीनमा श्रम शिविरको प्रावधान छैन । बन्दीलाई अत्यधिक यातना दिएर अपराध कबुल गर्ने परिपाटी पनि धेरै हदसम्म नियन्त्रण भएको छ । यदि कुनै प्रहरीले बन्दीलाई अत्यधिक यातना दिएर अपराध कबुल गराएको छ भने धेरै वर्षपछि पनि त्यस्ता प्रहरी अधिकारीमाथि कारबाही गर्ने परिपाटी चीनमा छ । बलात्कार हत्या र अत्यधिक यातना दिएर नगरेको अपराध कबुल गराएको थुप्रै उदाहरण देख्न पाइन्छ ।

जो मृत्युदण्ड भोगिसकेपछि निर्दोष प्रमाणित भए

चीनको उत्तरी क्षेत्रमा रहेको भित्री मङ्गोलिया स्वायत्त प्रदेशमा सन् १९९६ मा एउटा भयावह अपराध भयो । सार्वजनिक शौचालयमा बलात्कार गरी हत्या गरिएको अवस्थामा एकजना महिलाको शव बरामद भएको थियो ।

सन् १९९६ अप्रिल ९ मा भित्री मङ्गोलिया स्वायत्त प्रदेशको सदरमुकाम होहोटस्थित एक गार्मेन्ट कारखाना नजिकै रहेको सार्वजनिक शौचालयमा याङ नामकी एकजना महिलाको शव सबैभन्दा पहिले हुगचिल्थुले देखेका थिए । उनले तुरुन्तै गार्मेन्ट कारखानामा उक्त जानकारी गराए । महिलाको शरीरभरि चक्कु प्रहार गरेर क्षतविक्षत बनाइएको थियो ।

प्रहरीले भने सूचना दिने हुगचिल्थुमाथि नै शङ्का गऱ्यो र गिरफ्तार गऱ्यो । अनुसन्धानको ४८ घण्टाभित्रै हुगचिल्थुले अपराध स्वीकार गरेको भनेर अदालतमा मुद्दा चलाइयो । चीनमा हुने अपराधमा छिटो अनुसन्धान गर्नुपर्ने दबाब माथिल्लो निकायबाट हुने गर्दछ । आफ्नो क्षेत्रबाट चाँडै अनुसन्धान गरिएको र न्याय प्रणालीलाई चुस्त बनाएको देखाउन र एक प्रकारको प्रतिस्पर्धा हुने भएकाले पनि अपराधमा अत्यधिक शक्ति प्रयोग हुने गर्दछ ।

पक्राउ गरेको ६१ दिनमा १८ वर्षीय हुगचिल्थुलाई सन् १९९६ मे २३ का दिन अदालतले मृत्यु दण्डको फैसला सुनायो । फैसला भएको १८ दिनपछि जुन १० तारिमा उनलाई गोली हानेर मृत्युदण्ड दिइयो ।

हुगचिल्थुलाई मृत्युदण्ड दिएको नौ वर्षपछि होहोटमा एकजना व्यक्ति पक्राउ परे जसले सबैको मगज हल्लाइ दियो । हुगचिल्थुलाई मृत्युदण्ड दिएको कुरा सबैको दिमागबाट हराइसकेको थियो । छोरो मारिएपछि रुँदा रुँदै हुगचिल्थुका बुबाआमाका आँखा पनि सुकिसकेका थिए । श्रृङ्खलाबद्ध अपराधमा पक्राउ परेका एक व्यक्तिको बयानले हुगचिल्थुको मुद्दालाई बल्झाउने काम गऱ्यो ।

सन् २००५ मा चाओ चिहोङ नामका एकजना व्यक्ति पक्राउ परे । उनले प्रहरीलाई बयान दिनेक्रममा आफूले २१ वटा अपराध गरेको बताए । बयानका क्रममा उनले सन् १९९६ देखि २००५ सम्ममा १३ जना महिलालाई बलात्कार गरेको र ती मध्ये १० जनाको हत्या गरेको स्वीकार गरे ।

बयानका क्रममा उनले होहोट नजिकैको सार्वजनिक सौचालयमा याङ नामकी महिलाको बलात्कार गरेपछि चक्कु प्रहार गरेर हत्या गरेको बताएपछि प्रहरी प्रशासन आश्चर्यमा पऱ्यो । किनभने उही व्यक्तिको हत्या आरोपमा हुगचिल्थुलाई मृत्युदण्ड दिइसकेको थियो ।

चावो चिहोङको मुद्दा सुनुवाइ गर्नका लागि निकै लामो समय लाग्यो । सन् २००५ देखि २०१४ सम्मको गहन अनुसन्धानबाट उनलाई सन् २०१५ जनवरी ५ मा मृत्युदण्डको सजाय सुनाइयो । मृत्युदण्ड मात्र होइन चावोले पीडित

परिवारलाई १ लाख २ हजार ७ सय ६८ चिनियाँ युआन क्षतिपूर्ति भर्न र ५३ हजार चिनियाँ युआन जरिबाना पनि गरियो ।

चावो चिहोङ पक्राउ परेपछि हुगचिल्थु निर्दोष रहेको सार्वजनिक भयो । त्यसपछि तुहिएको न्याय नाममा चिनियाँ सञ्चार माध्यमले चिनियाँ न्याय प्रणालीमाथि टिप्पणी गरेका थिए । चाहोले याङको हत्या गरेको स्वीकार गरेपछि हुगचिल्थुका आमाबुबाले मृत्युदण्ड भोगिसकेको आफ्नो छोरालाई निर्दोष फैसला गर्न र गलत फैसला गर्नेहरूमाथि कारबाही गर्न निवेदन दिए ।

भित्री मङ्गोलियाको सर्वोच्च जनअदालतमा हुगचिल्थुको मुद्दामा पुन सुनुवाइ भएर २०१४ को डिसेम्बरमा फैसला आयो । फैसला गर्दै अदालतका उपप्रमुख चाओ चिआनफिङले ३० हजार चिनियाँ युआन हुगचिल्थुका बुबाआमालाई सान्त्वना रकम दिए । उनले प्रान्तीय सरकारका नाममा हुगचिल्थुका अभिभावकलाई २० लाख ५९ हजार ६ सय २१ चिनियाँ युआन क्षतिपूर्ति दिन आदेश पनि दिए ।

फैसलामा सरकारी वकिल, न्यायाधीश, प्रहरी प्रशासन, स्थानीय पार्टी पदाधिकारी लगायत २७ जनालाई दोषी ठहर गर्दै विभिन्न सजाय तोक्यो । जसमध्ये होहोट सार्वजनिक सुरक्षा शाखाका प्रमुख फङ चिमिङलाई कालोसूचीमा राख्दै अदालतमा मुद्दा चलाउन फैसला भयो ।

निर्दोषले मृत्युदण्ड पाएको चीनमा अरू पनि उदाहरण छन् । सन् १९९४ को अगष्ट ५ मा चीनको हपेइ प्रान्तको शच्याचुङमा ३८ वर्षीय खाङ चुह्वा नामकी महिलाको बलात्कारपछि हत्या भएको थियो । सो अपराधमा १९९४ को अक्टोबर ९ मा २१ वर्षीय निइ सुपिन पक्राउ परे । सन् १९९५ मार्च १५ मा निइ सुपिनलाई शच्याचुआङ मध्ये अदालतले मृत्युदण्डको सजाय सुनायो । सजाय सुनाएको झन्डै डेढ महिनापछि अप्रिल २७ मा निइलाई मृतुदण्ड दिइयो ।

निइलाई मृत्युदण्ड दिएको दस वर्षपछि सन् २००५ मा वाङ शुचिन नामका एक व्यक्ति बलात्कार र हत्याको अभियोगमा पक्राउ परे । उनले दिएको बयान अनुसार सन् १९९५ अगष्ट ५ मा हपेइ प्रान्तको शच्याचुङमा ३८ वर्षीय खाङ चुह्वा नामकी महिलाको बलात्कारपछि हत्या गरेको बताएपछि चिनियाँ न्यायालयमा ठुलै हल्लीखल्ली भयो । सोही अपराधमा अर्का व्यक्तिलाई मृत्युदण्ड दिइसकेको हुनाले यो विषय गम्भीर बनेको थियो ।

सन् २०१४ को डिसेम्बर १२ मा चीनको सर्वोच्च जन अदालतले सान्तोङको उच्च जनअदालतलाई सो मुद्दा पुनर्विचार गर्न आदेश दियो ।

र अन्त्यमा,

भनिन्छ बरू दसजना अपराधी छुटुन्, तर एक निर्दोषले सजाय पाउनु हुँदैन । चीनमा महिलामाथि हुने हिंसामा निकै कडा कानुन विद्यमान छ । विशेष

गरी बलात्कार र हत्याका जस्ता अपराधमा मृत्युदण्ड दिने कानुनी प्रावधान छ । नेपालमा पनि बलात्कारपछि भएका हत्यामा मृत्युदण्ड दिनुपर्छ भनेर बारम्बार आवाज नउठेको होइन । मृत्युदण्ड आफैँमा मानव अधिकारको सबैभन्दा ठुलो उल्लङ्घन हो । त्यसकारण हामीले मृत्युदण्डको माग गर्नुभन्दा अपराधीलाई कानुनी कठघरामा उभ्याउने जमर्को गर्नुपर्छ ।


सञ्चार माध्यमले पनि जिम्मेवाररूपमा प्रस्तुत हुन आवश्यक छ । बलात्कारको सिकार भएकी महिलाको पहिचानलाई सञ्चार माध्यमले सार्वजनिक गर्ने भएकाले उनले जीवनभर सामाजिक दुर्व्यवहार भोग्नुपर्ने हुन्छ । उनी प्रहरी अथवा अदालतमा गइन् भने पनि बारम्बार उही दुर्व्यवहार भोगिरहेकी हुन्छिन् । त्यसकारण पत्रकारहरूले विशेष गरी बलात्कारको समाचार बनाउँदा कडाइका साथ पत्रकार आचारसंहिता अनुसरण गर्न अनिवार्य छ ।

(लेखक चिनियाँ अन्तर्राष्ट्रिय रेडियोको नेपाली सेवामा विदेशी विशेषज्ञका रूपमा कार्यरत हुनुहुन्छ ।)

***

गैरजिम्मेवार 'समाचार कक्ष'

अदालतले राउटे समुदायका पीडित युवतीको पहिचानसहित सामाजिक सञ्जालमा राखिएका फोटो तथा भिडियोहरू हटाउन, यस्ता सामग्रीहरू राख्नेलाई कारबाही गर्न तथा आवश्यकताअनुसार साइटहरू बन्द गराउन पनि आदेश दिएको थियो ।



योगेश ढकाल

उदाहरण : एक

घटना २०७५ साउन १० गतेको हो । कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या गरेको घटना सार्वजनिक भयो । पन्तको बलात्कार र हत्या प्रकरणमा सञ्चार माध्यमले विभिन्न कोणबाट प्रशस्त समाचार पस्किए । केही निश्चित व्यक्तिमाथि आरोपित गर्नेदेखि केही संस्थागत संरचनामाथि प्रश्न उठ्ने गरी पनि समाचार प्रकाशित र प्रसारित भयो । प्रहरीले अनुसन्धानका लागि पकाउ गरेको व्यक्तिलाई भिडले निर्दोषी किटान गर्ने परि स्थितिको निर्माण सञ्चार माध्यममा भएको रिपोर्टिङकै कारणले भइरहेको थियो ।

अर्थात्, प्रहरीको अनुसन्धान होइन कि भिडले जसलाई औंला ठड्याउँछ, त्यसैलाई दोषी किटान गर्नुपर्ने वातारण बनाइयो । त्यहीक्रममा मृतक पन्तका दुई साथी रोशनी बम र बबिता बममाथि शङ्काको सुई घुमाएर समाचारहरू प्रकाशन र प्रसारण भए । १० साउनमा पन्त साथी रोशनी बमको घरमा विज्ञान विषयको गृहकार्य गर्न गएकी थिइन् । ११ गते बलात्कार गरी हत्या गरिएको अवस्थामा उखुबारीमा पन्तको शव भेटियो ।

पन्तको शङ्कास्पद मृत्यु भएकै कारण स्थानीय र परिवारले दोषीमाथि

छानबिन भइ कारबाही गर्न माग गरे र तीन दिनसम्म शवको अन्त्येष्टि गरिएन । १० साउनमा गृहकार्य गर्न साथी रोशनी बमको घरमा पन्त गएकै कारण उनीहरू शङ्काको घेरामा तानिए । अनि, घटनामा बम परिवारमाथि संलग्नताको आरोप लाग्न थाल्यो ।

स्थानीय र परिवारले पनि उनीहरूमाथि शङ्का गरेको भन्दै समाचारहरू प्रकाशित र प्रसारित हुन थालेका थिए । त्यतिबेला समाचारहरूको दबाब बढेपछि नै प्रहरीले उनीहरूलाई २०७५ भदौ ५ गते पकाउ गर्न बाध्य भयो ।

अनुसन्धानका क्रममा बम दिदी बहिनीको संलग्नता पुष्टि भएन, जसरी सञ्चार माध्यामले ती बम दिदी बहिनीमाथि आरोपित गरेका थिए । प्रहरीको अनुसन्धानबाट पुष्टि नभएकै कारण उनीहरू प्रहरीको हिरासतबाट छुटे ।

त्यतिबेला सञ्चार माध्यमले दुईवटा काम बढो जोडतोडका साथ गरेका थिए । एक, पन्त गृहकार्यका लागि बम दिदी बहिनीको घरमा भएका कारण उनीहरूको संलग्नता छ भन्ने जबरजस्त प्रमाण जुटाउन खोजे । दोस्रो, घटनामा संलग्न भएको दाबीसहित उनीहरूको वास्तविक पहिचान खुल्ने गरी समाचार प्रकाशन र प्रसारण गरे ।

पहिलो कारणले सञ्चार माध्यम आफैँ अनुसन्धानकर्मी, वकालतकर्मी र न्यायाधीश हुन खोज्ने अभ्यासमा देखिन्थे । दोस्रो कारणले भने पहिचानसमेत खुल्ने गरी समाचार प्रसारण र प्रकाशन गरेर व्यक्तिको सामान्य मानवअधिकार र संवेदनशीलता ख्याल नगरेको पुष्टि हुन्थ्यो । अर्थात्, त्यतिबेला राष्ट्रियस्तरका सञ्चार माध्यमको न्युजरुम व्यक्तिको मानवअधिकार र सामाजिक पुँजीप्रति न्यूनतम संवेदनशीलता प्रकट गरिरहेको थिएन ।

उदाहरण : दुई

२०७८ जेठ २१ गते सुर्खेतमा एउटा बीभत्स घटना भयो । यो घटना अल्पसङ्ख्यक समुदायको रूपमा रहेका राउटे समुदायसँग जोडिएको छ । घटना भएको बेला राउटेहरू गुर्भाकोट नगरपालिका ९ आँपसोतीमा बस्दै थिए । फिरन्ते जाति राउटे दैलेख र सुर्खेतका विभिन्न स्थानमा पालैपालो बस्ने गर्छन् । आँपसोतीमा बसिरहेका बेला राउटे समुदायका दुई युवती सामान किन्न बजार छेउ आएका थिए । त्यहीबेला उनीहरूसँग सङ्गत भएका पुरुषले सुर्खेतको एक होटलमा ल्याए । जबरजस्ती मदिरा सेवन गराए । त्यसमा संलग्न तीन युवाले जबरजस्ती गरेको भिडियो सार्वजनिक भयो । त्यही भिडियोलाई आधार बनाएर सञ्चार माध्यमले समाचार प्रकाशन र प्रसारण गरे । भिडियोसहित समाचार प्रकाशन र प्रसारण भएपछि ती राउटे युवतीलाई समुदायमा फर्किन समस्या भएको थियो । नेपाल पत्रकार महासङ्घले पत्र लेखेर नै सञ्चार माध्यमलाई महिलाको

संवेदनशीलता अपनाउन आग्रह गर्नुपरेको थियो । पत्रकार महासङ्घमात्र होइन, जिल्ला अदालत सुर्खेतले पनि २८ जेठमा राउटे समुदायका युवतीमाथि भएको बलात्कार घटनाका विषयमा सामाजिक सञ्जाल र समाचार माध्यममा प्रकाशित र प्रसारित सामग्रीहरू तत्काल हटाउन आदेश दिएको थियो । र, अदालतले राउटे समुदायका पीडित युवतीको पहिचानसहित सामाजिक सञ्जालमा राखिएका फोटो तथा भिडियोहरू हटाउन, यस्ता सामग्रीहरू राख्नेलाई कारबाही गर्न तथा आवश्यकताअनुसार साइटहरू बन्द गराउन पनि आदेश दिएको थियो ।

भिडियोसहित समाचारहरू प्रकाशन र प्रसारण भएपछि एकातिर ती युवतीको व्यक्तिगत मानवअधिकार हनन भयो, अर्कातिर उनीहरूको सामाजिक प्रतिष्ठामा आँच पुग्नुका साथै समुदायमा फिर्ता हुन नसक्ने परिस्थिति नै बन्यो । सञ्चार माध्यममा भिडियोसहित समाचार सार्वजनिक भएपछि राउटे समुदायका मुखियाले उनीहरूलाई कारबाही गर्ने निर्णय गरेका थिए । समुदाय छोडेर बाहिर होटलमा बसेको भन्दै राउटे समुदायले उनीहरूलाई समुदायमा स्वीकार नगर्ने बताएको थियो । राउटे समुदाय अर्को समुदायसँग घुलमिल भएको रुचाउँदैनन् । कतिसम्म भने मुखियाको निर्णयमा उनीहरूमाथि विभिन्न यातना दिन्छन् । यातनाकै कारण मृत्यु भएको पनि घटना छन् राउटे समुदायमा ।

१९ असोजमा बलात्कार पीडित राउटे युवतीको फोटो र नामसहित अनलाइनमा समाचार लेखेको तथा आफूहरूविरुद्ध फेसबुकमा स्टाटस लेखेको भन्दै अदालतमा अपहेलना मुद्दा दायर भएको थियो । त्यही मुद्दाको किनारा लगाउने क्रममा जिल्ला अदालत सुर्खेतले बलात्कार पीडित राउटे समुदायका युवतीको पहिचानसहित अनलाइनमा समाचार र फेसबुकमा स्टाटस लेख्ने एक पत्रकारलाई पाँच महिना कैद र पाँच हजार जरिबानाको फैसला सुनायो । जिल्ला न्यायाधीश डा. राजेन्द्रकुमार आचार्यको एकल इजलासले बलात्कार पीडित युवतीको फोटो र नामसहित समाचार प्रकाशित गरेको र प्रतिवादी वकिलहरूका विरुद्ध अनर्गल प्रचार गरेको प्रमाणित भएपछि दाङबाट सञ्चालित राप्तीपश्चिम डटकमका प्रकाशक/सञ्चालक एग्गेबहादुर बुढामगरलाई पाँच महिना कैद र पाँच हजार जरिबानाको फैसला सुनाएको हो ।

फैसलामा आचार्यले भनेका छन्, 'संवेदनशील विषयहरूमा समाचारलगायत सामग्रीहरू प्रस्तुत गर्दा पीडितको सुरक्षा र पहिचानको विषयमा गम्भीर हुनुपर्नेमा सो नगरेको देखिन आयो, करणीजन्य अपराधका सामग्रीहरू गोप्य हुन्छन् भन्ने विषय प्रत्येक सचेत नागरिकलाई थाहा हुनैपर्ने विषय हो, सामाजिक क्षेत्रमा समाचार सम्प्रेषण गर्नेहरूले परिणामको गाम्भीर्यतालाई समेत मध्यनजर गर्नुपर्ने हुन्छ, सो विषयमा गम्भीर नभइ पीडितहरूको पहिचान खुलाएको अवस्था हुँदा यो कानुनी कारबाहीको विषय हुन आयो ।'

उदाहरण : तीन

पुस पहिलो हप्ता २०७८ मा एक चर्चित अनलाइनमा सुन्दरी युवतीले ठगी धन्दा चलाएको लामो स्टोरी प्रकाशित भयो । स्टोरीको शीर्षक थियो 'सुन्दरी सुनिताको अनौठो ठगीधन्दा' । आफूलाई चलचित्र क्षेत्रमा आबद्ध भएको बताउने र कतिपय अवस्थामा समाचार कक्षसँग जोडिएको सन्दर्भ पनि समाचारमा उल्लेख छ । स्टोरीको फेहरिस्तमा सन्दर्भहरू प्रशस्त उल्लेख छन् । सुन्दरीले ठगेको हो वा होइन अर्थात् स्टोरीमा लेखिएजस्तै आर्थिक कारोबार के कसरी भएको हो त्यसको अनुसन्धान छुट्टै होला । तर समाचार कक्षबाट स्टोरी प्रकाशित हुँदै गर्दा सुनिता खत्री भनेर ती युवतीको नाममात्र सार्वजनिक गरिएको छैन्, उनको तस्बिर र फेसबुक प्रोफाइलसमेत स्टोरीमा राखिएको छ । त्यसले व्यक्तिको पहिचानसँग जोडिएको सन्दर्भ त छ नै त्योबाहेक घटना अनुसन्धानले पुष्टि नहुँदै सम्पूर्ण विवरण सार्वजनिक गरेर समाचार कक्षले असंवेदनशीलता अपनाएको प्रष्टै बुझिन्छ । जसले ती महिलाको सामाजिक प्रतिष्ठामामात्र आँच पुग्दैन्, ती युवतीको मनोवैज्ञानिक असर, वैवाहिक सम्बन्धमा पनि गम्भीर धक्का पार्न सक्छ ।

महिला अधिकारकर्मी वन्दना राणा लामो समय सञ्चार माध्यममा आबद्ध हुनुहुन्थ्यो, जोसँग समाचार कक्षलाई नजिकबाट नियालेको अनुभव छ । त्यतिमात्र होइन, महिला सञ्चारकर्मीको विषयमा अध्ययन अनुसन्धान गरेको अनुभव पनि छ । तिनै राणाको बुझाइमा सञ्चार माध्यमले गर्ने महिला हिंसासँग जोडिएका समाचार प्रकाशन र प्रसारणमा निकै फेरबदल आएको छ । हिंसाप्रतिको बुझाइ र समाचार पस्किने शैली र प्रवृत्तिमा परिवर्तन आइरहेको राणाको भनाइ छ । राणा अनुभवमा केही वर्षअघिसम्म सञ्चार माध्यमले महिला हिंसाको घटनामा बोक्सी र करणीको मुद्दामात्रै समाचारमा ल्याउने गर्दथे र ती समाचारमा पीडित महिलाको तस्बिरसहित पूर्णविवरण प्रकाशित प्रसारित हुन्थ्यो, जुन आजका दिनमा धेरै कम भएको छ । राणा भन्छिन् 'पहिलाको भन्दा धेरै राम्रो भएको छ । मुख्य सञ्चार माध्यमहरूले पीडितको नाम, ठेगाना र तस्बिर सार्वजनिक नगर्ने चलन बढेको छ । यसलाई पीडितप्रतिको संवेदनशीलताको रूपमा मान्नुपर्छ तर अनलाइन भने नियन्त्रणमा छैनन् । युट्युब झनै अनियन्त्रित देखिन्छन् ।'

सञ्चार माध्यमको सामाचर कक्ष विगतको तुलनामा संवेदनशील भएकै देखिन्छ । तर, बढ्दो न्यू मिडियाका कारण पीडितलाई दोहोरो मार पर्ने घटनामा कमी भने आएको छैन । समाचारको भ्यूजको बढोत्तरीका लागि शीर्षक अतिरञ्जित गर्ने अभ्यासले तीब्रता पाइरहेकै छ । घटनामा पीडित महिलाको मृत्यु नै भइसकेको छ भनेचाहिँ तस्बिर सार्वजनिक गर्ने गरिएको छ । तर, त्यसो गर्दा परिवारको सामाजिक मर्यादा र पुँजीमा गम्भीर आँच आइरहेको हुन्छ ।

सञ्चारकर्मी निर्मला शर्माको भनाइ पनि राणाको भन्दा धेरै भिन्नचाहिँ छैन । शर्माको बुझाइमा समाचार कक्षमा जानेर वा नजानेर दुवै किसिमले हिंसा पीडित महिलाको विवरण सार्वजनिक हुने गरेको छ । तर, विगतको तुलनामा समाचार कक्ष संवेदनशील हुँदै गएको छ । शर्मा भन्छिन् 'पहिला सोसल मिडिया थिएन, त्यसकारणले अहिलेजस्तो हिंसाका धेरै घटना आउँदैन थिए तर जानेर वा नजानेर ठुला सञ्चार माध्यममा पहिला भन्दा पीडितको विवरण सार्वजनिक गर्ने अभ्यासमा कमी आएको चाहिँ पक्कै हो ।'

असंवेदनशीलताको परिणाम

सञ्चार माध्यमका समाचार कक्षको असंवेदनशीलताको गतिलो उदाहरण पन्त परिवारकै घटना भएको छ । जसरी सञ्चार माध्यममा पन्त परिवारको तस्बिरसहित घटनाबारे लेखियो, त्यसको परिणामचाहिँ पन्त परिवारले न्याय पाउने भन्दा पनि विस्थापित हुने स्थिति आयो । त्यतिबेला नै पनि निर्मला पन्तकी आमा दुर्गादेवीले केही सञ्चार माध्यमसँग परिवारमा असर गरेको प्रतिक्रिया दिएकी थिइन् । त्यही घटनाका कारण निर्मला पन्तकी आमा दुर्गादेवी कञ्चनपुरबाट विस्थापित हुनुपरेको छ । अहिले उनीहरू कञ्चनुपर छोडेर पुर्खौली घर पुगेका छन् । समाचार कक्षको असंवेदेनशीलताका कारण घटना न्यायिक बाटोमा भन्दा पनि आन्दोलनकारीको हातमा पुग्यो । अनि, पीडित परिवारले न्याय पाउनु त परको कुरा थातथलोबाट विस्थापित पनि हुनुपऱ्यो ।

पन्तकै परिवारलाई आधार मान्ने हो भने त्यही मुद्दामा जोडिएका बम दिदी बहिनीको चरित्रहत्या भएको घटनामा पनि समाचारकक्ष संवेदनशील भएको देखिएन । पन्त परिवार विस्थापित हुनुपरेको घटनाबारे समाचार कक्ष अहिले मौन भएँ देखिन्छन् भने बम दिदी बहिनीको सन्दर्भमा पनि ।

समाचार कक्षको संवदेनशीलताको अभावमा ६ प्रकारका समस्या देखिने गरेको छ । एक, घटनालाई सामान्यीकरण गर्ने । हिंसाका घटनाहरूमा आइरहेको बढोत्तरी र त्यसका संलग्नको पूर्णविवरणले अरू घटनालाई सामान्यीकरण गर्न बल मिलेको छ । यस्तो त भइरहन्छ नि भन्ने मनोविज्ञानको सिर्जना हुने गरेको छ । दुई, हिंसामा बढवा । जब घटनालाई सामान्यीकरण गर्न थालिन्छ, त्यसपछि हिंसाका घटनाले पनि बढवा पाउँछन् । त्यसैले वर्षेनी करणी वा घरेलु हिंसाका घटनाहरूको सङ्ख्या बढिरहेको हुन्छ । समाचार कक्षको संवेदनशीलताले त्यस्ता घटनालाई सामान्यीकरण र बढवा हुन नदिने सञ्चारकर्मी शर्माको विश्लेषण छ । तीन, सामाजिक प्रतिष्ठामा आँच । पीडितको तस्बिरसहितको समाचार प्रकाशनले परिवार र व्यक्तिको सामाजिक प्रतिष्ठामा आँच आउने परिस्थितिको निर्माण हुन्छ । दोषी किटान हुनुअघि नै उनीहरू सामाजिक रूपमा बहिस्करणमा पर्ने

भएकाले पछि न्याय पाउनुको अर्थ नहुने देखिन्छ । चार, मनोवैज्ञानिक असर । पीडित व्यक्ति र परिवार नै घटनाबाट मनोवैज्ञानिक समस्यामा पुग्छन् । एकातिर सामाजिक प्रतिष्ठा गुमेको हुन्छ अर्कातिर सामाजिक बहिस्करण पर्छन् । जसले पीडित विस्थापित नै हुनुपर्ने हुन्छ । शर्माको भनाइमा समाचार कक्षका कारण पीडित मनोवैज्ञानिक असरमा छ भन्ने अध्ययन र अनुसन्धान पनि हुने गरेको छैन ।

पाँच, सामाजिक बहिस्कार । समाचार कक्षको असंवेदनशीलताका कारण परिवार नै विस्थापित हुनु परेको छ, जसको उदाहरण निर्मला पन्त प्रकरणमा आमा र अरू परिवार कञ्चनपुरबाट विस्थापित भएको घटनालाई नै लिन सकिन्छ । यसैगरी, बाजुरामा २०७७ भदौमा सम्झना वि.क.को बलात्कारपछिको हत्या प्रकरणमा यस्तै भएको छ । समाचार कक्षको असंवेदनशीलताका कारण सम्झनाको नामसहित तस्बिर सार्वजनिक भयो, जसले गर्दा उनको परिवार सामाजिक बहिस्करणमा परेको थियो । छैटौँ, वैवाहिक सम्बन्ध । हिंसामा परेका युवतीको तस्बिरसहित समाचार प्रकाशन/प्रसारण गर्दा वैवाहिक सम्बन्धमा पनि असर पर्ने गरेको छ । शर्माको विश्लेषणमा बिहे नभएका युवतीको विवाह गर्न समस्या र विवाह भएका युवतीको सम्बन्धविच्छेदमा पुग्ने गरेको छ । शर्मा भन्छिन् 'त्यसैले समाचार कक्ष कतिसम्म संवेदनशील हुनुपर्छ भन्ने कुरा यसले पनि पुष्टि गर्छ ।'

हिंसाको बढ्दो ग्राफ

सरकारी तथ्याङ्कअनुसार नेपालमा हरेक दिन औसतमा ६ जना महिला बलात्कृत हुने गरेका छन् । महान्याधिवक्ता र प्रहरीको तथ्याङ्कका आधारमा देखिएको यो तथ्याङ्कमा अझ डरलाग्दोचाहिँ बलात्कृत बालिकाको सङ्ख्या बढ्न थालेको छ । आर्थिक वर्ष २०७०/०७१ मा ५५९ बालिका बलात्कृत भएका थिए आर्थिक वर्ष २०७७/०७८ मा यो सङ्ख्या १,३९३ पुगेको छ । बलात्कारसम्बन्धी जघन्य अपराधका घटना हरेक वर्ष बढ्दै गइरहेका छन् । सात वर्ष यताको तथ्याङ्क हेर्दामात्रै पनि १४ हजार ७ सय ५४ महिला बलात्कारको सिकार भएका छन् । त्यसमध्ये ६ हजार ३ सय ६३ त १८ वर्षमुनिका बालिका छन् । महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरीको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७०/०७१ मा १ हजार ३ सय ५६ महिला बलात्कारको सिकार भएका थिए । तर, आ.व. २०७६/०७७ सम्म आइपुग्दा दोब्बरभन्दा धेरैले बढेर २ हजार ८ सय ३१ महिला बलात्कृत भएका थिए ।

महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनअनुसार आ.व. २०७५/७६ मा देशभर २ हजार ७ सय ५३ महिला बलात्कारको सिकार भएका छन्, जसमध्ये

१ हजार २ सय ३२ बालिका छन् । त्यस्तै, आ.व. २०७४/०७५ मा पीडित बनेका १ हजार ९ सय ८ महिलामध्ये ७ सय २३ र २०७३/०७४ मा १ हजार ९ सय १४ पीडित महिलामध्ये ७ सय ९ बालिका रहेको सरकारी तथ्याङ्क छ ।

महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन २०६७/०६८ देखि २०७५/०७६ सम्म र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालयका अनुसार २०७२/०७३ मा देशभर १ हजार ६ सय ५५ महिला बलात्कृत भएका थिए, त्यसमध्ये ६ सय ३५ बालिका छन् । २०७१/०७२ मा पीडित बनेका १ हजार ६ सय १५ महिलामध्ये ६ सय ४७ बालिका छन् । त्यसैगरी, २०७०/०७१ मा १ हजार ३ सय ५६ महिला बलात्कारको सिकार बनेका थिए, जसमा ३ सय ९६ बालिका रहेको महान्यायाधिवक्ता कार्यालयको तथ्याङ्क छ । २०७६ मा बलात्कृत १ हजार ३ सय ९३ बालिकामध्ये २ सय ७३ जना १० वर्षमुनिका छन् । त्यस्तै, ११ देखि १६ वर्षसम्मका ८ सय १ र १७ देखि १८ वर्ष उमेर समूहका ३ सय १९ जना बलात्कृत भएका छन् ।

बन्दना राणा, महिला अधिकारकर्मी

नेपालका सञ्चार माध्यमहरूले महिलासँग जोडिएका संवेदनशील विषयमा कहिलेकाँही असंवेदनशील समाचार सम्प्रेषण गर्ने गरेका छन् । पीडित महिलाको नाम, ठेगाना र तस्बिरसहित पूर्ण विवरण सार्वजनिक हुने गरेको छ । यसले महिला दोहोरो पीडामा पर्ने गरेका छन् । तर, विगतको तुलनामा भने त्यसरी पीडित महिलाको तस्बिरसहित नाम, ठेगाना उल्लेख गर्ने प्रचलनमा कमी आएको छ । प्रमुख सञ्चार माध्यमहरूले त लगभग बन्द नै गरेका छन् । तर, पनि कहिलेकाहीं उनीहरूबाट पनि असंवेदनशीलता प्रदर्शन हुने गरेको छ । तर, अनलाइनहरूमा भने समस्या अझै देखिन्छ । युट्युबमा झन् समस्या छ । पहिला समाचार नै आउँदैन थिए, हिंसाको प्रकृतिका बारेमा पनि जानकारी थिएन । घरेलु हिंसालाई त हिंसाको रूपमा लिने पनि गरिँदैन थियो । अहिले हिंसाबारे सचेत देखिन्छ । ज्ञान बढेको छ । तर, समाचारले प्राथमिकता नपाउने अनि फ्लोअप पनि हुँदैन । समाचारको अनुसन्धान पनि कम हुन्छ । त्यसैले न्यायिक कोणबाट कम भएको देखिन्छ ।

निर्मला शर्मा, सञ्चारकर्मी

सञ्चार माध्यमबाट हिंसाका घटनामा पीडितको पूर्ण विवरण खुल्ने गरी समाचार आउने गरेका छन् । त्यसका दुईवटा कारण देखिन्छ । एक, नजानेर वा थाहा नपाएर पनि आउने गरेको छ । दोस्रो, थाहा पाएर पनि

हुन्छ, यसको स्वार्थचाहिँ भ्युज बढी हुन्छ भन्ने देखिन्छ । आफ्नो समाचारको भ्युज बढी होस् भनेर शीर्षक अतिरञ्जित गर्ने पनि गरिएको छ । न्यु मिडियामा यस्तो समस्या बढ्ता छ । नेपाली समाजको एउटा तप्का जागरुक र सचेत हुँदैन । त्यसैले अतिरञ्जित शीर्षक बढी क्लिक हुन्छ । यस्तो प्रवृत्तिले घटनाको गहिरो अनुसन्धान हुँदैन र वास्तविक पीडकलाई कारबाही पनि हुँदैन । पीडितको विवरण खुल्ने गरी समाचार प्रकाशनमा रिपोर्टर र डेस्क दुवै सचेत हुनुपर्छ । रिपोर्टर सचेत नभएको अवस्थामा डेस्क सचेत हुनुपर्छ । डेस्क सचेत नभएको अवस्थामा सम्पादकले पनि भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । हिंसाका पीडित भनेको जोखिमपूर्ण वर्गकै बढी हुन्छन् । अनि, समाचार माध्यमले त्यसरी समाचार दिएको अवस्थामा दोहोरो मारमा पर्ने गरेका छन् । समाचार माध्यमको यस्तो भूमिकाले घटनालाई सामान्यीकरण हुने, हिंसालाई बढावा गर्ने, सामाजिक प्रतिष्ठामा आँच आउनेलगायतका समस्या सिर्जना गरिहेको हुन्छ ।

(लेखक पत्रकार हुनुहुन्छ ।)

***

'नारीहन्ता' मिडिया

युट्युबमा घर घरका सामान्य समस्यालाई उछालेर, भएका घटनामा पनि भित्री तहमा पुगेर तथ्य नखोजी 'भ्युअर' बटुल्न भिडियो बनायो हाल्दियो । न यसको कुनै जिम्मेवारी लिनुपर्ने न त यसले पार्ने गलत असरको उजुरी पर्ने ?



बिनु पोखरेल

दृश्य एक

पाखोपाखो परेको एउटा गाउँ देखिन्छ । परबाट एकजना महिला काखीमा गाग्रो, हातमा अनेक सामान बोकेर आइरहेकी हुन्छिन् । परबाट उनको आवाज सुनिन्न तर केही भनिरहेकी हुन्छिन् । यता क्यामेरा तेर्स्याएर लाइन बसेकाहरूबाट वाणबाट तीर छोडेजसरी प्रश्नको वर्षा लाग्छ । 'अँ, दिदी तपाईंले किन त्यसो गर्नुभो ? तपाईं त फलानासँग हुनुहुन्थ्यो रे, तपाईं कहिले फर्कनुभो त्यहाँबाट ?'

तोप, गोला हान्ने मेसिनजस्ता क्यामेराका लाइन र ती स्वचालित मेसिनबाट निस्किएको आगोको रापजस्तो तिनको बोलीले घाइते महिला रुँदै भन्छिन्, 'म के हुँ, के होइन भनेर भन्न तिमीहरू को हौ ? मेरो सत्य असत्य जान्ने अधिकार मेरो परिवारलाई छ, तिमीहरूलाई होइन । जीवनभर भोगेको पीडाले यति थाङ्थिलो भएको छु तिम्रा टोका लिएर नआऊ ।'

पानीको गाग्री भुईंमा राखेपछि झरेको पटुका हातमा लिएर सम्हाल्न खोज्दै गरेकी उनी त्यही पटुका देखाउँदै भन्छिन्, 'मलाई कहीँ लगेर देखाऊ मात्र त म यही पटुकामा झुण्डिएर आत्महत्या गर्दिन्छु अनि त्यही खिच्नू र देखाउनू । किनकि म मरेपछि मेरा बच्चाको आँसु पनि थपिन्छ त्यो पनि खिचौला नि ! मेरो

यो आँसुले पुग्दैन होला । उनको आक्रोश एउटा बच्चालाई खान लिन निस्किएको बघिनीको जस्तो थियो । उनको आँसुमा पीडाभन्दा धेरै मिडियाप्रतिको प्रतिकार थियो । यति विक्षिप्त उनको अवस्थाले पनि ती क्यामेरा तेर्साएर बसेकालाई कति छोएको देखिँदैन थियो । बरू फेरि फेरि कर्कश आवाजमा प्रश्न सोधिरहेका थिए । दक्षिण अफ्रिकाका फोटोग्राफर केविन कार्टर (१९६०-१९९४) ले खिचेको फोटोमा देखिएको जस्तो कतिबेला मर्ला र खाउँ भनेर कुरेर बसेको गिद्धजस्ता देखिन्थे यिनीहरू । गोली गठ्ठा बोकेर सिकार खेल्न निस्किएका झैँ लाग्ने मान्छेलाई युट्युबर (पत्रकार) भनिन्छ ।

अहिले युट्युबका नाममा यस्तै यस्तै कमाउधन्दा चलिरहेछ । घरघर पुगेर मान्छेका गोपनीयता रहनुपर्ने कुराको पनि भिडियो बनाएर युट्युबमा हाल्ने र त्यसबाट आम्दानी गर्नका लागि मान्छेपिच्छेका युट्युब च्यानल खोलिएका छन् । अनि के देखाउन हुन्छ के हुँदैन भन्ने जानकारीबिना हरेकको घरघर पुगेर आँसु र चित्कार त्यही अनजान जमातमा बेचेर पैसा कमाइरहेका छन् ।

बिनाअनुमति भिडियो त बनाउँछन्, बनाउँछन् त्यसमाथि भए/नभएका कुरा जोडेर उनीहरूको परिवारमा फाटो ल्याउनकै लागि सामग्री तयार गरिन्छ । मान्छेलाई भिडियोभित्र छिराउन आर्कषक शीर्षक लेखिदिन्छन् । यसले गर्दा उनीहरूको परिवारमा घट्दै नघटेको कुराको आरोप खप्न परेका पीडित त कति कति । किनभने उनीहरूलाई मान्छेलाई भित्र पसेर देख्न मन लाग्ने बनाउनु छ । त्यसरी राख्दा त्यो परिवारमा के हुन्छ कुनै मतलब छैन । कसैका घरायसी कुरा युटुयुबरका रहरमा युट्युबमा हाल्दियो । उनीहरूको घरपरिवार लथालिङ्ग बनायो । पत्रकारिताको यो पाटो आचारसंहिताभित्र पर्दैन । तर पनि पत्रकार आचारसंहिता उल्लङ्घन गर्ने काम भने हुन छोडेको छैन ।

पत्रकारितामा भिडियो त के एउटा फोटो खिच्न पनि सम्बन्धित व्यक्तिको अनुमति माग्नुपर्छ भन्ने सिकाइएको हुन्छ । खिचिसकेपछि म यो छपाउँदिन भन्यो भने राख्न पाइँदैन । तर युट्युबमा घर घरका सामान्य समस्यालाई उछ्यालेर, भएका घटनामा पनि भित्री तहमा पुगेर तथ्य नखोजी 'भ्युअर' बटुल्न भिडियो बनायो हाल्दियो । न यसको कुनै जिम्मेवारी लिनुपर्ने न त यसले पार्ने गलत असरको उजुरी पर्ने ? कति मान्छेको भान्सामा, सुत्ने ओछ्यानमा पुगेर खिचिएको भिडियोले कतिको परिवार तहसनहस पारेको होला, यसको कुनै तथ्याङ्क पनि हामीसँग छैन । अध्ययन त छैन तर अधिकांश भिडियो महिलाको चरित्रहत्या गरेर अरूको आँसु र अभावका अवस्था बेचेर कमाइरहेका हुन्छन् । यसरी भनौँ महिलाका चरित्रका कुरा गरेर तिनका आँसु बेचेर कमाइरहेका छन् । यसैलाई आजभोलि पत्रकारिता मानिन्छ । यस्तो पत्रकारिताको नाममा हिंसा भैरहेको छ र हामी सबै मूकदर्शक भैरहेका छौँ ।

दृश्य दुई

गाइजात्राको समय थियो । त्यसै मौकामा मूलधारको भनिएको एक अनलाइन मिडियाले एउटा कार्टुन छाप्यो । कार्टुनमा पेट बोकेका महिलालाई बिम्बको रूपमा प्रयोग गरिएको थियो । जहाँ जुँगा भएका नेताको टाउको राखेर स्तन र योनी मात्र छोपिने भित्री वस्त्र मात्र लगाएका महिला देखाइएको थियो । त्यस चित्रले दिन खोजेको सन्देश थियो - राजनीति निकम्मा भयो । यो कार्टुन भन्दैछ आमा हुनु भुँडी बोक्नु खत्तम काम हो । नालायकीपन हो । तिमी नेताहरू यिनै पेट बोकेका महिलाजस्तै काम नलाग्ने, निकम्मा भयौं ।

खासमा यो कार्टुन केही दिनअघि अभिनेत्री प्रियङ्का कार्की आफू गर्भवती भएको बेला साथीहरूसँग स्विमिङ् गर्दै गरेको फोटोलाई आधार मानेर बनाइएको थियो । या भनौं त्यस कार्टुन बनाउने पुरुष त्यहाँ देखाउन चाहन्थ्यो कि प्रियङ्काले यसरी पेट बोक्नु र स्विमिङ् गर्नु खत्तम काम हो र तिमीहरू पनि त्यस्तै खत्तम भयौ ।

सञ्जालमा यही कार्टुन बोकेर विद्वान भन्नेहरू बिनाहिच्किचाहट सबैलाई साझा गरिरहेका थिए । भनौं यो सबैलाई मान्य भएको छ कि स्त्रीहरू भनेका हिंसा गर्न या घृणा गर्न लायक पात्र हुन् । पुरुष बिग्रिँदा स्त्री बन्छन् । उसोभए के पेट बोक्नु, बच्चा पाउनु गलत हो ? अश्लील हो ? स्तन र योनी अश्लील भए गर्भधारण नै दण्डित विषय किन नबनाएको त ? गर्भधारण दण्डित भए मान्छेको सृष्टि हुनु नै दण्डित विषय हो त । होइन र ?

यस्तै कार्टुन ओलीको नेतृत्वमा दोस्रोपटक बनेको सरकारको मन्त्रीमण्डल विस्तारको बेला पनि आएको थियो । कार्टुनमा बादलले मन्त्रीको सपथ खाँदै गरेको कुरालाई व्यङ्ग्य गरिएको थियो । उहाँलाई महिलाको लुगामा सजाएर चुरा लगाइएको थियो । त्यो कार्टुनको अर्थ पनि उही थियो कि तँ महिलाजस्तै नालायक भइस् ।

यति प्रश्न ती कार्टुन बनाउने र छाप्ने मिडियालाई कि के महिला नै गलत हुन् ? काम नलाग्ने चिज हुन् ? यदि त्यस्तो हो र त्यसै देखाउन खोजिएको हो भने घर घरमा महिला राखेर किन बसेका त पुरुष ? यस्तो काम नलाग्ने मान्छे राख्ने त लोग्ने मान्छे नराम्रो होला होइन र ? तिनै महिलाको गर्भमा बसेर उनैको त्यही स्तन चुसेर आएका छोरा मान्छेतिनै स्त्रीलाई होचो देखाउने हिम्मत कसरी गर्न सक्छन् ? तर गरिरहेका छन् हजारौं वर्षदेखि आजसम्मै पनि । सत्तामा महिला भएपनि सत्तामा पुगेर गलत गरे, गाइजात्रा देखाए भनेर महिलाको बिम्ब प्रयोग गर्नु । आजसम्मको सबैभन्दा लाचार भ्रष्ट तिनै पुरुष छन् । अनि कार्टुनचाहिँ महिलाको ?

खुलेआम सिङ्गै महिलाहरूमाथि मिडियाबाटै यति धेरै हिंसा भइरहेको छ ।

गर्भवती महिलाको भित्री वस्त्र लगाएको कार्टुन छापिएको सम्बन्धमा महिला अधिकारकर्मी र नागरिकहरूबाट पनि धेरै विरोध भयो । प्रेस काउन्सिल नेपालको स्वअनुगमनमा परेको थियो । कारबाहीस्वरूप मिडियालाई पत्रसमेत काट्यो । मिडियाले माफी मागेर अब आइन्दा त्यस्तो गल्ती नगर्ने भन्यो । बस् ! कारबाही सकियो । तर यहाँ के बुझ्न जरुरी छ भने कार्टुनिष्ट र पत्रिकाको सम्पादकको मनोविज्ञान कस्तो रहेछ ? उनीहरू महिला शरीरप्रति किन यति धेरै पूर्वाग्रही हुन्छन् ? कि महिलालाई समाचारको रूपमा पस्किने विषय मात्र बनाउँछन् । मिडियाले यसरी आम महिलाहरूप्रति अपमान र हिंसा गरेकोमा छुट्टै कानुनी कारबाही पनि हुनसक्छ । यति तल्लोस्तरको चेत पुरुषमा कसरी तयार भयो कि गलत भएको देखाउन आमाहरूका शरीर, उनीहरूले लगाउने लुगा, स्तन, योनी काम नलाग्ने र घिनलाग्दो वस्तुको रूपमा व्याख्या गरिरहेका छन् ? यहाँ त महिला मात्र होइन, महिलाका बोली, उनीहरूको चाल, रुचि, पोसाकदेखि उनीहरूको यौनाङ्गलाई मजाक बनाएर प्रस्तुत गरिन्छ ।

पदमा बस्ने कतिपय पुरुष, भ्रष्ट व्यभिचारी हुने अनि त्यसको गलत देखिनुपर्ने महिला ? एउटा तथ्य भनौँ त्यस्ता कार्टुन बनाउने सबै पुरुष कार्टुनिष्ट हुन्छन् । यस्ता पुरुषवादी कार्टुनिष्टले मात्र हो महिलाका अङ्ग अङ्गलाई घिनलाग्दो देखाउने । प्रकृतिले नै सृष्टि धान्न दिएका अङ्ग स्त्रीलाई त आफैँभन्दा प्यारा छन् । यो चेतको विरुद्ध कानुन नबनाउने हो भने यसको पनि एउटा विद्रोह जन्मन सक्छ ।

पुरुष बिग्रिएर नारीजस्तो हुन्छ भनेर देखाउन खोजिएको कुरा सामान्य कुरा होइन । यो सिङ्गो महिला वर्गमाथिको हिंसा हो । खासमा लैङ्गिक द्वेष भरिएका कार्टुन दिन पाइँदैन । यसको लागि हामीसँग कानुन छ नि । तर कति निष्क्रिय हाम्रा निकाय किन जे भइरहँदा पनि मूकदर्शक छन् ।

हामी सोच्दै थियौँ कि हिजो पो महिलाहरू यस्तो प्रतिकार गर्ने अवस्थामा थिएनन्, प्रतिकार गरेनन् र छापे । छापिन्थे । तर होइन आज मानिसको चेतनामा विकास भयो भनिएको वैज्ञानिक युग भनेर नाम दिँदै गर्दा पनि यस्तो हिंसा साँच्चै टिठलाग्दो कुरा छ । गाईजात्रा हाँस्यव्यङ्ग्यको पर्व हो, जहाँ बिम्बको प्रयोग गरेर व्यङ्ग्य गरिन्छ । खासमा बिम्बको प्रयोग विसङ्गतमाथि हुनुपर्ने हो । तर यहाँ त महिलालाई पो दुर्वल बिम्बका रूपमा प्रयोग गरेर उल्टो समाजको सामन्जस्यता खल्वल्याउने काम भइरहेको छ । यसप्रति चासो राख्ने एउटा सशक्त माध्यमको जरुरी छ ।

यस्तै अनेक कारण नै हो आजपनि महिला हिंसा समाजबाट हट्न सकेको छैन । बरू रूप फेरेर झनै विकराल आकारमा बढिरहेको छ । हामीले घर र कार्यालय सुरक्षित भनिरहेकै ठाउँमा महिलामाथि हिंसा भैरहेको छ । अहिले पर्ने

उजुरीमध्ये पनि सयमा ७७ प्रतिशत उजुरी महिला हिंसाका छन् । यो मेरो भनाइ नभएर नेपाल प्रहरीको २०७६/०७७ को तथ्याङ्क हो, जसलाई https://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/domestic-violence-crime-and-punishment-act-2066-2009मा हेर्न सकिन्छ । र, ती सबै घरभित्र या कार्यालयभित्रै हुने हिंसा हुन् । यसलाई हामी सुरक्षित ठाउँ भनिरहेका छौं ।

खासमा पुरुषवादी सोचका पुरुषहरूले महिलालाई कहिल्यै समान दृष्टिमा हेर्न सकेनन् । अझ खुलेआम मिडिया नै महिला हिंसा गर्छ भने यस्तो अवस्थामा यो हिंसाको आँकडा कता पुगेको होला ? अनुमानसम्म गर्न सकिन्छ किनकि यसको गतिलो अनुसन्धान नभएका कारण तथ्याङ्क दिन सक्ने अवस्था छैन । अझ, मिडियाले महिलामाथि नै गर्ने अर्को खालको हिंसाको घटना यहाँ जोडौं ।

काठमाडौंकै एक मिडियामा कार्यरत महिला पत्रकारले अघिल्लो दिन समाचार पोष्ट गर्न तयार पारेर घर गइन् तर भोलिपल्ट उनको समाचारमा गलत अर्थ लगाउने शीर्षक राखेर पोष्ट गरियो । स्त्रीलाई दोषी देखाउने शीर्षक थियो त्यो । यो समाचार शीर्षकको कारण उनले धेरै गाली खाइन् । एक त उनी यो समाचार गलत शीर्षक राखिएकोमा चिन्तित थिइन् भने अर्को त्यसमा आएका गालीले आघात् थिइन् । तर त्यो समाचार मिडियाको 'डेक्स'बाट राखिएको थियो, जसको कारण मिडिया हाउससँग झगडा भएर एकदमै राम्रो लेख्ने उनी आज फेरि पत्रकारितामा जानु र ? भन्ने सोचमा छिन् ।

हो, यस्ता फरक फरक खालका समस्या बाहिर आएका छन् फेरिएका मिडिया हाउसमा, जसमा हरेक ठाउँ महिला पीडित छन् । यो नेपालमा मात्र हैन विश्वभरि नै हिंसा फरक खालका भोगिरहेको तथ्याङ्कले देखाएको छ । युएन ओमनले एसिया प्यासिफिकलाई केन्द्र बनाएर गरिरहेको अध्ययनमा भनेको छ । जति धेरै हामी समाजको परिवर्तन भोगिरहेका छौं उति नै महिलामाथि हुने हिंसा पनि परिवर्तन हुँदै थपिँदै गइरहेका छन् । लामो तथ्य प्रस्तुत गर्दै भनिएको छ, यहाँसम्म कि हिंसाविरुद्ध बोल्नेहरू नै हिंसा खेपिरहेका छन्; जसलाई https://asiapacific.unwomen.org/en/digital-library/publications/2015/06/inside-the-news, मा हेर्न सकिन्छ

युएन ओमेनले गरेको विश्वव्यापी अध्ययन भन्छ जति धेरै प्रविधि भित्रिए त्यति नै धेरै महिलाले खेप्ने हिंसा थपिएका छन् । अझ अनलाइनमा काम गर्ने महिला पत्रकारका समस्या झनै धेरै छन् । यसलाई तलको लिङ्कमा हेर्न सकिन्छ (https://www-unwomen-org.translate.goog/en/news/in-focus/end-violence-against-women/2014/media)।

खासमा महामारीका समयमा नै यस्ता घटना धेरै बाहिर आए । हिंसा

कतिसम्म भने यो समय अधिकांश महिला पत्रकारले जागिर गुमाए । यो नेपालको मात्र तथ्य होइन विश्वमा धेरै ठाउँमा गरिएको अध्ययनले पनि यही देखाएको छ । इन्टरनेसनल फोरम अफ जर्नालिष्ट (आइएफजे)ले महामारीपछि इजिप्ट, जोर्डन, लेवनानजस्ता ठाउँका १७० न्युज पेपरमा गरेको सर्वेक्षणमा अधिकांश बन्द भएको र केही रहेका पत्रिकाहरू न्यूनतम समाचार दिएर प्रकाशन भएको उल्लेख छ । यसमा कार्यरत हजारौँ हजार पत्रकारहरू बिना तलब पनि फेरि उड्ने आशामा रिपोर्टिङ गरिरहेको जनाइएको छ । त्यस अध्ययनमा भनिएको छ कि काममा भएर पनि २०२० सकिनै लाग्दा अधिकांश पत्रकारहरूमा एन्जाइटी र डिप्रेसनको सिकार भएका छन् । यसै अनुसन्धान भन्छ, अनलाइन र रेडियोमा पनि महामारीको असर अधिक छ । रेडियो सीमित एक/दुई जनाले चलाइरहेका छन् भने यसरी निकालिनेमा सबै मिडियामा महिला नै छन् । यस्तोमा उनीहरू कारण के दिन्छन् भने उनीहरूलाई तलबबिना काम गर्न सहज छैन । निकालिएका अधिकांश महिला पत्रकारहरूले त बिनातलब काम गर्दा पनि कार्यक्षेत्रमा पाइनुपर्ने सुरक्षाका सामानसम्म पनि नपाइएको र आफूलाई रोग लाग्दा बच्चालाई सम्म पुग्ने हुनाले त्यस्तो काममा बसिरहन नसकेको जनाएको छ । (https://www.ituc-csi.org/IMG/pdf/effects_of_covid-19_pandemic_on_journos_eng.pdf)।

यसरी महिला पत्रकारहरू बच्चा साथमा हुने हुँदा उता कसो होला भन्ने दबाबका बिच पनि काम गरेर पनि पहिला निकालिनेमा उनीहरू नै परेको गुनासो गरेका छन् । यसरी निकालिनेहरू शतप्रतिशत मानसिक तनाव (डिप्रेसन)को शिकार भएका छन् । यसबाट पनि मिडियामा काम गर्ने महिलामाथि फरक फरक कोणबाट हिंसा भइरहेको बुझ्न सकिन्छ ।


विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क भन्छ, 'हरेक तीन महिलामा एक जना महिला आत्मिय साथीबाटै शारीरिक, मानसिक हिंसामा परेका छन् । जहाँ सिङ्गो समाजमा पुरुष महिलालाई वस्तुको रूपमा बुझ्छ ।' मिडियाबाटै खुलेआम महिलामाथि हिंसा गरेर सामाजिक कृत्य गरिरहेको देखाउँछ भने त्यो समाजमा कार्यालय, परिवारभित्र महिलामाथिको हिंसा आह्वान पो भइरहेको छ । त्यसैले हिंसा महामारीले, अन्य कारण नभएर हिंसाको स्रोत भनेको पुरुषको मान्छे आफैँ मात्र हुँ अरू तल्लो स्तरका मान्छे हुन् भन्ने चेत । यसलाई फेर्न यो समयमा सशक्त कानुनको जरुरी छ ।

(लेखक नेपालप्रेस डटकमकी स्तम्भकार हुनुहुन्छ ।)

***

समस्याको चाङभित्र अनलाइन पत्रकारिता

नेताले अनलाइनमा लगानी गरेका छन् । प्रहरीले अनलाइनमा लगानी गरेका छन् । सेनाले अनलाइनमा लगानी गरेका छन् ।



प्रकृति अधिकारी

अहिलेसम्ममा तीन हजारभन्दा बढी अनलाइन न्युज पोर्टल दर्ता भइसकेको खबर सुनेपछि मनमा तरङ्ग सिर्जना भयो । कसरी ती सञ्चालित हुने गरेका छन् ? भन्ने कुराले मनमा तरङ्ग सिर्जना हुन पुगेको हो । दर्तामात्र महत्वपूर्ण होइन, सञ्चालन गर्नु कठिन कार्य हो । त्यहाँ कार्यरत कर्मचारी र पत्रकारको रोजीरोटीको प्रश्न जोडिएको हुन्छ । दर्ता गरेर खुरुखुरु पैसो आए त समस्या नै हुन्थेन । कार्यालयदेखि जनशक्तिसम्मलाई गरिने खर्चको अर्थोपार्जनको विषयले मनमा तरङ्ग सिर्जना गरिदियो । जिज्ञासा र चासो उत्पन्न भयो । मलाईमात्र होइन, सबैका लागि पनि यस्तै जिज्ञासा रहन्छ होला । दर्ता भएकामध्ये कतिपय बन्द होलान् । कतिपय कहिलेकाही अपडेट हुँदा होलान् । धेरै जसो नियमित अपडेट भइरहेका होलान् भन्ने ठान्छु । कतिपयले पाठक समक्ष सही सूचना पस्किरहेका होलान् । कतिपयले सनसनी बनाउने नाममा गलत सूचना दिएर समाजलाई आतङ्कित तुल्याइरहेका होलान् ।

बितेको दशकमा सूचना प्रविधिको विकाससँगै सञ्चार माध्यम झाङ्गिने क्रम बढेको छ । कम लगानीमा पनि अनलाइन न्युज पोर्टल स्थापना गर्न सकिन्छ । सञ्चालन गर्न सकिन्छ । छापा, टेलिभिजन र रेडियोको तुलनामा अनलाइनको

लगानी निकै कम पर्छ । एक्लो व्यक्तिले अनलाइन धानेका पनि छन् । अर्कातर्फ दर्सौं कर्मचारीलाई रोजगारी दिएर अनलाइन सञ्चालन भइरहेका पनि छन् । त्यसैले व्यक्तिको इच्छा र उनको पकेटको आकारअनुसार अनलाइन न्युज पोर्टल कस्तो बनाउने भन्नेमा भर पर्छ । अरूले 'ब्रेक' गरेका समाचारलाई आधार मानेर त्यसमा थपथाप गरी आफ्नामा अपडेट गरेर एक्लो व्यक्तिले अनलाइन चलाएका धेरै उदाहरण छन् ।

अनलाइनको विकाससँगै विकृति पनि बढ्दो क्रममा छ । कतिपयको कमाउ धन्धाभन्दा पनि हुन्छ । तीन हजार अनलाइन कसरी चलेका छन् भन्ने म कल्पना गर्छु । कठिन कल्पनाले झस्काउँछ । केही वर्षअघि शिक्षासम्बन्धी न्युजपोर्टल सबैभन्दा पहिले हामी चार जनाको समूहले सञ्चालन गरेका थियौं । 'एजुकेशनखबर डटकम' नामकरण गरिएको थियो । त्यो बेला नेपालमा शिक्षासम्बन्धी न्युज पोर्टल थिएन । दुई वर्षसम्म सञ्चालनमा रह्यो । तर बजारमा बढ्न थालेको विकृतिका कारण हामी टिक्न सकेनौं । यो क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा गरेर हामीहरू टिक्न नसक्ने निर्णयमा पुग्यौं । र, बन्द गर्ने अप्रिय निर्णय लिनुपऱ्यो । कुनै बेला अनलाइन पत्रकारिताको पनि अनुभव लिइसकेकाले यस क्षेत्रमा प्रत्यक्ष संलग्न नभए पनि बाहिरबाट 'वाच' गरिरहेकै छु ।

अपारदर्शी लगानी

कुनैबखत हरेक राजनीतिक दलका आआफ्ना साप्ताहिक पत्रिका हुन्थे । लगानी साप्ताहिक पत्रिकामा गरिन्थे । अब दलपिच्छेमात्र होइन नेतापिच्छे अनलाइनको विकृति झाङ्गिएको देख्न पाइन्छ । नेताले अनलाइनमा लगानी गरेका छन् । प्रहरीले अनलाइनमा लगानी गरेका छन् । सेनाले अनलाइनमा लगानी गरेका छन् । व्यापारीको कुरा त स्वभाविक भइसक्यो, व्याख्या गरिरहनुपरेन । २०७८ साल मङ्सिरको एउटा समाचार यहाँ उल्लेख गर्दा सान्दर्भिक ठहरिएला । एक व्यापारी जो अहिले नेता पनि भएका छन् तिनी आबद्ध एउटा वित्तीय संस्थाका बारेमा एउटा अनलाइनमा समाचार आयो । ती नेता झस्किए । आफूले लगानी गरेको अनलाइनलाई आफूविरुद्ध झुटो समाचार सम्प्रेषण भइरहेको समाचार लेख्न लगाए । अर्को अनलाइनले ती नेताको अनलाइनको झाँको झार्ने गरी समाचार सम्प्रेषण गऱ्यो । नेताले केही लगानी गरे । पछिल्लो अनलाइनले समाचार तत्काल डिलिट गऱ्यो । यस प्रसङ्गलाई लिएर पछिल्लो अनलाइनका सञ्चालक पत्रकारलाई मैले जिज्ञासा राख्दा मित्रताका कारण झुट नबोली भने, "छ महिनाका लागि मेरा कर्मचारी पालिदिने भए, किन विरोध गर्नु जस्तो लाग्यो । पोस्ट हटाइदिएँ ।"

पछिल्लो समयमा अनलाइनको आर्थिक स्रोत अपारदर्शी छ । स्रोत नखुलेका

सम्पत्ति लुकाउने माध्यम पनि अनलाइन बनेको छ । कालो धनलाई सुरक्षित गर्न सञ्चार क्षेत्रमा लगानी गर्ने विकृति सुरु भइसकेको छ । खासै प्रभावकारी नबनेका तर हाइफाइ उग्र देखिने थुप्रै अनलाइन छन् । ती अनलाइनका बाहिर देखिने सञ्चालक र भित्री सञ्चालक फरक हुन्छन् । उनीहरूलाई अनलाइनले बाजी मार्नु वा प्रतिस्पर्धामा दौडनुसँग मतलब छैन, मात्र स्रोत नखुलेका सम्पत्ति त्यता नियमित लगानी गर्न मिले पुग्यो । यस्ता अपारदर्शी स्रोतलाई लुकाउन अनलाइनमा लगानी गरिने प्रवृत्तिले भविष्यमा नेपालको सञ्चार डरलाग्दो बन्ने प्रष्ट छ । सञ्चारमा व्यवसायी वा सञ्चारकर्मीभन्दा पनि 'डन'हरूको बाहुल्यता रहने चिन्ता बढ्दो छ ।

भाषिक समस्या

न्युज पोर्टलमा भाषिक समस्या प्रमुख देखिन्छ । नाम चलेका न्युज पोर्टलले भाषा सम्पादकसमेत राख्ने गरेका छन् । धेरैलाई आर्थिक कारण भाषा सम्पादकलाई रोजगारी दिन समस्या छ । एउटा समाचारमा सयौँ त्रुटि देख्न पाइन्छ । कुनै कुनै अनलाइनमा लाजमर्दो नै स्थिति हुन्छ । 'त्रुटि'लाई नै 'त्रुटी' लेखेपछि त्यो अनलाइनको भाषिकस्तरका बारेमा थप भन्नै परेन । यो लेख तयार गर्ने क्रममा केही अनलाइनका भाषा सरसर्ती हेरे । मुद्धा कि मुद्दा ? प्रधानन्यायाधीशका बारेमा लेखिएको समाचारमा मुद्धा लेखिएको छ । किबोर्डको सिरानमा २ थिच्दा द्द र ४ थिच्दा द्ध टाइप हुन्छ । यति पनि हेक्का राख्न नसक्ने अनलाइनको समाचार लेखाइ देख्दा दङ्ग परियो । 'विपरित, नीजि, निती, बिनीयोजन, भुमीसुधार, बर्ष' लगायतका त्रुटि कतिकति । ह्रश्व दीर्घको हेक्का नै राखिँदैन ।

हरेक समाचारमा भाषिक एकरूपता छैन । शुद्धाशुद्धिको पनि एकरूपता छैन । एउटा समाचारमा 'गृह मन्त्री' लेखिएको हुन्छ भने सोही दिन पोस्ट गरिएको अर्को समाचारमा 'गृहमन्त्री' लेखिएको पाइन्छ । हरेक सञ्चार माध्यमले शैली पुस्तिका तयार गर्ने र त्यसलाई आफ्नो भाषाको मानक बनाउने चलन हो । अचेल यस्तो पुस्तिका ठुला छापामाध्यममा नै रहेको पाइँदैन । अरूले प्रयोग छाडे भन्दैमा अनलाइनले त्यसको प्रयोग गर्नै हुँदैन भन्ने कुरा गलत हो । त्यो तयार गर्न धेरै ठुलो लगानी पनि आवश्यक पर्दैन । गृहमन्त्रीलाई संयोजन गर्ने वा छुट्टयाउने भन्ने तय गर्न माथापच्चीसी गरिरहनु आवश्यक छैन । बढी प्रयोगमा रहने केही शब्द सङ्कलन गरी त्यसलाई 'ए-फोर' आकारमा प्रिन्ट गरी अनलाइनको कार्यालयमा राख्न सकिन्छ । प्रेसमै लगेर छपाउनुपर्छ भन्ने छैन ।

समाचारलाई जबरजस्ती तन्काउने र एउटै जानकारीलाई समाचारका बिचमा पटक पटक उल्लेख गरिरहने रोग पनि अनलाइनमा देखिएको छ । लामो समाचार बनाउनुपर्छ भन्ने मान्यता वा स्कुलिङले जरो गाडेको देखिन्छ । डेढ सय

शब्दको समाचार हुँदै हुँदैन र ? जबरजस्ती पाँच सय शब्द कुदाउनैपर्ने समस्या अनलाइनमा देखिएका छन् । पाठकलाई झर्को लाग्ला भन्ने सोचिएकै छैन ।

कतिपय अनलाइनमा वाक्य गठन लाजमर्दो नै देखिएका छन् । पढ्दा नै शिरानदेखि पुछारसम्म पढौँपढौँ लाग्ने नै हुँदैन । लिड पढेपछि पुग्ने खालका समाचार देख्दा दिक्क लाग्छ । न सम्पादन हुन्छ न भाषिक त्रुटिप्रति हेक्का राखिन्छ । एक शब्दमा भन्दा अनलाइनमा 'भाषिक बिजोग' देखिन्छ ।

ठोक पत्रकारिता

अनलाइन पत्रकारिता गर्ने साथीहरूसँग पनि सँगत छ । छापामा हुँदासम्म साथीहरूले समाचार लेख्नुपऱ्यो भन्थे । अचेल उनीहरूको भाषा परिवर्तन भइसकेको छ । अब समाचार लेख्नुपऱ्यो भन्दैनन् । ठोक्नुपऱ्यो भन्छन् । समाचार ठोक्ने भनेपछि नियतमाथि शङ्का गर्न मिल्ने वा नमिल्ने ? पक्कै पनि लेख्नु र ठोक्नुमा निकै अन्तर छ । ठोक्नुले लेख्नुलाई जनाउँदैन । ती दुवैको शब्दार्थ एउटै होइन । त्यसैले गलत भावका साथ विकास भइरहेको छ भन्ने यो उदाहरण हो ।

एउटा सहकारीका विरुद्ध टेलिभिजनदेखि अनलाइनसम्म पछाडि लागे । त्यो सहकारी नेपालको समृद्धमध्येकै पर्छ । त्यो सहकारीको एउटा कमजोरी फेला परेपछि ठोक पत्रकारिता गर्नेहरू बुर्लुक्क उफ्रिन थाले । निकै बेइज्जत हुन थालेपछि बार्गेनिङ चल्न थाल्यो । अन्ततः ठोक पत्रकारिता सहमतिमा टुङ्गियो । एउटा सिमेन्ट उद्योगले पनि यस्तै ठोक पत्रकारिताका कारण आजित भएर केही समयअघि थुप्रै अनलाइनलाई पाल्नुपरेको थियो । यस्तो पत्रकारिताले कहाँ पुऱ्याउँछ ? थाहा छैन । जसका विरुद्धमा लेखिन्छ उनीहरूलाई बोल्ने अवसर अनलाइनले दिन छाडेका छन् । मात्र जारी छ- एकोहोरो ठोक्ने अभियान ।

सम्बन्ध पत्रकारिता

बाँकेको एउटा पालिकाका प्रमुख प्रशासकीय अधिकृतको सन्तान जन्मिएपछि स्थानीय एउटा अनलाइनले समाचार लेख्यो । ती अधिकृतकी पत्नीले कुन अस्पतालमा र कति बजे बच्चा जन्माइन भन्ने पनि समाचारमा छुटेन । बच्चा र आमाको स्वास्थ्य अवस्था राम्रो रहेको पनि समाचारमा उल्लेख नै थियो । खोज्दै जाँदा कतिपय अनलाइनले पत्रकारिता पेसालाई यसरी निरन्तरता दिएको बेग्रल्ती देख्न पाइन्छ ।

२०७८ साल पुसमा मेडिकल कलेजहरूले सरकारले तोकेकोभन्दा १५ देखि २० लाख रुपियाँसम्म बढी शुल्क माग गरेको र त्यसका विरुद्ध विद्यार्थीहरू उत्रिएका समाचार केही अनलाइन र छापामा आए । तर स्वास्थ्यसम्बन्धी कुनै पनि अनलाइनले समाचार लेखेन । उनीहरू यस विषयमा अनभिज्ञ नै बने । मौन

रहे । मेडिकल कलेजहरूसँगको सम्बन्धलाई यस घटनाले उजागर गर्छ ।

एउटा कुनै बिमा कम्पनीका व्यापार प्रबन्धक हुम्लामा पुगेछन् । उनी त्यहाँ बिमा कम्पनीको व्यापार गर्न पहिलो पटक पुगेको समाचार अनलाइनमा छापियो । हालै सम्पन्न भएको नेपाली काँग्रेसको निर्वाचनमा केन्द्रीय सदस्यमा एक नेताको जित सुनिश्चित भएको भन्दै एउटा अनलाइनमा समाचार आयो । त्यो अनलाइनमा समाचारको लेखाइएको अंश- भृकुटीमण्डपमा भोट माग्नेहरूको भिडमा धमलाको छुट्टै पहिचान देखिएको छ । अग्ला र सुन्दर देखिने धमला भिडमा परैबाट चिनिन्छन् । उनलाई देख्नासाथ युवाले घेरिहाल्ने गर्दछन् ।

२०७८ सालको दशैँ तिहारका अवसरमा शैक्षिक परामर्श संस्थाको

डेढ सय शब्दको समाचार हुँदै हुँदैन र ? जबरजस्ती पाँच सय शब्द कुदाउनैपर्ने समस्या अनलाइनमा देखिएका छन् । पाठकलाई झर्को लाग्ला भन्ने सोचिएकै छैन ।

चियापानसम्बन्धी समाचार अनलाइनमा पढ्ने अवसर मिलेको थियो । त्यसमा फलानो फलानो चियापानमा सहभागी थिए र त्यहाँ के के परिकार राखिएको थियो भन्ने व्याख्या थियो । सो अनलाइनका सञ्चालकलाई मैले त्यस्तो लाजैमर्दो के लेखेर राखेको भनेर जिज्ञासा राख्दा उनी सहज उत्तर दिएर उम्किए, "केटाहरूले जे पायो त्यही हालेछन् कि के हो ? हेरेर केटाहरूलाई भनौँला ।"

अर्थोपार्जनका लागि जस्तो पनि विज्ञापन स्वीकार गर्ने प्रवृत्ति उत्तिकै बढेको छ । फलानो चिकित्सक फलानो अस्पताल छाडेर फलानो अस्पतालमा 'ज्वाइन' गरिन् भन्ने विज्ञापन कति उपयुक्त होला ?

स्वच्छ पत्रकारिता, सन्तुलित पत्रकारिता, निष्पक्ष पत्रकारिताको सफल अभ्यास क्रमशः अनलाइनबाट लोप हुँदै गएको पो हो कि भन्ने भय कहिलेकाहीँ हुने गरेको छ । अनलाइनप्रतिको विश्वसनीयता र दृष्टिकोणमा आमपाठकको सोच परिवर्तन हुनु निश्चय पनि राम्रो सङ्केत होइन । शुभ लक्षण होइन ।

आपत्तिजनक शीर्षक

हो, समाचारको शीर्षकले पाठकलाई आकर्षित गर्छ । तर शीर्षक छनोटको आधार वा मर्यादा पनि हुनुपर्छ । अनलाइनमा त्यो पालना भएको देखिन छाडेको छ । पाठक बढाउने प्रतिस्पर्धामा जथाभावी शीर्षक राख्ने प्रवृत्ति निकै बढेको छ ।

राज्यका शीर्ष पदाधिकारीका कोही न कोही आफन्त राजनीतिमा संलग्न हुन्छन् । संयोगले ती आफन्त कुनै दलको महाधिवेशनमा पराजित हुन्छन् । अनलाइन ती शीर्ष पदाधिकारीका फलानो नातेदार दलको महाधिवेशन निर्वाचनमा पराजित भनेर शीर्षक राखिन्छ । नियत नै गलत देखिन्छ । नेता पराजित हुँदा राज्यका पदाधिकारीलाई जबरजस्ती मुछेर समाचार 'सेल' गर्न खोज्ने विकृत पत्रकारिताको अभ्यास गरिँदैछ ।

पछिल्लो गठबन्धन सरकारको पूर्णताका क्रममा एउटा अनलाइनको शीर्षक- सुजाता कोइरालालाई पछाडि पार्दै परराष्ट्रमन्त्रीमा रामकुमारी झाँकी नियुक्त । यहाँ सुजाता कोइरालाको नाम उल्लेख गर्नुपर्ने कारण थिएन । दोस्रो कुरा रामकुमारी परराष्ट्रमन्त्रीमा नियुक्त भइन् ? दौडमा अरू अनलाइनलाई जित्ने हुँदा आफैँ पछारिनु परेन ?

'फलानो अभिनेतृले पहिलो पटक सार्वजनिक गरिन् छोरीसहित श्रीमान्को तस्बिर' यो शीर्षक उपयुक्त थियो त ? यसमा अन्य शीर्षक पनि राख्न सकिन्थ्यो नि । शीर्षकले पाठकलाई आकर्षित गर्नुपर्छ भन्नेसम्म अनलाइन सञ्चालक वा पत्रकारलाई थाहा छ, तर शीर्षक छनोटमा असफल भएको उनीहरूलाई पत्तो छैन । फलानो नेताको निधन भनेर शीर्षक राखिएका पनि देखियो ।

यताको उता

अनलाइनहरूले आर्थिक कारणले पर्याप्त जनशक्ति राख्न सकेका छैनन् । प्रतिस्पर्धामा बाजी जित्नु छ । पछाडि पर्नु छैन । एउटा अनलाइनले निकै कठिनका साथ ल्याएको सूचनालाई अर्को अनलाइनले स्रोतबेगर प्रयोग गरिदिने प्रवृत्ति छ । यो अस्वस्थ प्रतिस्पर्धालाई रोक्न सकिएको छैन । अझ एककदम अगाडि नै रहेर जित्नुपर्छ । उदाहरणका लागि कुनै सडक दुर्घटनाको समाचारलाई लिन सकिन्छ । एउटा अनलाइनले ब्रेकिङ् न्युज भन्दै १२ जनाको मृत्यु लेख्छ, लगत्तै अर्को अनलाइनले १३ जना पुऱ्याइदिन्छ, अर्कोले १५ जना पुऱ्याउँछ । अनलाइनपिच्छे मृत्यु हुनेको सङ्ख्या फरक हुन्छ ।

राष्ट्रिय समाचार समितिलाई सधैँ चित्त दुःखाइ हुन्छ- हाम्रा समाचारको ठाडो चोरी भयो । अचेल निकै सस्तोमा राससको बुलेटिन किन्न सकिन्छ । नभए अनलाइनबिचको सहकार्यमा धेरैले बुलेटिनमा लगानी गर्नु पनि परेन । बुलेटिनमा भएका सामग्री तान्यो । ओल्टाइ पल्टाइ गऱ्यो । भ्याप्प अनलाइनमा राखिदियो । अनि अर्को अनलाइनले फेला पार्छ र त्यसलाई थोरै मर्मत गरेर आफूले पनि प्रयोग गर्छ । सित्तैमा आउने समाचार कसले पैसो तिरोस् !

अधिकांश अनलाइनमा फोटो पत्रकार छैनन् । उनीहरूसँग फोटो बैंक पनि छैन । गुगल सर्च गरेर तस्बिर प्रयोग गर्ने चलन छ । अर्काको सम्पत्ति अनैतिकरूपमा

प्रयोग गर्न मिल्दैन भन्ने जानकारीसम्म राख्न चाहँदैनन् अनलाइनमा आबद्ध केही पत्रकारहरू । फोटो पत्रकारलाई जागिर दिन सकिँदैन भने अरूका तस्बिर किन्नैपर्छ । यो संस्कारको विकास गर्नु एकदमै जरूरी देखिएको छ ।

अन्त्यमा,

अनलाइनको विकासले सूचना र जानकारी तत्काल प्राप्तिमा निकै सहयोग पुगेको छ । पाठक सेकेन्ड सेकेन्डमा सुसूचित भइरहेका छन् । यसको श्रेय अनलाइनलाई नै जान्छ । अब त हरेक छापा, टेलिभिजन र रेडियोको पनि अनलाइन छ । उनीहरूले आफूले तयार गरेका सामग्री आफ्ना अनलाइनमा पनि राख्ने गरेका छन् । सञ्चार माध्यमको अबको भविष्य भनेकै अनलाइन हो । विश्वका राम्रा छापामाध्यम बन्द भइ अनलाइनमा छलाङ लगाएका दृष्टान्त थुप्रै छन् । यसले धेरैको जीविकोपार्जनमा योगदान दिएको छ । अनलाइन न्युज पोर्टल हुन्थेनन् भने आज नेपालमा पत्रकारितासम्बन्धी पठनपाठन हुने थुप्रै शिक्षण संस्था खुलेका हुन्थेनन् भने रोजगारीका दृष्टिकोणले पत्रकारिताको भविष्य त्यति सुन्दर हुँदैन थियो । अनलाइनको विकासले नेपालको पत्रकारिता सुन्दर बनाएको छ । रोजगारीका दृष्टिकोणले सुखद बनेको छ । यसलाई अहिलेदेखि नै व्यवस्थित गर्नु जरूरी छ ।

(लेखक समसामयिक विषयमा कलम चलाउनुहुन्छ ।)

***

सञ्चार माध्यम यता, सम्पादकज्यू कता ?



गिरिजा अधिकारी

स्नातकको दुई पन्ना प्रमाणपत्र र नियुक्त गरिएको एक पाना कागज बुझाएर सम्पादकमा नाम राख्ने मात्रै कामले हाम्रो पत्रकारिताको हैसियत समाप्त पारिदिँदैछ ।

आमसञ्चार माध्यमको सम्पादक हुन स्नातक उत्तिर्ण गरेको हुनुपर्दछ । छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को दफा १५ मा सम्पादक, प्रेस प्रतिनिधि र स्वतन्त्र पत्रकारको योग्यतासम्बन्धी व्यवस्था गरिएको छ । सोही आधारमा सञ्चार माध्यमहरूले सम्पादक नियुक्त गरेपछि मात्रै पत्रिका वा अनलाइन सञ्चार माध्यम दर्ता हुन्छ । पत्रिका वा अनलाइनमा एक जना स्नातक व्यक्ति सम्पादकको रूपमा राख्नैपर्ने कानुनी व्यवस्थालाई कार्यान्वयन गर्नैपर्दछ । तर, त्यसरी नियुक्त हुने सम्पादकले आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग गरिरहेका छैनन् । अधिकारको प्रयोग नगरेको मात्रै होइन, सम्पादक नियुक्त भएको व्यक्ति सम्बन्धित सञ्चार माध्यममा बसेर काम गरिरहेको छ कि छैन भन्ने विचार गर्दा पो हामीले कस्तो पत्रकारिता गरिरहेका छौं र हामीले सञ्चालन गरिरहेको सञ्चार माध्यम कुन हालतमा छ भन्ने यथार्थ थाहा हुन्छ ।

अहिले पनि नेपाली सञ्चार माध्यममा स्नातक गरेको कुनै अमुक व्यक्तिलाई नियुक्त गर्ने तर सो व्यक्ति नियुक्ति पाएको सञ्चार माध्यममा काम नगरी अन्यत्र पत्रकारिता क्षेत्रभन्दा बाहिर काम गरिरहेको भेटिन्छ । सञ्चार माध्यमको सम्पादकको रूपमा नियुक्ति लिने, काम भने अन्यत्र गर्ने परिपाटीले कानुनी

व्यवस्थाको खिल्ली त उडाएको छ नै, हाम्रो पत्रकारिता पनि गुणस्तरीय हुन सकिरहेको छैन । सम्पादक सो सञ्चार माध्यममा कार्यरत पत्रकारहरूको नेतृत्व मात्रै होइन, सञ्चार माध्यममा प्रकाशित हुने सामग्रीको मुख्य जिम्मेवारीकर्ता पनि हो । उसकै निर्देशन र सुपरिवेक्षणमा सञ्चार माध्यममा सामग्रीहरू प्रकाशित प्रसारित हुने गर्दछ । सम्पादक नै सञ्चार माध्यममा पूर्णकालीन होइन र नाम मात्रै राखिएको हो भने त्योभन्दा लज्जाको विषय अरू हुन सक्दैन । खासमा सम्पादक सञ्चार माध्यमको खम्बा हो । उसले नै आफ्ना संवाददातालाई विषयवस्तु दिएर समाचार सङ्कलनमा पठाउनुपर्दछ र कस्ता सूचना आए, ती प्रकाशनयोग्य हुन् वा होइनन्, त्यसको जाँच गर्ने र सम्प्रेषण हुन योग्य बनाउने काम पनि सम्पादकको हो । नेपाली मिडियामा अहिले सम्पादक एकातिर हुने र पत्रिका अर्कोतिर छापिने स्थिति छ । सम्पादक एकातिर जागिर खाने र यता अनलाइन पत्रिका मज्जाले चल्ने स्थिति छ ।

स्नातकको दुई पन्ना प्रमाणपत्र र नियुक्त गरिएको एक पाना कागज बुझाएर सम्पादकमा नाम राख्ने मात्रै कामले हाम्रो पत्रकारिताको हैसियत समाप्त पारिदिँदैछ । 'अँ म फलानो पत्रिकाको सम्पादक' भन्नका लागि मात्रै सम्पादक नियुक्त गर्नु उचित हुँदैन । कम्तीमा पनि सम्पादकमा नाम राखिसकेपछि सो पत्रिका वा अनलाइन सञ्चार माध्यमले के सामग्री प्रकाशन प्रसारण गरिरहेको छ भन्ने कुरा सम्पादकलाई जानकारी हुनुपर्दछ । सम्पादकको जानकारीबिना त्यस्ता सामग्री प्रकाशन वा प्रसारण हुनुहुँदैन भन्ने मान्यता त छ, तर त्यो मान्यता विस्थापित हुँदै जान थालेको छ । सम्पादकको नाम मात्रै राखेर काम भने अन्तै गर्ने कुरा प्रचलित कानुन विपरीत पनि हो, नैतिकरूपमा त पटक्कै स्वीकार गर्न सकिने कुरा होइन ।

स्नातक नै नगरेकाहरूलाई सम्पादक भनेर प्रिन्टलाइनमा नाम राखेर कतिपय सञ्चार माध्यमहरू सञ्चालनमा आएका छन् । २०७१ साल कार्तिक १९ गते अनलाइनखबरमा अग्रज पत्रकार ध्रुवहरि अधिकारीले 'मिडिया बहस : सम्पादक पदको अवमूल्यन' शीर्षकमा एउटा विचार व्यक्त गर्नुभएको छ । सो लेखमा रिपब्लिकाको सम्पादकमा नियुक्त सुभाष घिमिरे र सञ्चार माध्यमले कस्ता व्यक्तिलाई सम्पादक बनाउनुपर्छ भनेर केही विश्लेषण गरिएको छ । हार्वर्ड विश्वविद्यालयबाट पब्लिक पोलिसीमा स्नातकोत्तर गरेका घिमिरेलाई सम्पादक बनाइएको र यो मात्रै सम्पादक हुने योग्यता होइन भनी अधिकारीले टिप्पणी गरेका छन् ।

नेपालको प्रचलित कानुनमा स्नातक गरिएको व्यक्ति सम्पादक हुने व्यवस्था छ र सोही व्यवस्थाका आधारमा नेपालका मिडियाले सम्पादक नियुक्त गरेका छन् । तर, ती सम्पादक नियुक्ति पाएका मिडियामा सम्पादककै जिम्मेवारीमा

काम गर्छन् कि गर्दैनन् यो भने निकै महत्वपूर्ण सवाल हो । सम्पादक नियुक्त व्यक्तिले सञ्चार माध्यमको सम्पादककै रूपमा काम नगर्नु चाहिँ बेठिक कुरा हो र यसले हाम्रो पत्रकारिता जगतलाई दूषित बनाउँदैछ । अहिले यसरी स्नातक सम्पादक खोजेर नाम मात्रै राख्ने चलनले हामीलाई नराम्रो दुर्गतितिर लैजान्छ । यस्तै यस्तै बेथितिले मिडियामाथि मानिसहरूले धारे हात लगाउने वातावरण पनि बनिरहेको छ । आफूले नियुक्ति लिएको पत्रिकाप्रति उत्तरदायी नहुने सम्पादक समाजप्रति के को उत्तरदायी हुन्छ र ?

यस्तो कुरूप अवस्थाबाट नेपाली मिडियालाई मुक्त गर्न यही क्षेत्रमा क्रियाशील व्यक्तिहरू सक्रिय हुनुपर्दछ । सञ्चार माध्यमले पनि प्रचलित कानुन मान्नुपर्दछ । प्रेस काउन्सिल नेपाल र सूचना विभागले पनि यसको अनुगमन गर्नुपर्दछ । जसलाई सम्पादक भनी नियुक्त गरिएको छ ऊ अन्यत्र काम गर्दछ र सञ्चार माध्यममा सम्पादकको रूपमा कार्यरत छैन भने त्यस्तो सञ्चार माध्यमलाई कारबाही गर्ने र गल्तीहरू सुधार्न लगाउने काम नियमनकारी निकायले गर्नुपर्दछ । त्यसो हुन सके मात्र हाम्रो पत्रकारिता समृद्ध बन्छ र हामीले हाम्रो समाजलाई केही योगदान पुऱ्याउन सक्छौं ।

(लेखक तुखबर डटकमका सम्पादक हुनुहुन्छ ।)

***

सञ्चार अन्तरवस्तुमा लैङ्गिक विभेदको खोजी

हिंसापछि के भयो भन्ने विवरण मिडियामा अक्सर आउदैन । आरोपीमाथि के सजाय भयो, त्यसपछि उनको सामाजिक प्रतिष्ठामा कस्तो असर पुग्यो भन्ने जस्तो विषय मिडियामा प्रमुख समाचार भएर आउँदैन ।



गोपाल काफ्ले

लैङ्गिक हिंसा कुनै न कुनै रूपमा विश्वभर व्याप्त छ । हरेक घर, समाज, पेसा र व्यवसायमा लैङ्गिक हिंसा भइरहेको छ । कुरा यत्ति हो, कहीँ उदाङ्गो तरिकाले देखिन्छ त कतै भित्रभित्रै भुसको आगोझैँ दन्किरहेको हुनसक्छ । हिंसाको सार र रूपमा फरक होला, तर भइ नै रहेको छ । सम्भ्रान्त मुलुकहरूमा भइरहेको हिंसाको आकार र प्रकृति केही फरक होला, गरिब तथा विकासशील देशमा देखिने गरी हिंसाका घटना हुन्छन् । अनि यस्तै मुलुकहरूमा हिंसाको न्यूनीकरणका लागि अनेकन कार्यक्रमहरू पनि गरिरहेको पाइन्छ ।

यथार्थमा भन्नुपर्दा हिंसा बलियाले निर्धामाथि वा दुब्लामाथि गर्ने दबाबमूलक कार्य हो । जुन बोलेर पनि हुन्छ, कर्के नजरबाट पनि हुन्छ वा आँखा झिम्काएर मात्र पनि हुनसक्छ । शरीरमा हात लगाउनु पर्दैन, केवल आँखा ठुलो पारेर हेरिदिए पनि पुग्छ । त्यसैले बलियाले निर्धामाथि गर्ने हरेक नकारात्मक कार्य हिंसा हो भनेर बुझ्दा फरक नपर्ला । सामाजिक संरचना तथा भूबनोटको आधारमा कहीँ महिलाहरू धेरै हिंसामा परेका छन् भने कतै पुरुषहरू प्रताडित छन् । अर्थात् यहाँ लैङ्गिक हिंसा भइरहेको छ । यी दुई लिङ्गबाहेक तेस्रो लिङ्गीहरू पनि त अझ धेरै हिंसा सहेर बसेका छन् । उनीहरूले त अझ सबैभन्दा धेरै लैङ्गिक

हिंसाको सिकार हुनु परिरहेको यथार्थ हाम्रो समाजले बुझेकै हुनुपर्छ ।

मेरो बुझाइमा लैङ्गिक हिंसा आमाको गर्भबाट नै भइरहेको छ । छोरा भए जन्माउने, छोरी भए गर्भपतन गरेर फाल्ने कतिपय बाबुआमाले गरेका कुकर्म लैङ्गिक हिंसाका उदाहरण हुन् । लैङ्गिक हिंसा नवजात शिशुले समेत भोगिरहेको हुन्छ । घरमा वा अस्पतालमा बच्चा जन्मनेबित्तिकै छोरा कि छोरी भयो भनेर सुरु गरिएको सोधीखोजीमा प्राप्त उत्तरपछि देखिने अनुहारको हाउभाउबाट नै हिंसाको बिजारोपण भएको हामीले पक्कै नियालेका छौँ । यसर्थ, लैङ्गिक हिंसा उमेर भएपछि मात्र भोग्दै आएको छ भन्ने विषय पटक्कै होइन ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सुरुवात महिला विरुद्धको हिंसा अन्त्यका लागि सन् १९९१ मा सेन्टर फोर ओमन्स ग्लोबल लिडरसीपको सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेको थियो । त्यसपछि हरेक २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रूपमा विश्वव्यापी रूपमा मनाइँदै आएको छ । हाल १६ दिने अभियानलाई विश्वभर मनाउन थालेको ३० वर्ष भइसकेको छ । अङ्ग्रेजी पात्रोअनुसार नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मलाई 'लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान'का रूपमा पालना गरिँदै आएको छ । यसअन्तर्गत

नोभेम्बर २५ मा महिला विरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवस,

नोभेम्बर २९ मा अन्तर्राष्ट्रिय महिला मानवअधिकार रक्षक दिवस,

डिसेम्बर १ मा विश्व एड्स दिवस,

डिसेम्बर ३ मा विश्व अपाङ्गता दिवस,

डिसेम्बर ५ मा विश्व स्वयम्सेवक दिवस,

डिसेम्बर ६ मा मण्ट्रियलमा गरिएको छात्रा आमहत्याको सम्झना दिवस,

स्मरणीय छ, मण्ट्रियल विश्वविद्यालयमा महिला अधिकारवादीले अघि सारेका सुधारवादी नीतिहरूको विरोध गर्दै एकजना बन्दुकधारीद्वारा १३ छात्रा र १ महिला प्रशासकको हत्या गरिएको दिनको सम्झना गर्दै नेपालमा पनि नेपाली महिला सहिदहरूको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम गरिँदै आएको छ ।

डिसेम्बर १० मा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका रूपमा मनाइँदै आएको छ ।

मूलतः लैङ्गिक हिंसाविरुद्धको अभियान भनेर नारा दिइए पनि कालान्तरमा गएर यसले महिलाविरुद्ध हुने सबै किसिमका हिंसा अन्त्यका लागि कार्यक्रमहरू केन्द्रित गरेको पाइन्छ । त्यसैले आजको समाजले यो १६ दिने अभियानलाई लैङ्गिक हिंसा विरुद्धको दिवस बुझ्न छाडेर महिला हिंसाविरुद्धको दिवसका रूपमा अर्थ लगाउँदै आएको छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको लागि यो वर्षको अन्तर्राष्ट्रिय नारा Orange the World: End violence Against Women

Now तय गरिएको छ । यस्तै राष्ट्रिय नाराका रूपमा "घरैदेखि सुरु गरौं, महिला विरुद्धको हिंसा अन्त्य गरौं" निर्धारण गरिएको छ ।

नारी सञ्चार गृह झापाकी अध्यक्ष भीमा शिवाकाटी पछिल्लो समय हिंसाको स्वरूपमा परिवर्तन भएको बताउँदै भन्नुहुन्छ, 'हिजो शारीरिक हिंसा गरेको प्रमाण भेटिन्थ्यो भने आज मानसिक प्रताडनाबाट हिंसा भइरहेको छ । दबाब र प्रभावबाट पीडा दिइने गरेको छ । प्रत्यक्ष नभेटिकन पनि सामाजिक सञ्जाल वा सञ्चारका माध्यमबाट हिंसाजनित क्रियाकलाप भइरहेको पाइन्छ ।' आमसञ्चार माध्यममा क्रियाशील अथवा आम नागरिकलाई जागरण गर्ने ठाउँमा कार्यरत महिलाहरू सचेत मानिस भनिएका वर्गबाटै प्रताडित भएको र दृष्टिकोण नै सफा नभएपछि चेतनशील भनिएको वर्गबाटै महिलाले हिंसा सहनु परेको कटुसत्य हो भन्ने उहाँको धारणा छ ।

शिवाकोटीको अनुभवमा चाहे त्यो महिलामाथि होस् वा पुरुषमाथि । बौद्धिक क्षेत्र भनिएको ठाउँमा धेरै हिंसा हुने गरेको पाइन्छ । प्रत्यक्ष भेटेर गरिने शारीरिक हिंसा यस्तो ठाउँमा कम हुन्छ । गर्न नसकिने खालको जिम्मेवारी दिएर, बोझ थोपरेर पनि प्रताडना गरिएको छ । फोन गरेर, म्यासेज पठाएर वा अन्य प्रकारले महिलामाथि अनेकन प्रताडना दिइरहेको पाइन्छ । अनि यहाँ हिंसा हुन्छ भन्यो भने सामान्यतया विश्वासै गरिँदैन । घर, कार्यालय वा गाउँ समाजमा महिलाले महिलामाथि नै हिंसा गरिरहेको हुन्छ । सासूबुहारी एकले अर्कोलाई हिंसा गरिरहेका हुन्छन् । ठुलो तहका महिला कर्मचारीले सानो तहका कर्मचारीलाई उसैगरी दबाएर राखेका हुन्छन् ।

सञ्चारको विकास क्रमसँगै महिलामाथि हुने हिंसाको स्वरूपमा पनि परिवर्तन भएको पाइन्छ । विशेषगरी सामाजिक सञ्जालबाट सन्देशका रूपमा पठाइने डिजिटल सामग्रीहरू हुन् वा दोहोरो कुराकानीबाट पनि प्रशस्त हिंसा हुने गरेको छ । यस्तै विविध कारणले महिलाको आत्महत्या दर पनि बढेको छ ।

हिंसा अन्त्यका लागि मानिसमा सचेतना भर्नुपर्छ । सचेत मानिसबाटै हिंसा भइरहेको छ भने उसको व्यवहारमा परिवर्तन ल्याउन प्रयास गर्नुपर्छ । व्यवहारमा परिवर्तन आएन भने दण्ड सजायतर्फ जानुपर्छ । तर यी सबै गर्नका लागि हिंसा गरिरहेको पक्ष र हिंसा सहिरहेको पक्ष एक ठाउँमा बसेर समस्याको निराकरण गर्नुपर्छ । उदाहरणको लागि सासू र बुहारी एकले अर्कोलाई हिंसा गरिरहेका छन् भने बुहारी बुहारी बसेर निकास आउँदैन, सासू सासूहरू बसेर पनि कुरो टुङ्गिदैन । निकासका लागि छलफल गर्नुपर्छ र त्यस्तो छलफलमा दवैपक्ष सक्रिय सहभागी हुनुपर्छ । अर्थात् सबैपक्षको सामूहिक छलफलबाट समस्या किनारा लाग्न सक्छ ।

सक्रिय पत्रकार महिलाहरू लैङ्गिक हिंसा सञ्चारगृहमा पनि भइरहेको

बताउँछन् । महिला भएकै आधारमा काम गर्न सक्दैनौ, तिमीले पनि गर्ने हो र जस्ता शब्दहरूले प्रहार गर्ने गरेको उनीहरूको अनुभव छ । सञ्चार माध्यममा काम गर्ने जनशक्ति पनि पुरुष प्रधान नै छ । हरेक ब्रोडसिट अखबारमा पुरुष नै प्रधान सम्पादक/सम्पादक छन् । यसर्थ महिलाका विषयहरू उठान गर्न धेरै हदसम्म कन्जुस्याईं गरिन्छ भन्ने भावहरू प्रकट भएको पनि पाइन्छ ।

तर लामो अवधिदेखि पत्रकारिता क्षेत्रमा कियाशील डा. माधवी भट्टको विचारमा हिजोभन्दा आज सञ्चारगृहले महिलालाई हेर्ने दृष्टिकोणमा केही परिमार्जन गरेको छ । २०७६ आश्विन १४ गते नागरिक दैनिकमा प्रकाशित डा. भट्टको 'मिडियामा महिला विभेद' शीर्षकको आलेखमा उहाँ लेख्नुहुन्छ, 'अधिकतम पत्रिकाले लेखको गुणस्तरका आधारमा भन्दा लेखकको पद र सामाजिक प्रतिष्ठा हेरेर स्थान दिन्छन् । पुरुष पत्रकारहरूमा महिलाले राम्रो लेख्दैनन् र गम्भीर विषयमा लेख्न सक्दैनन् भन्ने पूर्वाग्रही सोच बढी नै छ । महिलाका लेख र समाचार स्तरीय नै भए पनि कुनातिर फ्याँकिदिनु एक किसिमको संस्कारजस्तै बनेको छ ।' उहाँ पछिल्ला वर्षहरूमा दैनिक पत्रिकाहरूले लैङ्गिक विभेदमा कमी ल्याउने प्रयत्न गरेको, विगतमा हस्ती मानिएकाहरूको भन्दा नयाँ विचार बोकेका युवाका लेख/रचना अग्रस्थानमा छापिन र महिलाले पनि अलिकति उच्च स्थान पाउन थालेको बताउनुहुन्छ ।

अगुवा महिला पत्रकार शुभेच्छा विन्दु तुलाधरले २०७४ वैशाख २४ गते आइतबार अन्नपूर्ण टुडे साप्ताहिकमा प्रकाशित 'मिडियामा महिला हिंसा' शीर्षकको लेखमा सञ्चार माध्यमले महिलामाथि हुने हिंसाका समाचारलाई बढी कभरेज दिने गरेको उल्लेख गर्नुभएको छ । महिला हिंसासम्बन्धी समाचारमा मिडियाले महिलाका विषयमा आउने समाचारलाई दिने स्थान र प्रस्तुतिका विषयमा अस्मिता प्रकाशनले सार्वजनिक गरेको विस्तृत प्रतिवेदनको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले नेपाली मिडियामा महिलाका विषयमा सबैभन्दा बढी समाचार महिला हिंसाको हुने गरेको उल्लेख गर्नुभएको छ ।

उक्त आलेखमा उल्लेख भएअनुसार सन् २०१६ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित लैङ्गिक हिंसासम्बन्धी समाचार अन्तर्गत शारीरिक हिंसाका २४ दशमलव ९३, सामाजिक आर्थिक हिंसाका १६ दशमलव ७५, यौन हिंसाका १५ दशमलव ८३, भ्रुण र महिला हत्याका १३ दशमलव ६, धार्मिक र सांस्कृतिक हिंसाका १० दशमलव ९५ तथा भावनात्मक र मनोवैज्ञानिक हिंसाका ८ दशमलव ८४ प्रतिशत समाचार प्रकाशित भएका थिए। यस तथ्यबाट मिडियाले महिला हिंसालाई दिने प्राथमिकताको अवस्था आँकलन गर्न सकिन्छ।

महिला पुनर्स्थापना केन्द्र- ओरेक नेपालले ३०औँ अन्तर्राष्ट्रिय १६ दिने लैङ्गिक हिंसाविरुद्ध अभियान २०२१ को अवधारणा पत्रमा उल्लेख गरेअनुसार

सन् २०१५ को संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)को लैङ्गिक विकास सूचकअनुरूप नेपाल कम लैङ्गिक विकास भएको देशको वर्गमा अर्थात् विश्वको १४५औँ स्थानमा पर्छ । यसैगरी नेपाल एशियाली मुलुकमध्ये सबैभन्दा कम लैङ्गिक विकास भएको देशको सूचीमा पर्छ ।

ओरेक नेपालको अभिलेख अनुसार बितेका ७ वर्ष २०७२ देखि २०७८ सम्ममा ११ हजार २९२ जना महिलामाथि विभिन्न स्वरूपमा हिंसा भएको पाइएको छ । ओरेकले यसवर्ष जम्मा १ हजार ७७२ वटा घटना अभिलेख गरेको छ । यी घटनामध्ये सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको जनाइएको छ ।

प्राप्त तथ्याङ्कका आधारमा यसवर्ष सबैभन्दा बढी ६३ प्रतिशत अर्थात् एक हजार ११६ जना महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू छन् । कुल एक हजार ११० घरेलु हिंसामध्ये ७७ प्रतिशत अर्थात् ८६० जना महिला श्रीमान्बाट र २३ प्रतिशत अर्थात् २५० महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन् । यसरी घरेलु हिंसा सहन बाध्य महिलामध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ४२ प्रतिशत अर्थात् ४६४ जना र १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत अर्थात् ३७१ जना रहेका छन् । ८३ प्रतिशत वा ७४७ जना साक्षर महिला हिंसाबाट प्रभावित रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले सक्रियरूपमा प्रजनन उमेरमा रहेका र सचेत महिलामाथि धेरै हिंसा भएको देखाएको छ ।

हिंसापछि के भयो भन्ने विवरण मिडियामा अक्सर आउँदैन । आरोपीमाथि के सजाय भयो, त्यसपछि उनको सामाजिक प्रतिष्ठामा कस्तो असर पुग्यो भन्ने जस्तो विषय मिडियामा प्रमुख समाचार भएर आउँदैन । यसले गर्दा हिंसा गर्न अरूलाई पनि प्रोत्साहित गरिरहेको हुनसक्छ। समाजलाई प्रभावित गर्नसक्ने एउटा सशक्त माध्यम मिडिया भएकाले महिलामाथि हुने हिंसा घटाउन यसले भूमिका खेल्न सक्छ । तर यसो गर्न हाम्रा मिडिया चुकेको देखिन्छ । महिला हिंसाका घटनालाई प्रशस्त स्थान दिनुको अर्थ त्यसलाई बढावा दिनु पक्कै होइन, बरू त्यसलाई घटाउनु हो र घटाउन भूमिका खेल्ने दायित्व पनि मिडियाकै काँधमा छ ।'

महिलाविरुद्धको हिंसा संरचनागत विभेदको परिणाम हो । यस विभेदको अन्त्यका लागि राज्यका हरेक संरचनामा रहेको पित्तृसत्तात्मक सोच र मूल्य मान्यताको अन्त्य हुन जरुरी छ । लैङ्गिक समानता, महिलाको आफ्नो शरीरमाथिको निर्णय र गतिशीलताको अधिकार सुनिश्चित नभएसम्म महिलाहरू स्वतन्त्र र मर्यादित जीवन यापन गर्न पाउने अधिकारबाट वञ्चित हुन्छन् । यसर्थ, नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरू पूर्ण

पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार गर्ने विषय मिडियाले निरन्तर उठाउनुपर्छ । दैनिक जीवनमा महिलाले भोग्दै आएका विभेद र हिंसाको कारण शारीरिक, मानसिक, आर्थिक र सामाजिक असर भोग्न बाध्य महिलाहरूका लागि पहुँचयोग्य र प्रभावकारी सहयोगी संयन्त्रहरू निर्माण गरी न्यायमा अधिकार सुनिश्चितता र सामाजिक न्यायको वातावरण तयार गर्नमा पनि मिडियाको निरन्तर दबाब आवश्यक छ । यसो गरिएमा सञ्चार क्षेत्रमा क्रियाशील महिलाहरूमाथि पनि विभेद कम हुनेछ । समग्रमा सञ्चार अन्तरवस्तुमा पनि पक्कै सुधार आउने विश्वास गर्न सकिन्छ ।

(लेखक साझामञ्च डटकमका सम्पादक तथा प्रादेशिक सञ्चार प्रतिष्ठानका बोर्ड सदस्य हुनुहुन्छ ।)

***

अनलाइनको चाल: अर्काइभको अनिकाल

अर्काइभ इतिहास हो । इतिहास सुरक्षित भएमात्रै वर्तमानलाई उर्जा मिल्छ र भविष्यलाई शक्ति ।



विराट अनुपम

नेपाल सरकारको स्वामित्वको एनटिभी इटहरी च्यानलकी समाचार प्रस्तोता प्रमिला वान्तवा राईले चार वर्षअगाडि राम्रो खोजबिन गरेर केही फिचर लेख्नुभयो । उहाँले फिचरको राम्रो पारिश्रमिक पनि पाउनुभयो । पाठकदेखि समकक्षी पत्रकारहरूको राम्रो प्रतिक्रिया आयो । 'हाम्रोकथा डटकम'मा उहाँले लेखेका उर्जाशील कथा अहिले आएर कथै मात्रै भएका छन् । अहिले उहाँले गुगल गरेर खोज्दा उनका कथा भेटिँदैनन् । न त भेटिन्छ कथा छाप्ने समाचार पोर्टल नै ! आफैँले 'लेखेको थिएँ' भन्ने बाहेक सार्वजनिक डोमेनका उहाँका मेहनत गरेर लेखेका कथा छैनन् । कथाका सामाजिक सञ्जालमा भएका व्यापक सेयरका फेहरिस्त छैनन् । न त छन् पाठकबाट आफ्नो कथामुनि सामाजिक सञ्जालबाट आएका उत्साहप्रद कमेन्टहरू ।

प्रमिला वान्तवा राईको चार वर्ष अगाडिका कुरा नभेटिए जस्तै दुःख छ, प्रदेश १ को पहिलो र सर्वाधिक पढिने दैनिक अखबार ब्लास्ट दैनिकका कार्यकारी सम्पादक भोजराज श्रेष्ठको । एक दशक अगाडिबाटै उहाँले साहित्यघर डटकमदेखि नेपालजापान डटकममा धेरै सामाचार लेख्नुभयो । सेतोपाटी डटकमका स्थापनाकालमा धरानबाट लेख्नेमा उहाँ नै हुनुहुन्थ्यो । तर, अहिले उहाँले खोज्दा आफूले मेहनत गरेका समाचार सामग्री पाइन्नन् । दुनियाँमा जहाँबाट पनि हेर्न र पढ्न सकिने भनेर उहाँले बडो मेहनत गरेर तयार पारेका

उहाँका सामग्री अहिले दुनियाँमा कतैबाट हेर्दापनि भेटिँदैन । कतैबाट खोज्दा पनि पाउन गाह्रो छ ।

प्रदेश १ का अग्रज पत्रकार सुविद गुरागाईं अनलाइनका पुराना सामग्री सङ्ग्रह नहुने कुराले आजित हुनुभएको छ । पाँच वर्ष अगाडिसम्म उहाँले इमेजखबर डटकममा धेरै आलेख लेख्नुभयो । पाठकहरूको उत्साहप्रद प्रतिक्रिया पाउनुभयो । आज ती खोज्दा उहाँले भेट्नुहुन्न । अनलाइनमा मेहेनत र समय दिएर लेखेका आफ्ना आलेख नभेट्दा उहाँलाई अत्यन्तै तनाव लाग्छ । धन्न उहाँ आफ्ना हरेक लेखहरू आफैँसँग सुरक्षित राख्नुहुन्छ । त्यसले केही राहत भने दिएको छ । हाल प्रदेश १ को सबैभन्दा ठुलो लगानीको अनलाइन कोशी अनलाइन डटकमका सम्पादक उहाँ अनलाइनमा आफ्नोजस्तो अरूको नहोस् भन्नेमा सचेत हुनुहुन्छ । व्यवस्थापन र प्राविधिक टोलीलाई यो कुरा उहाँ गरिरहनुहुन्छ ।

उसो त मेरै अनुभव पनि प्रमिला वान्तवा राई, भोजराज श्रेष्ठदेखि सुविद गुरागाईसँग मिल्छ । मैले व्यावसायिकरूपमा काम गरेका लोकान्तर डटकमदेखि नेपालसमय डटकममा थुप्रै पुराना सामग्री भेटिँदैनन् । छोटो समय काम गरेका नेपाललाइभ डटकमदेखि नेपालखबर डटकम हुँदै एक लेख छापेको सेतोपाटीको कथा पनि उस्तै छ । अङ्ग्रेजी आलेखहरू लेखिएका राइजिङ नेपालदेखि काठमाडौँ पोस्टका पुराना लिङ्कहरू खुल्दैनन् । मैले व्यावसायिकरूपमा कुनै बेला काम गरेको अनलाइनखबर डटकमदेखि हाल काम गरिरहेको नेपालप्रेस डटकममा भने अहिलेसम्म पुरानो सामग्री नभेटिएको उदाहरण छैन । तर पनि यो अवस्था पछिसम्म कायम रहिरहला भनेर ढुक्क हुने अवस्था भने छैन । किनभने देशका मूलधारका भनिएका र गनेचुनेका अनलाइनहरू अर्काइभ व्यवस्थापनमा चुकेका छन् । प्राविधिक पक्ष कमजोर भएर हो वालगानीमा कन्जुस्याइँ गरेर हो, अर्काइभ व्यवस्थापनमा नेपाली अनलाइन चुकेकै छन् ।

मैले कतिपय कवि, लेखक र साहित्यकार भेटेको छु, जो अनलाइनमा आफ्ना रचनाहरू दिन चाहँदैनन् । अरू त अरू पुस्तक समीक्षासमेत अनलाइनमा गर्न आनाकानी गर्नेहरू समेत भेटेको छु । उनीहरूको तर्क अनलाइनको सामग्री कहिले 'उड्छ' भनेर थाहा नहुनु हो । लेखिएका सामग्रीहरूको सुरक्षित अर्काइभ नहुनु हो । र हो अनलाइनको विश्वसनियताको अभाव । उनीहरूको तर्कमा दम छ । अनलाइनको अर्काइभ सुरक्षित नबनाउने हो भने अनलाइनको विश्वासनियता अस्थायी माध्यमको रूपमा मात्रै चिनिने छ ।

मूलधारका र ठुला लगानीका अनलाइनहरू चुकेपछि सीमित प्रयोजनका लागि खोलिएका खुद्रा अनलाइन दोकानका अर्काइभ बलियो हुने झन् कुरै भएन । इन्टरनेटको पहुँचमा हुने पाठकको लागि सबैभन्दा महत्वपूर्ण मिडिया मानिने न्यु मिडिया अर्थात् अनलाइन पोर्टलको अर्काइभमा कमजोरी हुनुले अनलाइन समाचार पोर्टलको प्रभावकारिता वा विश्वसनीयतामा थप प्रश्न खडा गरेको

छ । आज छापामाध्यममा काम गर्ने अग्रजहरूले पञ्चायतकालदेखिका आफ्ना बाइलाइन सामग्री सामाजिक सञ्जालमा विभिन्न प्रसङ्गमा राखिरहेका हुन्छन् । टेलिभिजनमा काम गर्नेहरूले आफ्ना पुराना सामग्रीलाई युट्युबदेखि टिकटकमा राख्ने गर्छन् । रेडियोमै काम गर्नेहरूका पुराना कार्यक्रम स्टुडियोको लाइब्रेरीबाट झिकेर यदाकदा प्रयोग भएको पाइन्छ । २०७० सालबाट मात्रै प्रेस काउन्सिलमा सूचिकरण सुरु भएका अनलाइनको हालत भने बिजोग छ । आधा दशक पनि नपुगेका अनलाइनहरूले आफ्ना अर्काइभ व्यवस्थापन गर्न सकेका छैनन ।

सर्भर परिवर्तन गरिएको अथवा कथित प्राविधिक कारण दिएर यस्तो गम्भीर समस्यालाई अनलाइन सञ्चालकहरूले सामान्यीकरण गर्दै आएका छन् । घर घरमा इन्टरनेट र हात हातमा मोबाइल आएको जमानामा अनलाइन बग्रेल्ती खुलेका छन् । यो सामग्री तयार गर्दा २०७८ पुससम्ममा प्रेस काउन्सिलमा २९६५ वटा अनलाइन सूचीकरण भएका छन् । सूचीकृत नै नभइकन चलेका अरू अनलाइनहरू कत्ति छन् कत्ति । ब्लगको रूपमा चलाएर समाचार सामग्री पोस्ट गर्ने तर दर्ता नगर्नेहरूको सूची झनै लामो छ । सङ्ख्या र प्रभावकारिताको कोणमा अनलाइन शक्तिशाली हुँदैछन् । शब्द, अडियोदेखि भिडियो हुँदै ग्राफिक्सहरू मिसाएको प्याकेज मल्टिमिडिया सामग्री दिन सक्ने अनलाइन प्रभावकारी माध्यम नै हो ।

अनलाइनको प्रभावकारिता बुझेरै अहिले बिबिसीदेखि न्यूयोर्क टाइम्ससम्मले अनलाइन संस्करणलाई बेग्लै र बलियो बनाएका छन् । बीबीसी विश्वसेवाले त कतिपय भाषाका रेडियो सेवा बन्द गरेर अनलाइन संस्करणमै मात्र सीमित भएको छ । नेपालमा पनि अनलाइनलाई प्राथमिकता दिने छापा, रेडियोदेखि टेलिभिजनजस्ता विभिन्न गैरअनलाइन मिडियाहरू बढेका छन् । तर, रोचक फरक यो छ कि धेरै अगाडिबाटै अनलाइन सामग्री पस्किएका बिबिसी र न्यूयोर्क टाइम्सका अर्काइभ अहिले पनि सुरक्षित भेटिन्छन् । गुगल सर्च गर्दा सहजै खोजिएका प्रकाशित सामग्री भेटिन्छन् । नेपाली मिडियामा भने यस्तो सहुलियत छैन । अर्काइभमा कमजोर छन् । अनलाइनमा उपस्थिति जनाउँदा तत्कालीन सामग्रीलाई मात्रै ध्यान दिएर सञ्चालन गर्दाका समस्याहरू हुन् यी । दीर्घकालीन सोच र योजनाले अनलाइन नखोलिएका र खोलिए पनि नयाँ अनुभव भएकोले यस्तो समस्या देखापरेको हुनसक्छ ।

आगामी दिनमा हराएका अनलाइन अर्काइभलाई रिकभर गर्नेदेखि अहिलेका सामग्रीको सुरक्षित अर्काइभ बनाउन अनलाइन सञ्चालक, अनलाइनका सम्पादकीय नेतृत्वदेखि अनलाइनका पत्रकारहरूले सक्रिय आवाज उठाउन आवश्यक छ । किनभने अर्काइभ इतिहास हो । इतिहास सुरक्षित भएमात्रै वर्तमानलाई उर्जा मिल्छ र भविष्यलाई शक्ति ।

(लेखक इटहरीका पत्रकार हुनुहुन्छ ।)

***

टुके समाचारको बजार



वसन्त आचार्य

अनलाइन पत्रकारितामा समाचारको स्कुप मार्ने निहुँमा तानतुन पारेर दुई लाइने समाचार दिइन्छ । कम्तीमा मिडिया हाउसले दिने समाचारमा केही न केही तथ्यगत कुरा समावेश हुनै पर्दछ ।

प्रविधिको उच्चतम विकासले पत्रकारितामा डेडलाइन शब्दको 'डेथ' भएको छ । अझ ठुलो लगानी गरेर खोलिएका मिडियाले मात्रै सूचना प्रवाह गर्छन् भन्ने परम्परागत मान्यतालाई भत्काएर व्यक्तिले एकलरूपमा समेत ठुला ठुला स्कुप मार्ने खालका समाचार प्रवाहका लागि प्रविधि वरदान साबित भएको छ । कतिपय स्वार्थप्रेरित फेक न्युजले भने प्रविधिको प्रयोगमा निकै 'इन्ज्वाय' गरिरहेका छन् । यसरी एउटा पक्षले गर्ने 'इन्ज्वाय'ले गल्तीबिना नै अर्को पक्षले निकै ठुलो मूल्य चुकाउनुपर्ने अवस्था सिर्जना भएको छ । यसमा सरकारले अनलाइन पत्रकारितासम्बन्धी कानुन बनाएर केही भरथेग गर्ने प्रयास जारी राखेको भएपनि अनेक खालका जटिलता अवरोधका रूपमा देखिएका छन् ।

केही नराम्रो पक्षलाई बिर्सने हो भने अपडेटेड हुँदै गएको प्रविधि मिडिया र सूचनाका उपभोक्ताका लागि देखिने र महसुस गर्न सकिने भगवान नै भएको छ । पत्रकारितामा देखिने समाचार र सूचनाका केयौँ परिभाषाहरूलाई यसले आउटडेटेड समेत बनाएको छ । मिडियाले स्वार्थप्रेरित भएर कुनै समाचार लुकाउन खोजेपनि आज प्रविधिको उच्चतम विकासका कारण सम्भव हुन सकेको देखिँदैन ।

बाफ आउँदै गरेको कफीभन्दा पनि अचेल समाचारहरू छिटो छिटो चिसो हुन थालेका छन् । पढ्दै गरेको समाचार पुरा नहुँदै सोही विषयमा अपडेटेड अर्को समाचारले नोटिफिकेसनमा हल्ला गरिरहेको हुन्छ । यो हेर्नु या त्यो हेर्नु ? सूचनाका उपभोक्ताहरू अन्यौलमा पर्न थालेका छन् । धेरै विकल्प पनि निर्विकल्प भन्दा डरलाग्दो पो हुँदोरहेछ । यता जाने कि उता जाने ? यो पत्याउने कि अर्को पत्याउने ? कतिपयलाई सूचनाको तीव्रताले अन्यौलताको कैदीसमेत बनाएको छ ।

समाचारको तातोपनामा प्रयोगकर्ताहरू अभ्यस्त हुँदै जाँदा पत्रिका हेर्ने उत्सुकता बिस्तारै ओरालो लागिरहेको छ । अनलाइनले यस्तो आदत बसालिसक्यो कि अलिकति चिसो मात्रै भयो भने पनि समाचारमा आँखा राख्न मन लाग्दैन । सुन्न, हेर्न र पढ्न मन लाग्दैन । सामान्तया: कुनै विशेष घटना नभएमा (त्यस्तो अवस्थामा धेरै) एक घण्टामा ८ देखि १० वटासम्म समाचारहरू अनलाइनमा पोष्ट हुँदा रहेछन् (अनलाइन खबर, सेतोपाटी र इकान्तिपुरको एकसाताको अध्ययनका आधारमा) । यसरी अनलाइनमा अपडेट हुने अधिकांश समाचारहरू फ्लोअप मात्रै हुने गरेका छन् । एउटै कार्यक्रमको पनि वक्ता अनुसार सबैको फरक फरक समाचार बनाउने प्रचलन देखिएको छ । यसले समाचार भिन्ना भिन्नै जस्तो लागेपनि सारमा त्यो एउटै खालको समाचार हुन्छ । आजको व्यस्त समयमा व्यस्त मानिसले पनि कुनै एक समाचारलाई पूर्णरूपमा ग्रहण गर्नका लागि अनेकानेक समाचारहरू पढ्नुपर्ने हुँदो रहेछ । तर यसरी टुकाइएका समाचारमा स्कुप मार्ने जसरी टुकाउनै पर्ने समाचार भने थिएनन् ।

अनावश्यक ढङ्गले समाचारलाई टुकाउनु समाचारको मर्म विपरीत मानिन्छ । एक समय थियो समाचारको परिभाषा दिँदा "हिजोसम्म थाहा नपाएको कुरा नै समाचार हो" भनेर पत्रकारिताका विद्यार्थीहरूले परिभाषित गर्ने गर्दथे । छिनछिनमा समाचार भनिरहने अनि देखाइरहने रेडियो र टेलिभिजन आउँदासम्म पनि यो परिभाषा आउटडेटेड भएको थिएन । तर अनलाइन पत्रकारिताको विकाससँगै यो परिभाषा पुरानो त छ नै समाचारको मर्म पनि हराउँदै गएको छ । यहाँनेर अनलाइन पत्रकारिता छापाको तुलनामा राम्रो होइन भन्ने सोच भने होइन ।

तर अनलाइन पत्रकारितामा समाचारको स्कुप मार्ने निहुँमा अनावश्यक दुई लाइने समाचार भने आवश्यक होइन । सामाजिक सञ्जालको व्यापकता भएको अहिलेको समयमा कुनै पनि घटनाको चुस्स समाचार थाहा पाउनका लागि अनलाइन नै हेर्नुपर्ने बाध्यता छैन । कम्तीमा मिडिया हाउसले दिने समाचारमा केही न केही कुरा समावेश हुनै पर्दछ । समाचार सम्प्रेषणका लागि मात्रै समाचार प्रवाह गर्नु आवश्यक होइन ।

'गाडी खसेर धेरैको मृत्यु भएको आशङ्का', 'आगलागीले गाउँ नष्ट भएको आशङ्का' जस्ता पुष्टि हुन नसक्ने खालका समाचारहरू अनलाइनमा प्रकाशित हुँदा

हामीले कस्तो पत्रकारितालाई प्रश्रय दिइरहेका छौं भन्ने कुरा प्रष्ट हुँदै जान थालेको छ । सामाजिक सञ्जालमा स्टाटस लेखेजस्ता हाम्रा समाचार हुन थालेका छन् ।

समाचारलाई अनेक टुकामा टुकाउँदा यसले एकातिर आफ्नो उद्देश्य गुमाइसकेको हुन्छ भने अर्कातिर सूचनाका उपभोक्ताहरूको समय पनि बर्बाद गरिरहेको हुन्छ ।

बिहानै चियाको चुस्किसँगै पत्रिकाका पानामा हराउने सूचनाका पारखीहरू बेडमै मोबाइल स्क्रोल गरेर रमाउन थालेका छन् । अनलाइन पत्रकारिताको भिडमा छापा पत्रकारिता केही खस्केको अवश्य छ । तर डेडलाइन हराएको हाम्रो पत्रकारिताले साँच्चै तथ्यपूर्ण खबर सञ्चार गर्न सकेको छ त ? सन्तुलित भएर सोच्ने हो भने अहिले सबै यो प्रश्न गर्न बाध्य भएका छन् । तातो तातो समाचार सम्प्रेषण गर्ने बहानामा कतै हामीले समाचारको संरचना र मर्मको अस्मिता नै नामेट पारेका त छैनौं ? प्रश्न गर्नु सान्दर्भिक भएको छ ।

एउटा समाचार बन्न कति समय लाग्छ र त्यसको आयु कति हुन्छ भन्ने कुरा सहजै अनुमानका भरमा भन्न गाह्रो पर्दछ । तर ढिलो गरी आएको समाचारको आयु पनि बिस्तारै बिस्तारै हराउँदै जाने गरेको छ । अनलाइनले छिटो समाचार त सम्प्रेषण गऱ्यो, यो साँचो हो । तर के समाचारको सबै मर्मलाई आत्मसाथ गर्न सकेको छ त ? सूचना छिटो दिने निहुँमा आजका अनलाइनहरूले दुई लाइनका समाचार समेत सम्प्रेषण गरिरहेका हुन्छन् ।

तीव्र सूचना प्रवाह हुनु आफैँमा गलत कुरा होइन तर एउटा समाचारको पूर्ण रूप थाहा पाउनका लागि १० वटासम्म समाचार पढ्नुपर्ने बाध्यता अनलाइनले बनाइरहेका छन् । एउटा समाचारमा उत्सुकता बढाउँदै लैजाने अनलाइनहरूले प्रयोगकर्ताहरूलाई लामो समय एउटै समाचारमा बाँधेर राखेको देखिन्छ । तीव्र समाचार सम्प्रेषण गर्ने निहुँमा एउटै समाचारलाई अनेक टुकामा विभाजन गरिँदा समाचारको मर्म कसरी बाँकी रहन्छ ?

केही समय अगाडि सल्यानबाट तुलसीपुर आउँदै गरेको गाडी दुर्घटनामा पऱ्यो । दुर्घटनाबाट एक दर्जन बढीले ज्यान पनि गुमाए । उक्त समाचारलाई अनलाइनहरूले अनेकानेक टुकामा सम्प्रेषण गरिरहँदा समाचारको वास्तविक मर्मसमेत हराएको थियो । कस्तो शीर्षक राख्दा समाचार बिक्री (धेरैले पढ्ने र सेयर गर्ने) हुन्छ सोहीअनुसार शीर्षक र दुई लाइनको समाचार लेखेर अनेकानेक टुकामा समाचार विभाजन गरिएको थियो ।

समाचारको प्रकृति हेर्दा अनलाइनहरू दुर्घटनाको भित्री तहमा पुग्नुभन्दा पनि लास र घाइते गन्नु र नाम सार्वजनिक गर्नमै व्यस्त भइरहेको देखिन्थ्यो । यसरी सेयर हुने समाचारको खोजी गर्दा गर्दा हाम्रो खोजी पत्रकारितासमेत गुमनाम भइसकेको छ । पत्रिकामा डेडलाइनको अवधि लामो हुने हुँदा पत्रकारले

घटनालाई विभिन्न कोण र प्रतिकोणबाट हेरेर सोही अनुसार लेख्ने फुर्सद हुन्थ्यो तर अनलाइनमा त्यो नहुने हुँदा रिपोर्टर कतिबेला समाचार पोस्ट गर्ने भन्ने कुरामा नै केन्द्रित रहेको हुन्छ ।

अहिले अनलाइनको सङ्ख्या ह्यात्तै बढेर गएको छ । सङ्ख्यात्मक दृष्टिले अनलाइनको सङ्ख्या बढेर गएपनि अधिकांशले हेर्ने अनलाइन दर्जन बढी छैनन् । यसमा स्थानीयरूपमा सञ्चालन भएका अनलाइनको सवालमा भने फरक हुन सक्छ । त्यसो त स्थानीय समाचार सम्प्रेषणका लागि सञ्चालन भएका अनलाइन पनि अचेल केन्द्रका अनलाइनको समाचार कपि पेस्टमा बढी केन्द्रित भएको देखिन्छ ।

पत्रकारिताका अभ्यासकर्ता मध्येका एकले अनलाइनमा रिपोर्टिङ गर्दाको अनुभूति सुनाउँदै थिए, "कहाँ कहाँ काममा पुगिएको हुन्छ, व्यक्तिगत काममा पनि कहिले लागिएको हुन्छ । डेस्कबाट 'अर्को अनलाइनमा यस्तो समाचार आएको छ खोइ पठाउनु छिटो' भनेर डेस्कबाट निकै दबाब दिन्छन् ।" उनका अनुसार समाचारको नयाँपन भन्दा पनि सोही समाचार फरक तरिकाले लेख्न अनुरोध गरिएको हुन्छ । हरेक पटक प्रेसरमा नै काम गर्नुपर्ने हुँदा चाहेको जस्तो समाचार लेख्न पनि कठिन हुँदै गएको उनको तितो भोगाइ थियो ।

अनलाइन पत्रकारिताको प्रभावका कारण अचेल हाम्रो पत्रकारिता शिक्षामूलक, प्रेरणामूलक कम र सूचनामूलक बढी हुँदै गएको छ । पत्रकारिताको प्रभाव र आयाम बिस्तारका लागि सूचनामूलक सामग्रीले मात्रै भूमिका बहन गर्न सक्दैनन् । अपवादलाई छाड्ने हो भने अधिकांश अनलाइनहरूले सूचनामूलक सामग्रीलाई नै केन्द्रमा राखेका हुन्छन् । "समाचार लेख्नका लागि पनि खासै गाह्रो नहुने, धेरै सेयर पनि हुने अनि अनलाइन धेरै अपडेट पनि हुने भएको हुँदा जानी जानी अनलाइनहरूले समाचार टुकाइरहेका हुन्छन्' पत्रकारिताका एक प्राध्यापकले बताए । कतिपय समाचारहरू टुकाउनै पर्ने हुन सक्छन् तर सबै समाचारलाई टुकाउँदा त्यसले प्रयोगकर्तामा खासै सकारात्मक सन्देश प्रवाह गर्न सक्दैन ।

अनलाइनमा आधारित सेयरप्रधान समाचारको बाहुल्यता अहिले निक्कै देख्न सकिन्छ । यसमा समयमै सजगता अपनाउन सकिएन भने यसले समाचार पारखीमा खराब लत लगाउन सक्दछ । छिटो समाचार मात्रै आजका सूचनाका उपभोक्ताको माग होइन पूर्णसमाचार पनि हो । समाचार टुकाउनु भनेको शरीरका अङ्गहरूलाई टुकाटुकामा विभक्त गर्नु हो । शरीरका अङ्गहरू जसरी एकै ठाउँ भए भने गतिलो काम गर्छन् त्यसैगरी समाचारका अङ्गहरू पनि एकै ठाउँमा भए भने त्यसले गतिलो काम गर्दछ ।

(लेखक आमसञ्चार तथा पत्रकारिता विषयका अध्यापक हुनुहुन्छ ।)

***

न्यु मिडियाको अवसर र चुनौती



राजेशकुमार अर्याल

अनलाइन मिडिया निखारिन बाँकी छ । राम्रो पत्रकारिता हुन सकिरहेको छैन । अनलाइनमा मनोरञ्जन, प्रचार र सनसनीपूर्ण सामग्री बढी छन् ।

सञ्चार भनेको विचार, सूचना वा जानकारीको आदानप्रदान गर्ने प्रक्रिया हो । सूचना, तथ्याङ्क एवं जानकारीहरू प्रवाह गर्ने प्रणाली र प्रक्रिया दुवै सञ्चार हुन् । एक स्रोतबाट प्राप्त भएको सूचना कुनै माध्यमबाट प्रापकसम्म पुऱ्याउने प्रक्रियालाई सञ्चार भनिन्छ । सञ्चार माध्यमबाट प्रवाह हुने प्रक्रियालाई आमसञ्चार भनिन्छ । आमसञ्चारको व्यापक रूप छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्र, पुस्तक, इन्टरनेट, अनलाइन आदि आमसञ्चारका लोकप्रिय माध्यमहरू हुन् ।

आमसञ्चार माध्यममा अहिलेको आकर्षण नयाँ मिडिया अर्थात् न्यु मिडिया देखिन्छ । न्यु मिडिया त्यस्तो माध्यम हो, जसले इन्टरनेटका माध्यमबाट सूचना वितरण गर्ने गर्दछ । मूलतः डिजिटल प्रविधिमा आधारित कम्प्युटर र इन्टरनेटको माध्यमबाट गरिने क्रियाकलापले आज आमसञ्चार माध्यमलाई प्रभावित गरेको छ । सामाजिक सञ्जाल, ब्लग, भिडियो गेम, अनलाइन समाचार पोर्टल आदि सबैलाई न्यु मिडियाका रूपले बुझिन्छ । डिजिटल मिडियाको प्रयोग र प्रवर्द्धनले परम्परागत सञ्चार प्रणालीलाई बिर्साइदिएको छ । दोहोरो सञ्चार गर्न सकिने र अडियन्सले आफ्नो विचार स्वतन्त्रतापूर्वक राख्न पाउने भएकाले डिजिटल

प्रविधिले ठुलै हलचल ल्याएको छ । न्यु मिडियामा परम्परागत सञ्चारमा नपाइने यस्ता केही विशेषता छन्, जसले डिजिटल्ली कार्य गर्न सघाएको छ । यो डिजिटल हुन्छ । अन्तरक्रियाशील हुन्छ । एकैसाथ सार्वजनिक हुन्छ । भण्डारण गर्न सजिलो छ । पहुँचका लागि सहज हुन्छ । डिजिटल प्रविधिको प्रयोगमा आएको रुपान्तरणले न्यु मिडियाको नागरिकसँगको सार्वजनिक सम्बन्धमा धेरै सुधार आएको छ ।

विकसित समाजमा सञ्चारका माध्यम र शैली पनि विकसित हुँदैछन् । मोबाइलको माध्यमबाट व्यक्ति व्यक्तिको बिचमा इन्टरनेट पुगेको छ । समाजमा फेसबुक सबैभन्दा नजिकको साथी, गुगल पहुँचको गुरु, टिकटक रङ्गकर्मी र ट्वीटर बौद्धिक विमर्शकर्ता बन्न पुगेको छ । इन्टरनेट माध्यम भएर आएका यी माध्यमलाई अहिले नयाँ मिडियाको रूपमा लिइएको छ । र, यिनलाई सोसल मिडिया अर्थात् सामाजिक सञ्चार माध्यम पनि भन्ने गरिन्छ । मिडिया आफैँमा सामाजिक र असामाजिक हुँदैन । मिडिया केवल माध्यम मात्र हो । इन्टरनेटको विकासपछि विकसित यी माध्यमलाई नयाँ मिडिया भन्ने गरिएको छ । सूचना प्रविधिको विकाससँगै अरू नयाँ मिडिया आएपछि यी पुराना र परम्परागत बन्दछन् । न्यु मिडिया समाजका निम्ति नयाँ उपज नै हुन् । यी माध्यमहरू नयाँपन र नयाँ ढाँचासँगै आएका छन्, नयाँ पुस्ताको ध्यान केन्द्रीत गरेका छन् ।

डिजिटल डिभाइस र न्यु मिडिया

डिजिटल प्रविधिको प्रयोग गरेर आमसञ्चार गर्ने कार्यलाई न्यु मिडिया भनिन्छ । डिजिटल प्रविधिको प्रयोग गर्न इन्टरनेटको आवश्यकता पर्दछ । न्यु मिडिया सञ्चारको त्यस्तो माध्यम हो जसले कम्युटर र इन्टरनेटको सहायतामा सूचना प्रवाह गर्ने गर्दछ । कम्प्युटर एनिमेसन, कम्प्युटर गेम, मान्छे र कम्प्युटर बिचको अन्तरक्रिया, वेबसाइट, ब्लग, सामाजिक सञ्जाल, भर्चुअल माध्यम नै न्यु मिडिया हुन् ।

इन्टरनेटको विकास र विस्तारले माध्यममा नयाँ नयाँ परिवर्तन आएका छन् । इन्टरनेट, डिजिटल टेलिभिजन, मोबाइल सेटले सञ्चार कार्यमा नयाँ रूप दिइरहेका छन् । सञ्चारमा अडियन्सलेसमेत बोल्न, लेख्न र प्रतिक्रिया दिन सक्ने भएका छन् । परम्परागत सञ्चार विधिले गरिरहेको काम नयाँ प्रविधिले सजिलोसँग गर्न सक्षम भएको छ । कम्प्युटरको प्रशोधन शक्तिबिना डिजिटल मिडियाको सिर्जना सम्भव छैन । इन्टरनेटमार्फत राखिएका विषयवस्तु डिजिटल डिभाइसका माध्यमबाट अडियन्ससँग पुग्छ । यो आफैँमा बहुमुखी हुन्छ । न्यु मिडियाले डिजिटल माध्यममार्फत व्यक्ति व्यक्तिमा सूचनाको विकास र सञ्जालका प्रविधिको बारेमा जानकारी पुऱ्याउँछ । यो सञ्चार प्रविधि आफैँमा डिजिटल, 'इन्ट्रयाक्टिभ', हाइपरटेक्चुवल र नेटवर्किङ हुन्छ ।

न्यु मिडियामा दोहोरो सञ्चार हुन्छ । यो धेरै सजिलोसँग प्रसारण गर्न सकिन्छ । भण्डारण, रूपान्तरण, प्रवाह गर्न सजिलो हुन्छ । यसले डिजिटल कन्टेन्ट विकास र वितरण गर्छ । इन्टरनेटमा आधारित समुदायले यसको प्रयोग गर्न सक्दछ । नयाँ पुस्ता न्यु मिडियामा आकर्षित छन् । हाल प्रयोगमा रहेका यस्ता मिडिया वेब, पोर्टल, समाचार साइट, समाचार ग्रुप, ब्लग, बुलेटिन बोर्ड, च्याट रूम, ग्रुप म्यासेज, सामाजिक सञ्जाल, अडियो बोर्ड, भिडियो कन्फ्रेन्स आदि हुन् ।

इन्टरनेट एक्काइसौँ शताब्दीको महत्वपूर्ण प्रविधि बनेको छ । न्यु मिडियाले व्यक्तिको दैनिक जीवनमा परिवर्तन ल्याएको छ । इन्टरनेटमा आधारित पत्रिका, गीत सङ्गीत, अडियो भिडियो, पडकास्ट, वेबसाइटबिना मानिसको जीवन कठिन बनेको छ । त्यसैले यो डिजिटल प्रविधिको युग हो ।

न्यु मिडियाको प्रयोग र सहजता

नेपाल डिजिटल यात्रामा अगाडि बढेको छ । अहिले न्यु मिडियाका रूपमा फेसबुक, ट्वीटर, युट्युबजस्ता सञ्जाल बढी प्रयोगमा छन् । न्यु मिडियाले मानिसको जीवनमा सञ्चार गरी ठुलो प्रभाव पारेको छ । अनलाइन समाचार सामग्री प्रकाशन गर्ने मिडिया अहिले आम पाठकमाझ प्रिय बनेका छन् । ब्लगमा आएका समाचारहरू पढ्ने मानिस धेरै छन् । सामाजिक सञ्जाल र अनलाइन मिडियाले सञ्चार कार्यलाई जनजनसम्म प्रभावकारी बनाएका छन् ।

कोभिड-१९ पछि परम्परागत मिडिया र न्यु मिडियाबिचको फरक बेस्सरी छुट्टिएको छ । जसले प्रतिकूल परिस्थितिमा पनि अनुकूल बनाउने अवसर सिर्जना गऱ्यो, त्यसले नै लोकप्रियता पाउँछ । न्यु मिडियाको ढाँचा, प्रसारण विधि र विषयवस्तुको प्रस्तुतिमा रूपान्तरणले श्रोता, दर्शक र पाठकको मन जित्न सफल भएको छ ।

इन्टरनेटको बढ्दो उपयोगसँगै पत्रपत्रिका, रेडियो र टेलिभिजनजस्ता परम्परागत सञ्चार माध्यमको प्रभाव खुम्चँदै गएको छ भन्ने धारणा सुन्न सकिन्छ । तर परम्परागत मिडिया भनिने पत्रिका, रेडियो र टेलिभिजनले सामाजिक सञ्जालमार्फत आफ्ना सामग्री प्रवाह गरिरहेका छन् । त्यसका लागि फेसबुक, ट्वीटर, टिकटक र युट्युब सम्प्रेषणको माध्यम बनिरहेका छन् । पत्रपत्रिकाको सर्कुलेसनभन्दा सामाजिक सञ्जालमार्फत पढ्ने, हेर्नेको सङ्ख्या बढी देखिन्छ । न्यु मिडिया परम्परागत मिडियालाई विस्थापित गर्न होइन, परिपुरक बन्न आएका छन् । नयाँ प्लेटफर्म आउँदा पुराना मिडियाको भूमिका फेरिएको छ । परम्परागत मिडियाले न्यु मिडियालाई उपयोग गरेर झन् फैलिने र विस्तार हुने अवसर पाएका छन् ।

आमसञ्चार माध्यमहरू पत्रिका, रेडियो र टेलिभिजनको सञ्चार प्रकिया

एकोहोरो थियो, तिनले दिएका सामग्रीमा अडियन्सको प्रतिक्रिया कमै आउथ्यो । प्रतिक्रिया आए पनि धेरै ढिला आइपुग्थ्यो । तर अहिले प्रविधिको विकाससँगै सञ्चार प्रक्रिया अन्तरक्रियात्मक भएको छ । दोहोरो सञ्चार हुने अवस्था आएको छ । न्यु मिडियाको प्रस्तुतिले फरकपन ल्याएको छ । यसका अभिव्यक्ति स्वतन्त्र र सिर्जनात्मक हुन्छन् । लघु सामग्री पस्किएकाले पाठकले समय दिन्छन् ।

न्यु मिडियाका प्रकार

मिडियाको बजारमा धेरै प्रकारका न्यु मिडियाको प्रयोग भइरहेको छ । हरेक वर्ष भइरहेका अनुसन्धान र प्रयोगले सञ्चार माध्यममा नयाँ विकास ल्याइरहेको छ । नयाँ मिडिया प्रयोगले जीवनलाई थप सहज बनाएको छ । न्यु मिडियाले सूचना र समाचार सम्प्रेषणको तरिका मात्र परिवर्तन गरेका छैनन्, प्रकाशित र प्रसारित सामग्रीलाई नयाँ रूपमा ल्याएका छन् । बहुमाध्यमको प्रयोग भइरहेको छ । नयाँ माध्यमले पुरानो माध्यमलाई चुनौती मात्र दिएका छैनन्, सहयोग बनेर सघाइरहेका छन् । स्मरणीय छ, कतिपय अवस्थामा मिडिया क्षेत्रका मानिसले भन्दा सूचना प्रविधिको क्षेत्रका मानिसले न्यु मिडियाबाट फाइदा लिएका छन् ।

न्यु मिडियाका चुनौती

सूचनाका लागि अडियन्ससँग मल्टिपल च्यानल छन् । फेसबुक र ट्वीटरको स्टाटसलाई मानिसले सूचनाको रूपमा लिन्छ । कुनै पनि घटनाको सूचना र सतही जानकारी सामाजिक सञ्जालको माध्यमबाट प्राप्त गर्न सकिन्छ । विस्तृत र विषयवस्तुको गहिराइ बुझ्नका लागि आमसञ्चारको माध्यम चाहिन्छ । सामाजिक सञ्जाललाई नबुझ्नेका कारण धेरै विकृति आइरहेका छन् । व्यक्तिको अभिव्यक्ति माध्यम बनेको सामाजिक सञ्जालमा जसले जे पनि राख्ने र भ्रम फैलाउने कार्य भइरहेको छ । अनलाइन मिडियाले पनि न्युज टिप्सका रूपमा समाचार राख्ने गरेका छन् । फेसबुक तथा ट्वीटरमा आएका स्टाटस र पत्रिका तथा अनलाइनमा आएका समाचार एकै होइनन् । कुनै समाचार अनलाइनमा पोस्ट हुने बित्तिकै त्यसमा पाठकले तुरुन्त प्रतिक्रिया दिन सक्ने सुविधा छ । मिडियाको कन्टेन्ट प्राप्त गर्न अहिले इन्टरनेट र स्मार्ट फोन भए पुग्छ । मोबाइलमा पत्रिका पढ्ने, रेडियो सुन्ने र टेलिभिजन हेर्ने सम्मका सुविधा छन् । न्यु मिडियाको विकाससँगै प्रस्तुतिमा नयाँपन आएको छ । छोटा र पाठकलाई आकर्षित गर्ने खालमा सामग्री पस्कने गरेको पाइन्छ ।

प्रविधिको उच्चतम विकास र सामग्री सम्प्रेषण गर्ने माध्यममा आएको परिवर्तनले आमसञ्चार माध्यमले विभिन्न खालका चुनौतीको सामना गरिरहेका छन् । आमसञ्चार माध्यमले सामग्री उत्पादनका लागि अनुसन्धानमा लगानी

गर्नुपर्छ । व्यावसायिकताको स्तर कायम गर्नुपर्छ । जनशक्तिमा लगानी गर्नुपर्छ । मेहनती सम्पादक हुनुपर्छ । डिजिटल प्रविधिमा आधारित न्यु मिडिया सञ्चालनका लागि त्यति ठुलो लगानी, जनशक्ति, स्थानको आवश्यकता पर्दैन । गुणस्तरीय र विश्वसनीय समाचार चाहिन्छ । न्यु मिडिया प्रविधिमा आधारित माध्यम हो । सम्प्रेषण गर्ने र प्राप्त गर्ने माध्यम फेरिए पनि अडियन्सलाई अडियो, भिडियो, फोटो र कन्टेन्ट चाहिन्छ । अनलाइन मिडिया निखारिन बाँकी छ । राम्रो पत्रकारिता हुन सकिरहेको छैन । अनलाइनमा मनोरञ्जन, प्रचार र सनसनीपूर्ण सामग्री बढी छन् । अझ कुनै पनि व्यक्तिले आफ्नो मोबाइल वा कम्प्युटरको माध्यमबाट न्यु मिडिया चलाउन सक्दछ । व्यक्तिले चलाउने मिडियाले व्यक्तिको रुचिका सामग्री प्रवाह गर्छ । सूचना र समाचार प्रवाहको कुरा गर्दा आजकल अनलाइन र युट्युब च्यानलको भिड बढेको देखिन्छ । नेपालमा युट्युब च्यानल दर्ता हुने प्रावधान नै छैन । जहाँ विश्वासको खडेरी छ, त्यहाँ सबैभन्दा धेरै चुनौती छ । यसर्थ न्यु मिडियालाई व्यवस्थित बनाउँदै नियमन गरिनु आवश्यक छ ।

(लेखक नेपाल पत्रकार महासङ्घ पाल्पाका पूर्वअध्यक्ष हुनुहुन्छ ।)

***

पत्रकारिता अध्ययनको अपरिहार्यता

अहिले पत्रकार र सञ्चारकर्मीको भिन्नता र दायित्वको बारेमा नागरिक तहमा मात्रै होइन पत्रकार नै अलमलमा परेको देखिन्छ । कतिपयमा आमसञ्चारका माध्यम र सामाजिक सञ्जालका बारेमा नै भ्रम छ ।



शोबिता रिसाल

चिनजानका एक जना दाइले एक दिन सोधे, "पत्रकार बन्न कुन विषय पढ्नुपर्छ ?" म एकै छिन त अलमलिए । "ठ्याक्कै यही विषय पढेपछि मात्रै पत्रकार हुन पाइन्छ भन्ने त छैन, तर आमसञ्चार तथा पत्रकारिता विषय पढेको व्यक्ति पत्रकार भएको राम्रो" छोटो जवाफ दिएर उम्कन खोजेँ ।

"अनि पत्रकारिता पढेका मात्रै पत्रकार बन्न पाउने व्यवस्था गर्न मिल्दैन त ?" उनले फेरि सोधे । अब मैले मिल्छ भन्नु कि मिल्दैन भन्नु ? यत्ति भनेँ, "पत्रकारिता विषय नै पढेका वा यसबारेमा तालिम लिएका व्यक्ति पत्रकार भए राम्रो हो ।" स्वयम् पत्रकार बन्ने व्यक्तिलाई पनि र तपाईं हामी जस्तो अडियन्सलाई पनि । तर अहिले नेपालमा यस्तो अभ्यास बृहत्तररूपमा हुन सकेको छैन ।

उनले किन यसो सोधे ? मैले आशय बुझेँ । उनको आशयअनुसार जवाफ दिएँ र हिँडेँ । पत्रकार भन्ने थाहा पाएपछि उनले जस्तै अरूले पनि यस्ता प्रश्न सोधिरहन्छन् । कोही सोध्छन्, पत्रकार बन्न कति पढ्नुपर्छ ? कसैले सोध्छन्, युट्युबर बन्न के पढ्नुपर्छ ? कि नपढे पनि हुन्छ ? कसैको चासो रेडियोमा बोल्न पाए हुन्थ्यो भन्नेमा हुन्छ, कोही टिभीमा देखिन चाहन्छन् । तर धेरैजसो युट्युबर

बन्ने धोको बोकेर हिँडेको भेट्छु । कोहीकोही हुन्छन् फेरि 'मलाई पनि पत्रकार बन्न मन छ यसो कतैतिर लगाइदिनु न' भन्ने । पछिल्लो समय त यस्ता पनि व्यक्ति भेटेको छु, 'मलाई मिडियाको कार्ड बनाइदिनुस् न, बरू अलिअलि पैसा तिर्छु ।' अनि कतिपय युवाहरू भेट्छु, 'अहिले खासै काम छैन, जागिर पाएको छैन, पढाइ पनि राम्रोसँग चलिरहेको छैन, त्यसैले यसो युट्युबमा राख्ने भिडियो कन्टेन्ट बनाइरा'छु, पछि राम्रो काम पाएपछि यो छोड्दिन्छु ।'

मिडिया र पत्रकारिता क्षेत्रलाई यति सजिलो, सहज र सस्तोरूपमा आम नागरिकले किन बुझ्छन् ? मानिसमा नपढे पनि पत्रकार बन्न सकिन्छ कि भन्ने बुझाइ किन छ ? पत्रकारिता क्षेत्र किन यति हलुका हुँदै जान थाल्यो कि मानिसहरूले पत्रकार बन्न जे पढेपनि हुन्छ वा नपढे पनि हुन्छ भन्ने धारणा बनाउन थाले ? अब यसको उत्तर खोज्दै पत्रकारिता पेसा र पत्रकारलाई व्यावसायिक र मर्यादित बनाउनुपर्छ । पत्रकारिता क्षेत्रलाई अझै व्यवस्थित र मर्यादित कसरी बनाउने ? त्यसको धेरै उपायमध्ये एउटा हो, पत्रकार बन्नका लागि पत्रकारिता विषय अनिवार्यरूपमा पढ्नुपर्ने प्रावधान बनाउने ।

नेपालका 'अडियन्स'मा मिडिया साक्षरता छैन । अडियन्स मात्रै होइन कहिलेकाहीँ त मलाई लाग्छ पत्रकारहरूमा नै मिडिया साक्षरता छैन । पत्रकारैपिच्छे अनलाइन छ, टोल टोलमा रेडियो स्टेसन । सहरैपिच्छे टेलिभिजनहरू । अनि अनलाइन टेलिभिजनको त यकिन तथ्याङ्क नै पाउन मुस्किल पर्छ । यति धेरै सञ्चारका माध्यम खुले, पत्रकारहरूको सङ्ख्या बढ्यो । तर पत्रकारहरूको गुणस्तरीयता भने बढ्ने होइन खस्किँदै गएको छ । पछिल्लो पटक आम नागरिकले पत्रकारलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार मिडिया हाउसको खस्किँदै गएको गुणस्तरको उपज हो ।

अब त्यसो भए पत्रकारिता क्षेत्रको गुणस्तरीयता कसरी सुधार गर्ने ? त्यसको एउटा उपाय भनेको सबै पत्रकारले अनिवार्यरूपमा आमसञ्चार तथा पत्रकारिता विषय पढ्नु नै हो । चाहे उसले विद्यालय, विश्वविद्यालयमा यो विषय पढोस् वा कुनै तालिम केन्द्रमा । वा उसले स्वअध्ययन नै पनि गर्न सक्छ । तर कम्तीमा पनि आमसञ्चार र पत्रकारिता विषय पढ्नु पऱ्यो, बुझ्नु पऱ्यो । पत्रकारिताका आयामहरूको बारेमा थाहा पाउनु पऱ्यो । सञ्चार माध्यम, आमसञ्चार माध्यम, तिनका काम, सामाजिक उत्तरदायित्व र यसका भेदहरूका बारेमा थाहा पाउनुपऱ्यो । पत्रकारहरूले कम्तिमा यति त बुझ्नुपर्छ कि, म किन पत्रकारिता गरिरहेको छु ? र यसको पेसागत मर्यादा के हो ? पेसागत धर्म निर्वाह गर्दा मैले आधारभूत रूपमा कति नियम पालना गर्नैपर्छ । अनि यस क्षेत्रको नियम, कानुन, आचारसंहिता, के के छन् ?

नेपालमा कक्षा ११ बाट नै आमसञ्चार तथा पत्रकारिता विषय पढ्न

पाइन्छ । कतिपय विद्यालयमा त कक्षा ९ र १० को तहमा पनि यसको आधारभूत ज्ञानबारे पढाउने गरिन्छ । हुन त संसारभरि नै पत्रकारिताको सैद्धान्तिक पक्ष महत्वपूर्ण कि व्यवहारिक ? वा अभ्यास पहिले कि सिद्धान्त ? भन्ने बारेमा एक मत छैन । यसबारेमा बहस त छँदैछ ।

पत्रकारिताका गुरु लालदेउसा राई भन्नुहुन्छ, "कक्षा कोठामा सिकेर समाचार कक्षमा जानु ठिक कि सिधैँ समाचार कक्षमा सिक्दै सैद्धान्तिक पक्ष पनि जान्दै जानु ठिक भन्ने बारेमा बहस त अझै पनि छँदैछ, तर कक्षामा नै समाचार, यसका मूल्य मान्यता र पत्रकार आचारसंहिताका बारेमा सिकेर जानु 'फार बेटर' ।" रत्न राज्यलक्ष्मी क्याम्पसमा पत्रकारिताका कक्षामा उहाँले सधैँ भन्ने गर्नुहुन्थ्यो, 'क्लास रुममा सिकेर न्युज रुममा प्रवेश गरेको पत्रकारले कहिल्यै दुःख पाउँदैन ।'

पत्रकारले पत्रकारिता र यससँग सम्बन्धित विषयमा जुनसुकै तहको कक्षामा सिक्न सक्छ, चाहे विद्यालय, विश्वविद्यालय वा कुनै तालिम गोष्ठीहरूमा । पत्रकारिता पढेको मानिसले समाचार के हो, के होइन ? समाचारका कुन विषय कसरी लेख्ने ? विषयलाई कसरी प्रस्तुत गर्ने/नगर्ने मात्रै होइन, कस्ता विषय लेख्ने, नलेख्ने, समाचारलाई कसरी सन्तुलित बनाउने ? भन्नेबारेमा कक्षाकोठामा नै सिकेको हुन्छ ।

त्यसैले पत्रकार आचारसंहिता, पत्रकारिताका मूल्य मान्यता, पत्रकारिता र पत्रकार हुनुको दायित्व र आमसञ्चार तथा पत्रकारिताका सम्पूर्ण आयामको बारेमा जानकारी लिनको लागि पत्रकारिताको पढाइ अनिवार्य छ । अहिले पत्रकार र सञ्चारकर्मीको भिन्नता र दायित्वको बारेमा नागरिक तहमा मात्रै होइन पत्रकार नै अलमलमा परेको देखिन्छ । कतिपयमा आमसञ्चारका माध्यम र सामाजिक सञ्जालका बारेमा नै भ्रम छ । 'मिडिया र मिडियम'मा हुने भिन्नता र यसका कार्यहरूको बारेमा बेलैमाथि थाहा पाइ सोही अनुसार मैदानमा निस्कनको लागि पनि एउटा पत्रकारले पत्रकारिता विषय पढ्नैपर्छ ।

अहिले समाचार लेखन र प्रस्तुति जसरी आचारसंहिता विपरीत भएको पाइन्छ, यदि पत्रकारिता विषय पढेको व्यक्ति मात्रै पत्रकार बन्ने प्रावधान अनिवार्य राख्ने हो भने यस्तो समस्या आधा समाधान हुन्छ । अहिले जो पनि पत्रकार ! अनि जसले पनि समाचार लेख्ने ! अझ जसले पनि अनलाइन खोल्ने ! जो पनि युट्युबर ! भएका कारण पत्रकारिता क्षेत्र समाजमा हलुका बन्दै जान थालेको हो । अनलाइन वा युट्युबको तल आउने कमेन्टमा समाचार, समाचारको भाषा, विषय, प्रस्तुति, समाचारको सन्तुलन, समाचार स्रोत लगायत विषयलाई लिएर कमेन्ट गरेको पाइन्छ । पब्लिक तहबाटै कस्तो समाचार लेखेको ? भन्दै पत्रकारलाई सिकाउने सम्मको अवस्था नेपाली पत्रकारितामा किन आयो ?

किनकि हामी पत्रकार नै कतै न कतै चुकेका छौं । पत्रकारिता पेसा, यसको गरिमा र आचारसंहिताको बारेमा जानकारी छैन । त्यसैले पत्रकारिता पढ्नु भनेको पत्रकारिताको सर्वाङ्गीण विषय थाहा पाउनु हो ।

पत्रकारिता विषय पढ्नु भनेको कुनै पनि व्यक्ति, पार्टी, संस्था, राजनीतिक वाद, भौगोलिक र भावनात्मक निकटता, खास विषयको पक्षधरताले समाचारमा काम गर्दैन भन्ने बुझ्नु हो । समाचारमा सन्तुलन मिलाउन सिक्नु हो । एक पक्षीय हुनुहुँदैन भनेर जान्नु हो । पत्रकारिता समाजको यथार्थ ऐना हो, पत्रकारिता गर्ने व्यक्ति समाजको पहरेदार हो, पत्रकारितामार्फत मैले अलिकति पनि गद्दारी गर्नु हुँदैन भनेर थाहा पाउनु हो ।

आमसञ्चार तथा पत्रकारिता विषय अध्ययन गरेको व्यक्तिले कक्षा कोठाबाटै आचारसंहिताको बुँदाबुँदा थाहा पाएको हुन्छ । उसले कम्तिमा पनि यति त बुझेको हुन्छ कि आफूले कक्षा कोठामा घोकी घोकी पढेको आचारसंहिता विपरीत समाचार लेख्नु परेको दिनमा बरू पेसा नै छोड्छु तर नैतिकता गुमाउँदिनँ, गुमाउनु हुँदैन ।

पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन, २०७६)ले भन्छ पत्रकार र मिडिया हाउसले मानव अधिकारको संरक्षण गर्नुपर्छ, पेसागत मर्यादा तथा व्यवहार गर्नुपर्छ । हिजो आजका अनलाइन र युट्युबमा सञ्चारकर्मी भनिएकाले नै मानवअधिकारको हुर्मत लिने गरी कुराकानी गर्ने गरेको भेटिन्छ । आचारसंहिताले भन्छ, 'गोप्य स्रोतको संरक्षण गर्नुपर्छ, गोपनीयताको हकको सम्मान गर्नुपर्छ ।' तर हिजो आजका समाचार/अन्तर्वार्ताका कन्टेन्टमा यस्ता सामग्री आउँछन् कि बरू हेर्ने, सुन्ने र पढ्ने आफैंले केही संसोधन गरेर बुझ्ला तर यस्तो लाग्छ पत्रकार वा अन्तर्वार्ताकारले गोपनीयताको बारेमा जान्दैन ।

आचारसंहिताले भन्छ हिंसा, आतङ्क, अश्लीलता र अपराधलाई प्रश्रय हुने खालका सामग्री प्रकाशन प्रसारण गर्न पाइँदैन । पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण गर्न मिल्दैन । तर विशेषगरी युट्युबमा राखिएका सामग्री भने आचारसंहिताले जे गर्न बन्देज लगाएको सोही विषय धेरै देखिने गरेको छ ।

बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण गर्न नपाइने भएपनि भिडियो तथा फोटो सामग्रीमा कुनै पनि प्रकारको सम्पादन नगरी जस्ताको त्यस्तै उपयोग गरेको देखिन्छ । फोटो तथा दृश्यको गलत प्रयोग गर्न बन्देज भएपनि यसबारेमा अधिकांश पत्रकारलाई जानकारी छैन । सूचना विभागबाट प्रेस पास बोकेको छु भनेर दाबी गर्नेहरूले नै व्यक्तिको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्ने खालका कुराकानी प्रस्तुत गरिरहेको देख्न पाइन्छ ।

अब पत्रकारिता क्षेत्रलाई थप बिग्रँदै जान दिने वा यसको नियन्त्रण र

व्यवस्थापनको लागि सुधार गर्दै लैजाने ? पक्कै पनि सुधार गर्दै लैजानुपर्छ । सुधार गर्ने हो भने अब पत्रकारिता गर्नको लागि आमसञ्चार तथा पत्रकारिता विषयको अध्ययनलाई अनिवार्य गर्नुपर्दछ । पत्रकारिता विषयमा कम्तिमा स्नातकसम्म अध्ययन गरेको वा मान्यता प्राप्त कुनै सङ्घ सस्थाबाट निश्चित महिना अवधिको तालिम लिएको व्यक्ति मात्रै पत्रकारितामा आउने हो भने अहिले पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरू आधाउधी समाधान हुन्छ, बाँकी समस्या समाधानको अरू उपाय अपनाउन सकिएला ।

आमसञ्चार तथा पत्रकारिताका विज्ञ भानुभक्त आचार्य अहिलेको समयमा पत्रकार बन्न चाहनेले कम्तिमा यसको मूल्य मान्यताको बारेमा सिकेर, जानेर आउनुपर्ने धारणा राख्नुहुन्छ । "हो, पहिले पहिले पत्रकारिताको बारेमा नपढेर, नबुझेर पनि कतिपय पत्रकार बने तर समयक्रमअनुसार अब भने यसको अध्ययन र पत्रकारिता पेसा अनिवार्य नै भएको छ" आचार्य भन्नुहुन्छ ।

जसरी एउटा डाक्टरले म अभ्यास गरिगरि नै डाक्टर बन्छु भन्न मिल्दैन, अन्य पेसामा पनि पहिले म अभ्यासबाटै सिकेर म काम गर्छु भन्न मिल्दैन, ठिक त्यसैगरी पत्रकारितामा पनि मिल्दैन । आचार्य भन्नुहुन्छ, "यसरी पत्रकारिता गर्नेले पत्रकारिता क्षेत्र फोहोर बनाउने मात्रै हो । पत्रकार बन्न चाहनेले यसका आधार भूत मूल्य मान्यता जान्नै पर्छ, तटस्थताको मान्यतामा अडिग हुनुपर्छ, सन्तुलित समाचार लेख्नुपर्छ, सत्य तथ्यमा अडिग रहनुपर्छ भने दबाब र प्रभावमा पर्नुहुँदैन, यति कुरा बुझ्नको लागि पनि उसले अध्ययन त गरेकै हुनुपर्छ ।"

पत्रकारिता गर्छु भनेर यो क्षेत्रमा होमिने पत्रकारले अनिवार्यरूपमा आफ्नो क्षेत्रको अवस्थाको बारेमा जान्नैपर्छ । त्यसको लागि अध्ययन निःशर्त छ । कुनै पनि पत्रकारलाई अन्य सारा विषयमा मलाई जानकारी छ तर आफ्नै पेसा र पेसागत मर्यादाको बारेमा जानकारी छैन भन्ने छुट हुँदैन र हुनुहुँदैन । र, आगामी दिनमा पत्रकारिता जानेका, बुझेका र अध्ययन गरेका व्यक्ति मात्रै पत्रकार हुने व्यवस्था बनाउन सकिएको खण्डमा पत्रकारिताको क्षेत्रमा देखिएका विकृति हट्ने छ । अनि पत्रकारितामा आफ्नो जीवन खोजिरहेका म जस्ता पत्रकारहरूले भविश्यमा पत्रकार बन्न पढ्नु पर्दैन ? भन्ने प्रश्नको जवाफ बाङ्गो, टिङ्गो तवरले दिइरहनुपर्ने छैन ।

(लेखक सामुदायिक सूचना नेटवर्क सीआइएनमा कार्यरत हुनुहुन्छ ।)

***

बलात्कारका समाचार र न्यूनीकरणको बहस



अजवी पौड्याल

इन्टरनेटको बढ्दो प्रयोग र त्यसका माध्यमबाट विभिन्न यौनजन्य सामग्रीको सम्प्रेषणले पनि समाजमा यौनिक विकार उत्पन्न गरेको छ । इन्टरनेटमा अश्लील सामग्रीसम्मको पहुँच, पोर्न साइटमा सजिलै एक्सेस हुँदा पनि बलात्कारका घटना बढेको देखिन्छ ।

ललितपुरकी एक १८ वर्षीय किशोरी ललितपुर प्रहरी परिसरमा धाउन थालेको एक हप्ता बढी भयो । तर अहिलेसम्म उनको जबरजस्ती करणी उद्योगको जाहेरी प्रहरीले दर्ता गर्न मानेको छैन । उनलाई ललितपुरकै एक सैलुनमा काम गर्ने पाण्डे थरका एक युवकले गत कार्तिक २७ गते जबरजस्ती करणी प्रयास गरेका थिए । घटनामा उनको लुगा च्यातिएको थियो । शरीरका भित्री अङ्गमा चोट लागेको थियो । स्तन ट्युमरको समस्यासमेत भएकी बिरामी युवतीले प्रहरीमा गएर चोट देखाइन्, च्यातिएका लुगा र अन्य प्रमाण देखाइन् । युवकले धम्काउदै लेखेका म्यासेज देखाइन् । जिन्दगी नै बर्बाद गरिदिन्छु भन्दै बोलेका अडियो सुनाइन । तर अहिलेसम्म उनको जाहेरी दर्ता भएको छैन् । पीडित किशोरी भन्छिन्, “हरेक दिन प्रहरी कार्यालय धाउँदा धाउँदा म झन् समस्यामा परे । मुद्दा हेर्ने प्रहरी अधिकृतले तिमी अनाथालयमा जाऊ न, किन आएको ? भन्दै प्रश्नसमेत गरे । महिला आयोगमा समेत उजुरी दर्ता गरँ, कहींबाट सहयोग भएन । ममाथि भएको घटनालाई सबैले मजाक बनाए ।” ललितपुर प्रहरी परिसर मुद्दा शाखाका डिएसपी दीपक भारतीका अनुसार जबरजस्ती करणी उद्योगमा लेखिएको जाहेरीको बेहोरा नमिलेकाले दर्ता नगरिएको हो । “पीडकलाई पकाउ

गरी अभ्रद व्यवहारमा अनुसन्धान गरिरहेको छौं" उनले भने । तर पीडित किशोरी भने प्रहरीले नै घटनाका आरोपितलाई छुटाउन लागिपरेको बताउँछिन् ।

गत मङ्सिर १४ गते दक्षिणकालीमा एक १५ वर्षीय किशोरीमाथि जबर जस्ती करणी भयो । घटनामा संलग्न भएको आरोपमा धनुषाका २२ वर्षीय जितबहादुर बुढाथोकीलगायत २ जनालाई प्रहरीले पक्राउ गऱ्यो । बालिकालाई रोकिराखेको टिपरमा लगेर बुढाथोकीले जबरजस्ती करणी गरेका थिए ।

१७ वर्षीय किशोरीलाई बलात्कार गरेको आरोपमा मङ्सिर १२ गते वीरगन्ज ७ रामटोलका २१ वर्षीय विक्रम पटेल पक्राउ परे । प्रहरीका अनुसार उनले किशोरीलाई विवाह गर्ने प्रलोभन दिएर बलात्कार गरेका थिए ।

प्रहरी प्रधान कार्यालयले दिएको पछिल्लो तीन वर्षको तथ्याङ्कअनुसार २ हजार १ सय ३९ वटा जबरजस्ती करणी उद्योगका घटना घटे । ६ हजार ७ सय ९५ वटा जबरजस्ती करणीसम्बन्धी अपराध घटेको थियो । तीन वर्षमा महिला तथा बालबालिकाविरुद्ध भएका अपराधको सङ्ख्या ५१ हजार २ सय ५८ रहेको छ । यही अवधिमा ३८ हजार ३ सय ७५ वटा घरेलु हिंसाका घटना घटे । महिला तथा बालबालिकाविरुद्ध हुने सबैभन्दा धेरै घटना घरेलु हिंसा र जबरजस्ती करणी रहेको तथ्याङ्कले पुष्टि गर्छ ।

यस्तै राष्ट्रिय महिला आयोगका अनुसार महिला आयोगको टोल फ्रि नम्बर ११४५ मा पछिल्लो पाँच वर्षमा १५ हजार ५ सय ४७ वटा महिला हिंसाका उजुरी प्राप्त भएको छ । जसमध्ये ५ हजार ५ सय १५ वटा दर्ता भएका घटनाका समाधान भएको छ ।

"महिला तथा बालबालिका घरबाटै नै बढी हिंसामा पर्ने गरेको देखिन्छ । आफन्त तथा घरबाटै हिंसामा पर्ने भएकाले पनि घरेलु हिंसा पूर्णतया रोक्न सकिएको छैन" नेपाल प्रहरीका प्रवक्ता बसन्त कुँवर रक्षक नै भक्षक हुने हुँदा महिला तथा बालिका माथिको हिंसा बढिरहेको बताउँछन् । घर परिवार पनि महिलामैत्री हुन सकेको छैन ।

'घरबाटै सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' भन्ने नाराका साथ नेपालमा १६ दिने महिला हिंसा विरुद्धको १६ दिने अभियान केही हप्ताअगाडि सम्पन्न भयो । हरेक वर्ष मनाइने यो अभियानले भने बालिका बलात्कारका घटना रोक्न सकेन ।

महिला आयोगले यही अभियानकै लागि विभिन्न गोष्ठी सेमिनार गरेर बजेट खर्च गऱ्यो । यस्तै विभिन्न एनजिओ तथा आइएनजिओले पनि मोटै रकम सिध्याए । माथि उल्लिखित घटनाकी पीडित १८ वर्षीय किशोरी महिला आयोगमा पनि गएर उजुरी दर्ता गराएकी थिइन् । हामीले सहयोग गर्छौं भनेर आश्वासन दिएको आयोगले त्यसपछि फ्लोअप गरेन । बलात्कार आरोपी अहिले ५ हजार

धरौटी बुझाएर छुटिसकेका छन् । पीडित किशोरी भयरहित वातावरणमा जिउन सकेकी छैनन् ।

बालिकामाथि बलात्कारका घटना बढ्दै जानुमा समाजमा बढ्दै गइरहेको विकृति र विसङ्गति पनि प्रमुख कारण हो । बढ्दो इन्टरनेटको प्रयोग र त्यसका माध्यमबाट विभिन्न यौनजन्य सामग्रीको सम्प्रेषणले पनि समाजमा यौनिक विकार उत्पन्न गरेको छ । इन्टरनेटमा अश्लील सामग्रीसम्मको पहुँच, पोर्न साइटमा सजिलै एक्सेस हुँदा पनि बलात्कारका घटना बढेको देखिन्छ । लगातार अश्लील साइट सर्च गर्ने युवा मनोरोगी देखिने गरेका छन् । यसको सिकार नजिकका दिदी बहिनी, आफन्त छिमेकी, बालिका र किशोरी हुने गरेका छन् । बालिकामाथि हुने बलात्कारका घटनामा धेरैजसो आफन्त तथा नजिकका मान्छे संलग्न हुने गरेको तथ्याङ्कले बताउँछ ।

समाजमा हुने बलात्कारका घटनामा दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही प्रक्रिया ढिलो हुने र कतिपय घटनामा उन्मुक्ति दिने गरिएकाले पनि यस्ता घटनाको न्यूनीकरण हुन सकेको छैन । हाम्रो जस्तो विकासोन्मुख देशमा बलात्कार घटनाको अनुसन्धानमा नयाँ नयाँ प्रविधि प्रयोग गर्न सकिएको छैन । घाउ, चोट र स्वास्थ्य परीक्षणलाई मात्र प्रमाण मानेर प्रहरीले अनुसन्धान गर्ने गरेको छ । प्रमाणको अभावमा धेरै पीडितहरूले न्याय पाउन सकेका छैनन् ।

कतिपय घटनामा पीडकलाई राजनैतिक पार्टीको संरक्षण हुने हुँदा अनुसन्धानमा प्रहरीलाई राजनैतिक दबाबसमेत हुने गरेको देखिन्छ । यसले गर्दा घटनाको निष्पक्ष छानबिन हुन सकेको छैन । पैसा र पावरवाला व्यक्तिले प्रहरी अनुसन्धान र अदालतको फैसलामा समेत प्रभाव पार्न सक्ने हैसियत बनाएका हुन्छन् । कतिपय घटनामा पीडितलाई नै डर धाक धम्की दिएर घटना ढाकछोप गरेको देखिन्छ । पीडित नै 'होस्टाइल' हुने बयान फेर्ने गरेका उदाहरण पनि प्रशस्तै छन् ।

समाजमा नैतिक शिक्षाको अभाव तथा फितलो कानुन कार्यान्वयनका कारण पनि यस्ता घटना बढ्ने गरेका छन् । अपराधिक मानसिकताबाट नै हुर्किरहेका मानिसमा गलत व्यवहार देख्न सकिन्छ । कानुनको बारेमा अनभिज्ञ हुँदा पनि अपराध बढिरहेका छन् । विद्यालय स्तरको पाठ्यक्रममा नै सामान्य कानुनी शिक्षा समावेश गर्न जरुरी देखिन्छ । परिवारमा नैतिक अनुशासन, धार्मिक तथा मानवीय आस्था बढाउन जरुरी छ ।

बालिकालाई पनि सुरक्षित बनाउनेतर्फ समाज, अभिभावकदेखि आमसमुदायले चनाखो र सचेत हुन जरुरी देखिन्छ । आत्मरक्षाका सिप, जानकारी तथा यौन शिक्षा आजको आवश्यकता हो । हुर्किंदै गरेका बालिकाहरूमा बढ्दो उमेरका कारणले उनीहरूमा आउने शारीरिक परिवर्तन र यसले व्यक्तिको मानसिक

सोचमा आउने परिवर्तनको बारे घरपरिवारमा नै छलफल हन आवश्यक छ ।

शारीरिक परिवर्तनले आएको उतारचढावको कारण र अन्य विभिन्न प्रलोभनमा परेर पनि बलात्कारको सिकार हुने गरेका देखिन्छ । आर्थिक र पारिवारिक तनाव भोगेका बालिकाहरू प्रलोभनमा पर्दा कतिपय ठाउँमा यौन हिंसाको सिकार भइरहनु परेको छ ।

बालिकामाथि हुने बलात्कारका घटना न्यूनीकरण गर्नका लागि राज्यले कडा कानुनी संरचना निर्माण गर्नु जरुरी देखिन्छ । अर्कोतर्फ विद्यालय तहदेखि नै नैतिक र कानुनी शिक्षाको ज्ञान सबैमा दिनु आवश्यक रहन्छ । त्यस्तै राज्यका निकायले पनि विभिन्न खालका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी देखिएको छ ।

देशभरका विद्यालयहरूमा विद्यालय तहमा नै अध्ययनका क्रममा बालबालिकाहरूमा कानुनी विषयमा जानकारी दिने हिसाबले औपचारिक तथा अनौपचारिक कार्यक्रम सञ्चालन गर्न सकियो भने केही प्रभावकारी बन्न सक्छ । गाउँ ठाउँमा सचेतना फैलाउन जरुरी छ । अभिभावकले पनि यसमा चनाखो र सजग हुन सकेमा त्यसले पनि मद्दत पुग्न सक्छ । सामाजिक रूपान्तरणका लागि भइरहेका विभिन्न प्रयासहरूलाई थप प्रभावकारी बनाएर लैजान सक्यो भने त्यसबाट पनि न्यूनीकरणमा ठुलो टेवा पुग्न सक्छ ।

बालबालिकाका क्षेत्रमा क्रियाशील रहेका विभिन्न सङ्घ संस्थाहरूले पनि बलात्कारका घटना न्यूनीकरण कसरी गर्न सकिन्छ भन्नेतर्फ ठोस कार्ययोजना बनाएर जान सक्छन् । यसका लागि उनीहरूले गाउँ तहसम्ममा नै सचेतनामूलक कार्यक्रम सञ्चालन गरेर लैजान सक्रियता देखाउने र यसतर्फ राज्यलाई पनि नीति नियम बनाएर जान सल्लाह दिनुपर्दछ ।

अर्कोतर्फ विद्यालय तहबाट नै बालिकाहरूलाई आत्मसुरक्षा तालिमका लागि तयारी गरेर अघि बढ्नुपर्छ । यो आत्मरक्षा तालिमका माध्यमबाट पछिल्लो समय धेरै बालिकाहरूमा राम्रो प्रभाव पनि देखिएको छ । त्यसैले विद्यालय तहमा सबै बालिकाहरूलाई आत्मरक्षा गर्न सक्ने खालका तालिम दिनेतर्फ पनि विद्यालयले ध्यान दिनुपर्छ ।

त्यस्तै बालबालिकाहरू नै समावेश भएर समाजमा सचेतना फैलाउनका लागि विभिन्न बाल क्लव गठन गरेर त्यसका माध्यमबाट पनि रूपान्तरणका विभिन्न कामहरू अघि बढाउन सकिन्छ । मानिसको सोच र धारणा परिवर्तन प्रमुख पाटो भएकाले पनि यसतर्फ पनि सबैले ध्यान दिएर त्यस्ता खालका कार्यक्रम सञ्चालन गरेर जान सकियो भने पनि समाजमा बढिरहेको बलात्कारका घटनाहरू नियन्त्रण र न्यूनीकरण गर्नका लागि ठुलो मद्दत पुग्ने देखिन्छ ।

बालबालिकाहरूलाई पढ्ने उमेरमा धेरै जसो अभिभावकले मोबाइल फोन

प्रयोगको सहजता गरिदिने गरेका कारणले पनि केही घटना देखिने गरेका छन् । मोबाइलमा विभिन्न पोर्न सामग्रीहरू हेर्न थाल्ने र त्यसको लत बस्नै जाँदा उनीहरूमा यौन आवश्यकता पुरा गर्नका लागि बलात्कार गर्नेसम्मको गम्भीर अपराधमा पर्न सक्ने जोखिम पनि बढिरहेको छ । यसका लागि अभिभावक नै जिम्मेवार हुनुपर्दछ । आफ्नो बालबालिकाहरू कुलत र कानुनले गलत ठहऱ्याएका काममा संलग्न हुन नदिनका लागि उनीहरूमाथि निगरानी बढाउनु जरुरी देखिन्छ । कोभिडको समयमा अनलाइन शिक्षाको नाममा मोबाइल र इन्टरनेट धेरै बच्चाहरूको एक्सेसमा पुग्यो । इन्टरनेट प्रयोगलाई धेरैले मिसयुज गर्न थालेका छन् । सानै उमेरदेखि सामाजिक सञ्जालमा उपस्थिति जनाउन थालेका छन् । अभिभावक तथा बुबाआमाले बच्चाहरूमा निगरानी बढाउन अति आवश्यक छ । पढाइको लागि भनेर किनिदिएको मोबाइल फोनले नै हिंसा निम्ताउन सक्छ । हामीले हुर्काउँदै गरेको छोरीप्रति सजक भएर व्यवहार गर्न अति आवश्यक छ । छोरालाई पनि हुनसक्ने घटना र अन्य छोरीचेलीमाथि गर्ने सही व्यवहारबारे गाइड गर्न जरुरी छ ।

(लेखक अन्नपूर्ण पोष्ट दैनिकमा कार्यरत पत्रकार हुनुहुन्छ ।)

***

पत्रकार महिलालाई झन् सकस

कोभिडका कारण मिडिया हाउस बन्द हुँदा पनि महिला पत्रकार नै बेरोजगार भएका छन् ।



रेजिना गौतम

सानैदेखि सञ्चार क्षेत्रलाई पेसाका रूपमा अपनाउने इच्छा र चाहना बोकेकी झापा शनिश्चरेकी पारु लोहार आफ्नै गाउँमा रेडियो स्टेशन स्थापना भएपछि अझ उत्साहित हुनुभयो । आफ्नो चाहनाअनुसार सोही रेडियोले आयोजना गरेको तालिम लिएर कार्यक्रम प्रस्तोताका रूपमा रेडियोमा प्रवेश गर्नुभयो । रेडियोमा प्रवेश गरेसँगै कार्यक्रम प्रस्तुत गर्नु त छँदै थियो, कार्यक्रम उत्पादन र रेडियोको मुख्य पार्टका रूपमा मानिने प्राविधिक पक्ष पनि त्यहीँ सिक्नुभयो । काम सिक्दै र जान्दै गएपछि जिम्मेवारी पनि थपियो । जिम्मेवारी थपिएपछि खटाई बढी त स्वाभाविकै हो । प्राविधिक, प्रस्तोता र कार्यक्रम उत्पादक समेतको जिम्मेवारी पाएपछि खटाई धेरै तर पारिश्रमिक नगन्य भयो, रेडियोको उत्पादनले उहाँको गर्जो टरेन ।

कमजोर आर्थिक अवस्थाका कारण घर धान्न कठिन पर्न थाल्यो, 'काम छोडेर अर्कैतिर लागौँ भने त्यसैमा भविष्य खोज्ने रहर झनै अन्योलमा पऱ्यो' उहाँले भन्नुभयो । बिर्तामोडमा निकै वर्ष अघिदेखि सञ्चालित रेडियोबाट बोलाएपछि उहाँ घर नजिकको रेडियो छोडेर बिर्तामोडको एक रेडियोमा प्राविधिक भएर धाउन थाल्नुभयो । शनिश्चरेको तुलनामा धेरै वर्ष अघिदेखि सञ्चालित बिर्तामोडको

रेडियोको आर्थिक अवस्था अलि राम्रो होला, जिम्मेवारीअनुसारको पारिश्रमिक पाइएला भन्ने सोचे पनि उहाँले आँगनकै रेडियोको जत्तिको पनि पाउनुभएन । उहाँले भन्नुभयो, 'आवतजावतमै पनि समस्या हुन्थ्यो, '८ घण्टा काम गऱ्यो खानै नपुग्ने समस्या भयो, आउँदा जाँदा भाडा तिर्न पनि हम्मे हम्मे पर्थ्यो ।'

दुईवटा रेडियोमा काम गर्दा दुवै ठाउँबाट आशालाग्दो अवस्था नपाएपछि मन भएर पनि काम छोडेर घरैमा बस्नुभएको थियो । रेडियो प्राविधिकको सीप भएकी पारुलाई त्यत्तिकै बस्न कहाँ दिन्थे र ! काँकरभिट्टामा सञ्चालित रेडियोले तलबका साथै खान बस्नको समेत व्यवस्था गर्ने प्रतिवद्धतासहित काँकडभिट्टाको रेडियो स्टेशनमा पुग्नुभयो रेडियो प्राविधिकका रूपमा । पटक पटक अवसर पाएपनि ती अवसरहरूले लाभ दिन सकेनन् । मेहनतका साथ १८ घण्टासम्म परिश्रम गरे पनि उचित पारिश्रमिक पाउन सक्नुभएन । काँकडभिट्टामा हुँदा त जम्मा ६ घण्टामात्र सुत्न पाउँथे, १८ घण्टा खट्नुपर्थ्यो, खटाइ धेरै पारिश्रमिक नहुने, दिँदा पनि अत्यन्तै न्यून दिने ।' समयले कतिञ्जेल साथ दिन्छ र ! पारुको टाउकामा १८ घण्टाको रेडियो प्राविधिकको जिम्मेवारी त छँदैथियो, आमालाई रोग लाग्यो औषधि खुवाउनुपर्ने भयो, भाइको दुवै मृगौला फेल भएको पत्ता लाग्यो, जेठी छोरी, उनीमाथि घरतिरको जिम्मेवारीको चाङ चुलियो ।

पारिश्रमिक नपाउनुको पीडासँगै घरमा समस्याको पहाड चुलिँदै गयो । तनाव पनि थपिँदै गयो । खटाइअनुसार पारिश्रमिक दिएर रेडियो सञ्चालकले समस्यामा मल्हमपट्टी गर्छन् कि भन्ने सोच्ने उहाँमाथि त्यसको ठिक विपरीत हुन थाल्यो । हाल वैदेशिक रोजगारीमा रहेकी पारुले भनिन्, 'पारिश्रमिक दिनुको साटो जातीय हिंसाजन्य शब्द प्रयोग गरेर गाली पो गर्न थाले ।' उहाँले थप्नुभयो, 'तनावमा कहिलेकाहीं सानो गल्ती भयो भने पनि कहिले माथि उठ्न नसकेका, बेहोरा देखाउँछौ, जात जनाउँछौ लगायत के के हो के के ?' स्टेशनभित्र पसेपछि त्यहीँ बन्धकझैँ बनेकी उनलाई गाली सुनेर आत्महत्या गर्नेसम्मको अवस्थामा पुगेको बताउँदै पारुले भन्नुभयो, 'रातदिन नभनी १८/१८ घण्टासम्म बाहिरसम्म ननिस्की काम गऱ्यो पारिश्रमिक दिने बेलामा जातसँग जोडेर गाली सुन्न परेपछि रेडियोमै आत्महत्या गर्न पनि खोजें' कति तुच्छ वचनहरू सुन्न पऱ्यो, अहिले सम्झन पनि सक्दिनँ ।' उहाँले थप्नुभयो, 'कसो कसो साथीहरूसँग सेयर गर्न सकें र उनीहरूले सम्झाएर बाँचें । घरकै समस्या टार्नका लागि हाल खाडीमा पसिना बगाउँदै गरेकी पारुको इच्छा अझै पनि स्वदेश फर्किएर सञ्चार क्षेत्रमै काम गर्ने छ । उहाँले भन्नुभयो, 'समस्या समाधान गर्दै लगौं, विदेशमा बगाएको पसिनाले भाइको मृगौला फेरियो अहिले जाति हुँदैछ, विदेशकै कमाइले घर बनाएँ, आमालाई औषधी खुवाउनु त छँदैछ, तर पनि सन्तुष्ट छु, व्यवहार मिलाइसक्न लागौं, स्वदेश फर्केपछि फेरि पनि सञ्चारकर्ममै फर्कने सोचमा छु ।' उहाँले

पसिना बगाएको विदेशी भूमिमा पनि विभिन्न सङ्घ/संस्थाले कार्यक्रम चलाउन भने पनि १२ घण्टासम्म काममा खट्नु परेकोले तत्काल सम्भव नभएको उहाँले बताउनुभयो ।

धुलाबारीमा सञ्चालित रेडियोको समाचार शाखामा कार्यरत शारदा खवास ३ वर्षअघि विदेसिनुभयो । सञ्चार माध्यमको सबैभन्दा महत्वपूर्ण पाटो समाचार कक्षको जिम्मेवारी सम्हाल्दै आउनुभएकी उहाँ आर्थिक अभावकै कारण विदेशिनु परेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'सञ्चार क्षेत्र त्यसमा पनि समाचारजस्तो मुख्य फाँटमा काम गर्दैगर्दा विदेसिनुको मुख्य कारण त आर्थिक पक्ष नै हो ।'

सञ्चार क्षेत्रप्रति बाल्यकालदेखि रूची देखाउने खवास सानो छउञ्जेल रेडियोमा फोन गरेर तथा पत्र पठाएर सहभागिता जनाउनुहुन्थ्यो रे । 'सानैदेखि लगाब थियो, त्यही भएर स्कूले जीवनपश्चात् सञ्चार क्षेत्रमा प्रवेश गरें ।' सञ्चारमा रोजगारी पाउनुभएकी उहाँले खटाइअनुसारको पारिश्रमिक पाउनै कठिन भएको बताउँदै भन्नुभयो, 'खटाइअनुसारको आम्दानी नहुने, तलब समयमा नदिने, सेवा सुविधा नहुने समस्या त छँदैछ, यही अवस्थामा सञ्चार क्षेत्रमा भविष्य पनि नदेखेका कारण बाल्यकालदेखिको रोजाइ छोडेर विदेसिनु परेको छ ।'

सञ्चार क्षेत्रको लगभग ७/८ वर्षको अनुभव सङ्गालेकी उनी अन्य क्षेत्रमा जस्तै सञ्चारमा काम गर्न पनि कि त चाकडी गर्न जान्ने या त आर्थिक रूपमा अब्बल भएमात्र दीर्घकालीन रूपमा टिक्न सकिने बताउँदै भन्नुहुन्छ, 'झापाका सञ्चार माध्यममा दिगोरूपमा काम गर्न कि त आर्थिक रूपमा अब्बल हुनुपऱ्यो कि त चाकरी गर्न मज्जाले जानेको हुनुपऱ्यो ।' मिडिया हाउसमा समाचारको जिम्मेवारी सम्हाल्दा सम्हाल्दै वैवाहिक जीवनमा बाँधिनुभयो उहाँ । छोरी हुँदा जुनसुकै काममा समय दिन जति सजिलो हुन्छ बुहारी भएपछि केही न केही जिम्मेवारी बढ्नु स्वाभाविकै हो । शारदाको दैनिकीमा पनि बुहारीको जिम्मेवारी थपियो । 'बुहारी भएपछि जिम्मेवारी बढ्नुका साथै भविष्यका बारेमा पनि सोच्नुपर्ने भएपछि विदेसिएँ ।' उहाँ भन्नुहुन्छ, 'सञ्चार क्षेत्रमा भविष्य नदेखेपछि विदेशिनु बाध्यता बन्यो, आफ्नो लगाव भएको क्षेत्रमा विदेशबाट फर्केपछि केही गर्छु भन्ने सोचमा छु ।' हाल उहाँ कतारमा दैनिक १० घण्टासम्म पसिना बगाउँदै सुनौलो भविष्यको सपना देखिरहनुभएको छ ।

गत वैशाखमा वैवाहिक सम्बन्धमा बाँधिएकी शान्तिनगरकी नविना कुईकेलले विवाहको कुरा चलिरहँदा सम्बन्ध जोडिनुअघि केटा पक्षलाई आफ्नो पेसाबारे बताउनै सक्नुभएन । पत्रकारिता पेसाप्रति गहिरो झुकाव रहेपनि परिश्रमअनुसार आम्दानी नहुने, नयाँ बुहारी भएर घर जानेबित्तिकै पेसागत दृष्टिले घरबाहिर निस्कनुपर्ने कुरालाई केटा पक्षले स्वीकार गर्दैनन् होला भन्ने लागेर पेसाबारे कुरै नगरेको उहाँ बताउनुहुन्छ । 'विगत ६ वर्षदेखि प्रतिवद्धताअनुसार पारिश्रमिक

पाउँदै आएपनि बिहेका लागि मन परेको पेसालाई तिलाञ्जली नै दिनुपऱ्यो' उहाँले भन्नुभयो, 'धेरै हिँड्नुपर्ने, तुलनात्मक रूपमा आम्दानी कम हुने पत्रकारिता पेसाप्रति ममीको भन्दा बाबाको बढी समर्थन थियो, पत्रकारिता गर्छु भनेकै कारण त्यसअघि निर्णयको अन्तिम चरणमा पुगेको बिहेको कुरा रद्द पनि भएको थियो, त्यही कारण ममीले मेरो लागि पनि तेरो पेसाको कुरै नगर छोरी भनेपछि चुप लागेँ ।' उहाँले थप्नुभयो, 'श्रीमान्लाई आफैँ बुझाउँछु र पुनः पेसामा फर्किन्छु भन्ने लागेको थियो, बुझाएँ पनि, अहिले काम गर त भन्नुहुन्छ तर काम गरिरहेको मिडिया छोडेँ, नयाँमा काम पाउन कठिन भइरहेको छ ।'

सञ्चारमा लैङ्गिक समानताका कुरा गरिरहँदा महिला सञ्चारकर्मीले सञ्चार माध्यम, समाज र परिवारको जिम्मेवारीलाई व्यवस्थापन गरेर पत्रकारिता गर्न कत्तिको चुनौती छ ? भन्ने प्रतिकात्मक उदाहरण मात्र हुन् यी ।

महिला पत्रकारका लागि सञ्चार माध्यमहरूमा अवसर प्राप्त भएको देखिएपनि

'महिला पत्रकारहरूले कसैलाई तेल हालिदेऊ भन्न सक्दैनन्, मिडिया हाउसले दिने पारिश्रमिकबाहेक कुनै पनि तरिकाले अतिरिक्त आम्दानी गर्न नसक्दा पारिश्रमिकको पीडा पुरूषलाई भन्दा महिला सञ्चारकर्मीलाई नै बढी हुन्छ ।'

सन्तुष्ट हुने अवस्था भने नरहेको झापाका पत्रकार महिलाहरूको छाता सङ्गठन नारी सञ्चार गृह झापाकी अध्यक्ष भिमा शिवाकोटीले बताउनुभयो । पुरुषको तुलनामा समाचार फाँटमा महिलाको सहभागिता कमजोर रहेको बताउँदै उहाँले भन्नुभयो, 'कलेज पढ्न आएकाहरूले सञ्चार क्षेत्र रोज्ने गरेका छन् । सञ्चारमा टिक्ने आधार कमजोर रहेको बुझेपछि र अन्यत्र राम्रो छ भन्ने लाग्नेबित्तिकै मोडिने गरेका छन् । पत्रकारिताकै माध्यमबाट जीविकोपार्जनको बाटो नदेखेकै कारण बिहेपछि धेरै महिला पत्रकार पलायन हुन्छन् ।' केहीवर्ष अघिसम्म रेडियो, टेलिभिजनका मनोरञ्जनात्मक कार्यक्रममा किशोरीहरूको बढ्दो मोहप्रति पछिल्लो समय कमी आएको छ । सञ्चार माध्यम सञ्चालकहरूले काम दिएपनि समयमा पारिश्रमिक नदिँदा त्यसको बढी असर महिला सञ्चारकर्मीमा पर्ने अध्यक्ष शिवाकोटी बताउनुहुन्छ । 'महिला पत्रकारहरूले कसैलाई तेल हालिदेऊ

भन्न सक्दैनन्, मिडिया हाउसले दिने पारिश्रमिकबाहेक कुनै पनि तरिकाले अतिरिक्त आम्दानी गर्न नसक्दा पारिश्रमिकको पीडा पुरुषलाई भन्दा महिला सञ्चारकर्मीलाई नै बढी हुन्छ ।' त्यसो त सञ्चार माध्यमले पनि महिलालाई अवसर दिने सवालमै पनि बहाना बनाउने उहाँको भनाइ छ । 'क्षमता भएको विवाहित महिला भए घरव्यवहार धानेर काम गर्छन् के भनेर पत्याउँदैनन्' शिवाकोटीले थप्नुभयो 'अविवाहितलाई बिहे गरेर अन्त जान्छे भनेर पत्याउँदैनन् यही कारण पनि सञ्चारमा समावेशी सहभागिताको सवाल गौण बनेको छ ।'

अरू पेसा व्यवसायमा महिलाको सङ्ख्या न्यून भयो भनेर खबरदारी गर्ने व्यवसायका हामीले नै पत्रकारिता क्षेत्रमा लैङ्गिक सहभागिता लागु गर्दैनौं । रेडियो, टेलिभिजनमा महिलाको आवाज चाहिने हुँदा मात्र उनीहरूको उपस्थिति अलिक बाक्लो छ । पत्रपत्रिका र अनलाइनमा हेर्ने हो भने नगन्य सङ्ख्यामा महिला पत्रकारहरू क्रियाशील छन् । पत्रकारितालाई पेसा बनाएर अगाडि बढ्ने महिलाहरूको भविष्य सुनौलो छ । महिला पत्रकारले आफूलाई अझ निखार्न आवश्यक रहेको राष्ट्रिय समाचार समिति मेचीका प्रमुख अम्बिका भण्डारी बताउनुहुन्छ । आफ्नो क्षमतालाई अब्बल बनाउन सके अवसरहरू खोज्दै आउने बताउँदै उहाँ भन्नुहुन्छ, 'आफूमाथि आइपर्ने चुनौतीहरूको सामना गर्न तयार हुनुपर्छ, लहडको भरमा पत्रकारिता गर्न सकिँदैन ।'

सबै कामहरूमा चुनौती हुने भएपनि पत्रकारिता अन्यभन्दा अझ चुनौतीपूर्ण पेसा हो । दोहोरोतेहरो जिम्मेवारीका कारण पत्रकारितामा महिलाले पुरुषको जस्तो स्वतन्त्र भएर काम गर्न सक्ने अवस्था नरहेको बताउँदै भण्डारी भन्नुहुन्छ, 'महिलाले नै ठेक्का लिएजस्तो मानिएको घरव्यवहार व्यवस्थापन गरेर पुरुषसरह कार्यक्षेत्रमा निस्कनुपर्दा समस्या हुन्छ ।' सङ्ख्यात्मक रूपमा सञ्चार माध्यम बढेपनि जिम्मेवार ठाउँमा महिलाहरू पुग्न नसकेको बताउँदै उहाँ थप्नुहुन्छ, 'सञ्चारसंस्था महिलामैत्री बन्न नसक्दा काम गर्न झन् चुनौतीपूर्ण छ, महिलाहरूलाई कार्य दक्षतामा प्रश्न उठाएर पुरुष सहकर्मीसरह तलब नदिने, साधन स्रोतको अभावमा महिलाले भन्नेबित्तिकै कार्यक्षेत्रमा जान नसक्ने अनेकौं समस्या छन् ।'

मोफसलमा पहिलोपटक पत्रकार महिलाहरूलाई सङ्गठित गरेर उनीहरूको क्षमता अभिवृद्धि गर्ने काममा नारी सञ्चार गृह झापाले विगत ९ वर्षदेखि काम गर्दै आएको छ । संस्थामा हाल झण्डै ५० जना महिलाहरूको सहभागिता छ तर सबै पत्रकारितामा क्रियाशील छैनन् । कोही विवाहपछि निस्क्रिय बनेका छन् । कतिपय अध्ययन र कामकै सिलसिलामा राजधानी र वैदेशिक रोजागरीमा छन् । कोभिडका कारण मिडिया हाउस बन्द हुँदा पनि महिला पत्रकार नै बेरोजगार

भएका छन् । तर जति छन् उनीहरूलाई अझ सक्रिय बनाएर दक्ष र क्षमतावान बनाउने उद्देश्य रहेको अध्यक्ष शिवाकोटीले बताउनुभयो । सोहीअनुरूप नै २५ लाख लक्ष्य राखेर अक्षयकोष स्थापना गरेको उहाँले बताउनुभयो ।

'लैङ्गिकमैत्री सञ्चारमा सङ्ख्यात्मक सहभागिता र विषयवस्तुमा समावेशी चरित्र खोजिरहँदा पछिल्लो समय रेडियो, टेलिभिजन लगायतका विद्युतीय सञ्चार माध्यममा महिला सहभागिता बढेको छ ।' नेपाल प्रेस युनियन झापाकी अध्यक्ष इन्दु पूर्वेलीले भन्नुभयो, 'समाचार प्रकाशन/प्रसारणको निर्णायक भूमिकामा महिला सहभागिता अत्यन्तै न्यून छ, जसका कारण लैङ्गिकमैत्री सवालहरू कतिबेला, कस्ता विषय 'सेन्सर' हुन्छन् ? भन्न नै सकिन्न ।' महिलाहरूले पाएको जिम्मेवारी कुशलतापूर्वक पुरा गर्ने अनुभव सुनाउने उहाँ निर्णायक तहमा महिला नभएकै कारण लैङ्गिक सवालका समाचार यथोचित प्राथमिकतामा पर्न नसकेको बताउनुहुन्छ ।

हुन त साना लगानीका स्वरोजगारमूलक सञ्चार संस्थाहरूले रोजगारीको सुनिश्चितता र समयोचित तलबको व्यवस्थापन गर्न नसक्दा महिला तथा पुरुष सञ्चारकर्मीहरूको रोजगारी सुनिश्चित हुनसकेको छैन ।

(**लेखक जनआन्दोलन साप्ताहिक झापाकी कार्यकारी सम्पादक हुनुहुन्छ ।**)

***

पत्रकारितामा महिला : प्रवेश गाह्रो, त्यसपछि झन् साह्रो

पत्रकारिता होस् वा अन्य क्षेत्र समाजमा राम्रो छवि बनाएका व्यक्तिले गरेका गलत काम जसको प्रमाण जुटाउन सकिँदैन त्यसकिसिमको हिंसाका स्वरूपबाट धेरै महिला पीडित छन् ।



पवित्रा पराजुली

सहभागिताको हिसाबले हरेक क्षेत्रमा लैङ्गिक समानता खोज्न थालिएको धेरै वर्ष भइसक्यो । अहिले पनि संविधानतः समान सहभागिता निश्चित भइसकेको छैन । हरेक क्षेत्रमा ३३ प्रतिशतको महिला सहभागिता मौखिक र सैद्धान्तिक मात्र बनेको यथार्थ सबैसामु छ । हरेक क्षेत्रका खबर, सूचना र सचेतना बाँड्ने मिडियाक्षेत्र पनि यसबाट अछुतो छैन । सञ्चार माध्यमले नियुक्त गर्ने श्रमजीवी पत्रकारमा महिलाभन्दा बढी पुरुषकै आवेदन पर्छ । नियुक्ति पनि सोही अनुपातमै हुन्छ । कथम्कदाचित् महिलाले सञ्चार माध्यममा स्थान पाए भने उनीहरूले गर्ने कर्म र कर्मअनुसारको आर्थिक मर्म बुझ्ने व्यवस्थापन त्यहाँ हुँदैन । समान काम गर्दा पनि पुरुष सहकर्मीको तुलनामा कम पारिश्रमिक लिएर काम गरेको अनुभव लगभग सबै महिला पत्रकारसँग छ । आजको आलेखमा मैले महिला भएकै कारण पत्रकारितामा कसरी स्थापित हुन सकिएको छैन केही भोगाई राख्दै छु ।

कोही रहरमा, कोही लहरमा त कोही बाध्यताले पनि पत्रकारितामा लाग्छन् महिला । सायद मजस्तै धेरै महिला पत्रकार बनेर समाज परिवर्तनमा भूमिका निर्वाह गर्ने र समाजमा पुरुषकै दाँजोमा आफू अब्बल भएको सावित गर्न यस दुनियाँमा प्रवेशको बाटो खोजिरहेका हुन्छन् । यो कुरा म आफू यसमा प्रवेश

गरिसकेपछि मेरा पछि पछि लागेका नयाँ बहिनीहरूको रहर देखेर भनिरहेकी छु । हरेक काम जोखिमपूर्ण र चुनौतीले भरिएका हुन्छन्, पत्रकारिता पेसा पनि सोचेको जस्तो सजिलो छैन । जो कोही पत्रकार हुन सक्दैनन् । रहर र लहडले यस क्षेत्रमा प्रवेश गरेर पत्रकार बन्न र भन्न आएकाहरू त यस पेसामा तीन महिनादेखि ४ महिना टिक्न पनि सक्दैनन् । जो टिकेका छन्, उनीहरू हरेकले गरेका सङ्घर्षका कथा सायद कुनै फिल्मि कहानीभन्दा फरक नहोलान् । उसो त अरू सबै पेसामा सहजै टिकिन्छ भन्ने मेरो आशय होइन । लगनशीलता, धैर्यता, सहनशीलता र दृढ विश्वास सबै पेसाका लागि उत्तिकै आवश्यक चिज हुन् ।

पत्रकारिता सिकेर सुरु गर्नु र सिक्दै गर्दै गर्नु फरक कुरा हो । पेसामा नशा भएपछि कसैको साथ नभएपनि यसमा हाम फाल्छन् धेरै सिकारु । अझ भर्खर एसइइ वा कक्षा १२ को पढाइ सकेका विद्यार्थीहरू सिक्न पनि हुने, काम पनि हुने, नाम पनि हुने भन्दै नजिकको सञ्चार माध्यममा पुग्छन् । तालिम र परीक्षण अवधि भनेर सञ्चारगृहले यस्ता विद्यार्थीलाई ठाउँ दिन्छन् पनि । यसरी आउने विद्यार्थीमा महिला पुरुष दुवै हुन्छन् । तालिम, काम र नामका लागि सञ्चार माध्यम छिरेका अधिकांशको समस्या दुई तीन महिनापछि सुरु हुन थाल्छ दामको । धेरै समय खर्चिनुपर्ने, सारा भुलेर काममा लाग्नुपर्ने, होसियारी उत्तिकै चाहिने, अन्यत्रजस्तो १०-५ को नियम लागु नहुने । अझ महिलाका लागि न बिहान र साँझ हुने, त्यसमाथि अरू आन्तरिक समस्या ।

५ वर्षदेखि त्यस्तै सिकारुका रूपमा यस क्षेत्रमा प्रवेश गरेकी मैले म भन्दा पछि आएका धेरै भाइबहिनीको भोगाइ देखेकी छु । म पाँच वर्षसम्म यस्तै सङ्घर्षसहित सिक्दैछु, गर्दैछु, रमाउँदैछु ।

सञ्चारक्षेत्रमा पनि नयाँ मान्छे, उसको उमेर, पहिरन लगायतले प्रत्यक्ष प्रभाव पर्ने रहेछ । सुरुसुरुका दिनमा म समाचार सङ्कलनको लागि पुग्दा यिनै कारणले मानिसहरू मलाई विश्वास गर्दैनथे । 'ए, तिमी पनि पत्रकार ? समाचार लेख्छ्यौ ? कति भयो काम गरेको ? कति वर्ष भयौँ ? अनि तलब कति हुन्छ ?' म फलानो मिडियाबाट भन्नेबित्तिकै एकैचोटी बर्सिने यी प्रश्न मैले केही वर्ष झेलें । यी प्रश्न मायाले सोधिन्थ्यो कि दयाले सोधिन्थ्यो ? वा केही स्वार्थले सोधिन्थ्यो ? अहिलेसम्म मेरो काममा विश्वास नगर्ने जमातलाई म यी प्रश्नको स्पष्टीकरण दिँदै हिँडे । किनकि मैले बुझेको थिए, प्रश्नदेखि भागें भने म पत्रकार बन्दिनँ । फरक यो थियो यदि मसँगै अर्को मिडियाको कोही पुरुष पत्रकार गएका हुन्थे भने यी प्रश्नको सामना उनले गर्नु पर्दैनथ्यो ।

समाचार सङ्कलनका लागि पुगेकी मलाई सूचना सङ्कलन गर्नुपूर्व नै केरकार गरिन्थ्यो । म अहिले पनि सोच्छु, मेरो काम हेरेर होइन, नयाँ केटी मान्छे र सानी मान्छे भनेर अविश्वासका प्रश्नद्धारा घेरिएकी हुन्थें । एउटा पत्रकारका

लागि उसका पाठक, श्रोता र दर्शक नै सबथोक हो । उनीहरू मैले दिने समाचारको पाठक, श्रोता र दर्शक बन्नुपूर्व नै मेरो व्यक्तिगत विषयमा चासो राख्थे र मलाई वेचैन गराइदिन्थे । घरपरिवार, बाबाआमा दाजुभाइ आदि कुरामा समेत चासो दिने उनीहरूका कुराले मलाई हदैसम्मको विचलित गराउँदथ्यो । यस्ता प्रश्नहरूमा म त्यतिखेरबाट रमाउन थाले जब मैले अब प्रश्न आएपनि समाचारको विषयभन्दा बाहिरका विषयमा जवाफ नदिने निर्णय गरे । मेरो समाचार गलत भए प्रश्न गर्न सकिन्थ्यो ? तर काम भन्दा बाहिर मेरा व्यक्तिगत कुरा अरूलाई किन आवश्यक ? समाचार नलेख्ने भए किन समाचार सङ्कलन गर्न जान्थे र म ? मैले जतिसुकै तलब पाऊँ अरूलाई के चासो ? भन्ने कुराहरू जब मस्तिष्कमा खेल्न थाले तब यस्ता प्रश्न हाँसेर टार्न थालें ।

डेक्समै समस्या हुन्छ महिला पत्रकारलाई

कुनै पनि काममा नयाँ हुँदा सिकाइको भोक बढी नै हुन्छ । अग्रजको लेख, रचना, समाचार हेरेर नै आफूलाई तयार गरेर पेसामा प्रवेश गरिएको हुन्छ । म तिनैमध्ये पर्छु । आफूभन्दा ठुलाबाट सिक्नुपर्छ, उहाँहरूलाई सम्मान गर्नुपर्छ । चिनजान गरिरहे, कुराकानी गर्दै गरे काम र सिकाइलाई सजिलो हुन्छ भन्ने कुरा पत्रकारका रूपमा डेक्समा आइसकेपछि फरक पर्दो रहेछ । समाचारको ब्रेकिङ गर्न बानी परेका दुईचार वर्षको अनुभव भइसकेका केही पत्रकारले नसिकाउँदा रहेछन् । कोही भने आफूले गर्न लागेको काम पनि नयाँलाई देखाएर सिकाउँदै गर्छन् । तर यसो गर्नेहरू चामलमा बियाँजस्तै थोरै ।

"अभिभावक सम्झेर सम्मान गरेका मान्छे पनि कस्ता कस्ता हुन्छन्, विवाह भएर घरमा छोराछोरी हुँदापनि केटीसँग मस्किनुपर्ने मस्किन नछोड्ने" एकदिन भर्खरै पत्रकार बन्ने भनेर जागिर सुरु गरेकी साथी बम्किइ । ऊ मसँग आएर कसैको रिस पोख्दैथिई, "बाहिर भने आदर्शका कुरा गर्ने, त्यस्तालाई अभिभावक सम्झेर सम्मान गर्ने म, के सिकाउँछ त्यस्ताले ?" मैले केही बुझिन् । एकछिनपछि ऊ रोकिइ, सोधैं-के भयो ? किन बम भएकी ? उसले काम सुरु गर्नुभन्दा अघिदेखिको कुरा रहेछ, एकजना पुरुष पत्रकारसँग चिनजानी गरेर आफ्नो पत्रकार बन्ने रहर सुनाएर उसैको सुझावअनुसार पत्रकारितामा हाम फालेकी उसलाई त्यही पत्रकारले नै हरेक दिन अनावश्यक व्यक्तिगत कुराका लागि फोन म्यासेज गरेर हैरान गर्दोरहेछ ।

समस्या यतिमात्र थिएन, ऊ त्यही पत्रकारको 'अण्डर'मा बसेर काम गर्दै थिइ । उसलाई त्यो पत्रकारसँग सम्बन्ध राखिराख्न मन थिएन तर डेक्समा उसैले गाइड गर्ने, ऊ सिक्दै गरेकी । न अरूलाई भनेर उम्कन सक्नु । न ऊदेखि भागेर पत्रकारिता सिक्नु र टिक्नु । उसलाई अर्को डर केटा गाउँठाउँमा

चिनिएको पत्रकार, ऊबारे कसैसँग नराम्रो गर्‍यो भन्दा उल्टै आफ्नै गल्ती ठहरिने सम्भावना । अहिले पनि यस्तो डरमा हामी महिला पत्रकार छौँ । जुन डर हामीभन्दा दशकअघि पत्रकारिता गरेका दिदीहरूले भोग्नुपरेको थियो ।

पत्रकारितामा पनि सिकाउने र सहयोग गर्ने नाउँमा व्यापक शोषण हुन्छ । जसको सिकार मेरै उमेरका कति पत्रकार महिला भएका होलान् ? कति सञ्चार माध्यममा यस्तो छ होला ? यस्ता खालमा शोषण वा हिंसाजन्य व्यवहारले पनि महिला पत्रकार नै बनेर टिकिरहन सकेका छैनन् । त्यो साथीले कतिसमय पत्रकारिता गर्ली ?

प्रायः समाचार सङ्कलन र कार्यक्रममा सँगै गइरहने साथीले एकदिन भनि, 'केही दिनअघि .... सरले घर पुऱ्याइदिन्छु भनेर बाटोमा के के भनेर अल्मल्याउन खोजे, त्यो दिन बहाना बनाएर टारेर घर पुगेँ, त्यसपछि त्यो सरसँग म बाइकमा जानै छोडिदिएँ ।' काम गर्ने कार्यालयदेखि केही टाढाको घर भएकी साथीलाई साँझ अबेला घर फर्कनेबेला पुऱ्याइदिने बहानामा ऊभन्दा माथिल्लो तहका पत्रकार 'सर'ले ऊमाथि गलत आशय राखेको बुझ्न मलाई गाह्रो भएन । दिनभर कार्यालयमा सँगै काम गरेको मान्छेलाई साँझ घर पुऱ्याइदिँदै गर्दा बाटोमै बाइक रोकेर 'एकछिन फ्रेस भएर जाऊँ' भन्ने ती पत्रकार 'सर' जस्तै कति पत्रकारसँग मेरै साथीजस्ता कति पत्रकार महिला असुरक्षित होलान् ? पत्रकारितामै जन्मे अठोट गरेकी मभित्र घरी घरी जन्मन्छन् यी र यस्ता प्रश्न ।

सुन्दा सामान्य लाग्ने तर त्यही कुराले काममा असहज भएका धेरै घटना पत्रकार महिलासँग छ । केही बोल्दा कामबाटै निकाल्ने हो कि वा अन्त काम नपाउने हो कि ? भन्ने जस्ता डर र आफूलाई विश्वास गर्न नसक्दा पनि यस्ता घटना घटिरहेका छन् । महिला पत्रकार यदि कार्यस्थल वा सहकर्मीबाट असुरक्षित, असहज महसुस भएका खण्डमा परिवारसँग समेत बताउन सक्दैनन् । सुनायो भने पत्रकाता नै छोड्न घरबाट दबाब आउन सक्छ ।

कार्यस्थलमा हिंसाजन्य व्यवहार :

भर्खर कलेज पढाइ सकेकी साथी स्थानीय टेलिभिजनमा जागिर खान थाली । पत्रकार बन्ने रुचि, गहुँगोरो वर्ण, हेर्दा राम्री उसलाई 'तिमी टेलिभिजनमा फिट हुन्छौ' भन्दै टिभीमा पुऱ्याएका थिए, त्यहीँ काम गर्ने अर्का पत्रकारले । पछि बिस्तारै बिस्तारै काममा लगाइदिएको बहानामा ती पत्रकारले मेरी साथीसँग अनावश्यक गफ गर्न र व्यक्तिगत जीवनमा चासो दिन थाले । कार्यालयमा काम गर्दै गर्दा होस् वा बिदाको दिन अनावश्यक भिडियो पठाउने, म्यासेज गर्ने साथिहरूको अगाडि कुरा गर्दा आफूले काममा लगाइदिएको भनेर घमण्ड देखाउने, आफूले भनेको मान्नैपर्ने, नमाने अपशब्द बोल्ने, गाली गर्ने गर्न थाले ।

काममा लगाएर उद्धार गरेको, निगाह गरेको, जीवनभर उसकै दास बन्नुपर्ने जस्तो व्यवहार गर्न थालेपछि ऊ टेलिभिजन छोड्ने मनस्थितिमा पुगी । यसरी पत्रकार ममाथि यस्तो व्यवहार भयो भनेर उजुरी गर्ने आँट गर्दैनन् । उजुरी गर्ने कहाँ ? त्यो बारे पनि उनीहरू जानकार छैनन् । पत्रकारसँग सम्बन्धित ठाउँ प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ आदिले नव आगन्तुक पत्रकारका लागि पर्नसक्ने समस्या र तिनको गुनासो उजुरी गर्नेबारे सही तरिकाले अभिमुखीकरण गर्ने हो भने म र मेरा साथीजस्ता नयाँ पत्रकार अझ त्यसमा पनि महिला पत्रकारलाई सजिलो हुनेथियो । अझ कति पत्रकार त उजुरी गर्ने ठाउँ र तरिकाबारे जानकार भएपनि उजुरी गर्दैनन् । उनीहरूलाई गोपनियता भङ्ग हुने र पछि झन् त्यही विषयले समस्या हुने डरमा पत्रकारिता गरिरहेका छन् । प्रेस काउन्सिलको संरचना तथा यसको काम कर्तव्य र पत्रकारसँग यसको सम्बन्धबारे पत्रकार नै कुहिरोको काग भएकोतिर काउन्सिलको ध्यान जाओस् ।

यस्तै हिंसाजन्य व्यवहारका कारण एकजना दिदीले पत्रकारिता नै छोड् नुभयो । धेरै वर्ष पत्रकारिता गरेर पनि पेसाभित्रकै नकरात्मकताका बारेमा आवाज उठाउन नसकेपछि पेसाबाटै पलायन ती दिदीले मलाईसमेत सकेसम्म जोगिएर काम गर्नु भन्ने सुझाइन् । कार्यालयभित्र भएको समस्याबारे समाधान निकाल्न सहकर्मी र अग्रज पत्रकारलाई जानकारी गराएपनि उनले सहयोग पाएकी थिइनन् । 'धेरैलाई भनेँ मैले कार्यालयकै सहकर्मीद्धारा ममाथि यस्तो व्यवहार हुन्छ भनेर तर उनिहरूले हिजो तिमीलाई जसले मिडियामा ल्यायो, धेरै कुरा जान्ने सुन्ने बनायो । आज उसैलाई आरोप लगाउँछौ ? भनेर उल्टै ममाथि नै प्रश्न गरे । त्यसपछि म यो पेसा नै छोडेँ ।' ती दिदीले भनिन् । शारिरीक र मानसिक हिंसा सहेर काम गर्नुभन्दा छोड्नु ठिक लाग्यो मलाई पनि । तर उनले छोडेर समस्या समाधान भएन । यसबारे उजुरी गर्ने समाधान निकाल्ने ठाउँ कता ? यस्ता विषय बाहिर ल्याउँदा उल्टै पीडितलाई हेरेर हाँस्ने प्रवृत्तिले थप समस्या थोपरेको छ । धेरै पत्रकार महिलालाई कार्यस्थलमा शारीरिक हाउभाउ, यौनजन्य तथा महिला चरित्रका विषयमा लिएर कुरा गर्ने गरिएको हुन्छ । सहकर्मीसँगै रिपोर्टिङमा हिँड्दा उसैसँग नाम जोडेर कुरा गर्नु र विभिन्न आराप लगाइनु त अहिले सामान्य जस्तै बनाइएको छ ।

काम दिने पदीय जिम्मेवारी नदिने :

कार्यस्थलमा महिलाले तोकिएको जिम्मेवारी भन्दा बढी नै काम गरेका हुन्छन् । सञ्चार माध्यममा पनि तोकिएको भन्दा धेरै जिम्मेवारी सफलतापूर्वक इमान्दारिताका साथ निभाउने धेरै पत्रकार महिला छन् । तर उनीहरूलाई गरिरहेको कामको पनि तोकेर जिम्मेवारी भने दिइएको पाइन्न । आफ्नो तोकिएको

जिम्मेवारीभन्दा बाहिर अर्को कर्मचारी बिदा बस्दाको दोहोरो जिम्मेवारी पुरा गर्नुपर्ने, तोकिएको काम र थपिएको काम सकाउनुपर्ने, आफूभन्दा माथिल्लो तहका कर्मचारीको कामसमेत सघाउनुपर्ने (कतिपय अवस्थामा आफैँ गरिदिनुपर्ने) भएपनि यसरी काम गर्नेलाई सुविधा वा नियुक्ति दिनेबेलामा भने योग्यता जाँचिने वा अर्को माथिल्लो कर्मचारीको बराबरी पुग्न नदिने हिसाबले मूल्याङ्कन गरिन्छ । कार्यालयमा उपलब्ध कर्मचारीलाई जिम्मेवारी दिन हिच्किचाउने धेरै सञ्चार माध्यमले निम्न योग्यता भएको भनेर विज्ञापन प्रसारण गर्ने प्रवृत्ति त सामान्य बनिसक्यो । अझ त्यसमा पनि महिला भएकै कारण योग्यता भएर पनि अवसर नदिइने र पुरुष भएकै कारण कम योग्यता भएपनि नियुक्ति दिने गर्दा पितृसत्तात्मक सोचले कसरी आधुनिक भनिएका हामी र हाम्रो सेरोफेरोलाई गाँजेको छ, दृष्य प्रष्ट देखिन्छ । जब यस्ता प्रवृत्तिको सिकार हुन्छन् तब धेरै पत्रकार महिलाले पेसाबाट भागेर अर्को जागिरको खोजी गर्छन् ।

पत्रकारिता होस् वा अन्य क्षेत्र समाजमा राम्रो छवि बनाएका व्यक्तिले गरेका गलत काम जसको प्रमाण जुटाउन सकिँदैन त्यसकिसिमको हिंसाका स्वरूपबाट धेरै महिला पीडित छन् । सँगै काम गर्ने सहकर्मी, कार्यालय प्रमुख, अग्रज पत्रकार मात्रै होइन् समाचारका स्रोतहरूबाट समेत सुरक्षित छैनन् महिला पत्रकार । शिक्षा, स्वास्थ्य, राजनीतिलगायत विभिन्न क्षेत्रका व्यक्तिसँग समाचार सङ्कलनका क्रममा सम्पर्क हुन्छ, भेट हुन्छ । सूचनाको लागि गरिएको कुराकानीमा पनि स्रोतले अनेक कुरा सोधेर विषयवस्तुमा प्रवेश नै नगर्ने, पटक पटक फोन म्यासेज गरेर अनेक लोभलालच, सहानुभूति देखाउने गर्छन् । पत्रकार दीपा दाहालले एउटा प्रसङ्गमा भन्नुभएको थियो, "पत्रकार बनेर राजनीतिक वा अन्य विषयमा प्रश्न सोध्न जाँदा पनि महिला भएकै कारण अन्तर्वार्ता दिने व्यक्तिले उल्टै आफैँलाई अन्तर्वार्ता लिन्छ - विवाह भयो कि भएन ? किन नगरेको ? उमेर गइसक्यो ? कोही साथी छन् ? एक्लै बस्ने कि कोही कसैसँग ? यस्ता प्रश्नले घेरिएर मात्र एउटी महिलाले पत्रकारिता गर्नुपर्ने ?"

पत्रकार दाहालले भनेझैँ साँच्चै हामी महिला महिला नै भएर पत्रकारिता गर्न कति असहज ! अझ अग्रज भनिएका पत्रकारले नै हामीले लगाउने पोसाक, श्रृङ्गारका सामान, हिँडाइ बोलाइ आदिमा टिप्पणी गरेको पाइन्छ । यो सामान्य समस्या होइन असामान्य प्रवृत्ति हो र यसलाई सुधार्न नसकेसम्म पत्रकारितामा महिला आउनु र व्यावसायिक पत्रकारिता गर्नु 'फलामको चिउरा चपाउनु' जस्तो हो ।

(लेखक नवलपरासी–बर्दघाट सुस्तापूर्वमा रहेर पत्रकारिता गर्नुहुन्छ ।)

***

हामी मर्यादित पत्रकार कहिले बन्ने ?

पत्रकार, समाचार संस्था र अन्य सरोकारवालाको सानो सानो कमजोरीबाटै पत्रकारिता क्षेत्र दिनहुँ विकृत हुँदै गएको छ ।



कान्ति न्यौपाने

केही समयअघि पत्रकार ऋषि धमलाको एउटा भिडियो भाइरल भयो, जुन समयमा प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध आन्दोलनको तयारी भइरहेको थियो । त्यो विषयमा अब के निर्णय गर्ने भनेर छलफल गर्न नेपाल बारका पदाधिकारीहरूको गोप्य बैठक चलिरहेको थियो । क्यामेरासहित धमला स्वाँस्वाँ फ्वाँफ्वाँ गर्दै हलभित्र पसेर लाइभ गर्न थालिहाले । छलफलमा व्यस्त अधिवक्ताहरूमाझ एकछिन सन्नाटा छायो । सबै फर्किएर हेर्न थाले, धमला हतारमै भन्न थाले, 'यहाँ बारको बैठक चलिरहेको छ । र हामी प्रत्यक्ष प्रसारणमा छौँ । किनभने देशको ध्यान अहिले बारतिर छ ।'

त्यसपछि उनी सरासर मञ्चमा बसेका बयोवृद्ध वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीतर्फ लम्किए । अनि 'देशका भिष्मपितामह' भन्दै माइक तेर्स्याएर उनले भण्डारीलाई प्रश्न गरे, 'वरिष्ठ अधिवक्ताज्यू तपाईंलाई के लाग्छ ?'

भण्डारी जवाफ दिने मुडमा देखिए, 'हामीले कम्मर कस्नुपर्छ'' यति मात्रै भन्न के पाएका थिए, बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले हस्तक्षेप गरे । उनले धमलाको माइक नै समातेर त्यहाँबाट निस्कन आदेश दिए । धमलाले कुनै प्रतिवाद गर्न सकेनन् । उनी 'हामी प्रत्यक्ष प्रसारणमा छौँ' भन्दै बाहिर निस्किए ।

ढोकाबाहिर पनि उनले एकाध अधिवक्तालाई तानेर 'बाइट' लिन खोजे । तर, त्यसमा पनि सफल भएनन् । पछि हाँस्दै उनी तल ओर्लिए । त्यसपछि सो विषय लामो समयसम्म चर्चाको केन्द्रमा रह्यो । पत्रकारहरूमा 'सेन्स' हुँदैन भनेर मलाईसमेत गाली आयो ।

यस्तै, अर्को प्रसङ्ग पनि छ, फिल्डमा रिपोर्टिङ गर्दाका बखतको । राजनीतिक दलको कुनै छलफल वा बहस हुन्छ अनि त्यो सकिएपछि उनीहरूले निर्णय सुनाउने क्रममा केही साथीहरू बाँदरले नरिवल पाएजसरी सबैलाई ठेल्दै अघि जान्छन् । अनि मान्छेको जिउमा क्यामेरा अडाएर भिडियो खिच्छन् । अलिकति मर्यादित तरिकाले मिलाएर लिएपनि हुन्छ भन्दा एकपटक एकजना क्यामेरापर्सन र मेरो ठुलो बहस नै भएको थियो । देख्दा पनि अलिकति अमर्यादित तरिकाले हामी बाँदरले खानेकुरा भेटेर हारालुछ गरेको जस्तो गर्छौं अनि कार्यक्रम आयोजकबाट पनि यस्तै अमर्यादित व्यवहार भएको हामी पाउँछौ । तर, कतिपय अवस्थामा त कार्यक्रम आयोजकले पत्रकारका लागि ठाउँ नछुट्टाइदिने र जहाँ भेटिन्छ त्यहींबाट अडियो, भिडियो लिँदा त्यस्तो खालको समस्या पनि आउने गरेको छ । तर, अधिकांश ठाउँमा भने पत्रकारले नै उचित ध्यान नपुऱ्याउँदा सो खालका समस्या आउने गरेको पाइन्छ ।

यससँगै एउटा अनुभव जोडौं, केही वरिष्ठ, कनिष्ठ र अन्य क्षेत्रका व्यक्तिहरू कुरा गर्दै थियौं त्यही क्रममा एकजनाले कुनै पार्टीनिकट प्रेससम्बन्धी सङ्गठनको अनुशासन आयोगमा छु भनेर परिचय गरे । एकछिन हाँसो फैलियो । अनि नजिकै बसेका अर्को क्षेत्रका व्यक्तिले भने पत्रकारलाई पनि अनुशासन चाहिन्छ र ? मान्छन् र ? मलाई भने त्यो कुराले चिसो लागिरह्यो । हुनपनि हो पत्रकारिता क्षेत्र भनै पछिल्लो समय विकृत भएको छ, जसलाई जे मन लाग्छ त्यही लेख्ने, जे मन लाग्छ सोही विषयको उठान गर्ने । न नीति, न नियम जसलाई जतिबेला जे लेख्न मन लाग्छ, त्यही लेखेको छ । सोही कारणले समाजमा पत्रकारिताप्रतिको सम्मान मात्रै घटेको छैन, मर्यादित तवरले पत्रकारिता गरिरहेका व्यक्तिले समेत अपमानजनक व्यवहार सहनुपरेको छ । केही समयअघि रिपोर्टिङका लागि गएको थिएँ, विषय थियो हत्यासम्बन्धी । त्यहाँ जाँदा घटना नभनिकन 'कति आउँछन् पत्रकार पनि लर्को लागेर, कति हुन् मिडिया, हामी अन्तर्वार्ता दिँदैनौं' भनेर उसै फर्किनुपरेको तीतो अनुभव पनि मसँगै छ । फेरि केही वर्षअघि मेरो गाउँमा भएको कार्यक्रममा पत्रकार भनेर एकजना दाइलाई फूलमालाले स्वागत गरेको मिठो अनुभव पनि मसँगै छ । यसबाट केही वर्षमै पत्रकारिताप्रतिको अकर्षण कति घट्यो र पत्रकारप्रतिको वितृष्णा कसरी बढ्यो भने प्रष्ट बुझ्न सकिन्छ ।

पछिल्लो समय निकै भद्रगोल देखिएको पेसा पत्रकारिता हो । कसले गर्न पाउने, कसले गर्न नपाउने केही मापदण्ड छैन, जसलाई जहाँ मन लाग्छ

जतिबेला मन लाग्छ गएर फोटो खिचेको छ, भिडियो बनाएको छ, अनेक नाममा मिडिया खोलेको छ, झुटो र भ्रमपूर्ण समाचार प्रसारण गरेको छ । यसले गर्दा सञ्चारक्षेत्र साँच्चै नै अस्तव्यस्त बनेको छ । यसको नियमनकै लागि भएपनि सरकारले पत्रकारिता गर्न अनिवार्य लाइसेन्सको व्यवस्था गर्नुपर्ने देखिन्छ । कम्तीमा पनि स्नातक उत्तीर्ण गरेर केही वर्षको अनुभव भएकाले मात्रै पत्रकारिता गर्न पाउनुपर्ने प्रावधान राख्ने हो भने अहिले देखिएको विकृति न्यून हुन्थ्यो । तर अहिले त्यो गर्नका लागि न त सरकारले पहल गर्छ, न नेपाल पत्रकार महासङ्घले दबाब दिन्छ, बरू पत्रकारिताका विषयमा शुन्य ज्ञान भएका तर, हातमा क्यामेरा र भिडियो सम्पादन गर्न सक्नेहरू मनलाग्दी समाचार छापेर पत्रकारितालाई नै बदनाम गराइरहेका छन् । एकातिर न्यूनतम योग्यता पुगेका व्यक्ति छैनन् भने अर्कातिर भएका व्यक्तिहरूले पनि मनलाग्दी समाचार सम्प्रेषण गरिरहेका छन् । केही समयअघि सञ्चार मन्त्रालयले पत्रकारिता क्षेत्रलाई व्यवस्थित गर्नुपर्छ भनेर पहल नगरेको पनि होइन तर कम्तीमा पनि न्यूनतम शैक्षिक योग्यता पूरा नगरी पत्रकारिता सुरु गर्ने र अराजकता फैलाउनेहरूको टिमले सो कुरालाई अघि ल्याउन दिएन । यसले गर्दा पत्रकारिता क्षेत्रमा सुधारको सट्टा झनै विकृति फैलन थाल्यो । जस्तै, हामीले अध्ययन गर्ने हो भने शिक्षा, कानुन, इन्जिनियरिङ, डाक्टर, पाइलट हरेक क्षेत्रमा काम गर्न पहिलो त्यो विषयको अध्ययन गर्नुपर्छ अनि काम गर्ने अनुमति पनि लिनुपर्छ । तर पत्रकारिता क्षेत्रमा केही गर्नुपर्दैन । एउटा मोबाइल राम्रो खिच्ने भएपछि त्यही बोक्यो, मानिसको नकारात्मक समाचार बनायो, भ्युज कमायो अनि रमायो, यसरी नै पछिल्लो समय पत्रकारिता क्षेत्र चलिरहेको छ । यसलाई व्यवस्थित बनाउन 'लाइसेन्स'को अनिवार्य व्यवस्था गर्नैपर्ने देखिन्छ ।

पछिल्लो समय पत्रकारिताको क्षेत्रमा देखिएको ठुलो समस्या 'कपिकारिता'को हो अर्थात् अरूका समाचार जस्ताको तस्तै सार्ने । नभएपनि शब्द तलमाथि गरेर प्रकाशन वा प्रसारण गर्ने । यसले गर्दा सञ्चार क्षेत्रमा एकातिर अल्छीपन मौलाउँदै गएको छ भने मिडिया हाउसको आफ्नै अर्गानिक समाचार भेटिन छाडेको छ । 'कपीपेस्ट' गर्ने र केही भाषा तलमाथि गर्दा हुने भएपछि मिडिया पनि दिनहुँ बढिरहेका छन् ।

विशेषगरी पछिल्लो समय च्याउजसरी उम्रिएका अनलाइनहरू समाचार जथाभावी लेख्ने मात्रै होइन, सूचना तथा प्रसारण विभागमा दर्तासमेत नगराइ समाजमा भ्रम फैलाउने खालका समाचारहरू सम्प्रेषण गरिरहेका छन् । यसको नकारात्मक प्रभाव समाजमा परेको छ । तसर्थ पनि यो विषयमा सम्बन्धित निकायले विशेष ध्यान पुऱ्याउनैपर्ने देखिन्छ । नभए पत्रकारिता भ्रमकारितामा परिणत हुन कत्ति समय पनि लाग्दैन ।

हुन त हरेक क्षेत्र पूर्णरूपमा मर्यादित त हुन सक्दैन, केही न केही खालका बाधा, व्यवधान र अराजकता देखिने गर्दछन् । तर पछिल्लो समय पत्रकारिता क्षेत्र भने बढी नै अस्तव्यस्त देखिएको छ । मर्यादित र सम्मानित पेसा बनाउनका लागि पहिलो पहल त पत्रकारिता गर्ने व्यक्तिबाटै हुनुपर्छ, त्यसपछि सरकार, प्रेस काउन्सिल, पत्रकारका विभिन्न सङ्घसंस्था र सरोकारवाला आउँछन् । तर, पत्रकारिता गर्नेहरूले नै यसको वेवास्ता गरिरहेका छन् । आफूअनुकूलका समाचार बनाउने, मनलाग्दी शीर्षक राख्ने, समाचार छाप्ने र पैसामा बार्गेनिङ गर्ने खालका प्रवृत्ति बढिरहेका छन् । मैले आफैँले पनि केही समयअघि काम गरेको मिडियाको त्यस्तै कहानी छ । मलाई चिनजानका व्यक्तिले 'मेरो घर बनाउन लागेको रड कमजोर हाल्दिएछ, मेरो घर बलियो भएन, त्यसको समाचार बनाउनु पऱ्यो' भनेर खबर गरे । म टिमसहित गएर खिचेर ल्याएँ, समाचार सङ्कलन गरे, तर अन्त्यमा त्यो बजेन । पछि थाहा भयो, व्यवस्थापनले उक्त पसलेसँग पैसा बार्गेनिङ गरेर अन्त्यमा पैसा मिलेपछि समाचार बजेन । पछि मैले 'सानो समाचार भएपनि हाल्दिऊँ न' भनेँ तर त्यो हाल्न पनि व्यवस्थापनले मानेन र पछि मैले समाचार दिने व्यक्तिलाई विभिन्न बहाना निकालेर सम्झाउनुपऱ्यो । यो कुराबाट के प्रष्ट हुन्छ भने पत्रकार, समाचार संस्था र अन्य सरोकारवालाको सानो सानो कमजोरीबाटै पत्रकारिता क्षेत्र दिनहुँ विकृत हुँदै गएको छ । यसको समाधानका लागि सरोकारवाला नै सक्रिय भएर लाग्नुको विकल्प छैन । साथै पत्रकारका सङ्गठनले पनि राजनीतिभन्दा पत्रकारकै हकहितका लागि काम गर्नु अति नै अपरिहार्य छ ।

(लेखक काठमाडौँमा रहेर पत्रकारिता गर्नुहुन्छ ।)

***

कानुनको कार्यान्वयनमा मिडिया

सञ्चार माध्यमले यो अवस्थालाई मिहिन ढङ्गले अध्ययन गर्दै हिंसा अन्त्य र हिंसारहित शान्तिपूर्ण समान अवसरसहितको समाज निर्माणमा सहयोगी भूमिकासहित अग्रसर हुनु पर्दछ ।



सर्मिला बुढाथोकी

- भारतमा फोटो पत्रकार महिला बलात्कृत
- नेपालमा दलित महिलामाथि यौन दुर्व्यवहार
- बाबुबाट छोरीको बलात्कार प्रयास

माथि उल्लिखित केही उदाहरणहरू हुन् नेपाली तथा विदेशी मिडियामा अहिले मुख्य समाचारका विषयवस्तु बन्ने गरेका घटनाको । यसरी देश तथा विदेशमा समेत दिनानुदिन बलात्कारका घटना बढ्दै गएपछि महिलामाथि हुने हिंसाले विकराल रूप लिँदै गएको छ। अहिले हरेक मिडियामा श्रृङ्खलाबद्ध रूपमा यौन दुर्व्यवहार र बलात्कारसम्बन्धी घटनाका समाचारहरू आइरहेका छन् । बलात्कार सामान्य घटना होइन तर यसलाई सामान्य रूपमा लिएर प्रोत्साहित गर्ने प्रयत्न भइरहेको देखिन्छ । निर्बाध रूपमा बाँच्न पाउने मानवअधिकार तथा स्वतन्त्रताको कुरा गरिरहँदा महिलाहरू भने स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारबाट क्रमशः बन्चित हुँदै गएको उल्लिखित घटनाहरूबाट पुष्टि हुन्छ ।

अहिले कतिपय महिला तथा बालबालिकाहरू आफ्नै घर परिवारबाट समेत

सुरक्षित रहन सक्ने अवस्था देखिँदैन । रक्सीको मात र यौन कुण्ठाका कारण कतिपय बाबुले छोरीलाई बलात्कार गरेको घटनासमेत बढ्दै गएको छ । केही समय अघिमात्र दोलखामा बाबुले छोरीलाई बलात्कार गरेको घटना सार्वजनिक भएको थियो । बलात्कृत बाबु सजायको भागेदार त बने तर यस्तो यौनपिपाशु बाबुको कुकृत्यले छोरीको भविष्यमाथि भने खेलवाड भएको छ । यो त प्रतिनिधि घटनामात्रै हो । यौनिकताकै आधारमा भोग्नुपर्ने यस्तो अपराधिक गतिविधिमा न सेतै कपाल फुलेकी हजुरआमाले उन्मुक्ति पाउन सकेको देखिन्छ न क ख रा सिक्दै गरेका बालिकाहरूले नै ।

महिला हिंसा अन्त्यका लागि जति आवाज बुलन्द भएपनि बलात्कारका घटनाहरू झन् झन् बढ्दै गएका छन् । महिला स्वतन्त्रताको बहस चल्दै गर्दा र महिला आत्मनिर्भर हुन सक्छन् भनेर पुष्ट्याईं गर्न आमरूपमा प्रयत्न भइरहँदा बलात्कारका घटनाले उनीहरूलाई हतोत्साही बनाउने गरेको छ । महिलामाथि हुने गरेको बलात्कारको घटनाले छोरीलाई विद्यालय पठाउँदा होस् वा अफिस, व्यापार, व्यवसाय गर्न घरबाट बाहिर निस्किएको अवस्था नै किन नहोस् हरेक आमाले छोरी घर नफर्किञ्जेलसम्म मानसिक तनाव लिइरहनुपर्ने अवस्था छ । अनि आफ्नै घरभित्रै पनि यौनपिपासु अभिभावकबाट बलात्कृत हुने पीडाले मानसिक तनाव बेहोर्नुपर्ने अवस्था छ छोरीहरूले ।

महिलामाथि हुने हरेक खाले हिंसाको अन्त्यका लागि पत्रकार र सञ्चारकर्मीहरूले आफ्नो ठाउँबाट सशक्त आवाज उठाएका छन् । महिलामाथि हुने हिंसाका घटनालाई निरुत्साहित गर्न र पीडकलाई कारबाहीका लागि अन्तर ाष्ट्रिय स्तरमा समेत 'लविङ' गर्न सञ्चारकर्मीहरूले उल्लेख्य भूमिका खेलेको पाइन्छ । तर बिडम्बना बलात्कारीलाई कारबाही गर्न देशमा विद्यमान रहेको कानुन नै कमजोर साबित भएको छ । त्यसैले यस्तो अपराधमा संलग्नलाई फाँसीको सजाय तोक्नुपर्ने आवाज उठेको पाइन्छ । भारतमासमेत बलात्कारीलाई फाँसीको सजायको माग उठिरहेको छ ।

मुलुकमा नयाँ संविधान निर्माण भएको छ । महिलामाथि हुने हरेकखाले हिंसाको अन्त्यका लागि विगतको भन्दा कडा कानुन बनेको पनि छ । तर समस्या कार्यान्वयनमै छ । कानुनको निर्बाध कार्यान्वयन नहुँदा महिला हिंसाले बढवा पाएको छ । बलात्कार जस्तो जघन्य अपराधलाई पनि समाजका कतिपय व्यक्तिले मिलापत्र गरेर पन्छाउन खोजेको र पीडितको परिवारले समेत मिलापत्रको लागि पीडितलाई दबाब दिने गरेकोले महिला हिंसाले प्रश्रय पाइरहेको देखिन्छ ।

मुलुकले महिला सशक्तिकरण चाहेको र विकासको लागि ५१ प्रतिशत जनसङ्ख्या ओगटेको महिलाको नेतृत्व खोजेको हो भने लैङ्गिक हिसाबले हुने हरेक विभेदको अन्त्य गर्दै समान अवसर र सुविधा तथा सुरक्षाको ग्यारेण्टी हुने

खालको कानुन निर्माण गर्न थप संवैधानिक व्यवस्था अपरिहार्य छ । हरेक ठाँउमा महिलाको ३३ प्रतिशत सहभागिताको व्यवस्थाले मात्र सुरक्षाको प्रत्याभूति गर्न सकिँदैन । न व्यवसायिक क्षमता विकासमा नै सक्रिय बन्न सकिन्छ । महिलाले हरेक काम स्वतन्त्र र निर्भयतापूर्वक र हरेक समय, हरेक अवस्थामा निर्भयतापूर्वक हिँडडुल गर्न सक्ने अवस्था निर्माण भए मात्र महिला सशक्तिकरणमा टेवा मिल्न सक्छ । यसको लागि सरकारको नेतृत्वदायी भूमिका र महिला सुरक्षा तथा स्वतन्त्रताको व्यावहारिक संवैधानिक ग्यारेण्टी आवश्यक छ ।

यो कामको लागि पहिलो भूमिका राजनीतिक नेतृत्वले निर्वाह गर्नुपर्ने हुन्छ । साथै कानुन कार्यान्वयन गर्ने निकायले पनि महिला हिंसालाई अपराधको पहिलो नम्बरमा राखेर संवेदनशील ढङ्गले अनुसन्धान र कारबाहीको प्रकियालाई अगाडि बढाउनु पर्दछ । साथै सञ्चार माध्यमले यो अवस्थालाई मिहिन ढङ्गले अध्ययन गर्दै हिंसा अन्त्य र हिंसारहित शान्तिपूर्ण समान अवसरसहितको समाज निर्माणमा सहयोगी भूमिकासहित अग्रसर हुनु पर्दछ । तर यसका लागि पनि सञ्चार माध्यमहरूमा पत्रकार महिलाको सहभागिता र भूमिका नेतृत्वदायी हुनुपर्ने तथ्यलाई पछिल्ला अवस्थाले झन् पुष्टि गरेको छ ।

(लेखक दोलखामा कियाशील पत्रकार हुनुहुन्छ ।)

***

हिंसासम्बन्धी समाचार र मिडिया



गीता कठायत

वस्तुस्थिति र घटना विशेष थाहा पाएर भन्दा पनि, गहन अध्ययनबिना नै समाचार बाहिर ल्याउँदा त्यसको पर्दापछाडिको असरको मूल्याङ्कन नै देखिँदैन ।

भनिन्छ, सञ्चार माध्यमले समाज प्रतिबिम्बित गर्छ । त्यसैले होला समाजका परम्परागत मूल्यमान्यता र सिद्धान्त, संस्कार र हरेक गतिविधिले सञ्चार माध्यममा स्थान पाउँछन् । सञ्चार माध्यमले समाजको प्रतिबिम्बन गर्दैगर्दा विकृत्ति र विसंगति तथा नकारात्मक परम्परा र गतिविधिमाथि पनि प्रश्न उठाउने र त्यसलाई सच्याउने एकखाले भूमिका निर्वाह गर्छन् । जुन सञ्चार माध्यमको कर्तव्य नै मानिन्छ ।

सञ्चार माध्यमले समाजलाई मार्गनिर्देशन गर्दै आवाजविहीनहरूको आवाज बन्छ भन्नेमा दुई मत छैन । सञ्चार माध्यमले दिने सूचनामै हामीले हरेक दिन महिलामाथि भएगरेका हिंसा, हिंसा न्यूनीकरणका बारेमा भएका गतिविधि, लैङ्गिक असमानताको उपजले समाजमा ल्याएको विकृति भेट्ने गर्छौं । यसैक्रममा २०७६ माघ महिनाका ४ वटा दैनिक पत्रिका कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट, नागरिक दैनिक र गोरखापत्रमा आएका महिला हिंसासँग सम्बन्धित सामग्रीहरू अध्ययन गर्दा ४ वटै पत्रिकाको पहिलो पृष्ठमा एक महिनाको अवधिमा कान्तिपुरमा जम्मा १९, जसमध्ये पहिलो पृष्ठमा २ वटा समाचार छापिएको पाइयो । नागरिकमा

९ वटा समाचार आएकोमा पहिलो पृष्ठमा २ वटा समाचार महिला हिंसासँग सम्बन्धित देखियो । अन्नपूर्ण पोष्टमा सबैभन्दा बढी २६ वटा समाचार प्रकाशित भएकोमध्ये २ वटा समाचार पहिलो पृष्ठमा छापिएको थियो । यस्तै गोरखापत्रमा १८ वटा समाचार प्रकाशित भएकोमा २ वटा पहिलो पृष्ठमा प्रकाशित थियो । यो अवधिमा ४ वटै पत्रिकाको पहिलो पृष्ठमा समान सङ्ख्या र समान घटनाले स्थान पाएको पाइयो । यस्तै महिला हिंसासम्बन्धी विचारहरू सबै पत्रिकामा गरी ७ वटा छापिएका थिए । यो तथ्याङ्कबाट महिला हिंसासम्बन्धी समाचारमा मिडियाले महिलाका विषयमा आउने समाचारलाई दिने स्थान र प्रस्तुतिबारे बुझ्न मद्दत भयो ।

महिलासम्बन्धी समाचार सामग्रीहरूमा बढी पढिने, सुनिने र हेरिने भनेको महिला हिंसाका घटनाहरू नै हुन्छन् । महिलासँग सम्बन्धित समाचारहरूमा विशेषगरी हिंसामा परेका समाचारहरूले प्राथमिकता पाउने गरेको देखिन्छ । महिलामाथि कुटपिट, घरेलु हिंसा, बहुविवाह, बलात्कार, यौनजन्य दुर्व्यवहार, दाइजो, छाउपडीजस्ता विषयलाई नै प्रायः सबै सञ्चार माध्यमले समेटिरहेका हुन्छन् । त्यस्तै मनोवैज्ञानिक तथा भावनात्मक हिंसाका घटनाहरू समाचारमा आइरहेका हुन्छन् ।

नागरिक दैनिक पत्रिकाका सम्पादक गुणराज लुइँटेल पहिलो पृष्ठमा समाचार आउनका लागि त्यसको प्रभाव कति छ भन्ने कुरा नै आधार हुने भएपनि महिला हिंसासँग जोडिएर आउने विषयवस्तुलाई पनि समाचारका रूपमा राम्रै स्थान दिने गरेको बताउनुहुन्छ । सञ्चार माध्यममा महिला हिंसाका विषयमा खोजमूलक सामग्री कम हुनुमा संवेदनशील विषयवस्तु भएकाले पारिवारिक, व्यक्तिगत सामाजिक मूल्यजस्ता पक्षहरू जोडिएर आउने भएकाले धेरै गहन रूपमा छाप्न पनि अप्ठ्यारो हुने र समाचार छापिसकेपछि त्यो पीडक र पीडित मेलमिलाप गरिसक्ने हुँदा त्यो अवस्थामा मिडिया गलत साबित हुने सम्भावना पनि हुने भएकाले रिपोर्टिङ गर्नका लागि निकै मेहनत र चनाखो रिपोर्टरले मात्र सबै सबै प्रमाण तथ्य केलाएर समाचार लेखेको छ भने समाचार छाप्नमा सजिलो हुने बताउनुहुन्छ । अन्नपूर्ण पोष्ट दैनिकका सम्पादक अखण्ड भण्डारी सबै घटनामा गहन रिपोर्टिङ र अनुगमन गर्न सम्भव नहुने भएपनि राष्ट्रव्यापी रूपमा चर्चा भएका विषयवस्तुमा विशेषरूपमा नै अनुगमन गरी व्यापक दृष्टिकोणबाट खोजमूलक गहन रिपोर्टिङ गर्ने गरेको बताउनुहुन्छ ।

सामाजिक सञ्जाल युट्युबलगायतका मिडियाहरू यति धेरै सक्रिय छन् कि पारिवारिक सामान्य घटनाहरू बाहिर ल्याउँदा भाइरल भइसकेका विषयवस्तुलाई मूलधारका मिडियाले कभर गर्न चाहँदैनन् किनकि त्यसको सत्यतामा नै शङ्का

पैदा हुने अवस्था छ । यो समस्याको रूपमा नै रहको देखिन्छ । तर सामाजिक सञ्जालबाट घटनाहरू बहिर आएर त्यसको चर्चा, परिचर्चा जति गरेपनि मूलधारका मिडियाले ध्यान नदिएसम्म राष्ट्रिय मुद्दा विरलै हुने गर्दछ । त्यसैले पछिल्लोसमय समाचार कक्षमा महिलाका खबरलाई हेर्ने दृष्टि र खबर बनाउने दृष्टिकोणमा चाहिँ परिवर्तन आएको देखिन्छ । मूल मुद्दाहरूका रूपमा पहिलेभन्दा अहिले धेरै दृश्य परिवर्तन गरिएको छ । केवल समाचार बनाउनका लागि मात्र नभइ सम्पूर्ण महिला सुरक्षाको विषयका रूपमा लिइ त्यहीअनुरूप सञ्चार माध्यमले हेर्दै गरेको देखिन्छ ।

महिला अधिकारकर्मी मिरा ढुङ्गाना अहिले मिडियाले मूल प्रवाहीकरण गरिराखेको भए पनि समाचार सम्प्रेषणकै क्रममा महिलासँग सम्बन्धित विषयहरूमा संवेदनशीलतामा कमी भएको बताउँदै पीडितको नाम परिवर्तन गरेर मात्र गोपनीयता कायम गर्न सकिन्छ भन्ने धारणाबाट माथि उठेर खोजी पत्रकारिताका नाममा लुकाउनपर्ने कुराहरू समेत बाहिर ल्याएर उदाङ्गो पार्ने काम भएको र त्यसबाट पीडित पक्षहरू झन् मर्कामा पर्ने कुरामा मिडिया हाउस सचेत हुन आवश्यक रहेको धारणा राख्नुहुन्छ ।

मूलधारका मिडियाहरूले महिलाका खबरहरूलाई प्राथमिकता दिँदादिँदै पनि समाचार माध्यमबाट गरिएको प्रचारप्रसारले पीडित पक्षलाई थप क्षति पनि पुगिरहेको हुन्छ । सञ्चार माध्यममा खबर प्रकाशित भएकै कारण यातना भोगेर आर्थिक वर्ष २०७७/०७८ मा प्रेस काउन्सिल नेपालमा १९२ उजुरी प्राप्त भएकोमध्ये संस्थागत उजुरी १०१ छ भने व्यक्तिगततर्फ पुरुष ८६ र महिला तर्फ ५ जनाले उजुरी दिएका छन् ।

सञ्चार माध्यमले गोपनीयतामा ध्यान नदिने, बीभत्स फोटोहरू राख्ने र घटनासँग सम्बन्धित स्केच राख्दासमेत पीडकलाई बलवान देखाउने र पीडित बिचरा, बेसहारा देखाउने किसिमका स्केचको प्रयोग गरिरहेका हुन्छन्, जुन गलत हो ।

पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन, २०७६)ले सञ्चार माध्यबाट कसैको पनि चरित्रहत्या हुने गरी समाचार वा विचारजस्ता सामग्री दिन नहुने र लैङ्गिकताकै आधारमा कसैमाथि पनि भेदभाव गर्न नहुने, यौनजन्य अपराध, सामाजिक भेदभाव तथा घृणाका कारण सिर्जित घटना वा सन्दर्भमा उक्त घटनाबाट प्रभावित व्यक्तिको स्वीकृति र प्रभावको मूल्याङ्कन नगरी पहिचान खुल्ने गरी नाम, ठेगाना तथा समाचार तस्बिर दृश्य दिन नहुने व्यवस्था गरेको छ । यसो गरेको खण्डमा आफू वा आफ्नो सञ्चार माध्यमले आफूले दिएको सामग्रीका कारण मानमर्दन भएको छ भने समाचार प्रकाशित भएको स्थानमा

भूलसुधार सहितको क्षमायाचना गर्नुपर्छ भनी उल्लेख गरिएको छ ।

पछिल्लो समय सञ्चार माध्यमबाट समेत यातना भोगेका घटनाहरू समेत बढ्दै गइरेहको अवस्थामा नैतिक कानुनमात्र नभइ माफी मागेर खण्डन छापेर मात्रै नभइ अब गल्तीको प्रकृति हेरेर क्षतिपूर्ति माग्न सक्ने कानुनको तत्काल आवश्यकता रहेको छ ।

यस्तै महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ ले पनि हिंसाबाट पीडित महिलाको आत्मसम्मानमा ठेस पुऱ्याउने; आश्रित, असहाय, हेय र कमजोर वर्गको रूपमा चित्रण गरी उनीहरूको मनोबललाई कमजोर तुल्याउने किसिमले समाचार सम्प्रेषण गर्न नहुने, कानुनबमोजिम गोप्य राख्नुपर्ने वा व्यक्तिको निजी विषय र गोपनीयताका सवाललाई पेसागत विषयसँग जोडी समाचार सम्प्रेषण गर्न नहुने, कुनै घटनालाई अतिरञ्जित गरी, नभएका तथ्य र घटनालाई भएको जस्तो बनाइ महिलाप्रति भ्रम सिर्जना गर्ने काम गर्न नहुने, सार्वजनिक नैतिकतामा प्रश्न उठाइएको विषयलाई महिलाका विषयमा कपोलकल्पित र अतिरञ्जित ढङ्गले समाचार बनाइ सम्प्रेषण गर्न नुहने, कुरामा जोड दिइएको छ ।

मौसमी प्रवृत्तिजस्तो सबै मिडियातिर एकैपटक समाचार आउने र केही समयपश्चात बिलाएर जाने गर्दछ । आफैँ खोजेर लेख्ने, विभिन्न तथ्यहरू केलाएर पर्दा पछाडिका घटनाहरूलाई बाहिर ल्याउने गहन रिपोर्टिङको कमी नै देखिन्छ । घटना बाहिर ल्याएर मात्र न्यूनीकरण नहुने भएकाले सञ्चारकर्मीले यस्ता घटनाहरू बहिर ल्याउँदा एउटा स्पष्ट धारणा बनाउन आवश्यक हुन्छ । एउटा समस्या, जसलाई घटनापरक समाचारका रूपमा मात्र केन्द्रित नगरी सामाजिक मुद्दाका रूपमा प्रस्तुत गर्नतर्फ सञ्चार माध्यम अग्रसर हुनुपर्छ ।

नेपाल बार एसोसियसनकी उपाध्यक्ष रक्षा बस्याल विगतमा हिंसा सम्बन्धमा स्पष्ट अर्थ नबुझ्नु, सामाजिक प्रतिष्ठा, डर धम्कीजस्ता कारणले हिंसा सहेर बसेपनि हाल मिडियाले सहजीकरण गर्दा परिस्कृत रूपमा समाचार आउने गरेको बताउनुहुन्छ । विशेष छापामाध्यममा ब्यानर न्युजहरू, पहिलो पृष्ठमा मुख्य समाचारहरूमा विशेषगरी राजनैतिक समाचारहरूले बढी प्राथमिकता पाउँछन् । विशुद्ध महिलासँग सम्बन्धित समाचारहरू भित्री पृष्ठमा दिने, पहिलो पृष्ठमा दिएपनि सङ्क्षेपमा दिएर बाँकी समाचार अर्को पृष्ठमा राख्ने परिपाटी रहेको छ, जसले गर्दा पाठक शीर्षक हेर्ने र सङ्क्षेपमा भएको समाचार मात्र पढ्ने बाँकी समाचार नपढेर मैले थाहा पाइसकेँ भनेर छोड्ने गर्दछन् । उपाध्यक्ष बस्याल यसो हुँदा घटनासँग सम्बन्धित मूल विषयवस्तुको विस्तृत जानकारी थाहा नपाइ आफ्नो धारणा बनाउने गरेको बताउनुहुन्छ ।

कुनै ठुलो घटना भएपश्चात एउटा नजरबाट मात्रै नहेरी त्यससँग

सम्बन्धित आर्थिक, सामाजिक, मनोवैज्ञानिक जस्ता पक्षहरूलाई केलाउनका लागि मूलधारका पत्रपत्रिकाहरूका सम्पादकले यसमा केन्द्रित भएर रिपोर्टिङ गरेका एकदम कम भेटिन्छ ।

कुनै पनि घटना सानो र ठुलो भन्ने हुँदैन । पीडित हरेकका लागि घटना ठुलो नै हो, यसको मापन हुँदैन । मापन त्यतिबेला हुन्छ, जब महिलाका विषयवस्तु आउँछन् । त्यसमा सामान्य किसिमले विश्लेषण गर्ने, पूर्वाग्रही भएर समाचार पढ्ने र समाचार लेख्नेले पनि पूर्वाग्रही भएर लेख्ने परिपाटी रहेको छ । त्यसैले सतही समाचार मात्र नभइ गहन रूपमा विश्लेषण गरी खोजमूलक सामग्री, सकारात्मक सामग्रीहरू, घटनाको वास्तविक कारण पत्ता लगाउने किसिमबाट, न्यूनीकरण कसरी गर्न सकिन्छ महिला हिंसाका सामग्रीहरू ? भन्ने पाटोतिर ध्यान दिइ खोजमूलक सामग्रीहरू प्रकाशन गर्नुपर्छ ।

वस्तुस्थिति र घटना विशेष थाहा पाएर भन्दा पनि, गहन अध्ययनबिना नै समाचार बाहिर ल्याउँदा त्यसको पर्दापछाडिको असरको मूल्याङ्कन नै देखिँदैन । जो महिलालाई हिंसा भएको छ उसको बारेमा समग्र कुराहरू बाहिर आइसकेपछि भोलिको दिनमा समाजमा उसलाई हेर्ने दृष्टिकोण के बन्छ ? चेतनाको कमीले गर्दा सकारात्मक भन्दा नकारात्मक दृष्टिकोण बढी हावी भइदिन्छ । आवेशमा आएर मिडियाबाट घटनाहरू बाहिर ल्याउँछन् तर पछि समाजमा पुनः स्थापना हुन अप्ठ्यारो हुने गरेको छ । त्यसैले साना साना कुराहरू बाहिर नल्याउने कोही आफ्नो कुरा निकाल्न खोजिराखेको छ भने विषयवस्तु पाउनेबित्तिकै बाहिर नल्याइ सामाजिक उत्तरदायित्व बहन गर्नुपर्छ ।

घटनापश्चात् समाचार प्रकाशन भइसकेपछि त्यसको अनुगमन नहुँदा घटना अदालती प्रक्रियामा प्रवेश गर्छ । त्यसैले धेरै कुरा बाहिर ल्याउन मिल्दैन । यस्तो अवस्थामा घटनाको टुङ्गो कसरी लाग्यो ? के भयो ? भनेर पनि त्यसको विस्तृत रिपोर्टिङ गर्नुपर्छ । समाचार लेख्दा यति विषयवस्तु दियो भने समाचारको भाव मर्दैन र पीडितको गोपनीयता पनि बाहिर आउँदैन भन्ने कुराको ज्ञान हुन एकदमै आवश्यक छ ।

घरायसी कुराहरू सामान्य वादविवादका कुराहरूलाई महिला हिंसा नै हो भनेर व्यापक बनाउँदा भविष्यमा फेरि त्यही परिवारमा समायोजन हुन अप्ठ्यारो हुने गर्दछ । महिला हिंसा कतिपय अवस्थामा महिला आफैँले पनि निम्ताउने हुन सक्छ त्यसैले सदैव पुरुषलाईमात्र गलत सोच्नुभन्दा फराकिलो भएर सोच्नुपर्छ ।

स्वतन्त्राताको मात्र कुरा गरेर सामान्य विषयवस्तुलाई पनि अतिरञ्जित बनाउने विचारधाराले गर्दा समाचार बनेका थुप्रै घटनाहरू रहेका छन् । जसबाट पछिका दिनमा ती महिलाहरूलाई अप्ठ्यारो पनि भएको देखिन्छ । महिलामैत्री

कानुनको दुरुपयोग पनि हुनसक्ने कुरामा पत्रकारहरू सचेत हुन आवश्यक छ । जो समस्यामा परेको छ पिछडिएको वर्गलाई कसरी न्याय दिने भन्ने कुरामा प्रेसले महत्वका साथ हेर्नुपर्छ । कुनै पनि घटनाले कत्तिको प्राथमिकता पाउँछ ? भन्ने कुरामा रिपोर्टरले त्यो घटना विवरणलाई कत्तिको न्यायपूर्ण हिसाबले लखेको छ भन्ने कुरा आउने गर्दछ । यसमा मानवीय अभिरुचीलाई समेत ध्यान दिएर मेहनत गरेको खण्डमा कुनै पनि सामान्य घटनाको प्रभाव राम्रो हुने गर्दछ ।

मिडियामा समाचार आइसकेपछि प्रहरीमा गयो भने कारबाही हुन्छ भन्ने चेतनादेखि लिएर राष्ट्रिय बहसका रूपमा मुद्दा स्थापित भएसँगै त्यस सम्बन्धमा नीति, नियम, कानुन बनेको र जनचेतनाको लहर नै आएका सकारात्मक उदाहरणहरू पनि हाम्रोसामु छन् । मिडियाले मुद्दा उठान गर्दा महिलाहरू स्वयम् आफ्ना हक/अधिकारप्रति सचेत भएका छन् । न्यायलाई केन्द्रमा राखेर कुरा उठाउनेहरूले समेत मिहिन ढङ्गले यस्ता संवेदनशील कुराहरूमा ध्यान दिन आवश्यक छ । तसर्थ समाचारका माध्यमहरू महिला र लैङ्गिक विषयवस्तुहरूमा जिम्मेवार र संवेदनशील हुन जरुरी हुन्छ ।

(लेखक प्रेस काउन्सिल नेपालको मिडिया अनुगमनकर्ता हुनुहुन्छ ।)

***

लैङ्गिक हिंसाविरुद्ध काउन्सिल



सम्झना पौडेल

> हिंसा के आधारमा भयो या भएन भन्ने 'म्याथम्याटिक्स' जस्तो एकीन हुँदैन । यदि व्यक्तिलाई कसैको व्यवहारले असहज भएको छ भने त्यो हिंसा हो ।

लैङ्गिक भन्नेबित्तिकै लिङ्गको आधारमा (महिला, पुरुष वा तेस्रोलिङ्गी)माथि हुने हिंसा बुझिन्छ । हिंसाका स्वरूपहरू फरक फरक हुन्छन्, भने हिंसाको तौरतरिका पनि फरक हुन्छ । एक व्यक्तिलाई लागेको कुरा अर्को व्यक्तिलाई नलाग्न पनि सक्छ तसर्थ हिंसा के आधारमा भयो या भएन भन्ने 'म्याथम्याटिक्स' जस्तो एकीन हुँदैन । यदि व्यक्तिलाई कसैको व्यवहारले असहज भएको छ भने त्यो हिंसा हो । यसर्थ हिंसाको परिभाषा पनि सबै ठाउँमा एकै किसिमको हुँदैन । हिंसा घरपरिवार, समाज, सार्वजनिक यातायात, शौचालय वा कार्यालय जहाँ पनि हुन सक्दछ ।

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म १६ लैङ्गिक हिंसाविरुद्धको अभियान चल्छ । यो अवसरमा देशका विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूले आ आफ्नै तरिकाले यो अभियानलाई सार्थकरूप दिने प्रयत्न गरेकै हुन्छन् । सोही कुरालाई मध्यनजर गरी प्रेस काउन्सिल नेपालले गएको वर्षबाट नौलो अभ्यास सुरु गरेको थियो, जुन अभ्यासलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । त्यसक्रममा पत्रकार आचारसंहितासँगै महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ विचार र अभिव्यक्ति स्वतन्त्रता एवं वैयक्तिक अधिकार, सम्मान र गोपनीयता, लैङ्गिक समता, लिङ्गको आधारमा गरिने भेदभावको

अन्त्यजस्ता विषय महिलासँग सम्बन्धित समाचार सम्प्रेषणमा महत्वपूर्ण हुने भएकाले निर्देशिकाले तोकेको पत्रकार र सञ्चारमाध्यमको कर्तव्य पालनामा सबै लाग्नुपर्नेमा जोड दिइएको थियो ।

गत फागुनमा काउन्सिलले काभ्रेपलाञ्चोक जिल्लाको बल्थलीमा 'पत्रकार आचारसंहिता, महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ र मिडियामा महिला सवाल' विषयक अन्तरक्रियात्मक कार्यक्रम गरी ९ बुँदे 'बल्थली घोषणापत्र' जारी गरेको थियो । उक्त घोषणापत्रको कार्यान्वयनमा काउन्सिल प्रतिबद्ध भइ अघि बढ्नुपर्छ । साथै सरोकारवालाहरूले काउन्सिललाई घच्घच्याइरहनुपर्छ ।

प्रेस काउन्सिलबाट भएका प्रयास

पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड-२०६६ (परिमार्जित २०७५) मा महिला सम्पादक रही प्रकाशन भएका पत्रपत्रिकालाई विषयवस्तुवापत सम्बन्धित पत्रिकाले प्राप्त गरेको अङ्कलाई २ ले गुणा गरी अङ्क प्रदान गर्ने व्यवस्था रहेको छ ।

महिलासँग सम्बन्धित समाचार सम्प्रेषणका सम्बन्धमा महिला उत्तरदायी सञ्चार निर्देशिका, २०७६ जारी भइ कार्यान्वयनमा रहेको छ ।

सञ्चारमाध्यमबाट महिलामाथि चरित्रहत्या, सार्वजनिक जीवनमा मानमर्दन, मानप्रतिष्ठामा आँच पुऱ्याएका विषयमा तुरुन्तै कारबाही गर्ने गरिएको छ । महिलाका संवेदनशील विषय तथा जथाभावी समाचार सम्प्रेषण गर्ने मिडिया र मिडियाकर्मीलाई तत्काल बोलाएर वार्ता गर्ने गरिएको छ । पत्रकार आचारसंहिता-२०७३ (पहिलो संसोधन, २०७६)मा यस्तो व्यवस्था छ ।

लैङ्गिक हिंसाविरुद्धको शून्य सहनशीलता नीतिलाई आत्मासाथ गर्दै महिला हिंसाविरुद्ध हुने घटनाहरूको तत्काल निरूपणको लागि महिला शाखा अधिकृतलाई 'फोकल पर्सन' तोकिएको छ ।

काउन्सिलका महिला बोर्ड सदस्य तथा सचिवालयमा कार्यरत महिला कर्मचारीहरूलाई स्वदेश तथा विदेश भ्रमण, तालिम, सेमिनार तथा गोष्ठी, अभ्यास र सिकाइ, विज्ञहरूसँग छलफलमा प्राथमिकताका साथ सहभागी गराइदै आएको छ ।

कार्यालयमा कार्यरत महिलाहरूको महिनावारीको समयमा स्वास्थ्य सतर्कताका लागि आवश्यक सम्पूर्ण व्यवस्था मिलाउनका लागि आराम र स्तनपान कक्षको व्यवस्थापनका निमित्त सैद्धान्तिक सहमति भएको छ ।

लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियानका सन्दर्भमा काउन्सिलमा क्रियाशील महिला कर्मचारीहरूसँग महिला हिंसा एवं महिलाले भोग्नुपरेको पीडाबारे छलफल हुने गरेको छ ।

लैङ्गिकमैत्री शौचालय निर्माण भएको छ ।

तर यतिले मात्र हिंसा न्यूनीकरणमा टेवा पुग्दैन । यसका लागि अब आचारसंहिता अनुगमन गर्दा रेडियो, टेलिभिजन, अनलाइन र पत्रपत्रिकामा महिलासम्बन्धी समाचार सामग्रीको छुट्टै सुक्ष्म अनुगमन गर्नुपर्दछ ।

आचारसंहितासम्बन्धी जिल्लास्तरीय, प्रदेशस्तरीय कार्यक्रमहरू गर्दा महिलाप्रति इङ्गित गरी प्रयोग गरिने शब्दावलीमा स्थानीय स्तरका वा ब्रोडसिटका मिडियाले आचारसंहिता र निर्देशिकाको पालना कत्तिको गरेका छन् वा छैनन्, भन्ने त्यस विषयमा तालिम दिनुपर्दछ ।

पत्रकार तथा सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद गर्ने सामग्री उत्पादन गरेको छ छैन त्यसको पनि सुक्ष्म ढङ्गले अनुगमन गर्नुपर्छ ।

हरेक सञ्चारगृहमा बच्चाको आमा महिला पत्रकार, कर्मचारीलाई सुत्केरी बिदापश्चात पनि कार्यालयमै स्तनपान कक्षको व्यवस्था गर्नुपर्ने विषय उठाउनुपर्दछ ।

त्यस्तै अस्पताल, स्वास्थ्य केन्द्र वा अन्य विभिन्न कार्यालयहरूमा महिलामैत्री शौचालयको व्यवस्था गर्नुपर्ने विषय मिडियाले उठाउनुपर्छ ।

हरेक दिन अखबारका पानामा बोक्सी, दाइजो नल्याएको, छोरा नजन्माएको, छाउपडीका नाममा महिला हिंसाको सिकार हुनु परेको समाचार आउँछन् । मिडिया हाउसमा यस्ता समाचार उत्पादन र प्रसारण गर्ने टिम महिलामैत्री छ ? यस्ता विषयलाई कसरी प्राथमिकता दिइएको छ ? के पत्रकारहरूले महिलासम्बन्धी समाचार तयार पार्दा उल्लिखित विषयवस्तुमा ध्यान दिन सकेका छन् ? महिला हिंसामा कमी आयो ? गैरसरकारी संस्थाहरूले तारे होटलमा कार्यक्रम गरेर अन्तर र्राष्ट्रिय दाताहरूको ध्यान खिच्ने बाहेक अन्य के उल्लेख्य काम गरे ? भन्नेजस्ता विषयमा पनि आचारसंहिता पालना गरी समाचार सम्प्रेषण भए/नभएकोतिर काउन्सिलको ध्यान जान आवश्यक छ ।

(लेखक प्रेस काउन्सिल नेपालमा मिडिया अनुगमनकर्ता हुनुहुन्छ ।)

***

'चस्माधारी' सञ्चार माध्यम

धेरै महिलाहरू समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा उपस्थिति जनाएको विषयमा नेपाली सञ्चार माध्यम सकारात्मक हुनुपर्ने थियो ।



जमुना वर्षा शर्मा

२०५४ साल (२० वर्षपछि) २०७४ साल वैशाख ३१ र जेठ ३१ गते स्थानीय तहको निर्वाचन भएको थियो । पहिलो चरण प्रदेश नम्बर ३, ४ र ६ र दोस्रो चरणको प्रदेश नम्बर १, २, ५ र ७ मा सम्पन्न भएको थियो । नयाँ सङ्घीय संरचनाअनुसार तीन तहको चुनावपछि प्रदेश र स्थानीय सरकार बन्यो । यो व्यवस्थाले राजनीतिमा महिलाको सहभागितामा केही जोड दिएको देखिनु निकै सकारात्मक पक्ष थियो । तैपनि महिलाको सङ्ख्यात्मक उपस्थितिसँगै अपेक्षाकृत रूपमा गुणात्मक वृद्धि हुन अझै सकेको देखिँदैन । किनकि नेपाली समाज अझै पनि परम्परागत सङ्कुचित मानसिकताबाट बाहिर आउन सकेको छैन । तर राजनीतिमा बढी महिलालाई सहभागी गराउने कार्य भनेजस्तो सहज छैन । राजनीतिमा आएका पनि विभिन्न कठिनाइ र चुनौतीको सामना गरेर अघि बढ्नु परेको देखिन्छ । घरपरिवार र समाजबाट पूर्ण सहयोग प्राप्त हुन नसक्नु, समाजले महिला राजनीतिलाई सहजरूपमा लिन नसक्नु, शैक्षिक एवं आर्थिक अवस्था कमजोर हुनु, नेतृत्व क्षमताका लागि अवसरहरू नपाउनु, लैङ्गिक विभेद कायमै रहनु, सहभागी गराइए पनि महत्वपूर्ण भूमिका नदिइनु र प्रभावकारी राजनीतिक शिक्षा र निर्वाचन शिक्षाको कमी हुनुजस्ता कारणले नेतृत्वदायी क्षमताका साथ अघि आउने वातावरण अझै बनिसकेको छैन ।

पछिल्लो समय क्षमता, दक्षता र अनुभवले खारिएका महिला नेतृहरूको राजनीतिमा प्रवेश भइरहेको यथार्थले आशाका किरणहरूलाई केही तेजिलो बनाइरहेको भान भने हुन थालेको छ । कतिपय महिला सक्रिय राजनीतिबाट प्रतिनिधि चयन भएका छन् भने कतिचाहिँ पार्टीको शुभचिन्तक वा राजनीतिक आस्थाका आधारमा समेत अवसर पाएका छन् । झट्ट हेर्दा कतिलाई विवेकपूर्ण नलागे पनि समतामूलक राजनीतिक अभ्यासले हेर्दा यो राम्रो मानिन्छ । केही समयपछि यो आरक्षणको अभ्यास स्वतः हट्नेछ । महिला स्वयम् जागरुक र राजनीतिप्रति कटिबद्ध हुँदै जाँदा महिलामैत्री वातावरणको विकास भएको खण्डमा भात पकाउँदै गर्दा, खेत गह्रामा काम गर्दै गर्दा, भाँडा माझ्दै गर्दा, लुगा सिलाउँदै गर्दा राजनीतिमा आए भनेर सञ्चार माध्यमले भन्नुपर्ने छैन । संविधान र कानुनले व्यवस्था गरेको समानुपातिक सहभागिताको विषयलाई सञ्चार माध्यमले उत्साहित हुने गरी लेख्नुपर्ने थियो । तर हुन सकेन । यसले सञ्चार माध्यमको दृष्टिकोण पनि स्पष्ट पारेको छ कि राजनीतिमा जहिले पनि सम्भ्रान्त वर्ग नै हाबी हुनुपर्छ । आधारभूत वर्ग र लैङ्गिकताको नेतृत्व गर्ने महिलाहरू पुग्नुलाई संवैधानिक अधिकार होइन कि चमत्कारको रूपमा लिइयो । धेरै महिलाहरू समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा उपस्थिति जनाएको विषयमा नेपाली सञ्चार माध्यम सकारात्मक हुनुपर्ने थियो । तर मिडियाको प्रस्तुति त्यस्तो देखिएन ।

सञ्चारमा महिला जनप्रतिनिधिको पहुँच

केही समय पहिले पोखरामा महिला जनप्रतिनिधिसँग सञ्चार माध्यमसँगको पहुँचको विषयमा कार्यक्रम भएको थियो । एकाध बाहेका अधिकांशले मिडियाले साथ नदिएको र आफ्ना कुराहरू राख्ने अवसर प्रदान नगरेको गुनासो गरेका थिए । विशेषगरी चुनावका बेला सञ्चार माध्यमले पुरुष नेतालाई बढी, महिलालाई कम अवसर दिने र मर्यादाक्रममा वेवास्ता गर्ने गरेको आरोप लगाएका थिए । यही विषयमा सञ्चार माध्यमका सम्पादक एवं रिपोर्टरहरूसँग धारणा बुझ्दा यस्तो विभेद नभएको र महिलाको आवाजलाई स्थान दिएको दाबी गरेका थिए । पोखरा महानगरपालिकाका कार्यवाहक प्रमुख मञ्जुदेवी गुरुङ समाजलाई सकारात्मक उन्मुख बनाउन सञ्चारको महत्वपूर्ण भूमिका हुने बताउँदै मिडियाले विभेदरहित समाज निर्माणका लागि लैङ्गिक समानताका मुद्दाहरू निरन्तर उठाउन आवश्यक रहेको र महिलाले जिम्मेवारीमा रहेर पूरा गरेका सबल पक्षको खोजी गर्दै कलम चलाउनुपर्ने धारणा राख्नुहुन्छ ।

महिला जनप्रतिनिधिहरूले सूचना नलुकाइ वास्तविकता भन्ने गरे पनि कतिपय अवस्थामा अन्तर्वार्ता दिन हिच्किचाउने, विभिन्न बहाना बनाएर नआउने, के प्रश्न हो सोध्ने, अघि नै अलि सजिलो सोध्नु है भन्ने गरेको पाइन्छ ।

समसामयिक विषयमा अनभिज्ञता, पत्रकारलाई पनि राजनैतिक नजरबाट हेर्ने, विषयवस्तुभन्दा अन्यत्र बढी मोडिने, आफ्नो क्षेत्राधिकारभित्र के के कुरा पर्छ भन्नेसमेत ज्ञान नराख्ने गरेको पाइन्छ ।

महिलाका सामाजिक मुद्दाका विषयलाई गम्भीरताको रूपमा उठान गर्न नसक्नु, कानुनको अनभिज्ञता, आत्मविश्वासको कमी, डर, लाजजस्ता विविध पक्षबाट महिला जनप्रतिनिधि अझै सशक्तरूपमा आफ्नो आवाज लिएर आउन सकेको पाइँदैन । उनीहरूको नेतृत्व विकासका कार्यक्रमहरू स्थानीय तहबाटै सुरु गर्नुपर्ने देखिन्छ । दलीय संयन्त्रले लैङ्गिक सशक्तिकरण र समावेशीकरणमा ध्यान नदिएका कारण यी समस्याहरू देखिएका हुन् ।

राजनीतिमा महिला सहभागिता बढाउने उद्देश्यका साथ स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक महिला हुने कानुनी व्यवस्थासँगै अधिकांश स्थानीय तहमा उपप्रमुखको रूपमा काम गरिरहेका महिलाहरू नै न्यायिक समितिको प्रमुख रहेका छन् । ती निकायहरूमा कानुन अधिकृत वा कानुनका विज्ञ नहुँदा न्याय सम्पादन कार्यमा अप्ठ्यारा परेको कारण तत्काल न्याय सम्पादन कार्यलाई सहज गराउन कानुनका विज्ञहरूको व्यवस्था गर्नुपर्ने जरुरी देखिन्छ ।

क्षमता विकास गराउन मुख्यतः राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, भौगोलिक, भूराजनीतिक एवं संविधान, मानवअधिकार, राष्ट्रिय एकता र अखण्डता, बहुलवाद, शासन प्रणालीका प्रकार एवं प्रयोग, समानुपातिक प्रतिनिधित्व, आवधिक निर्वाचन, स्वायत्त शासन र स्वशासन जस्ता विषयवस्तु र विकाससँगको यिनको सम्बन्ध-विश्लेषणजस्ता विषयमा सम्भावित नेतृत्वलाई व्यापक प्रशिक्षण दिन जरुरी छ । सञ्चार माध्यमले पनि निरन्तर रूपमा यस विषयमा खबरदारी गर्दै महिला जागरुकताका मुद्दालाई प्राथमिकता दिन जरुरी छ ।

यी यावत कुरा बाहिर देखिएता पनि यसमा निखारता आउन नसक्नुमा महिला जनप्रतिनिधि स्वयम् मात्र दोषी छैनन् । सदियौँदेखिको सामाजिक संरचना र संस्कारको असर भर्खर भर्खर समावेशी अभ्यासबाट अघि बढ्दै गरेको राजनीतिमा एकैचोटी खोज्नु त्यति न्यायोचित नहोला । यद्यपि समयको रफ्तार र मागअनुसार आफ्नो क्रियाशीलतालाई भने तेज बनाउन जरुरी छ । महिलाको नेतृत्व क्षमता विकासका लागि परिवारको पूर्णरूपमा सहयोग हुनुपर्छ भने सरकारले आर्थिक सहयोग गरी नेतृत्वदायी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ । दलहरूले आ-आफ्ना भातृ सङ्गठन एवं दलीय संयन्त्रमार्फत नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ । राजनीतिक नेतृत्व विकासको माध्यमबाट महिला समावेशी समूहलाई शासनको निर्णायक तहमा पुऱ्याउने उपयुक्त अवसर प्राप्त भएको अवस्थामा यसलाई सही सदुपयोग गर्नु जरुरी देखिन्छ ।

(लेखक कास्कीमा रहेर पत्रकारिता गर्नुहुन्छ ।)

***

ROLE OF MEDIA ON CONSUMER RIGHTS PROTECTION



Advocate Kumari Kharel

The media should give more space and time to those who are committing crimes such as syndicate, carteling and black marketing.

Introduction:

A consumer is an end user or a person (or group) who pays to consume goods and/or services. Even if a person is a supplier/seller of goods and services, he/she is the consumer of others goods and services. Regarding legal provision, the first legal arrangement for consumers was introduced in the world before 80 years while in Nepal, it has just been 24 years. The Constitution of Nepal 2072 has arranged consumer rights as fundamental right (article- Right to Consumer) in order to protect, practice and promote it.

The current global market is moving forward based on an open economy and a competitive environment. Since Nepal became a member of the World Trade Organization in 2004 AD, Nepal has needed to live up to its commitments to the world, and the political changes within the country have had a positive impact on the country's consumer interests and rights. The state system should be run according to the demands and needs of the consumers.

Media is considered as the backbone of democracy.

Communication serves as the cornerstone of information exchange. We express the thoughts, feelings, objectives and goals within us through communication. It provides awareness to unlimited communities through the exchange of information. Mass communication disseminates information through mass media such as radio, television, newspapers, etc. The important function of mass communication is to monitor. Monitoring is the act of taking care of the daily activities in the society. Mass communication warns of negative actions and also presents daily actions and details. The mass media portrays the various beliefs in our society.By reading, watching, listening, we are passing on different beliefs from one person to another, from one community to another, from one generation to another.

A large part of Nepal's media is occupied by incidents that violate consumer rights. Consumer rights and interests are in a state of disarray. Most consumers find numerous examples of persecution in many areas of life. The mass media plays an active role in the field of consumer interest. Consumer education in the community helps to spread awareness among the general public to prevent fraud against consumers. The mass media should also play its due role in protecting the rights and interests of the consumers and providing justice to the consumers.

Journalism is a social science. Integrity, balance and social credibility are the tools of journalism while ethics committee is its weapon. Journalism informs the community of the facts. Only with the inclination and faith of the citizens this sector can survive. The Press Council prepares and implements a Code of Conduct for Journalists for Healthy Journalism Pursuant to the Press Council Act 2048, it plays a role in the development of health journalism and maintaining the highest professional ethics. All aspects of journalism are covered by the media.

Consumer Rights:

Consumer rights means not only the rights of consumer or organization or buyer who consumes a consumer goods and services but also the rights producers, suppliers and sellers of such goods that are consuming the services or goods paid by them. That is why all those who consume goods or services are consumers. It is the natural right of the consumer to consume goods or services in an undisputed way.

The rights of consumers have become concern not only at the

state level but a matter of global concern. The epoch-making changes in the media and information technology haven arrowed the world. Convenience in the transport sector has made it possible for the general consumer to have access to the world's manufactured goods and services. It is the natural right of the consumer to consume all goods or services at quality, reliable and affordable prices. Consumers should also be aware of their work duties. It seems that you have to be very careful while barging to buy the goods and services one.

According to the Consumer Protection Act 2075, a consumer is defined as a person or institution that consumes or uses goods or services. On section 15 of the same article, it is illustrated that "Every consumer has the right to obtain quality goods and services."[1]

Section 3 of the Act states that:

Rights of the consumer:

(1) Every consumer shall have the right to obtain quality goods and services.

(2) Without prejudice to the generality of sub-section (1), for the purpose of protecting the rights, interests and concern of the consumers, every consumer shall have the following rights:

(a) right of easy access to goods or services,

(b) right to choose quality goods or services at the fair competitive price,

I right to be informed of the price, quantity, purity, quality etc. of the goods or services,

(d) right to obtain information from the producer, importer or seller regarding the quantity, ingredient or percentage of the substances contained in the goods made of or produced with the mixture of two or more than two substances,

I right to be safe from the sale and distribution of the goods and services that inflict harm to the human body, life, health and property,

(f) right to get appropriate legal action taken against the unfair trade and business activities, (g) right to obtain compensation against harm and injury caused with the use of goods or services, (h) right to receive remedy or hearing from the competent authority or entity on the protection of the rights and interests of the consumers, (i) right to get consumer education.[2]

[1] Consumer Protection Act 2075, Section 3(1)

[2] Section 3(2), Ibid

Consumer rights in the constitution:

Taking consumer rights seriously, for the first time in the Constitution of Nepal, the rights of consumers have been recognized as a fundamental right and the following provisions have been made.

Article 44: Rights of the consumer:

(1) Every consumer shall have the right to obtain quality goods and services.

(2) A person who has suffered injury from any substandard goods or services shall have
the right to obtain compensation in accordance with law.[3]

According to the Constitution of Nepal 2072, providing for regulation to maintain fairness, accountability and competitive atmosphere in all activities of economic sector to promote and mobilize them for the overall national development.[4] And, protecting consumer rights by maintaining discipline and business fairness by controlling anomalies and malpractices such as black marketing, monopoly, artificial scarcity and unhealthy competition and making national economy competitive.[5]

Legal rights for consumers:

The consumer protection Act states that: Whereas, it is expedient to make amendment to and consolidation of the legal provisions relating to consumer protection in order to protect and promote constitutional rights of the consumers to obtain quality goods and services, to provide judicial remedy for the enforcement of the rights obtained by the consumers, and provide compensation for harm and injury likely to be caused to the consumers.[6] The Consumer Protection Act, 2075, Section 41 has arranged a consumer court. In section 48 of the same act, Special provision relating to action and finalization of case is also arranged where it is stated that notwithstanding anything contained in Section 41, the concerned District Court shall have the authority to take action, hear or try the case under this Act until the Court is constituted pursuant to this Section.

---

[3] Constitution of Nepal, 2072, Article 44

[4] Article 51(d)(4), Ibid

[5] Article 51(d)(7)

[6] Consumer Protection Act 2075, Premble

Other Acts of Consumer rights:

Local Government Operation Act, 2074, Pesticides Management Act, 2076, Right to Food and Food Sovereignty Act, 2075, Competition Promotion and Market Protection Act, 2063, Public Health Service Act, 2075, Electricity Regulation Commission Act, 2075, Water Supply Management Board Act,2063,National Civil Act, 2074, National Criminal Code, 2074, Nepal Standards(Certification Mark)Act, 2037, Drug Act, 2035and many other acts and regulations including black market and some other social crimes and punishments acts have been issued and are being operated and used by various government bodies concerned. However, the lack of proper implementation of various laws and regulations has led to the impunity for the ones creating an artificial shortage. The end of black market, blockage on the syndicate and carteling, proper monitoring of Quality and price of goods and services are not possible due to lack of proper application of these acts.

Communication and mass communication:

There are different views and definitions of people on communication and mass communication. Ahuja and Chabra defined communication as the process of simply sharing the information. According to Uma Narula, "Communication is a social process and countless ways in which human beings keep in touch with one another. In essence communication means sharing of ideas among persons using verbal, visual or written symbols."

Human are social beings. Communication is the basis of socializing people. No one in the world can stay away from the media. It plays an important role in exchanging information. It has played a big role in the development of the world so far. Without communication, society is incomplete. Communication conveys the message to the people living around the world.

The word mass communication has been used since 1930. Mass communication can be defined as the process of creating, sending, receiving, and analyzing messages to large audiences via verbal and written media. In the modern world, the common people are considered as the sources of the state power. According to Berger," Mass communication involves the use of print and electronic media such as newspapers, magazines, film, radio or TV in order to communicate to large number of people who are located at various places often scattered all over the country or world."

The mass media monitors the daily activities of the society through news and information. Mass media combines different characters of society. It transfers subtle, deep and important information to the targeted groups.

Relationship between mass media and consumer protection:

Consumers are the backbone of economic society. They are the king of the market, the sovereign of the market, this is the principle of the Consumerism. The media carries out their voice to the state. Journalism is the fourth organ of the state. The main task of the media is to inform the public through facts and information. The media helps to bring out the plight of the consumers in the society. The media should stay away from any faith and work impartially for the betterment of the country and the people.

Consumers are suffering from high prices. There are people who create an artificial shortage of goods in the market, the media should give more space and time to those who are committing crimes such as syndicate, carteling and black marketing. It is necessary to bring out the actions of the industrialists and businessmen who are mixing mixed or inedible items in food items, adding medicine to cook fruits in an unnatural way, adding vegetable ghee in cow's ghee, cooking bananas with herbs, mixing powder in milk, etc.

Consumers do not have the right to choose in medical services. Therefore, consumers are more likely to be robbed in this service. In the consumer agreement received from the United National Union, it has been said that this service should be a truth controlled service but in Nepal this service is falling into the clutches of mismanagement and impunity day by day.

Consumers have to pay for this through inconvenient supply, high prices and poor quality services. At the international level, hospitals, doctors, pharmacists and drug dealers are very responsible to the consumer, but in Nepal, some service providers are good, but most of the professionals in the hospital are more concerned about the money in their pocket than the patient. The media also helps to bring out the true facts about these kind of events.

According to the principle of social responsibility in the society, the media advocates for the well-being and legal supremacy in the society and within this advocacy, the media also plays a role in protecting the interests of the consumers.

Conclusion:

Public awareness is indispensable for the protection of consumer rights. The mass media has a big role to play in disseminating information, awareness and message to the masses. The facts and figures presented through the mass media should be close to reality. As the target groups in the mass media are diverse, it seems necessary for journalists, media and mass media to take responsibility for upholding the rights and duties of the consumers. When a journalist is covering a certain subject matter at a certain time, such as consumer fraud, black market, carteling etc., when the same person has to write about the product manufacturer or service provider and also about the consumers at the same time on the same subject then, the news may not be accurately analyzed or may tempt the journalist or the media. Then the messages may not do justice to consumers, which is why we need a whole different person who has the knowledge about law of the consumers and who understands the rights of consumers as well as the suffering. A society or a citizen with a weak level of awareness is comparatively more vulnerable. The most important aspect of consumer rights is self-awareness among consumers for which communication plays a vital role. Strengthening coordination and cooperation between the inter-governmental and partnership parties is necessary to remove the distortions seen in the market. It is necessary to analyze the demand and supply situation of consumer goods and service providers. The role of the media is very important to stop the unintended price hikes by the producers, sellers and distributors and also to discourage the extreme looting of health facilities. It should also play an important role to shake the state mechanism from the inside.

(Writer is Consumer Activist.)

***